# सामाजिक विकास दर्पण

वर्षः २, अंकः २, २०७७

कर्णाली प्रदेश सरकार

**सामाजिक विकास मन्त्रालय**

वीरेन्द्रनगर, सुर्खेत नेपाल

## संरक्षक

माननीय मन्त्री दल रावल

## प्रमुख सल्लाहकार

का.मु. सचिव, श्री धर्मजीत शाही

## सल्लाहकारहरू

निर्देशक, श्री रीता भण्डारी, स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत

नि. निर्देशक, श्री दीपा हमाल, शिक्षा विकास निर्देशनालय, सुर्खेत

नि. निर्देशक, श्री वृषबहादुर शाही, मानव संशाधन विकास केन्द्र

उपसचिव, श्री जवाहरलाल हमाल, युवा तथा खेलकुद महाशाखा

प्रमुख म.वि.अ., श्री विश्वमणी जोशी, सामाजिक विकास महाशाखा

## सम्पादन समिति

| | |
|---|---|
| संयोजक | : श्री विष्णुप्रसाद अधिकारी (उपसचिव, दशौं) |
| सदस्य | : श्री विनोद आचार्य (तथ्याङ्क अधिकृत) |
| सदस्य | : श्री अनिता ज्ञवाली (म.वि.अ.) |
| सदस्य | : श्री कुमारप्रसाद उपाध्याय (लेखा अधिकृत) |
| सदस्य | : श्री बेलमता बस्नेत (क.अ.) |
| सदस्य | : श्री राजनप्रसाद आचार्य (अधिकृत छैटौं) |
| सदस्य-सचिव | : श्री पदमबहादुर बुढाक्षेत्री (शाखा अधिकृत) |

*यस दर्पणमा प्रकाशित लेख-रचनाहरुको सर्वाधिकार स्वयम् लेखकमा रहनेछ ।*

# कर्णाली प्रदेश सरकार

वीरेन्द्रनगर, सुर्खेत

फोन नं.:०८३-५२३२५८
फ्याक्स नं.: ०८३-५२२०२९
निजी सचिवालय

**मा. दल रावल**
मन्त्री
सामाजिक विकास मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत नेपाल



## शुभकामना

कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयले सामाजिक विकास दर्पण वर्ष २, अंक २ संस्करण २०७७ प्रकाशन गर्न लागेको जानकारी पाउँदा ज्यादै खुशी लागेको छ। यस दर्पणमा मन्त्रालय र अन्तर्गतका कार्यालयहरुको बारेमा जानकारी समेटिएको र ज्ञानमूलक एवम् सन्देशमूलक लेख रचनाहरु समावेश भएकाले सम्बन्धित सबैलाई सूचना र ज्ञानको महत्त्वपूर्ण स्रोत बन्ने छ भन्ने विश्वास लिएको छु।

सामाजिक विकास दर्पण तयारी तथा प्रकाशन गर्न संलग्न कर्मचारीहरुलाई धन्यवाद दिँदै आगामी वर्षहरुमा समेत यस प्रकाशनले निरन्तरता पाउने अपेक्षाकासाथ प्रकाशनको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु।

मिति : २०७७/०३/२१

............................

**मा. दल रावल**
मन्त्री

मन्त्री

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत नेपाल

फोन नं.:०८३-५२५६१२
प्रशासन शाखा: ०८३-५२३६७२
फ्याक्स नं.: ०८३-५२२०२९



# प्रकाशकीय

सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेशले सामाजिक विकास दर्पण वर्ष २ अंक २ (संस्करण, २०७७) प्रकाशन गर्न पाउँदा मलाई धेरै खुशी लागेको छ । सामाजिक विकास मन्त्रालयको कार्यक्षेत्र अन्तर्गत पर्ने शिक्षा, स्वास्थ्य, श्रम तथा रोजगार, युवा तथा खेलकूद, पोषण तथा सरसफाइ, भाषा, संस्कृति, महिला बालबालिका, ज्येष्ठ नागरिकलगायत अपाङ्ग र लोपोन्मुख तथा सिमान्तकृत समुदायको विकास र त्यससँग सम्बन्धित विषय पर्दछन् । यस मन्त्रालयले आ.व. २०७६/०७७ मा गरेका कार्यको प्रगति विवरण एवम् समय सान्दर्भिक लेख रचनाहरु सामाजिक विकास दर्पणमा प्रकाशन गरी आम नागरिकलाई जानकारी गराउने कार्यले सूचना एवम् ज्ञानको वृद्धिमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । यस पुस्तकले मन्त्रालयले गरेका कार्यमा पारदर्शिता ल्याई सुशासनको अवस्थालाई थप मजबुत बनाउन सघाउ पुग्ने विश्वास लिएको छु । सरोकारवाला सबैलाई यस पुस्तकले प्रकाशन गरिएका सामग्रीहरु महत्त्वपूर्ण सूचना र श्रोत हुनेछन् भन्नेमा म पूर्ण विश्वस्त छु ।

सामाजिक विकास दर्पण प्रकाशन गर्न उत्प्रेरणा तथा सल्लाह, सुझाव प्रदान गर्नुहुने यस मन्त्रालयका माननीय मन्त्री दल रावलप्रति हार्दिक आभार प्रकट गर्दछु । यस प्रकाशनमा आवश्यक सल्लाह सुझाव प्रदान गर्नुहुने सल्लाहकार समितिका सदस्यहरु, लेख रचना उपलब्ध गराउनु हुने लेखक महानुभावहरु, लेख रचनाहरु सम्पादन गर्ने सम्पादन समितिका संयोजक श्री विष्णुप्रसाद अधिकारी लगायत सदस्यहरु र प्रकाशन गर्ने कार्यमा संलग्न यस मन्त्रालय र अन्तर्गतका कर्मचारी मित्रहरु र नवदुर्गा छापाखानालाई हार्दिक धन्यवाद दिँदै प्रकाशनले निरन्तरता पाउने विश्वास लिएको छु ।

धन्यवाद !

२०७७ असार ।

**धर्मजीत शाही**
का.मु. सचिव

का.मु. सचिव

# सम्पादकीय

सामाजिक विकास दर्पण सामाजिक विकास मन्त्रालयको कार्यक्षेत्र अन्तर्गत भएका क्रियाकलापहरु सम्बन्धी कार्यक्रमको जानकारी, वार्षिक प्रगति र सो सम्बन्धी विषयमा विज्ञ लेखकहरुका विचारहरुलाई सरोकारवालाहरुसमक्ष पुर्‍याउने माध्यम हो । यसले निरन्तरता पाएको दुई वर्ष भएको छ ।

नेपाल एकात्मक केन्द्रीकृत शासन व्यवस्थाबाट संघात्मक व्यवस्थामा रुपान्तरण भई ७ वटा प्रदेशमा विभाजन भएको छ । प्रत्येक प्रदेशमा सात वटा मन्त्रालय छन् । सामाजिक विकास मन्त्रालयको कार्यक्षेत्रमा शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, युवा तथा खेलकुद,श्रम तथा रोजगार, भाषा, धर्म तथा संस्कृति र खानेपानी तथा सरसफाई रहेका छन् । नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हकहरु शिक्षा सम्बन्धी हक, स्वास्थ्य सम्बन्धी हक, रोजगारीको हक, भाषा तथा संस्कृतिको हक, महिलाको हक, बालबालिकाको हक, जेष्ठ नागरिकको हक, सामाजिक न्यायको हक, सामाजिक सुरक्षाको हकको कार्यान्वयनमा सामाजिक विकास मन्त्रालयको महत्वपूर्ण भूमिका छ । यी विषय सम्बन्धी सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश सुर्खेतका कार्यक्रम र प्रगति एवं सोही विषय सम्बन्धी विज्ञहरुका लेख, रचनाहरुको समष्टिगत संगालो सामाजिक विकास दर्पण, २०७७ प्रकाशन गरिएको छ । यस दर्पणमा भएका लेख रचनाबाट सम्बन्धित सरोकारवालाहरुलाई ज्ञान एवं सूचना प्रदान गर्नेछ भन्ने विश्वास गरिएको छ ।

अन्त्यमा,यसमा प्रकाशित लेख रचनाहरु लेखकका निजी विचार हुन् जस्ले मन्त्रालयको कुनै आधिकारिक प्रतिनिधित्व गर्दैनन् भन्ने कुरा व्यक्त गर्दै यस सामाजिक विकास दर्पणका लागि आफ्ना अमूल्य लेख रचना उपलब्ध गराई सहयोग गर्नु हुने लेखक लगायत दर्पण प्रकासनका क्रममा आवश्यक सल्लाह सुझाव र सहयोग पुर्‍याउनु हुने प्रकाशनसँग सम्बद्ध सबै महानुभावहरुमा हार्दिक आभार, धन्यवाद, र कृतज्ञता व्यक्त गर्दछौ । आगामी वर्षहरुमा यस दर्पणलाई अझ गुणस्तरयुक्त बनाउन सामाजिक विकास मन्त्रालय यहाँहरुबाट रचनात्मक सुझाव र सल्लाहको अपेक्षा गर्दछ ।

वि.स. २०७७


***– सम्पादन समिति***

# विषय सूची

# सामाजिक विकास मन्त्रालयको परिचय

## पृष्ठभूमि

कर्णाली प्रदेश भौगोलिक हिसाबले नेपालकै सबैभन्दा ठूलो र जनसंख्याको हिसाबले सबैभन्दा सानो प्रदेश हो । यस प्रदेशको क्षेत्रफल २७९८४ वर्गकिलोमिटर (१०८०५ वर्गमाइल) रहेको छ । यो एघारौं शताब्दी तिरको खसराज्यको क्षेत्र हो जसले नेपालकै पुरानो सभ्यताको परिचय दिन्छ । मौलिक भाषा, कला, संस्कृति, प्राकृतिक सम्पदाले भरिपूर्ण यो प्रदेशको पूर्वमा गण्डकी प्रदेश र प्रदेश नं ५, दक्षिणमा प्रदेश नं ५, पश्चिममा सुदुरपश्चिम प्रदेश र उत्तरमा चीनको तिब्बत पर्दछ । यो प्रदेश विश्व मानचित्रमा ८०°,५९' पूर्व देखि ८३°, ४०' पूर्वी देशान्तर र




२८°,११' उत्तर देखि ३०°,५६' उत्तरी अक्षांसमा फैलिएको छ । समुद्र सतहबाट १९८ मिटर देखि ७७६७ मिटर सम्म फैलिएको यस प्रदेशलाई भौगोलिक हिसाबले हिमाली र पहाडी गरी दुई भेगमा विभाजन गर्न सकिन्छ । सुन्दर प्राकृतिक दृष्य, हिमालय, प्रसिद्ध तालहरू, अमूल्य प्राकृतिक सम्पदा, जडिबुटीहरू, धार्मिक क्षेत्र, कला संस्कृति, प्राचिन इतिहास आदि यस प्रदेशका विशेषताहरू हुन् । नेपालकै सबैभन्दा ठूलो रारा ताल र सबैभन्दा गहिरो फोक्सुण्डो ताल यसै प्रदेशमा रहेका छन् । यस प्रदेशमा १० जिल्लाहरू २५ नगरपालिका, ५४ गाउँपालिका र ७१८ वडाहरू रहेका छन् । यस प्रदेशमा ९० प्रतिशत भन्दा बढी हिन्दु धर्मावलम्बीहरूको बसोबास रहेको छ भने बुद्ध, मुस्लिम, क्रिस्चियन धर्मावलम्बीहरूको समेत बसोबास रहेको छ ।यहाँको प्रमुख भाषा नेपाली हो भने मगर, खाम, काइके, थारू अन्य भाषाहरू पनि विभिन्न स्थानहरूमा प्रचलनमा रहेको पाइन्छ । कृषि पेशा यहाँको प्रमुख पेशा हो, यहाँका करिब ७० प्रतिशत घरपरिवार कृषि पेशामा संलग्न छन् । कठिन भौगोलिक अवस्था, न्यून भौतिक पूर्वाधार, न्यून मानवीय विकासका कारणले यहाँका आर्थिक, सामाजिक सूचकहरूको अवस्था कमजोर रहेको पाइन्छ । कर्णाली प्रदेशमा साक्षरता दर ६३ प्रतिशत, गरिबीको दर ३९.८ प्रतिशत, मानवीय विकास सूचक ०.४२६, ५ वर्ष मुनिको बाल मृत्युदर ५५, शिशु मृत्युदर ४७, नवजात शिशु मृत्युदर २९ (प्रति हजारमा) रहेको पाइन्छ । यहाँका २४ प्रतिशत परिवार मात्र ३० मिनेट भित्र स्वास्थ्य संस्थामा पुग्न सक्छन् र

१५००० जनसंख्याको लागि सरदर १ जना चिकित्सकको उपलब्धता रहेको छ । यस प्रदेशका ७७ प्रतिशत जनसंख्यामा मात्र सुरक्षित पिउने पानीको पहुँच रहेको छ ।

## सामाजिक विकास मन्त्रालयको स्थापना

नेपाल सरकारको मिति २०७४।१०।१० को निर्णय अनुसार ७ वटा कार्यक्षेत्र समेट्ने गरी स्थापना भएको कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालय साविक जिल्ला जनस्वास्थ्य कार्यालय सुर्खेतको भवनमा मिति २०७४।११।२ गते स्थापना भई संचालनमा रहेको छ । प्रदेश सरकार मन्त्रिपरिषद्को मिति २०७६।०५।०६ को निर्णय अनुसार यस मन्त्रालय र अन्तर्गत जम्मा ५२ जनाको स्थायी दरवन्दी स्वीकृत भई रा.प.प्रथम श्रेणी सचिवको नेतृत्वमा ५ महाशाखा र १२ शाखा रहेको मन्त्रालयको संगठन संरचना अनुसार कर्मचारीहरु हाजिर भै मन्त्रालयको कार्य संचालन सुचारु भएको छ । यस मन्त्रालय अन्तर्गत स्वास्थ्य सेवा निर्देशनालय, शिक्षा विकास निर्देशनालय, मानव संशाधन विकास केन्द्र, प्रदेश अस्पताल, १० वटा जन/स्वास्थ्य सेवा कार्यालयहरू, ९ वटा सामाजिक विकास कार्यालयहरू, प्रदेश संग्रहालय तथा अभिलेखालय, मेहेलकुना अस्पताल र प्रदेश आयुर्वेद औषधालय गरी २७ वटा कार्यालयहरू रहेका छन् ।

## मन्त्रालयको दीर्घकालीन सोच

समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय उद्देश्य हासिल गर्न कर्णाली प्रदेशको सामाजिक आर्थिक रूपान्तरण गर्ने

## मन्त्रालयको दीर्घकालीन सोच हासिल गर्ने ध्येय

१. स्वस्थ, उत्पादनशील र खुशी कर्णालबासी बनाउन गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच पुर्या,ई स्वस्थ र सक्षम नागरिक तयार गर्ने,
२. शिक्षाको विकास, सभ्य र समृद्ध समाजको निर्माणका लागि शिक्षामा सबैको पहुँच र गुणस्तर अभिबृद्धि गरी मानव पूँजीको विकासबाट आर्थिक र सामाजिक रुपान्तरण गर्ने,
३. उद्यमी, सीपयुक्त, उत्पादनमूलक तथा स्वस्थ जनसंख्याको ब्यवस्थापन गरी विकासमा युवा सहभागिता बढाउनुको साथै स्वरोजगारको अवस्था सिर्जना गर्ने,
४. सारभूत समानतायुक्त कर्णाली बनाउन सबै प्रकारका विभेद, सामाजिक असुरक्षा, हिंसा र शोषणको अन्त्य गरी प्रदेशको समृद्धि र दिगो विकास हासिल गर्ने,
५. साँस्कृतिक संरक्षण सहित विविधतामा एकता,
६. विभेदरहित समाज तथा समावेशी विकासद्वारा सामाजिक न्यायको सुनिश्चितता ।

## रणनैतिक उद्देश्यहरू

१. गुणस्तरीय सेवामा सबैको पहुँच स्थापित हुने गरी प्रभावकारी रुपमा सेवा उपलब्ध गराउने, गुणस्तरीय औषधी तथा सामग्री उत्पादनमा जोड दिने, शिशु बाल मृत्युदर घटाउने र औषत आयु बढाउने ।
२. सबै तहको शिक्षामा गुणस्तर ल्याउने, अनिवार्य आधारभूत शिक्षा तथा निःशुल्क आधारभूत र माध्यमिक शिक्षालाई प्रभावकारी रुपमा कार्यान्वयन गरी शिक्षामा सबैको पहुँच सुनिश्चित हुनेगरी रोजगारी र उद्यमशीलता विकास, प्राविधिक र ब्यवसायिक शिक्षाको विस्तार गर्ने,

३. बालबालिका तथा किशोरकिशोरीहरुको समग्र विकासका लागि उपयुक्त पूर्वाधारहरूसहित अनुकूल वातावरण सिर्जना गर्ने,

४. जेष्ठ नागरिकमैत्री सेवा र सुविधाहरूको बिस्तार गर्ने साथै जेष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई प्रदेश सम्वृद्धिका लागि सदुपयोग गर्ने,

५. बिशेष जोखिममा रहेका ज्येष्ठ नागरिकलाई लक्षित गरी पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्ने र सबैबाट ज्येष्ठ नागरिकलाई संरक्षण गर्ने कार्यलाई प्रोत्साहन गर्ने,

६. लैङ्गिक मूलप्रवाहीकरण गर्दै शासन प्रणालीको प्रत्येक तह र विकास प्रक्रियाका सबै चरणमा सबैको अर्थपूर्ण सहभागिता बढाउने, लैङ्गिक हिंसा भेदभाव र बहिष्करण अन्त्यको लागि न्यायमा पहुँच र संरक्षणात्मक उपायहरू अवलम्बन गर्ने, बालबालिका र किशोर किशोरीको शारीरिक, मानसिक र बौद्धिक विकासमा जोड दिने,

७. युवालाई ज्ञान, सीप, प्रविधियुक्त, उद्यमशील र स्वावलम्बी बनाउदै विकासको सम्वाहक शक्तिको रूपमा स्थापित गर्ने,

८. जनसंख्या व्यवस्थापनबाट स्वस्थ, उत्पादनशील र स्तरीय जीवनयापनको वातावरण तयार पार्ने

९. खेलकूदलाई सबै नागरिकको सरोकार र पहुँचको विषय बनाउनुको साथै स्तरीय पूर्वाधार र व्यवसायिक खेलाडीहरू तयार गरी खेलकूद क्षेत्रलाई उद्योगका रूपमा विकास गर्ने,

१०. सीप तथा ब्यवसायिक तालिमका अवसरहरूको विकास एवम् विस्तार गर्दै राष्ट्रिय/अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्ने श्रम शक्तिको उत्पादन गर्दै श्रमिकहरूको हक अधिकारको संरक्षण तथा असल श्रम सम्बन्ध स्थापना गर्ने,

११. जीवनयापनका बैकल्पिक अवसर सिर्जना र जोखिममा रहेका समुदाय एवम् क्षेत्रको पहिचान गरी पीडितको उद्धार, संरक्षण, न्यायमा पहुँच र पुनर्स्थापनाको सेवालाई प्रभावकारी बनाउने,

१२. आफ्नो जीवनयापन आफै गर्न नसक्ने सबै उमेर, लिङ्ग, वर्ग, जातजाति, समुदाय र क्षेत्रका व्यक्ति तथा घरपरिवारलाई सामाजिक सुरक्षा प्रदान गर्ने,

१३. साँस्कृतिक सम्पदा, भाषा, साहित्य, नाट्यकला तथा ललितकलाको उचित संरक्षण गर्दै सामाजिक-साँस्कृतिक एकता अभिवृद्धि गर्ने ।

## मन्त्रालयको कार्यक्षेत्र

१. स्वास्थ्य तथा जनसंख्या
२. शिक्षा तथा मानव संशाधन
३. महिला बालबालिका तथा समाज कल्याण
४. युवा तथा खेलकुद
५. भाषा, धर्म तथा संस्कृति
६. श्रम तथा रोजगार
७. पोषण खानेपानी तथा सरसफाइ

## मन्त्रालयका महाशाखाहरू

१. प्रशासन तथा योजना महाशाखा
२. शैक्षिक विकास महाशाखा

३. स्वास्थ्य सेवा महाशाखा
४. युवा तथा खेलकुद महाशाखा
५. सामाजिक विकास महाशाखा

## मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू

प्रदेश सरकार कार्यविभाजन नियमावली २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहाय अनुसार रहेका छन्

१. प्रदेश स्तरको विश्वविद्यालय तथा उच्चशिक्षा सम्वन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन
२. शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन
३. प्रदेश स्तरमा पुस्तकालय, संग्रहालय, अभिलेखालय सम्वन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन
४. प्रादेशिक शिक्षा, प्राविधिक तथा व्यवसायिक तालिम र छात्रवृत्ति सम्वन्धी नीति, कानुन तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन तथा पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्य सामग्री निर्माण, उत्पादन र वितरण
५. प्रदेश स्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन
६. प्रदेश स्तरमा विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन
७. माध्यमिक तहको परीक्षा व्यवस्थापन
८. प्रदेश स्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन
९. स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन
१०. प्रदेश स्तरमा आवश्यक पर्ने प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुनर्स्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन
११. स्वास्थ्य सेवा सम्वन्धी प्रदेश स्तरीय प्राज्ञिक, व्यवसायिक र पेसागत संघसंस्थाको दर्ता, सञ्चालन अनुमति र नियमन
१२. प्रदेश स्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन
१३. राष्ट्रिय मापदण्ड बमोजिम औषधिजन्य तथा स्वास्थ्य प्रविधि सम्वन्धी सामग्रीको उत्पादन तथा संचय, अधिकतम खुद्रा मूल्य निर्धारण, अन्तिम बिसर्जन, गुणस्तर तथा मापदण्ड निर्धारण र त्यस्ता सामग्री उत्पादन गर्ने उद्योगको दर्ता, सञ्चालन, अनुमति र नियमन
१४. राष्ट्रिय मापदण्ड अनुरुप अस्पताल, नर्सिङ्गहोम, निदान केन्द्र, उपचार केन्द्र र अन्य स्वास्थ्य संस्था तथा प्रयोगशालाको दर्ता, सञ्चालन, अनुमति र नियमन
१५. खानेपानी, ध्वनि र हावाको गुणस्तर अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एवं गुणस्तरको मापदण्ड निर्धारण र कार्यान्वयन
१६. राष्ट्रिय मापदण्ड बमोजिम स्वास्थ्य बीमा लगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन

१७. प्रदेश स्तरीय स्वास्थ्य क्षेत्रको मानव स्रोत विकास र व्यवस्थापन
१८. औषधी निगरानी )Pharmacovigilance), औषधीको उचित प्रयोग र सुक्ष्म जीवनिरोधक प्रतिरोध (Antimicrobial Resistance) न्यूनीकरण
१९. खोप र परिवार नियोजन
२०. संवेदनशील औषधी तथा अन्य स्वास्थ्य सामग्री खरिद तथा आपूर्ति व्यवस्थापन
२१. प्रदेश स्तरमा स्वास्थ्य सेवा सम्बन्धी अध्ययन तथा अनुसन्धान तथा सूचना प्रणाली, स्वास्थ्य लेखा पद्धतिको संस्थागत व्यवस्थापन, सूचना प्रवाह
२२. प्रदेश स्तरीय जनस्वास्थ्य निगरानी) पब्लिक हेल्थ सर्भेलेन्स (व्यवस्थापन
२३. सूर्ति, मदिरा र लागु पदार्थ जन्य वस्तुको मापदण्ड, नियन्त्रण तथा नियमन
२४. स्वास्थ्य क्षेत्रमा आपत्कालीन अवस्था, विपद् महामारी व्यवस्थापन, आकस्मिक स्वास्थ्य सेवाप्रवाह, आपत्कालीन अवस्थाका लागि औषधी तथा औषधीजन्य सामग्रीको प्रादेशिक बफर स्टक व्यवस्थापन
२५. सरूवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम
२६. राष्ट्रिय मापदण्ड अनुरुप स्वास्थ्य सेवा सम्वन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन
२७. स्वास्थ्य जन्य फोहोर व्यवस्थापन सम्वन्धी मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन
२८. आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवा सम्वन्धी प्रदेश स्तरीय मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियमन
२९. प्रदेश स्तरको खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धी प्रदेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन, सेवाको शुल्क निर्धारण, योजना, आयोजना कार्यान्वयन तथा सञ्चालन, संभार र नियमन
३०. खानेपानी तथा सरसफाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन
३१. सर्व साधारणलाई स्वच्छ खानेपानीको उपलब्धता र खानेपानी, सरसफाइ तथा स्वच्छतामा पिछडीएका वर्गको पहुँच सुनिश्चितता
३२. जनसंख्या, बसाइ सराइ र परिवार नियोजन सम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन तथा अनुसन्धान, सूचना प्रणालीको स्थापना र सञ्चालन, क्षमता अभिवृद्धि र राष्ट्रिय संस्थाहरुसँगको सम्पर्क र समन्वय
३३. महिला हक सम्बन्धी प्रादेशिक नीति, कानून, माप दण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन
३४. लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसार पसार सम्वन्धी नीति तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन तथा अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनस्थापन
३५. महिला सशक्तीकरण तथा लैङ्गिक समानता सम्बन्धी अध्ययन, अनुसन्धान
३६. लैंगिक उत्तरदायी बजेट र लैङ्गिक परिक्षण
३७. बालबालिकाको हक हित संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन, अनुसन्धान, बालमैत्री शासकीय प्रवन्ध र सेवा प्रवाह, बाल उद्धार कोष व्यवस्थापन र बाल सुधार तथा पुनर्स्थापना
३८. प्रदेश स्तरमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्त, बालबालिका र महिला सम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्याङ्कन

३९. समाज कल्याण र संघसंस्था सम्वन्धी कार्यहरुको अनुगमन तथा मूल्याङ्कन
४०. युवा सम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, युवा वैज्ञानिक प्रोत्साहन
४१. खेलकूद सम्वन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, खेलकूद तथा खेलकूद पूर्वाधारको विकास र प्रवर्द्धन
४२. खेलकूद प्रशासन र संघसंस्थाको समन्वय र नियमन
४३. राष्ट्रिय र प्रादेशिक खेलकुद प्रतियोगिता तथा कार्यक्रम आयोजना र सहभागिता
४४. लोपोन्मुख, सीमान्तकृत, गरिब, जेष्ठनागरिक लक्षित आवास सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन
४५. सामाजिक सुरक्षा सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको निर्माण तथा कार्यान्वयन, कोष व्यवस्थापन, नियमन, राष्ट्रिय र प्रादेशिक निकाय तथा संघसंस्थासँग सम्पर्क, समन्वय र सहकार्य
४६. प्रदेश भित्र रोजगारी प्रवर्द्धन सम्बन्धी नीति, योजना, कार्यक्रम तथा मापदण्ड तर्जुमा तथा कार्यान्वयन र स्थानीय सरकारसँग समन्वय
४७. विश्व सम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्वका स्थल सम्बन्धी
४८. भाषा, लिपि,संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग सम्वन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन
४९. ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं कला र वास्तुकलात्मक दृष्टिकोणले महत्व बोकेका प्रादेशिक स्तरका दरवारहरुको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन
५०. प्रादेशिक स्तरमा संग्रहालयको स्थापना, सञ्चालन तथा व्यवस्थापन
५१. प्रदेश स्तरका पुरातात्विक महत्वका स्थल, ऐतिहासिक र धार्मिक, सांस्कृतिक सम्पदा, प्राचिन स्मारक, संग्रहालय, साँस्कृतिक धरोहर सम्वन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन एव संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान, उत्खनन तथा पुनर्निर्माण
५२. धर्म, परम्परार गुठी अन्तर्गत चली आएका विभिन्न जात्रा, पर्वहरुको सञ्चालन र व्यवस्थापन
५३. संस्कृतिको विकास सम्वन्धी नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन
५४. रोजगार प्रवर्द्धन सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन
५५. श्रमिक एवं श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेडयुनियन सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र नियमन
५६. श्रमशक्ति, श्रम बजार सम्बन्धी अध्ययन, अनुसन्धान र श्रम शक्ति योजना
५७. औद्योगिक विवाद समाधान, श्रम सम्बन्धमा सुधार र न्यायिक निरुपण
५८. कार्य स्थल सुरक्षा, कारखाना निरीक्षण तथा नियमन

## जनशक्ति अवस्था


यस मन्त्रालय वा अन्तर्गतका कार्यालयहरूमा जनशक्तिको दरबन्दी तथा हाल कार्यरत अवस्था निम्न अनुसार रहेको छ ।

| सिनं. | कार्यालय | स्वीकृत दरबन्दी | हाल कार्यरत | रिक्त | पदपूर्ति % |
|---|---|---|---|---|---|
| १ | सामाजिक विकास मन्त्रालय सुर्खेत | ५२ | ३९ | १३ | ७५ |
| २ | सामाजिक विकास कार्यालय रुकुम पश्चिम | ६ | २ | ४ | ३३.३ |
| ३ | सामाजिक विकास कार्यालय सल्यान | ७ | ३ | ४ | ४२.९ |
| ४ | सामाजिक विकास कार्यालय डोल्पा | ६ | ३ | ३ | ५० |
| ५ | सामाजिक विकास कार्यालय जुम्ला | ७ | ३ | ४ | ४२.९ |
| ६ | सामाजिक विकास कार्यालय मुग | ६ | २ | ४ | ३३.३ |
| ७ | सामाजिक विकास कार्यालय हुम्ला | ६ | २ | ४ | ३३.३ |
| ८ | सामाजिक विकास कार्यालय कालिकोट | ६ | २ | ४ | ३३.३ |
| ९ | सामाजिक विकास कार्यालय जाजरकोट | ७ | ३ | ४ | ४२.९ |
| १० | सामाजिक विकास कार्यालय दैलेख | ७ | ३ | ४ | ४२.९ |
| ११ | शिक्षा विकास निर्देशनालय सुर्खेत | २८ | १६ | १२ | ५७.१ |
| १२ | स्वास्थ्य सेवा निर्देशनालय,सुर्खेत | ३७ | ३० | ७ | ८१.१ |
| १३ | प्रदेश अस्पताल, वीरेन्द्रनगर,, सुर्खेत | ३२५ | ८२ | २४३ | २५.२ |
| १४ | मेहलकुना अस्पताल, गुर्भाकोट, सुर्खेत | ५३ | ३४ | १९ | ६४.२ |
| १५ | स्वास्थ्य सेवा कार्यालय, रुकुम पश्चिम | ४८ | ३० | १८ | ६२.५ |
| १६ | स्वास्थ्य सेवा कार्यालय, सल्यान | ६५ | ३० | ३५ | ४६.२ |
| १७ | स्वास्थ्य सेवा कार्यालय, डोल्पा | ४७ | १० | ३७ | २१.३ |
| १८ | जनस्वास्थ्य सेवा कार्यालय, जुम्ला | १६ | १६ | ० | १०० |
| १९ | स्वास्थ्य सेवा कार्यालय, मुगु | ४८ | २३ | २५ | ४७.९ |
| २० | स्वास्थ्य सेवा कार्यालय, हुम्ला | ४८ | १२ | ३६ | २५ |
| २१ | स्वास्थ्य सेवा कार्यालय, कालिकोट | ४७ | १४ | ३३ | २९.८ |
| २२ | स्वास्थ्य सेवा कार्यालय, जाजरकोट | ६५ | ३७ | २८ | ५६.९ |
| २३ | स्वास्थ्य सेवा कार्यालय, दैलेख | ६५ | ३१ | ३४ | ४७.७ |
| २४ | जनस्वास्थ्य सेवा कार्यालय, सुर्खेत | १५ | १३ | २ | ८६.७ |
| २५ | प्रदेश आयुर्वेद औषधालय सुर्खेत | ८ | ७ | १ | ८७.५ |
| २६ | मानव संसाधन विकास केन्द्र, सुर्खेत | ३२ | २२ | १० | ६८.८ |
| २७ | प्रदेश संग्रहालय , सुर्खेत | १३ | ८ | ५ | ६१.५ |
| **जम्मा** | | **१०७०** | **४७७** | **५९३** | **४४६.** |

***स्रोतः** मन्त्रालयको अभिलेख*

सामाजिक विकास मन्त्रालय वा अन्तर्गत रहेका जम्मा १०७० दरबन्दीहरूमध्ये ४७७ दरबन्दी मात्र पूर्ति भएको वर्तमान अवस्था छ । यस आँकडाबाट मन्त्रालय वा अन्तर्गतमा जनशक्तिको अभाव रहेको कुरा प्रष्ट हुन्छ । जनशक्ति कमी भएकै कारण सवै कार्यक्रमहरू प्रभावकारी तरिकाले कार्यान्वयन गर्न नसकी अपेक्षित उपलब्धि हासिल गर्नमा समेत बाधा भैरहेको अवस्था छ ।तुलनात्मक रूपमा पाँचौ, /छैठौं /सातौं कर्मचारीको पदपूर्ति

सबैभन्दा बढी ५७.७ प्रतिशत र नवौं तहका कर्मचारीको पदपूर्ति सबभन्दा कम ११.६ प्रतिशत रहेको देखिन्छ । प्रदेश अन्तर्गत चिकित्सकहरूको जम्मा दरबन्दी १८४ भएकोमा पदपूर्ति (करार बाहेक) जम्मा ३२ (१७.४%) रहेको छ ।




**स्रोतः** *मन्त्रालयको अभिलेख*

यस मन्त्रालय वा अन्तर्गत तहगत रूपमा जनशक्तिको दरबन्दी तथा हाल कार्यरत अवस्था यस प्रकार रहेको छ ।

| सिनं. | तह | स्वीकृत दरबन्दी | कूल दरबन्दीमा % | हाल कार्यरत | रिक्त | पदपूर्ति % |
|---|---|---|---|---|---|---|
| १ | एघारौं | १९ | १।७८ | ५ | १४ | २६३. |
| २ | नवौं/दशौं | ११२ | १०।४७ | १३ | ९९ | ११६. |
| ३ | सातौं/आठौं | ३५० | ३२।७१ | ६८ | २८२ | १९४. |
| ४ | पाँचौं/छैठौं/सातौं | २८४ | २६।५४ | १६४ | १२० | ५७७. |
| ५ | चौथो/पाँचौं/छैठौं | १२५ | ११।६८ | ५५ | ७० | ४४०. |
| ६ | श्रेणी विहिन | १८० | १६।८२ | १७२ | ८ | ९५६. |
| **जम्मा** | | **१०७०** | **१००।००** | **४७७** | **५९३** | **४४६.** |

*स्रोतः मन्त्रालयको अभिलेख*

## लक्षित जनसंख्या


आ.व. २०७६।७७ मा कर्णाली प्रदेशको कूल लक्षित जनसंख्या १७,९६,८२२ रहेको छ जसमध्ये पुरूषको जनसंख्या ८,७८,९१० र महिलाको जनसंख्या ९,१७,९१२ रहेको छ । सामाजिक विकास मन्त्रालयको कार्यक्षेत्र कर्णाली प्रदेशका दश वटै जिल्लाहरूको विभिन्न उमेरगत जनसंख्या र अपेक्षित जन्मको संख्या निम्न अनुसार तालिकामा देखाइएको छ ।

| जनसंख्या | डोल्पा | मुगु | हुम्ला | जुम्ला | कालिकोट | दैलेख | जाजरकोट | रूकुम पश्चिम | सल्यान | सुर्खेत | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कूल जनसंख्या | ४२१११ | ६३६३६ | ५८४६८ | १२४५०३ | १५८४८२ | २९६१४७ | १९७३५३ | १६९७३२ | २७११८७ | ४१५२०३ | १७९६८२२ |
| महिला जनसंख्या | २११८२ | ३१३७३ | २८७६६ | ६१७१४ | ७८८१३ | १५२४५६ | ९८७९५ | ८८७०२ | १४१४५१ | २१४६६० | ९१७९१२ |
| पुरूष जनसंख्या | २०९२९ | ३२२६३ | २९७०२ | ६२७८९ | ७९६६९ | १४३६९१ | ९८५५८ | ८१०३० | १२९७३६ | २००५४३ | ८७८९१० |
| १ बर्ष मूनिको जनसंख्या | ८३५ | १२३१ | ११४७ | २४६४ | ३१०३ | ६०३६ | ३९४३ | ३७७० | ५७९० | ८६२३ | ३६९४२ |
| २ बर्ष मूनिको जनसंख्या | १७०१ | २५५३ | २३५६ | ५०३१ | ६३८३ | १२०८४ | ८००० | ७२२० | ११२४० | १७०४८ | ७३६१६ |
| ५ बर्ष मूनिको जनसंख्या | ४२७१ | ६४६६ | ५९३६ | १२६३२ | १६०९२ | २९९९० | २००१२ | १७४८३ | २७३७४ | ४१९९२ | १८२२४८ |
| १५ बर्ष मूनिको जनसंख्या | १२२६५ | १८५५० | १७०३० | ३६२४४ | ४६१६३ | ८६०५१ | ५७४१८ | ५०३१५ | ७८५६९ | १२०५०७ | ५२३११२ |
| कुल अपेक्षित जन्म | ८६१ | १२७० | ११८३ | २५४१ | ३२०० | ६२२४ | ४०६६ | ३८८८ | ५९७१ | ८८९२ | ३८०९६ |
| कूल अपेक्षित गर्भधारण | १०१५ | १४९८ | १३९५ | २९९६ | ३७७४ | ७३४० | ४७९५ | ४५८५ | ७०४१ | १०४८६ | ४४९२५ |

| जनसंख्या | डोल्पा | मुगु | हुम्ला | जुम्ला | कालिकोट | दैलेख | जाजरकोट | रूकुम पश्चिम | सल्यान | सुर्खेत | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ देखी ४९ बर्षको महिला जनसंख्या | ११६२१ | १७१४१ | १५९७४ | ३४३०४ | ४३१९६ | ८४०२९ | ५४८९२ | ५१८८२ | ८०६१२ | १२००४६ | ५१३६९७ |
| किशोर किशोरी (वर्ष १९-१०)जनसंख्या | ८३५८ | १२६४९ | ११६१३ | २४७१८ | ३१४८० | ५८७०७ | ३९१६० | ३४१०९ | ५३६३१ | ८२२२८ | ३५६६५३ |


*स्रोतः स्वास्थ्य ब्यवस्थापन सूचना प्रणाली*

कर्णाली प्रदेश नेपालकै सबभन्दा कम जनसंख्या भएको प्रदेश हो जहाँ देशको कूल जनसंख्याको ६ प्रतिशत मात्र मानिसहरू बसोवास गर्दछन् ।प्रदेशमा सबभन्दा बढी ४१५२०३ जनसंख्या भएको जिल्ला सुर्खेत हो भने सब भन्दा कम ४२१११ जनसंख्या भएको जिल्ला डोल्पा हो । प्रदेशको जिल्लागत कूल जनसंख्या अवस्था निम्न अनुसार चित्रमा प्रस्तुत गरिएको छ ।





## प्रमुख सेवा प्रदायकहरूको अवस्था

कर्णाली प्रदेशमा स्वास्थ्य सेवा प्रदान गर्नको लागि जम्मा ६२६ वटा सेवा प्रदायक स्वास्थ्य संस्थाहरू कृयाशिल छन् । प्रदेश भित्र २० अस्पताल, १४ प्राथमिक स्वास्थ्य केन्द्र, ३३५ स्वास्थ्य चौकी, १ आयुर्वेद औषधालय, ३०४ बर्थिङ सेण्टर, ४११४ महिला स्वास्थ्य स्वयंसेविका, १३४३ खोप क्लिनिक, ९९८ गाउँघर क्लिनिक, ९४ ससामुदायिक स्वास्थ्य एकाइ र ८९ आधारभूत स्वास्थ्य केन्द्रहरू रहेका छन् । स्वास्थ्य सेवा प्रदायकहरूको अवस्था निम्न अनुसार बार चित्रमा देखाइएको छ ।




***स्रोतः*** *स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली*

त्यसैगरी प्रदेशमा शिक्षा सेवा प्रदान गर्नको लागि ५९६२ सेवा प्रदायक संस्थाहरू (वालविकास केन्द्रहरू सहित) रहेका छन् । प्रदेश भित्र ५६ क्याम्पस, ३०३८ सामुदायिक विद्यालय, १४९ संस्थागत विद्यालय, ६४२ माध्यमिक विद्यालय, २५४५ आधारभूत विद्यालय, २७१९ वालविकास केन्द्र र १००५४ आधारभूत तहमा शिक्षक संख्या रहेको छ । शिक्षा सेवा प्रदायकहरूको अवस्था निम्न अनुसार बार चित्रमा देखाइएको छ ।




***स्रोतः*** *मन्त्रालयको अभिलेख*

## प्रमुख सूचकहरूको अवस्था


कर्णाली प्रदेशमा सामाजिक विकास मन्त्रालयसँग सम्बन्धित केही प्रमुख सूचकहरूको (सामाजिक क्षेत्रका) तुलनात्मक अवस्था यस प्रकार रहेको छ ।

| सूचक | आ.व. २०७४/७५ | आ.व. २०७५/७६ | आ.व. २०७६/७७ |
|---|---|---|---|
| जम्मा कार्यरत स्वास्थ्यकर्मि संख्या (स्थानीय समेत) | २४६४ | २४०४ | २२०१ |
| पूर्णखोप प्राप्त गर्ने वालवालिकाको प्रतिशत | ८८ | ७९ | ७० |
| कम तौल भएका २ वर्ष मूनिका वालवालिकाको प्रतिशत | ८ | ६ | ५ |
| जम्मा नवजात मृत्युसंख्या | १८७ | १४३ | १४३ |
| जम्मा ५ वर्षमूनिको मृत्यु संख्या | १९९ | १३६ | १८६ |
| जम्मा मातृ मृत्यु संख्या | ३७ | १३ | १३ |
| परिवार नियोजन साधन प्रयोगदर(प्रतिशत) | ३४७. | ३५३. | ३४८. |
| ४ पटक गर्भ जाँच गराउने प्रतिशत | ५४ | ६२ | ६६२. |
| संस्थागत प्रसुती प्रतिशत | ६७ | ७३ | ६८७५. |
| दक्ष प्रसुतीकर्मिबाट प्रसुती भएको प्रतिशत | ५६ | ५९ | ५६ |
| जम्मा क्षयरोगका विरामी संख्या | १६३६ | १४६७ | ११२३ |
| जम्मा कुष्ठरोगका विरामी संख्या | १०७४ | १०४६ | ७४५ |
| जम्मा एच.आइ.भि. संक्रमित संख्या | ४९६ | ५९० | ४७३ |
| जम्मा कोभिड १९ संक्रमित संख्या | ० | ० | १७१४ |
| बहिरंग स्वास्थ्य सेवा लिएका जनसंख्या प्रतिशत | ८३ | ९२ | ८५ |
| अस्पतालमा आकस्मिक सेवा लिएको जनसंख्या प्रतिशत | २३. | ४१. | २६. |
| अस्पतालमा अन्तरंग सेवा लिएका जनसंख्या प्रतिशत | १०६. | १०२. | ०५४. |
| महिला साक्षरता प्रतिशत | | ५२८७. | |
| जम्मा साक्षरता प्रतिशत | | ६२५. | |
| आधारभूत तह (१-८) मा खूद भर्नादर | | ९३४. | |
| माध्यमिक तहमा खूद भर्नादर | | ४६४. | |
| जम्मा विद्यार्थी संख्या वालविकास केन्द्र | | ५८१५८ | |
| जम्मा विद्यार्थी संख्या कक्षा १-५ | | ३११२३१ | |
| जम्मा विद्यार्थी संख्या कक्षा ६-८ | | १४४३२१ | |
| जम्मा विद्यार्थी संख्या कक्षा ९-१२ | | १२६६६४ | |
| जम्मा विद्यार्थी संख्या प्राविधिक शिक्षा | | ११४० | |
| जम्मा विद्यार्थी संख्या उच्च शिक्षा | | १२०१५ | |
| छोटो अवधिको विभिन्न सीपमूलक तालिम प्राप्त संख्या | | ३३७३ | |
| वैदेशिक रोजगारीमा जानेहरुलाई परामर्श सहयोग ब्यक्ति संख्या | | ५४४ | १६८७ |

| सूचक | आ.व. २०७४/७५ | आ.व. २०७५/७६ | आ.व. २०७६/७७ |
|---|---|---|---|
| बैंक खाता खोलिएका छोरीहरूको संख्या | | | ६५१४ |
| हिंसा प्रभावित महिला/वालवालिकालाइ सेवा प्रदान संख्या | | | १४६७ |
| पुनर्स्थापना केन्द्र मार्फत संरक्षण र उद्धार गरिएको संख्या | | | २४२ |
| अनाथ वालवालिकालाइ न्यानो कपडा र शैक्षिक सामग्री वितरण | | | ११३ |
| डिजिटल गै.स.स. प्रोफाइलमा सूचिकृत गरिएका संस्थाहरू | | | २७९ |
| बेसहारा/सडक मानवहरूको संख्या | | | ० |
| सडक वालवालिकाहरूको संख्या | ४३ | १८ | ० |
| रंगशाला संख्या | | | ५ |
| कभर्डहल संख्या | | | १० |
| संग्रहालय/अभिलेखालय संख्या | १ | १ | १ |

**स्रोतः** *मन्त्रालयको अभिलेखव्यवस्थापन सूचना प्रणाली ,*


कर्णाली प्रदेशका प्रमुख सामाजिक अवस्थाका सूचकहरूको अवस्था निम्न अनुसार बार चिमा समेत प्रस्तुत गरिएको छ । जस अनुसार प्रदेशमा पूर्ण खोप प्राप्त गर्ने वालवालिकाको प्रतिशत ७०, परिवार नियोजन साधन प्रयोगदर ३५ प्रतिशत, प्रोटोकल अनुसार चार पटक गर्भ जाँच गराउने प्रतिशत ६६, संस्थागत प्रसुती प्रतिशत ६९, दक्ष प्रसुतीकर्मिबाट प्रसुती प्रतिशत ५६, बहिरंग स्वास्थ्य सेवा लिएको जनसंख्या प्रतिशत ८५, उमेर ५ बर्ष माथिको जम्मा साक्षरता प्रतिशत ६३, आधारभूत शिक्षामा खूद भर्नादर ९३ प्रतिशत र माध्यमिक शिक्षा तहमा खूद भर्नादर ४६ प्रतिशत रहेको देखिन्छ ।




**स्रोतः** *स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीमन्त्रालयको अभिलेख ,*

## रोजगारीको अवस्था

आर्थिक रूपले सक्रिय र रोजगार जनसंख्याको विश्लेषण गर्दा सामान्यतया उमेर १० बर्ष भन्दा माथिको जनसंख्यालाइ लिने गरिन्छ । आर्थिक रूपले सकृय जनसंख्या जसले निर्धारित समय भित्र ज्याला वा तलब नगद ) प्राप्त गर्दछ वा आर्थिक उपार्जनको काम (वा प्रकारको गर्दछ त्यसलाइ रोजगार जनसंख्याको रूपमा लिइन्छ । राष्ट्रिय जनगणना २०६८ अनुसार कर्णाली प्रदेशका जिल्लाहरूमा रहेको आर्थिक रूपले सकृय जनसंख्या र रोजगार जनसंख्या प्रतिशत निम्न अनुसार स्तम्भ चित्रमा देखाइएको छ । प्रदेशमा उमेर १० बर्षभन्दा माथिको आर्थिक रूपले सकृय जनसंख्या ५९ प्रतिशत र रोजगार जनसंख्या ५२ प्रतिशत रहेको देखिन्छ ।




*स्रोतः केन्द्रीय तथ्यांक विभाग NPHC*

आर्थिक रूपले सकृय जनसंख्याको अनुपात सवैभन्दा बढी डोल्पामा ७० प्रतिशत र सबभन्दा कम ५२ प्रतिशत रूकुममा देखिन्छ ।त्यसैगरी रोजगार जनसंख्या बढी हुम्लामा ६६ प्रतिशत र सवभन्दा कम रूकुममा देखिन्छ ।

## २०७७ असार मसान्त सम्मको कोभिड-१९ को अध्यावधिक अवस्था

२०७७ असार मसान्त सम्ममा कर्णाली प्रदेशमा रहेका जम्मा क्वारेन्टाइन संख्या, जम्मा क्वारेन्टाइन बेड संख्या, क्वारेन्टाइनमा भर्ना भएका जम्मा संख्या, क्यारेन्टाइनमा रहेका संख्या, आइसोलेसन बेड संख्या, आइसोलेसनमा जम्मा भर्ना संख्या र  आइसोलेसनमा रहेका संख्यालाइ निम्न अनुसार तालिमा प्रस्तुत गरिएको छ ।

| जिल्ला | जम्मा क्वारेन्टाइन संख्या | जम्मा क्वारेन्टाइन बेड संख्या | क्वारेन्टाइनमा भर्ना भएका जम्मा संख्या | क्वारेन्टाइनमा रहेका संख्या | जम्मा आइसोलेसन बेड संख्या | जम्मा आइसोलेसनमा भर्ना संख्या | आइसोलेसनमा रहेका संख्या |
|---|---|---|---|---|---|---|---|
| डोल्पा | ५३ | ९८५ | ४८३ | ४१० | ८ | ४ | ० |
| मुगु | ८ | ३५० | १३१७ | ३० | ९२ | ५ | ० |
| हुम्ला | १३४ | २३२६ | ७५१ | ६११ | १६ | २ | १ |

| जिल्ला | जम्मा क्वारेन्टाइन संख्या | जम्मा क्वारेन्टाइन बेड संख्या | क्वारेन्टाइनमा भर्ना भएका जम्मा संख्या | क्वारेन्टाइनमा रहेका संख्या | जम्मा आइसोलेसन बेड संख्या | जम्मा आइसोलेसनमा भर्ना संख्या | आइसोलेसनमा रहेका संख्या |
|---|---|---|---|---|---|---|---|
| जुम्ला | १४ | ८०० | १५४४ | १४ | १२० | ४० | ० |
| कालिकोट | १२ | १३९५ | ६२०३ | ११० | ८० | ६० | ११ |
| दैलेख | २४९ | ११०९२ | १२८५१ | २२५ | ६३८ | ८०१ | ४६ |
| जाजरकोट | ३३ | १५९५ | ३०५७ | १८०२ | ६ | १८ | ७ |
| रूकुम पश्चिम | ८८ | २९०४ | २८६६ | १८० | ९५ | १९ | १० |
| सल्यान | १०९ | ३८२४ | ५२६६ | २११८ | २२ | २१६ | १९ |
| सुर्खेत | २४ | २२२४ | १५५९१ | ६६५ | ३१० | ४९६ | १३९ |
| **जम्मा** | **724** | **27495** | **49929** | **6165** | **1387** | **171४** | **२३३** |

***स्रोतः*** *आ ,तथा कानून मन्त्रालय .मा.सामन्त्रालय .वि.*

जिल्ला अनुसार क्वारेन्टाइनमा भर्ना भएका जम्मा संख्या तलको बार चित्रमा देखाइएको छ । क्वारेन्टाइनमा भर्ना भएका जम्मा संख्या ४९९२९ छ भने सवैभन्दा बढी सुर्खेत जिल्लामा १५५९१ र भने सवभन्दा कम डोल्पामा ४८३ छ ।

## आमा भएका मुख्य कार्यहरू ७७।२०७६ .व.

आर्थिक वर्ष २०७६।७७ मा सम्पादन भएका प्रमुख कार्यहरू

१. **स्वास्थ्य**

- कोभिड व्यवस्थापन अन्तर्गत ४७५८८ को RDT वाट परिक्षण, ३५ हजारभन्दा बढीको को PCR बाट परिक्षण, Quarantine, Isolation व्यवस्थापन, शव व्यवस्थापन,एम्बुलेन्स व्यवस्थापन, कन्ट्याक्ट ट्रेसिंग
- अस्पताल औजार उपकरण ब्यवस्थापन
- भौतिक पूर्वाधार निर्माण कार्य
- पि.सि.आर. प्रयोगशाला संचालन
- बिभिन्न संघ संस्थाहरु संग समन्वय गरि कोरोना उपचारका लागि आइ.सि.यु. बेड, भेन्टिलेटर, लगायत उपकरण सामाग्री सहयोग ।
- दादुरा रूबेला अभियान संचालन
- रोटा खोप सुरूवात
- कर्णाली प्रदेश सरकारको सुत्केरी पोषण कोसेली कार्यक्रम कार्यान्वयन, २५ हजार बढीलाइ सुत्केरीलाइ पोषण कोषेली भत्ता वितरण
- ४९ जना क्यान्सर रोगीहरूलाइ रू १० हजारका दरले यातायात खर्च वितरण
- प्रदेश स्वास्थ्य नीति २०७६ निर्माण र कार्यान्वयन, स्वास्थ्य विधेयक तयारी

- प्रदेश अस्पतालमा ३०० शैयाको लागि पूर्वाधार विकास, जिल्ला स्तरका अस्पतालहरू ५० शैयाको लागि भौतिक ब्यवस्था हुनेगरी स्रोतसाधनको ब्यवस्था
- प्रदेशका ४३४१ महिला स्वास्थ्य स्वयंसेविकाहरूको सेवालाइ प्रभावकारी बनाउन थप मौद्रिक प्रोत्साहन ब्यवस्था कार्यान्वयन
- मानसिक स्वास्थ्यको व्यवस्थापनका लागि स्वास्थ्यकर्मीहरूलाई तालिम,

## २. शिक्षा तथा खेलकूद

- शिक्षा नीति, शिक्षा विधेयक तयारी
- विद्यालयहरूको भवन निर्माण तथा भौतिक पूर्वाधार सुधार (११६८ कक्षाकोठा निर्माण)
- छोरी बुहारी, प्राविधिक उच्च शिक्षा, जेहेन्दार उच्च शिक्षा, दलित उच्च शिक्षा, अपांग उच्च शिक्षा, प्रदेश स्थापना शहिद उच्च शिक्षा तथा डुम, मुसहर, चमार छात्रबृत्तिको ब्यवस्थापन र कार्यान्वयन
- १३ औ दक्षिण एशियाली खेलकूदमा स्वर्ण, रजत र काश्य पदक प्राप्त गर्ने कर्णाली प्रदेशका ६ जना खेलाडीहरूलाइ सम्मान तथा प्रोत्साहन
- शैक्षिक क्लस्टरको बिपद प्रतिकार्य योजना
- खेलकूद ऐन तयार भइ नियमावली बन्ने क्रममा रहेको
- ५९५ जनालाई एस.इ.इ.को मुल प्रमाणपत्रको प्रतिलिपि उपलव्ध गराइएको । ४५० जनालाई मार्कसिटको प्रतिलिप उपलव्ध गराइएको ।
- ७१ जनाको प्रमाणपत्र संसोधन गरिएको, ६ जनालाई माइग्रेसन प्रमाण पत्र उपलव्ध गराइएको
- जुम्लामा ६ महिने कम्प्युटर सीप विकास तालिम सञ्चालन
- तालिम प्राप्त शिक्षकहरुलाइ प्रमाणपत्र वितरण
- मानव संसाधन विकास केन्द्रको दिर्घकालिन सोचपत्रको मस्यौदा तयार
- मानव संसाधन विकास केन्द्रको वेभसाइट तथा सुचना प्रणाली विकास

## ३. सामाजिक विकास

- सहयोगापेक्षी सडकमानव रहित कर्णाली प्रदेश २०७६ माघ ४ मा घोषणा
- कर्णाली प्रदेश सरकारको बैंकखाता छोरीको कार्यक्रम कार्यान्वयन
- लैंगिक हिंसा प्रभावित महिला तथा बालबालिकाहरूको लागि ६ जिल्लामा सेफहाउस स्थापना र सञ्चालन
- लैंगिक हिंसा सम्बन्धी विधेयक तयारी
- प्रदेश स्तरमा हिंसा प्रभावितहरूको लागि दीर्घकालिन पुनस्थापन केन्द्र स्थापना र सञ्चालन
- लोपोन्मुख राउटे समुदायको सामाजिकीकरण, मुलप्रवाहीकरण सहयोग
- महिला बालबालिका तथा समाजकल्याण सम्बन्धी निति, कानुन, मापदण्ड निर्माण
- हिंसा प्रभावित ब्यक्तिहरुका लागि प्रदेशस्तरिय दिर्घकालीन / अल्पकालीन आश्रय सहितको पुर्नस्थापना केन्द्र संचालन सहयोग
- गैसस/अगैससको प्रोफाइल तयारी
- किशोर किशोरीहरूका लागि रूपान्तरण कार्यक्रम सञ्चालन

## ४. श्रम तथा रोजगार

- श्रम तथा रोजगार प्रबर्धन नीति तयारी तथा कार्यान्वयन
- रोजगार ब्यवस्थापन सूचना प्रबर्धन
- सुरक्षित आप्रवासन परामर्श तथा सहायता कक्ष सञ्चालन
- दलित, अपांग तथा बिपन्न वर्गलाइ सीपमूलक तालिम तथा सीपजन्य सामग्री वितरण
- वैदेशिक रोजगार सम्बन्धी सन्देशमूलक सूचना तथा रेडियो कार्यक्रम एफएम रेडियोहरुबाट प्रसारण
- प्रदेश श्रम सल्लाहकार परिषद गठन सम्बन्धी निर्देशिका मस्यौदा तयार

## ५. शिक्षा तथा खेलकूद

- विद्यालयहरूको भवन, खेल मैदान, क्याम्पस र कभर्ड हल निर्माणको विवरण

| जिल्ला | २ कोठे विद्यालय भवन | | | ६ कोठे भवन विद्यालय भवन | | | जम्मा विद्यालय भवन | | | खेल मैदान वा सौचालय | क्याम्पस | कर्भडहल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | कोठा | सम्पन्न | संख्या | कोठा | सम्पन्न | संख्या | कोठा | सम्पन्न | सम्पन्न | सम्पन्न | सम्पन्न |
| सुर्खेत | १८ | ३६ | ७ | ११ | ६६ | १ | २९ | १०२ | ८ | ५ | १ | ० |
| दैलेख | १३ | २६ | ३ | ११ | ६६ | ३ | २४ | ९२ | ६ | २ | ० | ० |
| जाजरकोट | १० | २० | २ | ७ | ४२ | ० | १७ | ६२ | २ | २ | १ | ० |
| सल्यान | १० | २० | ४ | ११ | ६६ | ४ | २१ | ८६ | ८ | २ | १ | ० |
| रुकुम पश्चिम | ७ | १४ | ५ | ६ | ३६ | २ | १३ | ५० | ७ | २ | १ | ० |
| कालिकोट | ११ | २२ | १ | ९ | ५४ | २ | २० | ७६ | ३ | ० | ० | ० |
| जुम्ला | ११ | २२ | ० | ८ | ४८ | ० | १९ | ७० | ० | ० | ० | १ |
| मुगु | ७ | १४ | २ | ४ | २४ | ० | ११ | ३८ | २ | ० | ० | ० |
| हुम्ला | १४ | २८ | ५ | ७ | ४२ | ३ | २१ | ७० | ८ | ० | ५ | ० |
| डोल्पा | ४ | ८ | ६ | ८ | ४८ | ७ | १२ | ५६ | १३ | १ | २ | १ |
| **जम्मा** | **१०५** | **२१०** | **३५** | **८२** | **४९२** | **२२** | **१८७** | **७०२** | **५७** | **१४** | **११** | **२** |

- छोरी बुहारी, प्राविधिक उच्चशिक्षा, जेहेन्दार उच्चशिक्षा, दलित उच्चशिक्षा, अपांग उच्चशिक्षा, प्रदेश स्थापना शहिद उच्चशिक्षा तथा डुम, मुसहर, चमार छात्रबृत्तिको ब्यवस्थापन र कार्यान्वयन

    - छोरी बुहारी छात्रबृति ११० जना
    - उच्च प्राविधिक छात्रबृति ७१ जना
    - दलित छात्रबृति ७२ जना
    - उच्च अपाङ्ग छात्रबृति ८८ जना
    - जेहेन्दार छात्रबृति १०१ जना
    - अपाङ्ग छात्रबृति संध २२ जना
    - कर्णाली प्रदेश सहिद २ जना

- १३ औ दक्षिण एशियाली खेलकूदमा स्वर्ण, रजत र काश्य पदक प्राप्त गर्ने कर्णाली प्रदेशका ६ जना खेलाडीहरूलाइ सम्मान तथा प्रोत्साहन

## ६. मुख्यमन्त्री रोजगार कार्यक्रम प्रगति

| कार्यालय | प्राप्त रकम | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|
| सामाजिक विकास कार्यालय रुकुम | ४२०१३००० | ३९२८५००० | ९३.५ |
| सामाजिक विकास कार्यालय सल्यान | ६२८२५००० | ५९८४४०८४ | ९५.३ |
| सामाजिक विकास कार्यालय डोल्पा | ३६६७७००० | ३६६७७००० | १००.० |
| सामाजिक विकास कार्यालय जुम्ला | ५१०००००० | ४९५८०८०४ | ९७.२ |
| सामाजिक विकास कार्यालय मुग | २४०५८९१० | ११९१२५२६ | ४९.५ |
| सामाजिक विकास कार्यालय हुम्ला | ४७०००००० | २५१४४६५ | ५३.५ |
| सामाजिक विकास कार्यालय कालिकोट | ५९३००००० | ५२९००००० | ८९.२ |
| सामाजिक विकास कार्यालय जाजरकोट | ४०००००० | २१४८५७२ | ५३.७ |
| सामाजिक विकास कार्यालय दैलेख | ६९३१९००० | ६३०४६००० | ९१.० |
| शिक्षा विकास निर्देशनालय,सुर्खेत | ५७६०००० | ४२९५१२७२।७३ | ७४.६ |
| ***कूल जम्मा*** | ***४११४९२९१०*** | ***३६०८५९७२४*** | **८७.७** |

## ७. सामाजिक विकास

- कर्णाली प्रदेश सरकारको बैंक खाता छोरीको कार्यक्रम कार्यान्वयनको उपलब्धी यस प्रकार रहेको छ-

| | |
|---|---|
| बैंकखाता छोरीको कार्यक्रमको प्रगति विवरण प्राप्त पालिका | ५३ |
| बैंकखाता छोरीको कार्यक्रम कामहुन नसकेको पालीका | ९ |
| प्रगति प्राप्त हुन नसकेको पालिका | १७ |
| जम्मा छोरीको संख्या | ६५१५ |
| खर्च रकम | २३८३४००० |
| प्रगति प्रतिशत | ६२ |

# सामाजिक आर्थिक रूपान्तरणको लागि उडान भर्ने अवधारणा र युथ भिजन २०२५




माननीय योगेन्द्र शाही*

***युथ भिजन २०२५*** ले आगामी दश वर्षमा नेपालमा सक्षम र सवल युवा तयार गरी एक समृद्ध र तीब्र विकाससील राष्ट्र निर्माण गर्न शान्तिपूर्ण सामाजिक आर्थिक रुपान्तरणका लागि उडान भर्ने अवधारणा (take off approach for socio-economic transformation) तय गरेको छ । भिजनलाई संक्षिप्त बनाउन यसलाई हामीले त्यसको संरचना र तत्वहरु उल्लेख गरेपनि त्यसको औचित्यता र महत्वलाई प्रयाप्त ब्याख्या गर्न सकिएको थिएन । कुनै पनि भिजन अझ रणनीतिक योजनाका लागि कुन बाटो, किन र कसरी जाने भन्ने पुष्टि गर्नु आवश्यक हुन्छ । नेपाल सरकारले युथ भिजन सहित रणनीतिक कार्ययोजना पास गरिसकेको छ । युवा काउन्सिल विद्येयक पारित भई कार्यकारी संरचना बन्ने प्रक्रियामा रहेकोले युथ भिजनमा उल्लेख गरिएका कतिपय विषयवस्तुको थप ब्याख्या, अनुसन्धान र विवेचना गरी युवामाझ कार्यन्वयनका लागि बहसको विषय बनाउन आज झनै जरुरी भएको छ ।

पहिलो कुरा हामीले नेपालको सामाजिक आर्थिक रुपान्तरणको कार्यक्रमलाई केन्द्रमा राखी यो भिजन र रणनीति पेपर तयार भएको छ । नेपालमा पछिल्लो अबधिमा विकास सम्बन्धी बनेका अधिकांस रणनीतिक पेपरहरुमा अधिकारलाई केन्द्रमा राख्ने तर आर्थिक विकास र समुन्नतिलाई नजरअन्दाज गर्ने परिपाटी रहदै आएको छ । यस अर्थमा नेपाली युवा[१] आफैले ४ महिनामा बनाएको यो विस्तृत *१० वर्षे भिजन र रणनीतिक योजना*ले अब युवा र देश विकासका लागि नेपालले मूल जोड दिनु पर्ने विषयवस्तुलाई तय गरेको छ । यसले ती कार्ययोजना कहाँ, कसरी र कहिलेसम्म गर्ने भन्ने बाटो देखाएको छ । यसले आर्थिक रुपान्तरणलाई केन्द्रमा राखि युवा अधिकार, पैरवी, नीतिगत र संरचनागत सुधार, युवा जागरण, तल देखि माथि रुपान्तरण, सशक्त र वैचारिक नेतृत्वका लागि पहलकदमीलाई त्यसको अभिन्न अङ्गका रुपमा प्रस्तुत गरेको छ ।

[१] २०७१ कार्तिक २३ मत्रिस्तरिय निर्णयबाट गठित कार्यदलले आफनो जिम्मेवारी सम्हालि ४ महिनामै युवा नीति परिमार्जन र युथ भिजन २०२५ रहितको १० वर्षे रणनीति ब्यापक छलफलका साथ तय गरि युवा तथा खेलकुद मन्त्रि पुरुषोत्तम पौडेललाई बुझाएको थियो । योगेन्द्र शाहीको संयोजकत्वमा गठित कार्यदलमा प्रमोद शर्मा, सरोजदिलु विश्वकर्मा, प्रदिप परियार, सविता शर्मा र केशव शाह हुनुहुन्थ्यो । सदस्य सचिवका रुपमा महेन्द्र पौडेल (शुरुको अबधिमा ज्ञानराज सुवदी) रहनु भएको थियो । मन्त्रालयका तत्कालिन सचिव दिपेन्द्रनाथ शर्मा र सहसचिव चुडामणि पौडेल सहितको टिमले अन्य मन्त्रालयका थप रायहरु समेटी का. वामदेव गौतम कार्यवाहक प्रधानमन्त्रि भएको क्याविनेट बैठकबाट यो भिजन तथा नीति पास गरिएको थियो ।

*** लेखक प्रदेश योजना आयोग कर्णाली प्रदेशका सदस्य हुनुहुन्छ ।***




शान्तिपूर्ण सामाजिक आर्थिक रुपान्तरणका लागि उडान उपागम (Take-off approach for peaceful socio-economic transformation)

**चित्र नं. १**


कुनै पनि देश र युवाको विकासका लागि अधिकारको सुनिश्चितता आवश्यक छ । तर आर्थिक रुपान्तरणलाई केन्द्रमा राखी विकास रणनीति तय हुन नसक्दा अधिकारहरु कागजका खोस्टा मात्र बन्न पुग्दछन् । तिनीहरुले सारमा युवा विकासका लागि अपेक्षित योगदान गर्न सक्दैनन् । त्यस्तै आर्थिक वृद्धि विनाको समानताको कुरा पनि त्यही नै हो जसले वारम्बार हामीलाई सानो उत्पादनको रोटीबाट गरिबी बाड्न मात्र उत्साहित गरिरहेको हुन्छ । हामीले जुन युवा अधिकार, त्यसको पैरवी, जागरण र नेतृत्व विकासको कुरा गरिरहेका छौं यसलाई शान्तिपूर्ण सामाजिक, आर्थिक रुपान्तरणका लागि उडान भर्न संकेन्द्रित गर्नु पर्दछ । आर्थिक रुपान्तरणलाई आधार वा केन्द्रका रुपमा बुझ्दै परिधि वा उपरी संरचनाका उपरोक्त तत्वहरुलाई विशेष ध्यान दिदै अन्तरसम्बन्धित गर्नु आवश्यक छ ।

युवा विकास र अधिकारको कुरा गरिरहँदा युवाका लागि राम्रो शिक्षा, रोजगार, उधमशीलता, स्वास्थ्य, सामाजिक सुरक्षा, मनोरञ्जन, खेलकुद आदिको राम्रो प्रबन्ध कसरी गर्ने भन्ने प्रश्न टट्कारो रुपमा हाम्रो अघाडि आउँदछ । त्यसका लागि ती क्षेत्रमा ब्यापक लगानी आवश्यक हुन्छ । यसको अर्थ के पनि हो भने शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षामा लगानी बढाई सक्षम युवा तयार गर्न प्रथमतः आर्थिक उत्पादनका क्षेत्रमा ब्यापक लगानी आवश्यक हुन्छ । अहिले ज्वलन्त रुपमा देखिएको बेरोजगारीका समस्यालाई हल गर्न त उत्पादनका क्षेत्रहरु विस्तार हुन अनिवार्य छ ।

आर्थिक रुपान्तरणका लागि उडान भर्ने (take off approach) नामकरणका कारण यो त रोष्टोको take off approach को पाँच तह वा रोजेस्टाईन रोडनको ठूलो धक्का (big push theory ) वा माओले प्रयोग गरेको छलाङ (great leap forward) जस्तै अवधारणा हो कि भन्ने भान पनि पर्न सक्दछ । नाममा सामिप्यता देखिएपनि यो उपागमले माथिको कुनैसँग पनि सिद्धान्तसँग पूर्ण सामिप्यता राख्दैन । यसले नेपालको युवा जनसंख्याको विशेष अवस्था, नेपालको तुलनात्मक र प्रतिष्प्रर्धी लाभका क्षेत्रहरु, भूराजनीतिक अवस्था, द्वन्द्व पछिको लामो संक्रमण, परनिर्भर अझ पछिल्लो अबधिमा रेमिटेन्समा ठूलो निर्भरता आदि नेपालका विशिष्ट अवस्था र अन्तराष्ट्रिय विकासका विविध अनुभवलाई अध्ययन गरी अघि सारिएको अवधारणा हो । यसले माथि भनिएका मोडलका कतिपय केन्द्रिय

विशेषतालाई सिधै अस्वीकार गर्दछ। विकासका अन्तराष्ट्रिय सकारात्मक अनुभव र मोडलबाट शिक्षा लिनु अनिवार्य छ। नेपालको सन्दर्भमा माथिका तीनवटै मोडल उपयुक्त हुदैनन्। झनै माओले अघि सारेको छलाङ (१९५८–६१)का कारण चीनले निकै ठूलो आर्थिक क्षतिहरु भोग्नु पर्‍यो। रोष्टोका अनुभवहरु युरोप र पश्चिमा देशको विकासको अनुभवमा आधारित छन् र यसले आधुनिकीकरणको स्वतः विकास हुने सिधा रेखाको कल्पना गर्दछ। यसले परनिर्भताका चक्रहरु, संरचनागत विभेद, भूगोलको विशिष्टता र असमानताहरु नजरअन्दाज गर्दछ। रोस्टोको यो विकासको सिद्धान्त खुला बजारले विकासको बाटो आफै तय गर्ने मान्यतामा बढि आधारित छ। यसले रिकार्डोको तुलनात्मक लाभको अवधारणालाई आत्मसात गर्दछ जुन कुरा नेपालको सन्दर्भमा भने मेल खान्छ। डा. हर्क गुरुङले नेपालको अर्थतन्त्र रजहाँसजस्तो ढल्किदै हिडेको छ उडाउन सक्दा धेरै माथिबाट उड्न सक्छ भनेर भन्थे। उनले संकेत गरेको कुरा नेपालसँग भएको तुलनात्मक लाभका क्षेत्रकै कुरा हो।

तर तुलनात्मक लाभका साथै युवा विकासका लागि प्रतिष्पर्धी लाभका क्षेत्र तय गर्ने कुरालाई भने हामीले भुल्नु हुदैन। पछाडि परेका देशहरुले विकासमा फड्को मार्न ठूलो लगानी आवश्यक हुन्छ जसले जहाजलाई उडान भर्न निश्चित गति देओस्। वास्तवमा यो आवश्यक लगानीको अवधारणा रोसेन्टाइनको ठूलो धक्का कुनै पनि देशको विकासका लागि आवश्यक छ। तर हामीले हेक्का राख्नु पर्ने विषय के हो भने दक्षिण पूर्वी एशिया जस्तो ठूलो पुजिं नेपालमा विविध कारणले नआउन पनि सक्छ। जस्तो कि भूराजनीति द्वन्द्व चलिरह्यो भने हामीले चाहेको अवस्था नहुँन सक्दछ। त्यस्तो बेला लगानी आओस भने कामना गरेर मात्र पुग्दैन बरु पहिलो चरणमा हाम्रो आफ्नो लगानी कहाँ, कसरी र कुन क्षेत्रमा परिचालन गर्ने भन्ने रणनीति तय नहुँदासम्म नयाँ र बाहृय लगानीको परिस्थिति विकास हुँन गाह्रो हुन्छ।




**चित्र नं. २**

यसै सन्दर्भमा हामीले यहाँ छलफल गर्ने अर्को विषय पनि छ। त्यो पराधिनताको चक्र कसरी तोड्ने भन्ने हो। संरचनागत विभेदलाई कसरी सँगसँगै हल गर्ने भन्ने पनि हो। तर यसको अर्थ यो होइन कि पराधिनताको चक्र तोड्न नेपालका सन्दर्भमा डिपेन्डेन्सियाका सम्पूर्ण निष्कर्षहरु हाम्रा लागि रामवाण होओस्। पछिल्लो अबधिमै दक्षिण

पूर्वी एशिया र ल्याटिन अमेरिकी अनुभवले पनि यो कुराको सम्पूर्ण पुष्टि हुदैंन । नेपालका सन्दर्भमा आयात प्रतिस्थापन र सबै क्षेत्रमा आफ्नै उत्पादनद्वारा आन्तरिक निर्भरता कायम गर्ने कुरा लाभदायक नहुँन सक्छ । हामीले सृजना गर्ने अन्तरनिर्भरताको अवस्था हो । हामीले हाम्रो श्रोत त्यसरी सबै क्षेत्रमा आत्मनिर्भर हुने तवरले खन्यायौ भने दुइटा ठूला र सक्षम अर्थतन्त्रका विचमा हामी कुनै मानेमा टिक्नै सक्दैनौं । तर हामीले कृषि र उर्जा लगायतका केही आधारभूत सुरक्षाका क्षेत्रमा आत्मनिर्भरता कायम गर्दै राम्रो पूर्वाधार र उद्यमशीलताको वातावरण निर्माण गर्ने हो भने नेपालले तरक्कि गर्न सक्ने केही आफ्ना क्षेत्रहरु छन् । त्यहाँ बाह्य लगानी पनि प्रयाप्त आउन सक्छ । परनिर्भरताको सिद्धान्तले (Dependencia Theory) नेपालको आर्थिक केन्द्र र परिधिको चरित्र चित्रण गर्न मद्दत गरेपनि समाधानका लागि हामीले आफ्नै खाले बाटो खोज्नु पर्दछ । नेपालकै सन्दर्भमा बाटोले ल्याउने पराधिनता र स्थानीय उद्योग तहसनहस गर्ने विष्लेषण पनि नेपालको लागि अहिले त्यति सान्दर्भिक छैन । अव नेपालको ग्रामीण समाजमा पराधिनताले तहसनहस गर्नु पर्ने खासै कुनै कुरा नै बाँकी छैन । अव त दुई ठूला अर्थतन्त्र माझ बाटोसँगै आउने आर्थिक गतिविधि, लगानी र युवा रोजगारीको अवस्था कसरी सृजना गर्न सकिन्छ भन्नेमा ध्यान दिनु पर्दछ । हामीले दक्षिण र उत्तरमा रहेका पूजिं विकासका तीब्र केन्द्रबाट कसरी परिधिमा आर्थिक गतिविधि सार्न सकिन्छ भन्ने रणनीति तर्फ ध्यान दिनु पर्दछ । यसो गर्दा हिमालय क्षेत्र परिधि रहदैन । दुई केन्द्र विचको अर्को केन्द्र बन्न पुग्दछ । यो बनाउन विल्कुलै सम्भव छ । यसरी उडान भर्ने यो अवधारणा भारत र चीनको तीब्रतर आर्थिक बृद्धिलाई कसरी लगानीका क्षेत्रहरुमा प्रवाहित गर्ने भन्ने प्रश्न पनि हो । यो नेपालका लागि विशिष्ट अवस्था हो । यो विशिष्ट परिस्थिति नेपालका लागि चुनौती र अवसर दुबै हो । एकापट्टि हामीसँग छिमेकमा ठूलो बजार छ । हाम्रो आन्तरिक बजार निकै सानो छ । तर हामीले उनीहरुको ठूलो बजार देखेर मात्र हुदैन । हाम्रो प्रतिस्पर्धी क्षेत्र के हो र हाम्रो तुलनात्मक लाभ के हो त्यो पहिला हेरिनु पर्दछ र त्यस अनुसार लगानी परिचालन, आमन्त्रण, उद्यमशीलताको विकास र हाम्रो युवा सीप क्षमता र दक्षता विकास गर्नु पर्नेछ । सियो देखि जहाज आफै बनाउने कुरा हामीले सोच्यौं भने हामी निश्चय नै असफल हुनेछौं ।

जहाजलाई जमिनबाट छुटाउन इन्धनरुपी लगानी मार्फत गति दिने कुरा नेपालको सन्दर्भमा पनि अनुपयुक्त होइन । तर नेपालमा ठूलो पूजिं लगानी हाम्रो आफ्नै इच्छामा मात्र निर्धारण नहुन सक्दछ । यसको अर्थ सम्भावना नै नभएको भन्ने होइन । नेपालमा यसका पर्याप्त सम्भावना भने छन् । त्यसैले सर्वप्रथम नेपालका सन्दर्भमा हाम्रो आर्थिक बृद्धि विन्दुहरु के हुन् भन्ने पहिचान गरि लगानी परिचालन गर्नु आवश्यक हुन्छ । हामीले हाम्रै बुतामा थोरै लगानी गरेर रोजगारी सृजना गर्न सक्ने क्षेत्रहरु के हुन् भन्ने कुराहरुमा विशेष ध्यान दिनु पर्दछ । हामीले संरचनागत विभेद हटाउँदा र समानताका उपयुक्त आधारहरु तय गर्दा त्यसले आर्थिक बृद्धिलाई मद्दत गर्दछ भन्ने मान्यतालाई हरदम हेक्का राख्नै पर्दछ । (हेर्नुहोस् रेखा चित्र २) । यसले तलबाट माथि, अधिकारको सुनिश्चितता, ब्यापक नीतिगत, संस्थागत र ब्यक्तिको तहमा पनि सुधारको परिकल्पना गर्दछ । देश परिवर्तन गर्न चाख भएका युवा प्रतिभाहरुलाई खोजेरै पनि यो रुपान्तरणको प्रक्रियामा लगाउनु पर्दछ । यी कुराले बाह्य र आन्तरिक लगानीको लागि एउटा गतिलो बातावरण तयार गर्नेछ र यसले देशको अर्थतन्त्रलाई फड्को मार्ने जवर्जस्त आधार तयार (Spring board) गरिदिनेछ ।

नेपालको अर्थतन्त्रलाई उडान भर्ने केही तत्वहरु छन् । त्यसमा विशेष ध्यान दिनु पर्नेछ । पर्यटनको क्षेत्रमा गरिने लगानीले ठूलो युवा रोजगारी सृजना हुन सक्दछ । सरकारले उचित पूर्वाधार र दक्ष युवा तयार गर्दा नेपालीहरु नै गर्न सक्ने ब्यावसाय हो यो । नेपालको पर्यटन क्षेत्रमा भार बहन गर्न सक्ने अझै ठूलो क्षमता छ र ब्यापक सम्भावना छ । उर्जा, पूर्वाधार विकास, कृषि र हिमालयन श्रोतमा आधारित औधोगिकरणमा ब्यापक लगानी परिचालन गरेर मात्र नेपालको अर्थतन्त्रलाई उडान भर्न सकिने छ । उच्च पूर्वाधार र पर्याप्त उर्जाको विकासले उर्जा सुरक्षा र निर्यात मात्र होइन लगानी र औधोगीकरणको गति समात्न सक्दछ । वन र कृषिको ब्यवसायीकरणले

हाम्रो कृषिमै रहेको निर्भरता तोड्ने मात्र होइन उपभोग्य र निर्यातमूलक उत्पादनका लागि लगानीका वातावरण सृजना हुन्छ । यसले हाम्रो अर्थतन्त्रको पृष्ठ र अग्रभागलाई जोड्नेछ ।




**चित्र नं. ३**

विशिष्ट भौगोलिक अवस्था भएकाले नेपालले चीन र भारतका विचमा पुलको काम गर्न सक्छ वा सक्दैन भन्ने प्रश्नले हामीलाई आवश्यक लगानी आमन्त्रण हुन्छ वा हुदैन भन्ने प्रश्नको निर्क्योल गर्दछ । नेपालले लगानी मैत्री वातावरण बनाउन राजनीतिक स्थिरता र शान्ति, असल सरकार र नीतिगत गतिसिलता र स्थायित्व हुन आवश्यक हुन्छ । लगानीका लागि उदारवादले भने झैं सस्तो श्रमको सुनिश्चिता र नाफाको आधिकतालाई हामीले मूल प्रस्तान विन्दु बनाउनु हुदैन । नाफाको सुनिश्चिता गरि त्यसका लागि श्रमको उचित मूल्य प्रदान हुने अवस्था भने सृजना गर्नै पर्दछ । त्यसका लागि एकापट्टि प्रविधिको प्रयोगबाट प्रतिष्पर्धी उत्पादन, विशिष्ट उत्पादन क्षेत्रमा दक्षता, श्रमशक्तिको दक्षता बृद्धिका साथै उत्पादकत्वमा बृद्धि र उच्च गुणस्तरीय बस्तुहरु (High end products) उत्पादनमा विशेष ध्यान दिईनु पर्दछ । अहिलेको गुजरामुखी कृषिबाट ब्यावसायिक कृषिमा रुपान्तरण हुनै पर्दछ र यो उद्योगसँग जोडिनु पर्दछ । हुनत कमसल र कच्चा पदार्थमा आधारित उद्योगमा अनुभव हासिल गरि गुणस्तरिय अर्थतन्त्रमा जाने तेश्रो विश्वको नियम जस्तै बनेको छ । तर नेपाल त्यो बाटोबाट अघि बढेर द्रुत विकास हाँसिल गर्न सक्दैन । हामीले ज्ञान, सीप र उच्च प्रविधियुक्त द्रुत गतिको गुणस्तरीय अर्थतन्त्रका लागि सिधै आधार निर्माण गर्नु पर्दछ । नेपालको श्रम शक्ति दक्षिण एशियामा मंहगो हुँदै गइरहेको छ । हाम्रा ५० लाख युवा तुलनात्मकरुपमा राम्रो कामको खोजिमा विदेश गईरहेका बेला सस्तो श्रम र कच्चा पदार्थमा आधारित उद्यमले मात्र नेपाली युवालाई उन्नत रोजगारी र जीविकाको प्रत्याभूति दिन सकिदैन । नेपालको करिव ३८ प्रतिशत युवा जनसंख्या अब्बल काम र मामका लागि संक्रमणमा रहेकाले सस्तो श्रमको अवधारणाले लगानी भित्राउने रणनीति उपयुक्त नहुन सक्दछ । करिव उच्व शिक्षा प्राप्त गर्ने २६.१ प्रतिशत स्नातक बेरोजगारहरुलाई राम्रो काम लगाउने र भइरहेको प्रतिभा पलायन रोक्न पनि गुणस्तरिय अर्थतन्त्रका लागि हाम्रो तयारी गर्नु पर्दछ । तर राज्यले अनावश्यक हडताल, औधोगिक असुरक्षा, चन्दा आतंक जस्ता कुराहरु हटाई लगानीको वातावरण सुनिश्चित भने गर्नै पर्दछ । यसका लागि युवालाई गुणस्तरीय सीप, तालिम र शिक्षा अनिवार्य हुन्छ ।

अव प्रश्न उठ्छ त्यसो भए लगानी कहाँ छ त ? करिव ५० लाख नेपाली युवाहरुलाई विदेश पठाएर उनीहरुको रेमिटेन्सबाट देशले अर्थतन्त्र धानिरहेको छ । हाम्रो ग्राहस्थ उत्पादनको तुलनामा २९ प्रतिशत रेमिटेन्स पुग्नु एउटा स्वस्थ्य अर्थतन्त्रका लागि राम्रो संकेत होइन । हाम्रो बैदेशीक मुद्राको मौज्दातको मूल श्रोत नै अहिले रेमिटेन्स बनेको छ तर हामी यसलाई लगानीमा परिवर्तन गर्न चुकिरहेका छौ । देशको अर्थतन्त्रलाई उडान भर्ने हो भने र युवाका लागि रोजगारी सृजना गर्ने हो भने युवा पसिनाको कमाईलाई नेपालको अर्थतन्त्रमा उडान भर्न सक्ने विन्दुहरुमा लगानी गर्नु पर्दछ । यसमा राज्यले ग्यारेन्टी लिनु पर्दछ । हाम्रो ब्यापार घाटा, बजेटको आकार र प्राप्त गर्ने रेमिटेन्स आकार बरावरीको नजिक रहेकाले रेमिटेन्स र प्रवासी नेपालीको आय हाम्रो लागि एउटा महत्वपूर्ण लगानीको आधार बन्न सक्दछ ।

आम युवा र आम जनताको लगानी मोडेलबाट हामीले आन्तरिक लगानी मोडेल तयार गरि समतामुखी विकासको आगामी खाका तयार गर्नु पर्दछ । एउटाका कामदार  देश उत्पादन परियोजनाको सेयर धनि बन्नु देशको लागि गौरवको विषय होइन र ? अहिले रेमिटेन्सको २ प्रतिशतमात्र पुनःउत्पादनको क्षेत्रमा लगानी हुने गर्दछ । युथ भिजन २०२५ ले ५ वर्षमा यसलाई १० प्रतिशत पुऱ्याउनु पर्ने सोच अघि सारेको छ । यो हाम्रो लागि सबैभन्दा भरपर्दो र दिगो लगानी बन्न सक्छ । यसले आम समृद्धि र समानता कायम गर्न ठूलो भूमिका खेल्न सक्दछ । हाम्रो आफ्नै अनुत्पादक भएर थन्किएका अरबौका कोषहरु आर्थिक बृद्धिका विन्दुहरुमा परिचालन हुनै पर्दछ । नागरिक कोषको पैसाले नेपाल आफै तामाकोशी परियोजना बनाउन सकिन्छ भन्ने नमुना त हामीले प्रस्तुत भईसकेको छ । अन्य कोषहरुको परिचालनबाट पनि यस्ता परियोजना निर्माण हुन सक्दछन् । हाईड्रो, पूर्वाधार, कृषि र साना उद्योगमा गरिने यस्तो लगानीले थप बाह्य लगानीको वातावरण निर्माण गर्नेछ । विश्वकै दुइटा ठूलो बजारको विचमा हामी रहेकाले उद्यमशीलता र लगानीको वातावरण तयार हुनासाथै अमेरिका, युरोप, जापान, आशियान लगायतका देशको गुणस्तरीय लगानी पनि नेपालमा तीब्र आकर्षित हुन सक्दछ । त्यसबेला नेपालमा लगानीका नयाँ दायराहरु पनि विकास हुन पुग्नेछन् । यसले आन्तरिक रोजगारी सृजना गरि हाम्रो युवा श्रम विदेश निर्यात गर्ने परिपाटीको सजिलै अन्त गर्न सकिने छ भने नेपाललाई आर्थिक दृष्टिकोणले छिट्टै एक उम्दो देश बनाउन सकिन्छ ।

यो अवधारणाले उठाउन खोजेको अन्तिम तर महत्वपूर्ण कुरा युवा जनसाङ्खिक लाभको विशिष्ट अवस्थालाई ध्यान दिनु हो । यसले नेपालमा युवामा  लगानी किन भोलि होइन अहिले गर्न आवश्यक छ भन्ने कुरालाई विशेष जोड दिन्छ । उत्पादन र आर्थिक बृद्धिलाई केन्द्रमा राखि सरकारले युवाका लागि राम्रो शिक्षा, रोजगार, उद्यमशीलता, सामाजिक सुरक्षा र स्वास्थ्य, नेतृत्व विकास, खेल, मनोरञ्जन आदिमा लगानी बढाउने हो । त्यसका लागि २०११ को तत्थ्याङ्कलाई आधार मान्दा १६ देखि ४० वर्ष उमेर समूहका युवाको जनसंख्या नेपालमा ४०.३८ प्रतिशत रहेको छ । सन् २०१५ साल नेपालमा युवा जनसंख्या सबैभन्दा ठूलो भएको वर्ष हो र युवा जनसंख्या अहिले ४३ प्रतिशत नाघिसकेको छ ।  यो नेपालका लागि जानसाङ्खिक लाभ लिने विशिष्ट अवस्था हो । राज्यले युवामा ब्यापक लगानी गरि देश निर्माणमा लगाउन सक्दा देश विकासका लागि यो सुनौलो अवसर बन्न पुग्दछ भने त्यसलाई उचित ब्यवस्थापन गर्न नसक्दा देश द्वन्द्व, गरिबी, पराधिनता र अविकासको परचक्रमा झनै फस्न पुग्दछ । **युथ भिजन २०२५** ले सामाजिक आर्थिक रुपान्तरणको लागि उडान भर्न ब्यापक लगानी गर्न जोड दिन्छ । रेखा चित्र ३ ले कसरी युवामा गरिने लगानीले देशलाई त्यो भन्दा ठूलो प्रतिफल दिन सक्दछ भन्ने तत्थ्यलाई उजागर गरेको छ । युवा शक्ति सबैभन्दा गतिशील र लामो अवधिसम्म उत्पादनमा रहिरहने शक्ति हो । यसलाई दक्ष, उद्यमशील, गुणस्तरीय शिक्षित र सबल बनाउँदा यसले देशलाई दिने योगदान स्वभावतः निकै बढि हुन्छ ।

यसरी युथ भिजनको शान्तिपूर्ण सामाजिक, आर्थिक रुपान्तरणका लागि उडान भर्ने अवधारणाले नेपालको विशिष्ट सन्दर्भमा निम्न ५ विशेषताहरुलाई आत्मसात गर्दछ :

- भूराजनीतिक चुनौतीलाई अवसरका रुपमा प्रयोग गर्ने र नेपालले पुलको रुपमा आफुलाई विकास गरि छिमेकी र बाह्य लगानी आमन्त्रण गर्ने ।
- युवाको सुनौलो जनसांङ्खिक लाभांस लिन युवा केन्द्रित लगानी गर्ने । युवा सीप, दक्षता र उद्यमशीलताको विकास गर्ने ।
- संरचनागत विभेद हटाउदै युवाका अधिकार, समानता र न्यायलाई आर्थिक रुपान्तरणको कार्यक्रमसँगै अघि बढाउने । लगानीको वातावरण बनाउन व्यापक संस्थागत सुधारहरु गर्ने र राजनीतिक अस्थिरता हटाउने ।
- विशेषत युवाको रेमिटेन्स, विविध सरकारी र गैरसरकारी कोषहरु र नागरिक आयलाई लगानीका रुपमा उत्पादन क्षेत्रमा परिचालन गर्ने । आन्तरिक लगानीलाई आम लगानीको अवधारणा अनुरुप अघि बढाउने ।
- बैंकिङ्ग क्षेत्रलाई युवामैत्रि बनाउदैं लगानीलाई तुलनात्मक र प्रतिष्पर्धी लाभका क्षेत्रमा परिचालन गर्ने । नेपालका आर्थिक बृद्धि विन्दुहरुलाई सञ्चालन गरि आर्थिक उडान भर्ने ।

# लैंगिक समानता, महिला सशक्तीकरण र नेपाल सन्दर्भ



लक्ष्मीकुमारी बस्नेत*

## पृष्ठभूमि:

नेपालको कूल जनसंख्याको आधा भन्दा बढी हिस्सा ओगटेको महिलाको हक र अधिकार सुनिश्चित गरि उनीहरुको सामाजिक, आर्थिक, राजनीतिक तथा साँस्कृतिक विकासका लागि कानूनी, नीतिगत एवं संस्थागत व्यवस्था मार्फत मूलप्रवाहमा ल्याउन अन्तर्राष्ट्रिय, क्षेत्रीय, राष्ट्रिय तथा स्थानीय स्तरमा विभिन्न नीति, रणनीति तथा कार्यक्रमहरु कार्यान्वयन गरिएका छन् । नेपालको संविधानको धारा ३८ मा महिलालाई लैंगिक भेदभाव विना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक, राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक, महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक लगायत मौलिक हकको प्रत्याभूति गरेको छ ।

राष्ट्रिय योजना आयोगको पन्ध्रौं आवधिक योजनामा उल्लेख भएको तथ्यांक हेर्ने हो भने नेपालमा महिलाको अवस्था आशा लाग्दो देखिन्छ । हाल महिलाको साक्षरता दर ५७.७ प्रतिशत, सम्पतिमा स्वामित्व पुगेको महिला २६ प्रतिशत, श्रमशक्ति सहभागिता दर २६.३ प्रतिशत रहेको छ । त्यस्तै गरि निजामती सेवामा महिलाको सहभागिता २३.६ प्रतिशत  र संघीय संसदमा ३३ प्रतिशत रहेको छ । यति हुँदा हुदै पनि महिलाप्रतिको विभेद कायमै रहनु, महिला तथा बालिकामाथिको घरेलु  तथा यौनजन्य हिंसा विद्यमान रहनु, वहिस्करण एवं हिंसामा परेका महिलाको उचित रुपमा पुनर्स्थापना गर्न नसकिनु यस क्षेत्रका समस्या हुन । यसलाई उचित रुपमा सम्बोधन गरि महिला सशक्तीकरण मार्फत लैंगिक समानता कायम गर्न आवश्यक छ ।

## अर्थ र परिभाषा:

लैंगिक समानता भन्नाले महिला र पुरुष वीच समान अधिकार,  स्रोत साधनमा समान पहुँच तथा वितरण, महिलालाई पनि पुरुष सरह आत्मनिर्णय एवं छनौटको समान अवसर रहेको अवस्थालाई जनाउँछ । यसले विकास क्रियाकलापमा महिला र पुरुषको समान सहभागिता तथा लाभको समान वितरण समेतलाई बुझाउँछ । महिलालाई उनीहरु भित्र रहेको बहुआयामिक क्षमताको पहिचान गरी बाहिर प्रष्फुटन गराई पुरुष सरह निर्णय लिन सक्ने क्षमता र आत्मविश्वास प्रबर्द्धन गर्न अपनाइने नीति तथा प्रक्रिया सशक्तीकरण हो । लैंगिक समानता हासिल गर्ने रणनीति लैंगिक मुलप्रवाहीकरण हो । राज्यका सबै क्षेत्र र तहका कानुन, नीति, योजना, कार्यक्रम, आयोजना, कार्यविधि, संगठन संरचना लगायतको तर्जुमाको सबै चरणमा लैंगिक सवाललाई केन्द्रविन्दुमा राखेर काम कारवाही गर्नु लैंगिक मुलप्रवाहीकरण हो ।

** लेखक मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय कर्णाली प्रदेश सुर्खेतमा सचिव पदमा कार्यरत हुनुहुन्छ ।*

## अन्तराष्ट्रिय संयन्त्र

महिला अधिकार सम्बन्धी अभियानको सुरुवात सन् १९१० मार्च ८ बाट भएको हो । फ्रान्सको राज्यक्रान्तिको समयमा ग्रिसकी महिला लाईसिष्ट्राले युद्ध अन्त्यको लागि सुरु गरेको पहिलो महिला हड्तालसँगै महिला आन्दोलनको अभियान वर्तमान अवस्थासम्म आईपुग्दा महिलाका हक, हित तथा अधिकारको सम्बन्धमा विभिन्न अर्न्तराष्ट्रिय सम्मेलन, महासन्धि, सन्धि सम्झौताहरु भई महिला अधिकारलाई कानुनी मान्यता प्राप्त भएको छ । सन् १९१० मार्च ८ का दिन चीन, डोमिनिकन गणतन्त्र, ब्राजिल, संयुक्त राज्य अमेरिकाका केहि महिलाहरु एकीकृत भई महिला र पुरुष वीच विद्यमान आर्थिक, सामाजिक, राजनीतिक तथा साँस्कृतिक असमानता हटाई महिला अधिकार कायम गर्न संयुक्त रुपमा आवाज उठाएका थिए ।

वर्तमान अवस्थामा महिलाहरुको अधिकार स्थापित गरि उनीहरुको सामाजिक, आर्थिक, नागरिक एवं राजनीतिक विकासका लागि कानुनी, नीतिगत, संस्थागत र कार्यक्रमको माध्यमबाट राज्यको मुलधारमा ल्याउन सबैको ध्यान केन्द्रित भएको पाईन्छ । विश्वका धेरै जसो राष्ट्रले महिला अधिकारको विषयलाई सर्वोपरी ठानी आफ्नो कार्यक्रम सञ्चालन गर्दै आएका छन् । तर पनि महिलाहरुलाई पुरुष सरहको अवस्थामा ल्याउन विभिन्न चुनौतीहरुको सामना गर्नु परेको छ ।

महिला अधिकारका लागि विश्वव्यापी रुपमा विभिन्न समय र स्थानमा विभिन्न सम्मेलनहरु भएका छन् । मानव अधिकारका विविध पक्षका साथै महिला अधिकारको विषयमा केन्द्रित महासन्धि तथा सम्मेलनहरुमा संयुक्त राष्ट्र संघको सदस्यको हैसियतले नेपालले सहभागिता, सम्मिलन र प्रतिवद्धता व्यक्त गरेको छ । महिला अधिकारका सम्बन्धमा भएका विभिन्न महासन्धिहरु मध्ये **महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि, १९७९** लाई महत्वपूर्ण दस्तावेजको रुपमा लिईन्छ । उक्त महासन्धीमा नेपालले सन् १९९१, अप्रिलमा हस्ताक्षर समेत गरेको छ । यसरी हस्ताक्षर गर्ने सदस्य राष्ट्रले महिला र पुरुषलाई समान रुपमा आर्थिक, सामाजिक, राजनीतिक र साँस्कृतिक अधिकार उपलब्ध गराउनु पर्ने हुन्छ । सन् १९९५ मा बेइजिङ्गमा भएको चौंथो विश्व महिला सम्मेलनले महिलाका अधिकारलाई मानव अधिकारको अभिन्न अंगको रुपमा पहिचान गरी निर्णायक तहमा सहभागिताका बाधक हटाउने, महिलामाथि गरिबीको भार कम गर्ने, महिला विरुद्धका सबै प्रकारका विभेदको अन्त्य गर्ने, स्रोत साधनमा सहज पहुँच, शिक्षा, स्वास्थ्यमा समान अवसर आदि जस्ता १२ वटा क्षेत्रहरु निर्धारण गरेको छ ।

## नेपाल सन्दर्भ :

नेपालको अन्तरिम संविधान, २०६३ मा महिला अधिकारलाई मौलिक हकको रुपमा व्यवस्था गरेको थियो । संविधान सभाबाट पारित नेपालको संविधान २०७२ ले समावेशी सहभागितामूलक समाज निर्माण गर्ने, लैंगिक विभेदको अन्त्य सहित महिला अधिकार सुनिश्चित गरेको छ । महिला विरुद्ध हुने भेदभाव अन्त्यका लागि विद्यमान कानुनमा रहेका विभेदकारी प्रावधानहरु हटाई महिला अधिकार स्थापित गरिएको छ । संघमा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, महिला तथा बालबालिका विभाग र प्रदेशमा सामाजिक विकास मन्त्रालय, सामाजिक विकास कार्यालय र स्थानीय तहमा महिला तथा बालबालिका हेर्ने शाखा रहेका छन् । नेपालको संविधान २०७२ ले राष्ट्रिय महिला आयोगलाई संवैधानिक हैसियत प्रदान गरेको छ र आयोगका सबै पदाधिकारीहरु महिला रहने व्यवस्था गरेको छ । नेपालमा छैंठौं पञ्चवर्षिय योजना देखि महिला विकासका लागि नीति तथा कार्यक्रमको सुरु भएको र त्यस पछिका आवधिक योजनाहरु, सरकारका नीति तथा कार्यक्रमहरु तथा बजेटमा समेत महिलाका विषयले प्राथमिकता पाउदै आएको छ । यसै गरी नेपालको केन्द्रीय बजेट प्रणाली मार्फत लैंगिक उत्तरदायी बजेट विनियोजन भई यसलाई स्थानीयकरण गर्ने प्रयास गरिएको छ ।

कर्णाली प्रदेशको कुल जनसंख्याको आधाभन्दा बढी महिलाको जनसंख्या रहेको छ । मानव विकास सुचकमा यस प्रदेशको अवस्था धेरै नै नाजुक देखिन्छ । त्यसमा पनि विकट भौगोलिक अवस्था, आर्थिक रुपमा विपन्न, सामाजिक कुरीति, कुसंस्कार, विसंगती र परम्परा एवं शिक्षा र स्वास्थ्यको कमजोर अवस्थाको कारण महिलाको अवस्था अन्य प्रदेशको तुलनामा निकै पछाडि छ । यद्यपि प्रदेश सरकारले महिला तथा बालिका लक्षित विभिन्न कार्यक्रम मार्फत महिलाको अवस्थामा सुधार ल्याउने प्रयास गरिरहेको छ । आर्थिक वर्ष २०७७।७८ को प्रदेश सरकारको नीति तथा कार्यक्रममा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको कार्यान्वयन गरि मुलप्रवाहमा ल्याउन छोरीको खानपिन, उपचार, लालनपालन, शिक्षा आदिमा हुने भेदभाव अन्त्य गर्न, कम उमेरमा हुने विवाह रोक्न, आत्मनिर्भर बनाउन बैंक खाता छोरीको सुरक्षा जीवन भरीको कार्यक्रम कार्यान्वयन गर्ने नीति लिएको छ । साथै छोरा र छोरी वीचको विभेदको अन्त्य गर्दै प्रदेशलाई लैंगिक दृष्टिले सुरक्षित र समतामूलक प्रदेशमा रुपान्तरण गर्ने नीति लिएको छ ।

**निष्कर्ष :**

राज्यको समग्र विकासमा महिला र पुरुषको समान योगदान आवश्यक हुन्छ । देश विकासको महत्वपूर्ण अंगका रुपमा रहेका यी दुई मध्ये कुनै एक कमजोर भयो भने राज्यको सबै क्षेत्र प्रभावित हुन्छ । संविधानले नै महिलालाई कुनै किसिमको भेदभाव गर्न नहुने यदि भेदभाव गरेको पाइएमा कानुनत दण्डनीय हुने व्यवस्था गरेको छ । राज्यको सबै तहमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा अर्थपूर्ण सहभागिता सुनिश्चित गरेको छ । यसको परिणाम स्वरुप राज्यको प्रशासनिक संयन्त्रमा महिलाको सहभागिता उल्लेखनीय रुपमा बृद्धि भएको छ । वि.सं. २०७४ मा सम्पन्न तीनै तहको निर्वाचनको परिणामलाई विश्लेषण गरि हेर्दा हाल प्रतिनिधि सभा, राष्ट्रिय सभा, प्रदेश सभा तथा स्थानीय तहमा महिलाको प्रतिनिधित्व विश्वमै उदाहरणीय छ ।

यद्यपि नेपालमा नीति निर्माण तहमा महिलाको अर्थपूर्ण सहभागिता कम देखिन्छ । विकास निर्माणका प्रक्रियामा महिलाको सार्थक सहभागिता सुनिश्चित भइसकेको देखिदैन । आर्थिक तथा सामाजिक रुपमा महिला अझै कमजोर रहेको पाईन्छ । महिलाका सवाल सर्वव्यापी भएकोले कुनै एक क्षेत्र तथा पक्षको प्रयास मात्र पर्याप्त हुदैन तसर्थ यसको लागि सरकारी, गैर सरकारी, समुदाय एवं व्यक्ति स्वयं पनि क्रियासिल हुनु आवश्यक छ ।

**सन्दर्भ सामाग्री**

१. नेपालको संविधान
२. पन्ध्रौं योजनाको दस्तावेज, राष्ट्रिय योजना आयोग, सिंहदरवार, काठमाण्डौं
३. राष्ट्रिय किताबखानाको वार्षिक प्रतिवेदन (आ.व.२०७४।७५)
४. लोक सेवा आयोगको वार्षिक प्रतिवेदन

# सामाजिक क्षेत्र शिक्षा, स्वास्थ्यको विकासः यथार्थ र आवश्यकता



आनन्द सारू*

राज्यको दायित्व भित्र नपर्ने कुनै बिषय क्षेत्र छैन । तर, सामाजिक बिषय राज्यको बिशेष दायित्वको क्षेत्र हो । सामाजिक बिकासको क्षेत्रमा नेपालको सन्दर्भमा शिक्षा, स्वास्थ्य तथा सामाजिक सुरक्षालाई बिशेष रुपमा समेटिएको पाइन्छ । सामाजिक क्षेत्रको बिकास बिना भौतिक बिकास अधुरो हुन्छ । भौतिक बिकासको प्रभावकारीता तथा दिगोपना सामाजिक बिकासमा आधारित छ । तर, हाम्रो जस्तो अबिकसित मुलुकहरुमा भौतिक विकासलाई नै अधिक महत्व दिएको पाइन्छ । हाम्रो जस्तो अल्प विकसित मुलुकहरुमा सीमित श्रोत साधनबाट अपेक्षित भौतिक तथा सामाजिक विकास वीचमा सन्तुलन ल्याउनु चुनौतीपूर्ण छ । सामाजिक बिकासको लागि उपलब्ध सीमित श्रोत साधनलाई अतिउत्तम परिचालन गर्न सक्नु नै हाम्रो बाध्यता र बिकल्प हो । सामाजिक क्षेत्रलाई राज्यले पूर्ण रुपमा जिम्मेवारी लिइ संचालन गर्न सके अति उत्तम हुन सक्थ्यो तर यस्तो हुन सकिरहेको छैन । किन कि हामीसँग त्यो स्तरको आर्थिक क्षमता छैन । त्यसैले, बिशेषत शिक्षा, स्वास्थ्य क्षेत्रमा निजी क्षेत्र संलग्न छन् । अझ भनौ, शिक्षा, स्वास्थ्य नाफामुखी ब्यवसायिक क्षेत्रको रुपमा समेत परिचित छन् । यद्यपि, सेवामुखी रुपमा संचालित संघ, संस्था समेत नभएका भने होइनन् तर ती ओझेलमा परेका छन् । शिक्षा, स्वास्थ्यलाई पूर्ण रुपमा निःशुल्क गराउने घोषणापत्र तथा नीति नभएका होइनन् तर, यो सम्भव भएको छैन । यसो हुनुमा मूल कारण राज्यसँग त्यो स्तरको आर्थिक सामर्थ्य नहुनु, जनताको छनौट अधिकारको चाहाना रहनु एवं बिश्वब्यापी सफल प्रयोगका कारण राज्यले निजीकरण नीति अवलम्वन गर्नु हो । शिक्षा, स्वास्थ्यमा निजी क्षेत्रले प्रदान गरेको सेवाको गुणस्तर एवं प्रचलनको कारण जनताहरुमा निजी क्षेत्रबाट संचालित सेवा लिनु पर्ने बाध्यता र फेसन (देखासिकी) दुबै बनेको छ । शिक्षा, स्वास्थ्य क्षेत्रमा राज्य आफैले प्रदान वा संचालन गरेको सेवा कहिल्यै आलोचना मुक्त हुन सकेन । यद्यपि, केही उत्कृष्ट उदाहरण समेत नभएका होइनन् । तर, यस क्षेत्रमा सरकारी संस्था तथा सेवाको समग्र अवस्था चिन्ताजनक छ । बिशेषतः शहरी परिवेशमा निजी क्षेत्रले आफू माथी ब्यापार गरिरहेको छ भन्ने थाहा हुदा हुदै पनि सेवाको गुणस्तर बाध्यता तथा फेशनले गर्दा जनता निजी क्षेत्र तर्फ नै जान बाध्य छन् । ग्रामीण क्षेत्र जहां निजी क्षेत्रको आकर्षण कम छ भने सरकारको पहुँच कमजोर छ । शिक्षा तथा स्वास्थ्य क्षेत्रमा रहेको उपर्युक्त समस्याहरुलाई कसरी ठोस रुपमा समाधान गर्न सकिन्छ यो नै बर्तमानको चुनौती हो ।

घोषणा-पत्र र नीति कार्यक्रमहरुमा शिक्षा, स्वास्थ्य क्षेत्रलाई राज्यले पूर्ण रुपमा जिम्मा लिदै निःशुल्क गराउने भनेर भनीय पनि हाम्रो आर्थिक अवस्था तथा सरकारी संयन्त्रको सेवा प्रवाह प्रबृत्तिलाई बिश्लेषण गर्ने हो भने निजीकरण लगायतका साझेदारी नीतिलाई थप नविन तथा सिर्जनशील बनाउदै राज्य सबल नभए सम्म निजी क्षेत्रलाइ संग संगै हिडाउनुको बिकल्प छैन भन्न अप्ठ्यारो मान्नु हुदैन । बिश्वब्यापी अभ्यास एवं अनुभव तथा हाम्रो आर्थिक

* *लेखक मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश सुर्खेतमा सचिव पदमा कार्यरत हुनुहुन्छ ।*

अवस्थालाई बिश्लेषण गर्दा शिक्षा, स्वास्थ्य क्षेत्रमा कार्यान्वयनमा रहेको निजीकरण नीतिबाट राज्य पूर्णत पछि हटेर आफैले सम्पूर्ण जिम्मा लिन सक्ने देखिन्न । बिश्वब्यापी अनुभवबाट प्रतिस्पर्धाका कारण निजी क्षेत्रबाट उत्कष्ठ गुणस्तर तथा प्रभावकारी सेवा हासिल हुने रहेछ भन्ने सिकाइ हासिल भएको छ । तर, नेपाल जस्तो सुशासन कमजोर भएको मुलुकमा निजी क्षेत्र ब्यवसायिक बिशिष्ट मूल्य मान्यता भन्दा संघबाद मार्फत सिण्डिकेट तथा कार्टेलिङ्गमा एकबद्ध हुदै जनता वा सेवाग्राहीबाट बढी नाफा लिइ शोषण गरिरहेको समाचार सर्बत्र पढ्न, सुन्न पाइन्छ । तसर्थ, नविन प्रणालीहरुको बिकास गर्दै निजी क्षेत्रलाई थप प्रतिस्प्रर्धी एवं सेवा मुखी बनाउने नीतिलाई राज्यले अंगिकार गर्न सक्नु पर्दछ ।

शिक्षा, स्वास्थ्य क्षेत्रमा रहेका सरकारी संयन्त्रहरुको समसामयिक रुपमा क्षमता विकास गर्दै जानु राज्यको पहिलो एवं प्राथमिक कार्य, जिम्मेवारी भित्र पर्नु पर्दछ । यस क्षेत्रको सरकारी संयन्त्रहरुमा रहेका नीतिगत, कानूनी, ब्यवस्थापकीय एवं कार्यक्रमगत समस्याहरुको सहभागितामूलक ढंगबाट शुक्ष्म अध्ययन, बिश्लेषण गरि समाधानका लागि आवश्यक कदम प्रभावकारी रुपमा चाल्न अब ढिला गर्नु हुदैन । सरकारी भौतिक पूर्बाधारहरुको सुधार, ब्यवस्थापन कार्यप्रणालीमा नबिनता तथा सिर्जनशिलता अवलम्वन गर्ने, नविन प्रविधिहरुको ब्यापक प्रयोग एवं जनशक्ति क्षमता बिकास गर्ने क्षेत्र सुधारको पहिलो सूचीमा पर्नु पर्दछ । शिक्षा तथा स्वास्थ्य क्षेत्रको सरकारी सेवा प्रति जनमानसमा रहेको नकारात्मक भावनामा कमी ल्याउन सुधारको गति तथा प्रगति तीब्र बनाउनुको बिकल्प छैन । सरकारी सेवाको परिमाण एवं प्रतिफलमा आउने सकारात्मक परिवर्तनले मात्र जनस्तरमा रहेको भावनाको कदर हुन सक्ने देखिन्छ । राज्यको लगानी एवं प्राथमिकताको दृष्टिकोणले उपर्युक्त सरकारी संस्था एवं सयन्त्रहरु नै पहिलो प्राथमिकतामा पर्नु पर्दछ । यसको अलावा, निजी क्षेत्रसँगको राज्यको सहकार्य एवं निजी क्षेत्रमा स्वस्थ प्रतिस्प्रर्धाको बातावरण बनाइ निजी क्षेत्र तर्फको सेवालाई नागरिकको सहज पंहुच तथा नागरिक मैत्री बनाउन एवं निजी क्षेत्रले आर्जन गर्ने नाफाको समन्यायीक बितरण हुने अबस्थाको सुनिश्चित गर्न आवश्यक नविन नीति अपनाउन जरुरी छ ।

राज्यसँग सीमित श्रोत साधन हुने तथा गुणस्तर एवं सेवा प्राप्तिमा जनताको छनौट अधिकारको माग सम्बोधन गर्ने मुलभूत कारणले नै सार्वजनिक निजी साझेदारी नीतिले ब्यापकता पाइ शिक्षा तथा स्वास्थ्य क्षेत्रमा निजी क्षेत्र भित्रिएको अवस्था छ । स्वास्थ्य तथा शिक्षा क्षेत्रमा निजी क्षेत्रको सहभागिताबाट परेको प्रभावलाई नेपाल जस्ता अल्प बिकसित एवं बिकसित देशहरु लगायत बिश्व ब्यापी स्तरमा बिश्लेषण गर्ने हो भने मिश्रीत प्रकारको अनुभव पाइन्छ । सारमा, सुशासन अवस्था राम्रो रहेको देशमा निजी क्षेत्रको भूमिका समेत अब्बल प्रकारको पाइन्छ भने सुशासन अवस्था कमजोर रहेका हाम्रो जस्तो मुलुकहरुमा बढी नाफामुखी भइ जनताहरु शोषणमा परेको अवस्था समेत पाइन्छ । नेपालको सन्दर्भमा निजी क्षेत्रबाट प्रवाह भएको सेवा तुलनात्मक रुपमा प्रभावकारी तर बढी नाफा केन्द्रित देखिन्छ । उसो भए निजी क्षेत्रलाई कसरी आम जनताको पंहुच भित्र ल्याउन सकिन्छ र प्रतिफल बितरणलाई कसरी समन्यायीक बनाउन सकिन्छ यो महत्वपूर्ण बिषय हो । स्वास्थ्य तथा शिक्षा क्षेत्रमा रहेका सरकारी संयन्त्रहरुलाई प्रभावकारी बनाउन राज्यबाट यथेष्ट लगानी गर्नु पर्ने बिषयमा दुइ मत हुन सक्दैन । तर, निजी क्षेत्रलाइ कसरी ब्यवस्थित गराउन सकिन्छ यो अहम बिषय हो । यसका लागि निजी क्षेत्रबाट हाल संचालनमा रहेका स्वाथ्य तथा शिक्षा क्षेत्रका संस्थाहरुलाई सर्ब स्वीकृत मापदण्ड अनुसार प्रभावकारी नियमन, अनुगमन तथा क्षमता बिकासमा सहयोग गरी अपेक्षित स्तरमा जनमैत्री बनाउन सुधार गर्नु पर्दछ । निजी क्षेत्रबाट हाल संचालनमा रहेका संस्थाहरुलाई यथावत रुपमा काम गर्ने अवसर दिइ जोखिम बहन तथा प्रतिफल बितरणमा समन्यायीकता कायम हुने प्रकारको प्रणाली अबलम्बन गर्ने समुदायमा आधारित निजी क्षेत्रको स्थापना र साझेदारी नबिन नीति अवलम्बन गर्न सकियमा स्वास्थ्य तथा शिक्षा क्षेत्रमा निजी क्षेत्रसँगको सहकार्य आमजनता मैत्री तथा प्रतिफलकारी हुन सक्दछ । बिशेषतः शिक्षा तथा स्वास्थ्य क्षेत्रमा राज्यले अबलम्वन गर्नु पर्ने नीति, योजना, कार्यक्रम तथा

क्रियाकलापहरुमा नबिनता नल्याइ पुरानै नीतिबाट नबिन प्रतिफल प्राप्त हुन सक्दैन । हामीले हाम्रो संबिधानमा नै समाजबादको परिकल्पना गरेका छौ भने सो अनुरुप हाम्रा नीति, योजना कार्यक्रम अवलम्बन हुन जरुरी छ । स्वास्थ्य तथा शिक्षा क्षेत्रका सरकारी संस्थागत प्रबन्ध, हाल संचालनमा रहेका निजी क्षेत्रहरु लगायत समुदायमा आधारित नबिन प्रकारको निजी क्षेत्रको मोडेल, कार्यप्रणाली तथा यसमा राज्यको भूमिका देहाय अनुसार हुन्छ ।

## (क) सरकारी क्षेत्र

के गर्ने	कसरी गर्ने	नतिजा के हुन्छ । पुष्ट्याइ

**सरकारी संस्थाहरुको सबलीकरण**

- नीतिगत मार्गदर्शन एवं बजेट आकर्षणका माध्यमबाट स्थानीय तहहरु मार्फत ग्रामीण तह सम्म सरकारी संस्था तथा सेवाहरुको स्थापना, बिस्तार तथा विकास गर्ने ।
- यस क्षेत्रमा कार्यरत जनशक्तिको समसामयिक क्षमता बिकास गर्ने । सबलता सक्षमतामा बृद्धि हुन्छ । सक्षम सन्तुष्ट जनशक्ति परिचालन सम्भब । सेवा गुणस्तरिय प्रभावकारी हुन्छ ।

## (ख) हाल संचालनमा रहेका निजी क्षेत्रः

के गर्ने	कसरी गर्ने	नतिजा के हुन्छ । पुष्ट्याइ

प्रभावकारी नियमन, अनुगमन गर्दै क्षमता बिकासमा सहयोग गर्ने । निजी क्षेत्रबाट हाल संचालनमा रहेका स्वाथ्य तथा शिक्षा क्षेत्रका संस्थाहरुलाई सर्ब स्वीकृत मापदण्ड अबलम्बन गरी हालकै संस्थागत प्रबन्धबाट गर्ने । सुधारको स्तरमा जनमैत्री सेवा प्रवाह हुन्छ ।

## (ग) समुदायमा आधारित नबिन प्रकारको निजी क्षेत्रको मोडेल, कार्यप्रणाली तथा यसमा राज्यको भूमिकाः *(समुदायमा आधारित सार्वजनिक निजी साझेदारी मोडेल)*

### (अ) मोडेलः समुदायमा आधारित सार्वजनिक निजी साझेदारी मोडेलः

(१) सरकारको अभिमुखीकरण, उत्प्रेरणा तथा सहकार्यमा अधिक शेयर सदस्य संख्याको सहकारी संस्था शेयर सदस्य दोहोरो नपर्ने गरी एक वा धेरै संख्यामा गठन गर्ने । यस प्रकारको सहकारी संस्थाको आधारभूत मुख्य बिशेषताहरु निम्नानुसार हुनु पर्नेछ ।

(क) संस्थामा कुल शेयर सदस्य संख्या न्युनतम ५० हजार वा १ लाख हुनु पर्ने । (कारणः समुदायका बहुसंख्यक मानिसहरु शेयर सदस्य भएमा अपनत्व, स्वामित्व हुने तथा प्रतिफल ठुलो संख्यामा बितरण भइ समन्यायीकता कायम हुने)

(ख) संस्थाले शेयर उठाइ ब्यवसायिक रुपमा कार्य गर्नु पर्ने बचत संकलन तथा ऋण लगानीको कार्य गर्न नपाउने । (कारणः ब्यवसायिकता होस एवं जनताको बचत अपचलन हुन नपावस तथा जोखिममा नपरोस)

(ग) संस्थाको कुल पूंजीमा एक जना प्राकृतिक शेयर सदस्यको हिस्सा २ वा ३ प्रतिशत भन्दा बढी हुन नपाउने तर सरकार शेयर सदस्य हुने अवस्थामा कुल पूंजीको ३० प्रतिशत सम्म सरकारले शेयर लगानी गर्न सक्ने।(कारणः लगानी जोखिम समान रुपमा बितरण हुने, प्रति

सदस्य न्युन स्तरको जोखिम हुने, कुनै एक जना व्यक्ति वा समुहको धेरै बढी रकम लगानी भएका कारण हुन सक्ने अनावश्यक हस्तक्षेप नहुने, संस्थागत बिकास गर्न सहज हुने, प्रतिफल ठुलो संख्यामा बितरण भइ समन्यायीकता कायम हुने, सरकार शेयर सदस्य हुने तर हस्तक्षेप गर्न नसक्ने अवस्था हुने)

(घ) संस्थाको संचालक समितिमा रहन स्नातक तह भन्दा माथिको योग्यता तोकिएको हुनुपर्ने । (कारणः संस्थाको व्यवस्थापन प्रभावकारी हुने, योग्यताको कदर भइ प्रभावकारी संस्थागत बिकास हुने, राज्यको दायित्वको सार्बजनिक क्षेत्र भएकाले योग्यता आवश्यक हुने)

(ङ) स्वतन्त्र, निश्पक्ष र आवधिक निर्वाचनको सुनिश्चितता भएको बिनियम हुनु पर्ने । (कारणः बिधिको समुचित व्यवस्थापन तथा प्रभावकारी नेतृत्व बिकास हुने, ब्यक्ति नभइ संस्थागत प्रणालीको विकास हुने)

(च) संस्थाको लेखा, प्रशासन, सम्पत्ति बिवरण, व्यवसायिक कारोबार एवं प्रत्येक शेयर सदस्यको अद्यावधिक बिवरण संस्थाको वेव बेस सफ्टवेयरमा रहने गरी अनिवार्य सूचना प्रबिधीमैत्री गराउनु पर्ने, पासवर्डको आधारमा शेयर सदस्यहरुको सफ्टवेयरमा पंहुच रहनु पर्ने (कारणः शेयर सदस्यहरुको स्मार्ट नियन्त्रण एवं पारदर्शिता कायम हुने)

(छ) प्रचलित कानूनको अधिनमा रहि ब्यावसायिक क्षेत्रको संचालन गर्न संस्था स्वतन्त्र तथा स्वायत्त हुने सरकारले नियमन गर्ने तर हस्तक्षेप नगर्ने । (कारणः ब्यवसायिक रुपमा सफलता प्राप्त हुने)

(ज) सामाजिक परिक्षण प्रणाली रहेको हुनु पर्ने साथै संस्थाको नाफा भन्दा सेवा मुखी उद्देश्य रहेको हुनु पर्ने । (कारणः बिधिको समुचित व्यवस्थापन तथा प्रभावकारी नेतृत्व बिकास हुने, ब्यक्ति नभइ संस्थागत प्रणालीको बिकास हुने)

(झ) संस्था कुनै पनि प्रकारको सिण्डिकेट वा कार्टेलिङ्ग गर्ने संघ वा अभियानमा आवद्ध हुन नपाउने । (कारणः सेवा सरल, सहज तथा सुपथ हुने, सेवामा आम नागरिकको पहुँच रहने)

(२) संस्था र सरकार विच संस्थाको कार्य प्रर्णाली तथा राज्यको भूमिका सम्बन्धमा आधारभूत रुपमा मुख्य निम्न बिशेषताहरु हुनु पर्नेछ ।

(क) उपर्युक्त प्रकारको संस्थामा सरकार (संघ, प्रदेश र स्थानीय) ले शेयर लगानी गर्ने तथा संस्थागत क्षमता बिकासको लागि मात्र अनुदान दिने नीति लिने । (कारणः सरकारको सहभागिताले समुदायलाइ सहयोग पुग्ने, समुदायमा आधारित भइ यस्ता संस्थाले सरकारको सार्बजनिक दायित्व बहन गर्ने भएकाले शेयर तथा अनुदानका बास्तबिक हकदार यस्तै संस्था हुने, प्रतिफलको बितरण सरकार सम्म प्राप्त हुने, यसरी प्राप्त हुने प्रतिफलको रकमको सरकारले छुट्टै कोष बनाइ यस्तै प्रकारका संस्थाको क्षमता बिकासमा पूनः प्रयोग गर्न सक्ने)

(ख) संस्थाको ब्यवसायिक तथा ब्यवस्थापन पक्षमा सरकारी पक्षले कुनै हस्तक्षेप गर्न नपाउने संस्था स्वतन्त्र, स्वायत्त हुनु पर्ने । तर, प्रचलिलत कानुन बमोजिम सरकारी निकायले बिशेषत संस्थाको लेखा परिक्षण तथा पब्लिक अडिट एवं सुशासन कायम गर्ने बिषयहरुमा अनिवार्य नियमन गर्नु पर्ने । (कारणः समुदायमा आधारित भएकाले सरकरले सहजीकरण तथा सहयोग गर्नु पर्दछ तर हस्तक्षेप गर्नु हुदैन)

सामाजिक बिकासको अर्को महत्वपूर्ण क्षेत्र सामाजिक सुरक्षा हो । सामाजिक सुरक्षा आवश्यक हो तर राज्यको लागि बोझिलो बनेमा यसले श्रोत अभावका कारण अन्य क्षेत्रको बिकास प्रभावित हुन्छ । नेपालमा सामाजिक सुरक्षामा

जाने बजेट थेग्न नसकिने स्तरमा पुग्दैछ । तसर्थ, बायोमेट्रिक पहिचानका आधारमा आधुनिक सूचना प्रबिधिको प्रयोग गरी उचित मापदण्ड बनाइ सामाजिक सुरक्षा आवश्यक भएकाले सुरक्षा पाउने तर सक्नेले योगदानका आधारमा मात्र सामाजिक सुरक्षा पाउने प्रणालीको बिकास गर्नु अत्यन्त जरुरी छ । ब्लान्केंट एप्रोच (सबैलाइ सहभागी गराउने मापदण्ड लागु नगर्ने) मोडेलको बिकासले हामीले खोजेको गन्तब्य हासिल हुदैन तसर्थ सामाजिक सुरक्षाको क्षेत्रमा उचित मापदण्ड बनाइ श्रोतको समुचित परिचालन गरिनु पर्दछ ।

## निस्कर्षः

सार्बजनिक दायित्वको शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रहरुलाइ सरकार आफैले जिम्मा लिइ ब्यवस्थापन गर्न सक्ने हो भने त्यो अति उत्तम हुन सक्दथ्यो तर राज्यको सामर्थ्य लगायत बिभिन्न कारणले गर्दा निजी क्षेत्रसँग सहकार्य गर्नु सरकारको लागि बाध्यता हुन्छ । यो बिश्वब्यापी प्रचलन समेत हो । तर, निजी क्षेत्रले सार्बजनिक दायित्वको क्षेत्रमा काम गर्दा संघबादको आधारमा सिण्डिकेट तथा कार्टेलिङ्ग गरी अपेक्षा गरीय जस्तो जनताको पहुँचभित्र सेवा दिन नसकेको र बढी नाफामुखी भएको ब्यापक जनगुनासो रहेको अवस्थामा हाम्रा नीति, योजना तथा बिकास मोडेलहरुमा परिवर्तन अपरिहार्य छ । तसर्थ, सरकारी संयन्त्रहरुको सबलीकरण गर्दै वर्तमानको निजी क्षेत्रलाइ ब्यवस्थित गरी समुदायमा आधारित निजी क्षेत्रको अबधारणालाइ अवलम्बन गर्न सकिएमा मात्र सार्वजनिजक क्षेत्रमा सबैको सहज पंहुच स्थापित हुन्छ साथै प्रतिफलको समन्यायीक बितरण भइ संबिधानमा परिकल्पना गरिएको समाजबाद प्राप्ती तर्फ हामी परिलक्षित हुनेछौ अन्यथा हाम्रो गन्तब्य फरक हुनेछ ।

# अनौपचारिक शिक्षामा जीवनपर्यन्त शिक्षा



विष्णुप्रसाद अधिकारी*

## १. परिचय

कर्णाली प्रदेश पुरानो बाईसेचौबीसे खस राजाले राज्य गरेको पवित्र अवस्थल हो । ऋषीमूनीहरुको तपोभूमी, ज्ञानभूमि र कैलाश पर्वत हिमवत खण्ड देखि पाण्डवका निर्मित गडी, देवल र प्रशस्त शिलालेखले सजिएको इतिहास जीवीत रहेको छ । भौगोलिक हिसाबले नेपालकै सबैभन्दा ठुलो र जनसंख्याको हिसाबले सबभन्दा सानो प्रदेश रहेको छ । याहाँको क्षेत्रफल २४४५३ वर्गकिलोमिटर (९४४१ वर्गमाइल) रहेको छ । यो एघारौं शताब्दी तिरको खसराज्यको क्षेत्र हो जसले नेपालकै पुरानो सभ्यताको परिचय दिन्छ । मौलिक भाषा, कला, संस्कृति, प्राकृतिक सम्पदाले भरिपुर्ण कर्णाली प्रदेशको पूर्वमा गण्डकी प्रदेश र प्रदेश नं. ५, दक्षिणमा प्रदेश नं. ५, पश्चिममा सुदुरपश्चिम प्रदेश र उत्तरमा चिनको तिब्बत पर्दछ । यो प्रदेश विश्व मानचित्रमा ८०°, ५९' पूर्व देखी ८३°, ४०' पूर्वी देशान्तर र २८°, ११' उत्तर देखी ३०°, ५६'उत्तर अक्षांसमा फैलिएको छ । समुद्र सतहबाट १९८ मिटर देखी ७७६७ मिटर सम्म फैलिएकोयस प्रदेशलाइ भौगोलिक हिसाबले हिमाली र पहाडी गरी दुइ भेगमा विभाजन गर्न सकिन्छ । सुन्दर प्राकृतिक दृष्य, हिमालय, प्रसिद्ध तालहरू, अमुल्य प्राकृतिक सम्पदा, जडिबुटीहरू, धार्मिक क्षेत्र, कला संस्कृति, प्राचिन इतिहास आदि यस प्रदेशका विशेषताहरू हुन् । नेपालकै सबभन्दा ठुलो ताल रारा र सबभन्दा गहिरो ताल फोक्सुण्डो ताल यसै प्रदेशमा प्रदछन् । यस प्रदेशमा १० जिल्लाहरू २५ नगरपालिका, ५४ गाउँपालिका र ७२९ वडाहरूमा बिभाजन भएका छन् । यस प्रदेशमा ९० प्रतिशत भन्दा बढी हिन्दु धर्मालम्बीहरूको बसोबास रहेको छ भने बुद्ध, मुस्लिम, क्रस्चियन धर्मावलम्बीहरूको समेत बसोबास रहेको छ । यहाँको प्रमुख भाषा नेपाली हो भने मगर, खाम, काइके, थारू अन्य भाषाहरू पनि विभिन्न स्थानहरूमा प्रचलनमा रहेको पाइन्छ । कृषि पेशा यहाँको प्रमुख पेशा हो, यहाँका करिब ७० प्रतिशत घरपरिवार कृषि पेशामा संलग्न छन् । कठिन भौगोलिक अवस्था, न्यून भौतिक पूर्वाधार, न्यून मानवीय विकासका कारणले यहाँका आर्थिक, सामाजिक सूचकहरूको अवस्था कमजोर रहेको पाइन्छ ।राष्ट्रिय जनगणना २०६८ अनुसार कर्णाली प्रदेशको जनसंख्या १५७०४१८ र परिवार संख्या २९८३५९ थियो भने आ.व. २०७६।७७ को अनुमानित लक्षित जनसंख्या १७९६८२२ र परिवार संख्या ३३६४६० रहेको छ । प्रदेशको औसत परिवार संख्या ५.२६ र लैंगिक अनुपात ९५.६९ रहेको छ ।

नेपालमा शिक्षाको थालनी अनौपचारिक रूपमा मान्यजन, कचहरी, धार्मिक सभा, आश्रम, गुरुकुल, गुम्बा, मदरसा, मस्जिद र संस्कृत शिक्षाका विभिन्न प्रारूप हुँदै मौखिक तथा लिखित परम्पराबाट स्थापित भएको र राजा, तथा राणाहरूले आफ्ना भाइ भारदारहरूलाई राजकाज चलाउनका लागि शिक्षा दिन थालेको इतिहासबाट खुल्दै आएको

---

** लेखक सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश सुर्खेतमा उपसचिव (अधिकृत स्तर १०औं तह) मा कार्यरत हुनुहुन्छ ।*

देखिन्छ । वि.सं. २००४ सालदेखि आधार शिक्षाको थालनीसँगै औपचारिक शिक्षा आरम्भ भएको थियो भने नेपालमा शिक्षा नामक प्रतिवेदनले वि.सं. २०११ सालदेखि साक्षरता कार्यक्रममा जोड दिने सिफारिस गरेपछि पञ्च वर्षीय योजना वि.सं.२०१३ मा योजनाबद्ध प्रौढ साक्षरता कार्यक्रम सञ्चालन भएको थियो । वि.सं. २०२२ सालदेखि कार्यमूलक साक्षरतालाई समावेश गरि २०२८ सालमा लागु भएको राष्ट्रिय शिक्षा पद्धतिको योजनाले साक्षरतामा जोड दिएकाले मध्यावधि मूल्याङ्कन २०३५ पछि अझ व्यापक बनाइएको थियो । वि.सं. २०३७ सालमा शिक्षा मन्त्रालयमा प्रौढ शिक्षा शाखा स्थापना भएपछि संस्थागत संरचनामा विस्तार भइ सेती परियोजना २०३८ पश्चात महिला तथा किशोरीहरूलाई लक्ष्यित गरि चेलिबेटि कार्यक्रम सञ्चालन गरिएको थियो भने प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना, सबैका लागि शिक्षा कार्यक्रम तथा अन्य योजनाहरूले समेत साक्षरता, साक्षरोउत्तर शिक्षा र आय आर्जन कार्यक्रममा जोड दिएको पाइन्छ । हाल कार्यान्वयन भई सकेको विद्यालय क्षेत्र सुधार कार्यक्रम (सन् २००९-२०१५) ले साक्षरता कार्यक्रमलाई जोड दिएको थियो । नेपाल सरकार मन्त्री परिषद्ले साक्षर नेपाल अभियान (वि.सं. २०६९ देखि २०७२) को अवधारणा पत्र तयार गरी लागु गरेको देखिन्छ । जसमा सम्पूर्ण राज्य व्यवस्था परिचालित गरी राष्ट्रिय गौरब उच्च राख्ने प्रतिफल हासिल गर्ने अपेक्षा राखिएको थियो ।

वि.सं. २००७ सालमा २ प्रतिशत रहेको साक्षरतादर विभिन्न योजना परियोजनाको लगानीमा ६१ वर्षको अन्तरालमा ५ वर्षदेखि माथिको साक्षरता दर ६५.९ प्रतिशत पुगेको तथ्य २०६८ को राष्ट्रिय जनगणनाले पुष्टि गरेको छ भने अझै ३४.१ प्रतिशत जनसङ्ख्या अर्थात झण्डै ४० लाख मानिसहरू निरक्षर भएको तथ्याँकले देखाएको थियो । अब २०६८ यता साक्षर नेपाल अभियान सञ्चालनपछि वर्षेनी झण्डै १२ प्रतिशतभन्दा माथि सङ्ख्या साक्षर गराइ वडा, गाउँ/नगर पालिका र जिल्ला साक्षर भएको घोषणा गर्दै २०७८ सम्म साक्षर नेपाल घोषणा गर्ने राट्रिय गौरवको कार्यक्रम नेपाल सरकार, शिक्षा बिज्ञान तथा प्रविधि मन्त्रालय, अनौपचारिक शिक्षाको रहेको छ ।

## २. लक्ष्य तथा उद्देश्यहरु

मानव विकाससंगै एकैसाथ प्रारम्भ भएको शिक्षाको अभ्यास नै वास्तवमा जीवन पर्यन्त अनौपचारिक शिक्षा हो । मानिसको चेतना खुल्नासाथ खानेकुरा जुटाउन, सुरक्षित रहन, परिवार तथा समाजमा मिलेर बस्न, सन्तान हुर्काउन लगायतका तमाम विषयमा ज्ञान आर्जन गर्ने कार्य सचेत सिकाई प्रक्रियाको उपज हो जसलाई अनौपचारिक शिक्षाको प्रारम्भ बिन्दु (origin) मानिन्छ । त्यस्तै अग्रज एवम् सहकर्मीसंगै काम गर्ने सीप सिक्ने, आफ्नै अनुभवबाट ज्ञान लिने, परिवार एवम् परिवेशसँगको दैनिक अन्तर्क्रिया र अवलोकनबाट अर्न्तदृष्टि विकास गर्ने जस्ता समग्र शिक्षाका आयामहरू अनौपचारिक शिक्षाकै अङ्ग हुन् ।

समग्रमा भन्नु पर्दा औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा बाहिर मानव जीवनका लागि आवश्यक ज्ञान, सीप, प्रविधिको प्राप्ति तथा प्रशोधन गर्ने जीवनपर्यन्त प्रणालीलाई अनौपचारिक शिक्षा (non-formal education) भनिन्छ । यस्तो शिक्षालाई व्यवस्थित (systematic) अनियमित (informal) प्रावधानबाट आर्जन गर्न सकिन्छ । अनौपचारिक शिक्षा सामान्यत धेरै मानिसका लागि लागि दोस्रो विकल्प (second chance) हो तथापि यसलाई औपचारिक शिक्षाको समानान्तर (parallel) समकक्षी (equivalent) पद्धति मानिन्छ । त्यसैले अनौपचारिक शिक्षा कतिपय सिकारुका लागि औपचारिक शिक्षाको परिपूरक (complementary) वनेको छ भने कसैका लागि यो साँच्चिकै शिक्षाको उत्तम विकल्प (best choice) भएको छ । विद्यालय पद्दति भन्दा वाहिरको शिक्षा (outside of the school system), सामुदायिक शिक्षा, प्रौढ शिक्षा, जीवन पर्यन्त शिक्षा (life-long

education), तथा पर्खाल बिनाको (de-schooling) शिक्षा जस्ता दार्शनिक आधारबाट अनौपचारिक शिक्षाधारको जन्म भएको हो (बराल, २०७४) ।

### सैद्धान्तिक मान्यता

राष्ट्रसंघीय निकाय (UNESCO) अन्तर्गत सञ्चालित अनुसन्धानबाट अनौपचारिक शिक्षाका मुख्य विशेषता मध्ये सिकारुको चाहना अनुकूल पाठ्यक्रम, जीवनसंग आवद्ध शिक्षा, सिक्ने सिकाउने बीच सह-सम्बन्ध, सिकारु-निर्देशित शैक्षणिक प्रक्रियालाई अधिक मात्रामा अनुसरण गरिएको छ । यस प्रणाली अन्तर्गत साक्षरताको योग्यता देखि विश्वविद्यालयसम्मको समकक्षी उपाधि (degree) उपलब्ध हुने व्यवस्था छ ।सिद्धान्तत अनौपचारिक शिक्षाले मौजुदा सामाजिक संरचनामा सुधार गर्ने एकीकृत मानव विकासको कार्यगत दृष्टिकोण राख्दछ । त्यस्तै, यस प्रकारको शिक्षाले समाजका विद्यमान विरोधाभासपूर्ण मूल्य मान्यतालाई रुपान्तरण गरी सकारात्मक सोच विकास गर्ने समालोचनात्मक दृष्टिकोण राख्दछ । अर्कोतिर, अनौपचारिक शिक्षाले यथास्थिति र आमूल परिवर्तनको चाहनालाई एकीकृत गर्ने मेलजोलबादी दृष्टिकोण तथा समाजमा विद्यमान द्वन्द्व समाधान गरी दीगो शान्ति कायम राख्ने मान्यता सहितको शान्तिबादी दृष्टिकोणलाई अगि सारेको छ ।

### क. अवधारणा

१. सिकारुको रुचि, चाहना र आवश्यकतामा आधारित भएर औपचारिक शिक्षाभन्दा बाहिर रहेर प्रदान गरिने शिक्षा,

२. औपचारिक शिक्षाको वैकल्पिक शिक्षा, समसामयिक शिक्षा, सहयोगी शिक्षा र तत्कालीन समस्याको समाधानको शिक्षा तथा छ वर्षदेखि साठी वर्ष सम्मका बालकदेखि प्रौढ सम्मलाई क्षमता विकासका लागि दिईने शिक्षाको रुपमा देखिन्छ ।

### ख. उद्देश्य

राष्ट्रिय शिक्षाको नीति अनुरूप साक्षरता, साक्षरोत्तर, निरन्तर, आयआर्जन र सिपमूलक शिक्षा अभिवृद्धि तथा विस्तारका लागि अनौपचारिक शिक्षाका समग्र पक्षहरू समेटी सुव्यवस्थित रूपमा लागु गरिएको शिक्षा कार्यक्रम,कार्यान्वयन गर्नु ।

१. देशमा राष्ट्रिय साक्षरता सम्बन्धि अल्पकालीन तथा दीर्घकालीन नीतिहरू कार्यान्वयन गर्ने र निरक्षरता हटाउने,

२. साक्षर भइसके पछि क्रियाशील राख्न साक्षरोत्तर तथा आयआर्जनका कार्यक्रमहरू सञ्चालन गर्ने र सक्षम बनाउने

३. निःशुल्क पाठ्यसामग्रीका साथै सिप विकास सम्बन्धी तालिमहरू सञ्चालन गरी जनताको जीवन स्तर उकास्ने कार्यक्रम

### ग. महत्त्व

मानिससले परिवर्तित समाजमा आफुलाई समायोजन गर्दै खरो उत्रनु पर्दछ । व्यक्तिका चुलिँदा आकाङ्क्षा, आवश्यकता तथा आत्मसन्तुष्टि प्राप्त गर्न अवश्य पनि एकाङ्की ज्ञान र सीपमात्र पर्याप्त हुँदैन । यसका लागि सबै प्रकारका सिकारुलाई लागु हुने एकात्मक एवम् साझा प्रणालीका रूपमा रहेको औपचारिक शिक्षाको संरचनाले

सबैलाई समलाभ प्रदान गर्न सक्दैन । त्यसैले, उमेरगत,शारीरिक, मानसिक, आर्थिक, भौगोलिक, रुचिगत, लिङ्गगत, धार्मिक, सांस्कृतिक, व्यवस्थागत लगायतका विविधतायुक्त पृष्ठभुमिमा रहेका मानिसलाई व्यक्तिगत विशिष्टताका आधारमा शिक्षाको बन्दोबस्त हुनुपर्छ जसका लागि अनौपचारिक शिक्षा एक समाधान हो । यसमा व्यक्ति वा सानो समूहका लागि अनुकूल हुने विविधिकृत शिक्षा संरचना, पाठ्यक्रम, शैक्षणिक प्रक्रिया तथा मूल्याङ्कन प्रविधि लागु गर्न सकिन्छ ।

सिकाइ कुनै पनि प्रकारको सिमा भन्दा बाहिर जीवनपर्यन्त अवसर हो । सिकाइको तिर्सना र जरुरतलाई कसैले रोक्न,खण्डित गर्न तथा हरण गर्न सक्दैन किनकि यसलाई अनौपचारिक शिक्षा विज्ञानले प्रत्याभुत (guarantee) गरेको हुन्छ । एक्काइसौं शताब्दिमा सबै नागरिकको शिक्षा प्रासिको अधिकार सुनिश्चित गर्न एकमात्र समपूरक परिपुरक (supplementary and complementary) शिक्षाको धार नै अनौपचारिक शिक्षा हो । यस धारको शिक्षा आर्जन गर्न चाहने निम्नानुसारका सिकारुको समुहगत व्यापकताले नै यसको महत्व र औचित्य पुष्टि गर्दछ :

### घ. बहु-लक्षित समूह (multiple targets)

१. निरक्षर तथा नवसाक्षर,
२. विद्यालय शिक्षाबाट वञ्चित समूह,
३. कामसंगै सिकाइलाई निरन्तरता दिन चाहने व्यक्ति,
४. बिचैमा पढाइ छाडेका र पुनसिकाइलाई निरन्तरता दिन चाहने व्यक्ति :,
५. औपचारिकबाट अनौपचारिकमा र अनौपचारिकबाट औपचारिकमा स्थानान्तरण हुन चाहने व्यक्ति,
६. सिकाइलाई परिवेश तथा आवश्यकता अनुरुप अद्यावधिक र स्तरवृद्दि गर्न चाहने व्यक्ति,
७. अनुकूल समयमा सिक्न चाहने व्यक्ति,
८. जीवनोपयोगी, जीविकोपार्जन र व्यावसायिक सीप सिक्न चाहने व्यक्तिहरु
९. फरक सिकाइ आवश्यकता भएका व्यक्तिहरु ।

## ३. अवसर तथा सम्भावित चुनौतीहरू

अत्यन्त कठिन अवस्थामा रहेका निरक्षर नागरीकहरूलाई उनीहरू बसोवास गरेकै स्थानमा गएर साक्षर कर्णाली अभियानको कार्यक्रम सञ्चालन गरी साक्षर बनाउन जति चूनौतीपूर्ण छ त्यति नै सम्भावना र अवसर पनि छ । कार्यक्रम सञ्चालन गर्दा सम्भावित चूनौती आँकलन गरीयो भने तिनीहरूलाई न्यूनीकरण गर्न मदत पुग्ने भएकाले साक्षर नेपाल सँगै साक्षर कर्णाली अभियानमा निम्नानुसारका चुनौतीहरू देखिएका छन् ।

- संघ, प्रदेश र स्थानीय तहबिचको समन्वय, सहकार्य र सहअस्तित्व,
- अन्तरनिकाय बिच भरपर्दो समन्वय तथा परिचालनको वातावरण सिर्जना गर्न,
- राजनीतिक दलहरू र अन्य सरोकारवालाहरूको सामूहिक प्रतिवद्धता हाँसिल गर्न,
- आवश्यक स्रोत साधन र सहयोगको उपलव्ध हुन,
- सरोकारबाला बिच साझेदारिता र सहकार्य गर्न,
- स्थानिय तहहरूको साक्षरताप्रति अग्रसरता, तत्परता र प्रतिबद्धता जुटाउन, आदि ।

## क.  कर्णाली प्रदेशको अवस्था :

कर्णाली प्रदेशमा जनगणना २०६८ का अनुसार यस प्रदेशको सारक्षता दर ५८.२ % मात्र कायम रहेको देखिन्छ भने नेपाल सरकारले १५ देखि ६० वर्ष सम्म उमेर समूहका नागरिकहरुलाई पंचानब्वे प्रतिशत भन्दा माथि सघन रुपमा अनौपचारिक शिक्षाक कार्यक्रमहरु सञ्चालन गरी गराई साक्षर जिल्ला घोषणा गर्ने राष्ट्रिय नीति तथा अभियान अनुसार यस प्रदेशका सुर्खेत, सल्यान, जाजरकोट, रुकुम र दैलेख जिल्ला गतबिगतमा नै साक्षर घोषणा भैसकेका छन् भने साविकका कर्णाली अञ्चलका ५ जिल्लाका ३६ पालिकाहरू साक्षर घोषणा गरेमा साक्षर कर्णाली प्रदेश घोषणा गर्न सकिन्छ ।

**जिल्लागत विद्यार्थी विवरण**

**फ्ल्यास रिपोर्ट २०७५।०७६ शिक्षा तथा मानव स्रोतविकास केन्द्र**

| जिल्ला | बाविकास केन्द्र | १-५ | ६-८ | ९-१२ | जम्मा १-२ | प्राविधिक शिक्षा | उच्च शिक्षा |
|---|---|---|---|---|---|---|---|
| सुर्खेत | १४१५३ | ६१७०६ | ३३४६६ | २८१३१ | १२३३०३ | | |
| जाजरकोट | ६६९८ | ४४५१३ | १७६१९ | १४७६६ | ७६८९८ | | |
| सल्यान | ७५२९ | ३७०८७ | १९८०५ | १७२७९ | ७४१७१ | | |
| रुकुम (पश्चिम) | ६२२३ | ३०९६७ | १५८६९ | १३६९४ | ६०५३० | | |
| दैलेख | ७२८१ | ४९९३९ | २३०८१ | १८७७४ | ९१७९४ | | |
| डोल्पा | १९६१ | ६५६२ | २३८६ | २६५६ | ११६०४ | | |
| कालीकोट | ५८६० | ३३२५५ | १३८४५ | १४३१५ | ६१४१५ | | |
| हुम्ला | ३७१४ | ११९८३ | ४०१६ | २८३६ | १८८३५ | | |
| मगु | ३०४३ | ११३६१ | ४३७२ | ५२५० | २०९८३ | | |
| जुम्ला | ३२२३ | २३८५८ | ९८६२ | ८९६३ | ४२६८३ | | |
| **जम्मा** | **५८,१५८** | **३,११,२३१** | **१,४४,३२१** | **१,२६,६६४** | **५,८२,२१६** | **१,१४०** | **१२,०१५** |

यस प्रदेशमा हाल २७१९ वटा बालविकास केन्द्र, सञ्चालन भई रहेका छन् । यसैगरी यस प्रदेशमा जम्मा ३१८७ वटा विद्यालय र ३०३८ वटा सामुदायिक विद्यालय र १४९ संस्थागत विद्यालयहरु सञ्चालनमा रहेका छन ।

**जिल्लागत विद्यालय र शिक्षक विवरण**

| जिल्ला | बाविकास केन्द्र/पूर्व प्राथमिक कक्षा | विद्यालयहरू (१-१२) | | | शिक्षक विवरण (स्थायी र राहत) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सामुदायिक | संस्थागत | जम्मा | आधारभूत (१-५) | आधारभूत (६-८) | माध्यमिक (९-१०) | माध्यमिक (११-१२) | जम्मा (१-१२) |
| सुर्खेत | ५७८ | ५०८ | ८८ | ५९६ | १५७६ | ४०९ | २५६ | १७९ | २४२० |
| जाजरकोट | ३११ | ४३३ | ३ | ४३६ | ९५६ | २२० | १२१ | ५४ | १३५१ |
| सल्यान | ३८५ | ४४६ | २८ | ४७४ | १३१० | २०३ | १५२ | ७४ | १७३९ |
| रुकुम (पश्चिम) | २७१ | ३०९ | ७ | ३१६ | ७४३ | २०८ | १३१ | ७३ | ११५५ |
| दैलेख | ३७६ | ४८७ | १४ | ५०१ | १२७७ | ३१४ | १९२ | १४७ | १९३० |
| डोल्पा | ९३ | १११ | ० | १११ | ३८९ | ६९ | ५० | २४ | ५३२ |
| कालीकोट | २२३ | २८२ | ५ | २८७ | ६९१ | १४२ | ११६ | २०० | ११४९ |
| हुम्ला | १५२ | १३७ | ० | १३७ | ३६२ | ९२ | ४१ | २० | ५१५ |
| मगु | १३४ | १४५ | ४ | १४९ | ३५८ | ७४ | ५७ | ४६ | ५३५ |
| जुम्ला | १९६ | १८० | ० | १८० | ५२८ | १३३ | ११४ | ५१ | ८२६ |
| जम्मा | २७१९ | ३०३८ | १४९ | ३१८७ | ८१९० | १८६४ | १२३० | ८६८ | १२१५२ |

नेपाल दिगो विकास लक्ष्यको मार्गचित्र अनुसार सन् २०१९ सम्म पूर्वप्राथमिक तहको भर्नादर ८५.५ पुर्याउने राष्ट्रिय लक्ष्य रहेको थियो । पूर्वप्राथमिक तहमा भर्ना हुने छात्र छात्रा अनुपात १  रहेको छ । बालविकास केन्द्रबाट कक्षा १ मा भर्ना हुने बालबालिकाको संख्या सन् २०२२ सम्म ८५ प्रतिशत पुर्याउने राष्ट्रिय लक्ष्य रहेकोमा यो प्रदेश ६३.८ प्रतिशतमा रहेको छ । देशको तुलनात्मक अध्ययन गर्दा कर्णाली प्रदेशको शिक्षक संख्या न्यून रहेको देखिन्छ ।

**कर्णाली प्रदेशका जिल्लाहरूको हाल साक्षरताको अवस्था (स्रोत अनौपचारिक शिक्षा NHRD)**

| क स | जिल्ला | जनगणना २०६८ अनुसार | | | २०६७ सालको घरधुरी सर्वेक्षण निरक्षर जनसंख्या | विगत ८ वर्षमा साक्षरता कोर्ष पूरा गर्ने जम्माजनसंख्या | बाकी निरक्षर ६०-१५) (वर्षजनसंख्या |
|---|---|---|---|---|---|---|---|
| | | जम्मा जनसंख्या | लक्षितसमूहको जनसंख्या (वर्ष ६०-१५) | लक्षितसमूहको निरक्षर जनसंख्या ६०-१५) (वर्ष | | | |
| १ | हुम्ला | ५०८५८ | २५३८५ | १५३५० | १७८१७ | १९,५८० | १,७६३ |
| २ | मुगु | ५५२८६ | २६४९३ | १५४१२ | १९६५७ | १८,६१२ | ३,२०० |
| ३ | डोल्पा | ३६७०० | १९०८५ | १०२४० | ११३७२ | ११,९२७ | ५५५ |
| ४ | कालिकोट | १३६९४८ | ६३५३४ | ३३२८४ | ३६५४३ | ४०,८१३ | ४,२७० |
| ५ | जुम्ला | १०८९२१ | ५५२८५ | २९९१८ | ३१८१३ | ३४,६७३ | २,८६० |
| ६ | जाजरकोट | १७१३०४ | ८१६०९ | ४१९६७ | ४३६३७ | ४७,६१२ | साक्षर घोषणा भै सकेको अवस्था |
| ७ | दैलेख | २६१७७० | १२५९४९ | ५६२८७ | ६४६७६ | ६६,८३१ | |
| ८ | सुर्खेत | ३५०८०४ | १८४९८० | ५३२६४ | ५८४१० | ७०,०३५ | |
| ९ | सल्यान | २४२४४४ | १२२९६६ | ५०९८३ | ५३५०२ | ५८,३१२ | |
| १० | रुकुमपश्चिम | १०४२८४ | ५१८८४ | २३९७७ | २७०२३ | २४,३६१ | |
| **कर्णाली प्रदेशजम्मा** | | **१५१९३१९** | **७५७१७०** | **३३०६८२** | **३६४४५०** | **३९२७५६** | **१२,६४८** |
| **देशभरीको जम्मा** | | **२६४९४५०४** | **१६६१९२६४** | **५२४३१८२** | **५१७३९७९** | **५,२७३,३४७** | **९९,३६८** |

जनगणना २०६८ र घरधुरी सर्वेक्षण २०६७ अनुसार बिभिन्न अवधिमा कार्यक्रम सञ्चालन गरी बाँकी रहेको १५ देखि ६० वर्ष उमेर समूहको जनसंख्या कर्णाली प्रदेशका १० जिल्मा हिमाली क्षेत्रका हुम्ला जुम्ला डोल्पा मुगु कालिकोटको निरक्षर संख्या १२,६४८ रहेको देखिन्छ भने जाजरकोट सल्यान रुकुम पश्चिम सुर्खेत र दैलेख जिल्ला गतबिगतमा नै साक्षर घोषणा भै सकेका देखिन्छन् । २०६८ को जनगणना अनुसार, प्रदेशको साक्षरतादर ६२.७% रहेकोछ जुन राष्ट्रियदर (६५.९%) भन्दा कम छ जबकी महिलाको साक्षरतादर कर्णाली प्रदेशको साह्रै न्यून छ (कर्णाली ५३.२१ र राष्ट्रिय ५७.४) ।

## ४. अपेक्षित उपलब्धि र औचित्य

शिक्षा क्षेत्रमा लगानि र विभिन्न प्रयासका कारणले उल्लेखनीय उपलब्धिहरू प्राप्त हुन थालेका छन् । तर शैक्षिक सूचकलाई राष्ट्रिय सूचकसँग तुलना गर्दा कर्णाली प्रदेश केही पछाडी नै देखिन्छ जुन तलको तालिकामा उल्लेख गरिएकोछ ।

| क्र.सं. | सूचक | कर्णाली | राष्ट्रिय |
|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास केन्द्रको कूल भर्नादर | ७७.८ | ८४.१ |
| २ | प्रारम्भिक बालविकास केन्द्रको अनुभव लिई कक्षा १ मा भर्ना हुने दर | ६२.५ | ६६.९ |
| ३ | कूल भर्नादर (कक्षा १ –५) | १४०.२ | ११८.८ |
| ४ | कूल भर्नादर (कक्षा १ –८) | १३१.५ | १०९.३ |
| ५ | कूल भर्नादर (कक्षा ९ –१२) | ६५.० | ७७.५ |
| ६ | खुद भर्नादर (कक्षा १ –५) | ९७.० | ९६.५ |
| ७ | खुद भर्नादर (कक्षा १ –८) | ९३.४ | ९२.७ |
| ८ | खुद भर्नादर (कक्षा ९ –१२) | ४४.६ | ४६.४ |
| ९ | कक्षा उत्तीर्ण दर (कक्षा १ -५) | ८८.५ | ८९.३ |
| १० | विद्यालय छोड्ने दर (कक्षा १ -५) | ३.४ | ३.८ |

स्रोतः ***Flash I REPORT 2075 (2018/19***

नेपालको संविधानले आधारभूत शिक्षा प्राप्तिलाई नागरिकको मौलिक अधिकारका रूपमा स्वीकार गरेको र नेपालले सन २०१५ सम्ममा ५० प्रतिशतले प्रौढ साक्षरता वृद्धि गर्ने प्रतिवद्धता सबैका लागि शिक्षा सम्बन्धी विश्व मञ्चमा स्वीकार गरिसकेको अवस्था देखिन्छ । यसै गरी सहस्राव्दी विकास लक्ष्य प्राप्तिका लागि १५-२४ उमेर समूहको साक्षरता दर सतप्रतिशत हासिल गर्नुपर्ने छ । तिन वर्षिय अन्तिरिम योजना २०६४-२०६७ र तिन वर्षीय अन्तिरिम योजना २०६७-२०७० र यूनेस्कोको साक्षरता दशक सन्२००३-२०१२ जस्ता योजनाहरूले पनि साक्षरता कार्यक्रमलाई योजनाबद्ध रूपमा सञ्चालन गर्न र निरक्षरता उन्मूलन गर्ने लक्ष्य लिएका छन् । अनौपचारिक शिक्षा नीतिले साक्षर नेपालको परिकल्पना गरेको छ । उल्लेखित नीति, योजना तथा दस्ताबेजहरूले सबै निरक्षरलाई साक्षर बनाउन जोड दिँदै आएको सन्दर्भमा नेपाल सरकारले यसै वर्षभित्र नेपालवाट निरक्षरता हटाउने अभियान अन्तर्गत यस आर्थिक वर्ष २०७७।०७८ मा साक्षर नेपाल अभियानका लागि कार्यक्रम अगाडि ल्याएको अवस्था विद्यमान देखिन्छ ।

- ✓ चौधौं योजना (२०७४-२०७६): सबैलाई जीवनोपयोगी शिक्षाका अवसरहरू प्रदान गर्दै जीवनपर्यन्त सिकाइ उन्मुख तथा जीवनपर्यन्त शिक्षा अनिवार्य आधारभुत तथा निशुल्क आधारभुत र माध्यमिक शिक्षा पद्धति अनुशरण ।
- ✓ दिगो विकासको लक्ष्य (सन् २०१५-२०३०): राष्टसङ्घीय घोषणाका रूपमा यस योजनाका १७ ओटा लक्ष्य मध्ये लक्ष्य नं ४ मा समावेशी, समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्ने र सबैका लागि जीवनपर्यन्त शिक्षा प्राप्त गर्ने अवसरको प्रवर्धन गर्ने (Ensure inclusive and equitable quality education and promote lifelong learning opportunities for all) लक्ष्यमा नेपालको औपचारिक प्रतिबद्धता ।
- ✓ नेपालको संवैधानिक प्रावधान (२०७२): प्रत्येक नागरिकलाई आधारभुत शिक्षामा पहुँच, आधारभुत तहसम्मको शिक्षा निशुल्क, माध्यमिक तहसम्मको शिक्षा निःशुल्क, अपाङ्गता भएका र आर्थिकरुपले विपन्न नागरिकलाई निःशुल्क उच्च शिक्षाको मौलिक हकको व्यवस्था ।
- ✓ शिक्षा ऐन २०२८ तथा नियमावली (२०५९): अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर तथा खुला शिक्षा सञ्चालनको कानुनी प्रबन्ध ।

पछिल्लो अवधिमा ३ वर्ष साक्षर नेपाल अभियान(२०७२-२०६९) राष्टिय साक्षरता अभियान (२०६८-२०६५) सञ्चालन । (२०७२-२०६९)

## ५. रणनीतिक कार्यकलापहरु

### क. साक्षरताको मापदण्ड

आफनो मातृ भाषामा वा राष्ट्र भाषामा लेखिएका दैनिक जीवनसँग सम्बन्धित छोटा र साधारण वाक्यहरू बुझेर लेखपढ गर्न सक्ने र बुझेका कुराहरू एक आपसमा राम्ररी सम्प्रेषण गर्न सक्ने तथा साधारण हरहिसाब गर्न सक्ने व्यक्तिलाई साक्षर भनिने छ । साक्षरता मूल्याङ्कनका लागि निम्न लिखित सक्षमतालाई आधार मानिने मापदण्ड साक्षर नेपाल अभियानको २०६९।६।१४ मा स्वीकृत अवधारण पत्रमा उल्लेख गरिएका बुँदा यसप्रकार छन् ।

- ✓ राष्ट्र भाषामा वा मातृ भाषाका वर्ण र अक्षरको पढाइ र लेखाइ,
- ✓ नेपाली वा मातृ भाषामा लेखिएका मूल्यसूची र बिलको पढाइ,
- ✓ आफ्नो र परिवारका सदस्यको नाम, उमेर लेखाइ र पढाइ,
- ✓ मोबाइल र क्यालकुलेटरका अङ्क र अक्षर चिनेर प्रयोग गर्न,
- ✓ ० देखि ९ सम्मका अङ्क अक्षर लेखाइ,
- ✓ १ देखि १०० सम्म गणना,
- ✓ लेनदेनका हरहिसाब रखाइ,
- ✓ सरल चित्र, पोष्टर, साइनबोर्ड र ट्राफिक सङ्केत पढाइ र बुझाइ,
- ✓ सामुदायिक कार्यक्रममा आफ्नो बिचार सहित सक्रिय सहभागिता देखाउन,
- ✓ घडी हेरेर समय बताउन,
- ✓ भित्तेपात्रो हेरी तिथिमिति बताउन,
- ✓ बैङ्क भौचर भराइ र चेक खिचाइ ।

### ख. कर्णाली प्रदेश सरकारको सन्दर्भमा साक्षरता र आजीवन शिक्षा:

प्रदेशभित्रका सबै नागरिकहरुलाई साक्षर बनाउनका लागि स्थानीय सरकारहरुलाई सहयोग गरी साक्षर कर्णाली प्रदेश घोषणा गर्ने नीति कार्यक्रममा उल्लेखित बुँदाहरु:

- साक्षरता कार्यक्रमलाई प्रभावकारी बनाउन सार्वजनिक स्थानहरूमा अक्षर वा सन्देशमूलक सामग्रीहरुको लेखन, भर्चुअल नेटवर्क (मोबाइलको प्रयोग), आदि मार्फत पहिचान गरीयका निरक्षर व्यक्तिलाई साक्षेरीकरण गरिनेछ ।
- साक्षरता अभियान र जीवन पर्यन्त सिकाई कार्यक्रमलाई स्वयंसेवी रुपमा परिचालन गरिनेछ ।
- साक्षरता, साक्षरोत्तर र जीवन पर्यन्त सिकाइ सामग्री तयार गर्न स्थानीय विज्ञ तथा स्वयंसेवीहरुलाई परिचालन गरिनेछ । साथै हरेक विद्यालयले आफ्नो सेवा क्षेत्रमा रहेका निरक्षर व्यक्ति पहिचान गरी स्वयम् विद्यालयले वा परिवारका साक्षर सदस्यले निरक्षर सदस्यलाई वा बालबालिका परिचालन गरेर साक्षर गराइनेछ ।
- साक्षरता, अनौपचारिक शिक्षा, जीवन पर्यन्त सिकाइ कार्यक्रमलाई पेशा एवं व्यवसाय, सामाजिक जीवन र सहभागितासँग आबद्धता गरिनेछ ।

- जीवनपर्यन्त सिकाइ तथा निरन्तर शिक्षाको लागि स्थानीय तहको प्रत्येक वडामा सामुदायिक सिकाइ केन्द्र स्थापना, आवश्यकताअनुसार विस्तार तथा सुदृढीकरण  र स्थानीय स्तरमा रहेका परम्परागत धार्मीक तथा सामजिकसंस्थाहरू (गुम्बा, मन्दीर, मस्जिद, पाटिपौवा, आदि) परिचालन गर्ने तथा स्थानीय तहलाई सहजीकरण गरिनेछ ।
- कर्णाली प्रदेशका लोकवार्ताहरुलाई विस्तृतिकरणका लागि प्राज्ञिक वातावरण तयार गरिनेछ ।

पूर्वीय दर्शन, जनज्ञान र आधुनिक ज्ञानलाई एक अर्कामा समन्वय गर्दै कर्णाली सम्पदामा आधारित  विषयमा अध्ययन तथा अनुसन्धानको व्यवस्था मिलाउदै नवीनतम अभ्यासहरुलाई प्रबर्धन गर्ने ।

- नेपालका मौलिक रैथाने दर्शनहरू (शैव, सांख्य, बौद्ध) एवं कर्णाली सम्पदा प्रबर्धन सम्बन्धी सामग्रीहरु तयार गरी शैक्षिक संस्थाहरूमा कार्यरत जनशक्तिहरुलाई प्रवोधिकरण गरिनेछ ।
- वैवश्वत मनु, मुदगल शैक्षिक आश्रम लगायत अन्य दर्शनहरुको खोजी, संरक्षण, संबर्धन, प्रबर्धनका लागि अध्ययन, अनुसन्धानको व्यवस्था मिलाउदै नवीनतम अभ्यासहरूलाई प्रबर्धन गर्नका लागि आवश्यक संयन्त्रसहितको व्यवस्थापन गरिनेछ ।
- अन्तरपुस्तैनी ज्ञान तथा सीप आदानप्रदानार्थ विद्यालय तथा परिवारलाई परिचालन तथा प्रोत्साहन गर्नका लागि स्थानीय सरकारलाई सहयोग गरिनेछ ।

शैक्षिक गुणस्तरको मानक र मापदण्ड बनाई आधारभूत, माद्यमिक शिक्षा र जीवन पर्यन्त सिकाइ सुनिश्चित गर्नका लागि स्थानीय तहलाई सहयोग गर्ने ।

- प्रदेशको गुणस्तरीय शिक्षाको परिभाषा (लगानी प्रक्रिया तथा उपलब्धीलाई दृष्टिगत गरी विषयगत ज्ञानको गहनता, गरीखाने सीप, निरन्तर सिकाइ प्रती अभिप्रेरित र नयाँ परिवेशमा समायोजन, शिद्धान्त र व्यवहारबिचको सहसम्बन्ध, सकारात्मक सोंच, सामाजिक मूल्य मान्यता सहितको नैतिक जीवन, प्रविधि प्रयोगमा अभ्यस्त, आदि)  र सूचक सहितको सिकाइ ढाँचा तयार गरिनेछ ।
- प्रतिभाको खोजी गरी तिनको सिर्जनात्मक क्षमता अभिबृद्धिका लागि स्थानीय तहलाई सहयोग गर्दै स्थानीय तहहरूका बीचमा प्रदेशस्तरीय प्रतिष्पर्धा गराइनेछ ।
- कर्णाली प्रदेशका सबै बिद्यालयहरूको अपेक्षित शैक्षिक स्तर सुनिश्चित गर्न स्थानीय तहहरुलाई सुधारात्मक परीक्षा र मूल्यांकन प्रणाली लागु गर्न सहयोग गरिनेछ । कमजोर सिकाइ क्षमता भएका बालबालिकाहरूलाई सुधारात्मक कक्षा संचालनका लागि स्थानीय तहलाई सहयोग गरिनेछ ।

## स्रोत :


✓ शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय अनौपचारिक शिक्षा केन्द्र योजना तर्जुमा दिग्दर्शन २०७५
✓ सफल शिक्षक दिग्दर्शन बिष्णुप्रसाद अधिकारी
✓ साक्षर नेपाल अभियान २०६९ नेपाल सरकार
✓ फ्ल्यास रिपोर्ट २०७५।७६

# कोरोना, शिक्षा र रुपान्तरण



धिरेन्द्रप्रसाद शर्मा*

## कोरोना

सिंगो विश्व अहिले कोरोनाको संकटबाट गुज्रिरहेको छ । संकटबाट ग्रस्त विश्वभरका मानवजातीहरु इतिहासको कालखण्डमा यति धेरै युद्धबाट पनि प्रभावित भएका थिएनन् । उत्तरी छिमेकी चीनको बुहानबाट शुरु भएको 'कोरोना भाइरस' अमेरिका, अष्ट्रेलिया, थाइल्यान्ड, दक्षिण कोरिया, इटली, स्पेन, इरान, फ्रान्स, भारत हुँदै हालसम्म नेपाललगायत दुई सयभन्दा बढी देशहरुसम्म फैलिदा यसले विश्वव्यापी रुपमा महामारीको रुप लिइरहेको अवस्था छ । विश्वमा दिन दुईगुना रात चौगुना जस्तो गरी सिंगो मानववस्तीमाथि कोरोना भाइरसले आक्रान्त पारिरहेको अवस्था छ । विश्वको सबै क्षेत्र अस्तव्यस्त छ । विश्व समुदाय पिजडाको चराझै बन्द कोठाभित्र थन्किएको छ । सबै नागरिकको एउटामात्र उद्देश्य कोरानाबाट बच्नु रहेको छ । सबै देश र वैज्ञानिकहरु कोरानाबाट बच्नका लागि औषधिको अनुसन्धानमा तल्लिन छन् ।

विश्व स्वास्थ्य संगठनको वल्डोमिटरको पछिल्लो तथ्यांक अनुसार यो लेख तयार पार्दासम्म यस भाइरसबाट साढे पाँच लाखभन्दा बढी व्यक्तिहरुको मृत्यु भईसकेको छ भने करिब डेढ करोडको नजिकमा व्यक्तिहरु संक्रमित भएका छन् । नेपालमा १६ हजार भन्दा बढी संक्रमित भई तीन दर्जनभन्दा बढी व्यक्तिको मृत्यू भइसकेको अवस्था छ भने आधाभन्दा बढी व्यक्ति उपचारपछि घर फर्केका र अन्य व्यक्तिहरु उपचाररत रहेको अवस्था छ ।

सन् २०१९ को डिसेम्बरबाट देखिएको यस भाइरसबाट बच्न विश्वका धेरै जसो मुलुकहरुले बन्दाबन्दी, कर्फ्यू, तालाबन्दी आदिजस्ता विभिन्न साबधानीका उपायहरु अपनाइरहेका छन् । यति बेला विश्वमा शैक्षिक क्षेत्रले पनि अत्यन्तै विकराल र भयावह परिस्थितिको सामना गर्न परिरहेको छ । तुर्कमेनिस्तान, ताजिकीस्तान, वेलारुसजस्ता केही देशहरुबाहेक आज विश्वभरका अधिकांश विद्यालय, कलेज र विश्वविद्यालयहरु बन्द रहेका छन् । क्यानडा, रुस, अमेरिका लगायत केही देशहरुमा राष्ट्रव्यापी रुपमा विद्यालयहरु बन्द नभई राज्य वा स्थानीय स्तरबाट भएका छन् । विद्यालय तथा विश्वविद्यालयका पठन पाठन बन्द भएका कारण कतिपय अल्पविकसित तथा अफ्रिकन देशहरुमा विशेष गरी छात्राहरु घरेलु तथा अन्य हिंशाको शिकार हुनु परेको तथ्य यूनेस्कोले बताइरहेको छ । यूनेस्कोले प्रकाशन गरेको तथ्यांक अनुसार विश्वमा १४३ देशका एक अर्ब भन्दा बढी विद्यार्थीहरु वा ६७.६ प्रतिशत विद्यार्थीहरु सिकाइबाट प्रभावित भइरहेको अवस्था छ । नेपालको सन्दर्भमा ३५५२० विद्यालय, ११ वटा विश्वविद्यालय, ६ वटा प्रतिष्ठानहरु तथा विभिन्न प्राविधिक तथा व्यावसायिक शिक्षालयमा अध्ययन गर्ने लाखौं विद्यार्थीहरुको लागि शैक्षिक कार्यक्रमहरु गत बर्षको चैत्रको शुरुदेखि नै बन्द भई अन्यौलता समेत सिर्जना भइरहेको छ ।

*लेखक भेरीगंगा नगरपालिका, सुर्खेतमा उपसचवि पदमा कार्यरत हुनुहुन्छ ।*

## शिक्षा

कोभिड १९ को संक्रमणको जोखिम एवम् सन्त्रास बढीरहेको अवस्थामा आवश्यक सर्तकता अपनाउन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले देशभरका विद्यालयहरुलाई शैक्षिक सत्र २०७६ को कक्षा एक देखि नौंसम्मका बार्षिक परीक्षाहरु २०७६ चैत्र ५ गतेभित्र सम्पन्न गरिसक्न अनुरोध गरेको थियो । संक्रमणको त्रासमा रहेको त्यो अवस्थामा परीक्षा सकेका विद्यार्थीहरुलाई घरबाहिर नजान एवं मुलुकको विशेष परिस्थितिलाई ध्यानमा राखी विद्यालयमा साँस्कृतिक कार्यक्रम, वार्षिक अभिभावक दिवस, नतीजा सार्वजनीकीकरण, प्रवेश परीक्षा वा भर्नाका नाममा भिडभाड वा आमभेला नगर्न समेत मन्त्रालयले समयमै सबैलाई सुझाएको थियो । चैत्र ६ गतेदेखि १७ सम्म देशभरका १९९५ परीक्षा केन्द्रमा सञ्चालन हुने कुल चार लाख बयासी हजार दुई सय उन्नाइस विद्यार्थीहरुको परीक्षा अत्यन्तै सावधानीका साथ तीनवटै तहका सरकारहरुले जिम्मेवारीपूर्ण ढंगले सम्पन्न गर्नुपर्ने आवश्यकताका साथ सहयोगको अपिल समेत मन्त्रालयबाट गरिएता पनि त्यसको भोलीपल्टै परीक्षा सञ्चालन हुनुभन्दा करिब १२ घण्टाअघि माध्यमिक शिक्षा परीक्षा (एस.इ.इ.) लाई पनि अर्को सूचना प्रकाशन नहुञ्जेल सम्मका लागि स्थगित गरियो । ११ वटै विश्वविद्यालयहरु, लोकसेवा आयोग तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट सञ्चालन हुने परीक्षासमेत स्थगित गर्न माननीय उपप्रधानमन्त्रीको संयोजकत्वमा गठित कोभिड १९ संक्रमण, रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिले चैत्र ५ गते निर्णय गर्यो । यतिमाात्र हैन प्रारम्भिक बालविकास केन्द्रदेखि उच्च शिक्षाप्रदायक शैक्षिक संस्थाहरुमा हुने पठन पाठन समेत बन्द गर्ने निर्देशन दिइयो । कक्षा ११ र १२ का परीक्षाहरुसमेत अर्को सूचना प्रकाशन नहुञ्जेलसम्म स्थगित गरियो । पछिल्लो समयमा माध्यमिक शिक्षा परीक्षा र कक्षा एघारको परीक्षा विद्यालयको आन्तरिक मूल्यांकनबाट गरी राष्ट्रिय परीक्षा बोर्डले प्रमाणपत्र जारी गर्ने समेत नेपाल सरकारले निर्णय गरिसकेको छ । त्यसैगरी कोरोनाको संक्रमण कम भएका जिल्लाहरुमा विद्यालय सञ्चालन गर्न स्थानीय तहलाई अधिकार दिने बहस चलिरहेको अवस्था छ ।

मन्त्रालयले विद्यालयमा आन्तरिक रुपमा विद्यार्थी भर्ना गरी सुरक्षित साथ पाठ्यपुस्तक वितरण गर्न सकिने तथा असार १ गतेदेखि विद्यार्थीको सिकाइलाई सहयोग गर्न वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७ जारी गर्यो । हाल तीन वटै तहका सरकार तथा विद्यालयहरुले निर्देशिकाले उल्लेख गरेका क्रियाकलापहरु आफ्नो अनुकूलतामा सञ्चालन गरिरहेका छन् । कतिपय विद्यालयहरुले त भौतिक दूरी कायम गरेर र सुरक्षाका मापदण्डहरु कार्यान्वयन गरेर कक्षा तथा पठनपाठन समेत सञ्चालन गरिरहेका छन् । शिक्षा तथा मानव श्रोत विकास केन्द्रले नेपाल टेलिभिजन र अन्य सञ्चार माध्यमबाट कक्षा एकदेखि दशसम्मका मुख्य विषयका सिकाइ सामग्रीको उत्पादन तथा प्रसारण गरिरहेको छ । प्याब्सनले समेत देशभरका संस्थागत विद्यालयहरुमा अध्ययन गर्ने विद्यार्थीहरुको लागि टेलिभिजनबाट सिकाइ सहजीकरणका कार्यक्रम सञ्चालन गरिरहेको छ । विभिन्न स्थानीय तहहरुले रेडियो, भर्चुअल कक्षा, टेलिभिजन, कार्य पुस्तिका वितरण, घुम्ती शिक्षण आदि विभिन्न विकल्पहरु प्रयोग गरी विद्यालयको शैक्षिक गतिविधिलाई अगाडी बढाइरहेको अवस्था विद्यमान छ ।

कोरोना भाइरसबाट हुन सक्ने जोखिबाट बच्न  नेपाल सरकारले चैत्र ११ गतेदेखि पटक पटक गरी लकडाउनको अवधि साउन ७ गतेसम्म घोषणा गरिसकेको छ । सबै विद्यालयहरुले आन्तरिक रुपमा भर्नाको व्यवस्थापन गरी पाठ्यपुस्तक वितरण गर्ने कार्य गरिरहेका छन् । एस.इ.इ. र कक्षा ११ को परीक्षाको व्यवस्थापन गरिएतापनि कक्षा १२ को अन्तिम परीक्षाको तयारी गरिरहेका विद्यार्थीहरु घर न घाटका भइरहेका छन् । बैशाखदेखि केही हिमाली जिल्लाहरुबाहेक अन्य जिल्लाहरुमा विद्यालय तहको शैक्षिक सत्र शुरु हुने र भर्ना र घर दैलो अभियान सञ्चालन गरी पठन पाठन सञ्चालन गर्नुपर्ने यस समयमा सबै विद्यालय, विद्यार्थी र शिक्षकहरु एवम् सबै तह र कक्षाका शैक्षिक सत्रहरु समेत लकडाउनबाट पूर्ण रुपमा प्रभावित भइरहेका छन् । देशका अधिकांश विद्यालय तथा कलेजहरुमा क्वारेन्टाइनको व्यवस्थापन गरिएको भएता पनि कोरोनाको संक्रमण कम भएसँगै विद्यालयहरुलाई

क्वारेन्टिनबाट अलग गरिदै छ । शिक्षकहरुको पेसागत विकास गर्नका लागि स्थानीय तह, प्रविधिमैत्री शिक्षक समाज, विषयगत समूहहरु आदिले भर्चुअल पद्धतिबाट शिक्षकहरुलाई अनलाइन तालिम प्रदान गर्न सहजीकरण गरिरहेका छन् । शिक्षा क्षेत्रमा कार्यरत् प्रशासकहरु, शिक्षकका पेसागत संघ संगठनहरु, शिक्षा क्षेत्रमा काम गर्ने संस्थाहरु आदि भिडियो कन्फरेन्स, पत्रपत्रिका, टेलिभिजन, अनलाइन खबर आदिबाट शैक्षिक कार्यक्रमको निरन्तरताको विषयमा छलफल र बहस गरिरहेका छन् । यतिबेला औपचारिक शिक्षाको विकल्पको खोजी भइरहेको छ । सर्वत्र शिक्षा प्रदान गर्ने वैकल्पिक मार्ग तथा उपायहहरुको बहस भइरहेको छ । कोरोनाविरुद्धको जैविक लडाइमा होमिएका हामी विश्वका सम्पूर्ण नागरिकहरुका लागि शिक्षा प्रदान गर्ने र ग्रहण गर्ने दोश्रो प्राथमिकताको विषयवस्तु बनिरहेको छ जुन स्वभाविक पनि हो ।

वि.सं. २०७१ मा सुर्खेत, बर्दिया र मधेसको क्षेत्रमा बाढी आएको समयमा अस्थायी सिकाइ केन्द्रहरु निर्माण गरेर शैक्षिक कार्यक्रमलाई निरन्तरता दिइएको अनुभव अहिले पनि ताजै छ । शिक्षाका राष्ट्रिय उद्देश्यमा समेत विपद् जोखीम न्यूनीकरण गर्ने कार्यसँग सम्बन्धित एउटा उद्देश्य थप गरियो । वि.सं. २०७२ मा आएको विनाशकारी भूकम्पबाट विशेष गरी १४ जिल्लाका सयौं विद्यालय तथा लाखौ विद्यार्थीहरु प्रभावित हुँदा उक्त समयमा शैक्षिक कार्यक्रमलाई निरन्तरता प्रदान गर्न धेरै मेहनत गर्न पर्यो । पूर्वाधारहरुको व्यवस्थापन गर्न हालसम्म पनि पूननिर्माण परियोजनाले निर्माणको कार्य गर्दै आएको छ । सो समयमा साविकको शैक्षिक जनशक्ति विकास केन्द्रबाट कक्षा ९ र १० का अनिवार्य विषयहरुका पाठहरुको भर्चुअल कक्षा उत्पादन गरी रेडियो तथा टेलिभिजनबाट ब्रोडकास्टिंग पद्धतिबाट प्रसारण गर्ने कामको सुरुवात गरिएको थियो । विद्यालय सुरक्षाका तीन वटा स्तम्भहरुनै कमजोर भएको हाम्रो मुलुकमा एकातिर कोरोना भाइरसबाट सबैभन्दा बढी प्रभाव आर्थिक र शिक्षा क्षेत्रमा नै पर्ने देखिन्छ भने अर्कोतिर बाढी र पहिरोको जोखिममा पनि विद्यालयहरुलाई सुरक्षित गराउनुपर्ने बाध्यता हामी सामू अगाडी आएको छ ।

## रुपान्तरण

कोभिड १९ ले सिर्जित परिस्थितिलाई अवसर र रुपान्तरणको औजारको रुपमा प्रयोग गर्ने वा विनास, अस्तव्यस्तता र अन्यौलताको वातावरणका रुपमा स्थापित गर्ने यसमा हामी सबैले गम्भीर रुपमा सोच्नुपर्ने अवस्था रहेको छ । यहिँ समस्याकै बीचमा वा पछि विद्यालय सञ्चालन गर्दा वा विद्यालय शिक्षाका कार्यक्रमलाई निरन्तरता दिँदा यो समय र परिस्थितिले शिक्षक, विद्यार्थी, अभिभावक तथा अन्य शैक्षिक सरोकारवालाहरुको भूमिकामा आमूल परिवर्तन माग गरेको छ । यो विषम परिस्थितिले शिक्षकले प्रयोग गर्ने परम्परागत विधिहरुमा रुपान्तरण खोजेको छ । जागिरमुखी सोंचलाई सेवामुखी बनाउन खोज्दैछ । सूचना तथा सञ्चार प्रविधिको सिकाइमा अधिकतम प्रयोग गर्ने अवसरको जन्म दिँदैछ । एक्काइसौं शताब्दिको भौतिक संसारको शक्तिलाई पछ्याउँदै शिक्षक र विद्यार्थीहरुलाई प्रविधिमैत्री बनाउन बाध्य बनाईंदैछ । शिक्षकको भूमिका सहजकर्ता मात्र होइन, परामर्शदाता बनाउँदैछ । निर्देशकमात्र हैन एक असल सहयोगी बनाउँदैछ । शिक्षाकर्मीमात्र हैन एक मनोवैज्ञानिक र असल अभिभावक पनि निर्माण गर्दैछ । प्रभाकारी र दिगो सिकाइका लागि ठाउँ, समय र विद्यार्थी सुहाउँदो शिक्षण विधिको रुपान्तरणकर्ता बनाउँदैछ । अनुसन्धानकर्ता बनाउँदैछ । खोजउन्मुख बनाउँदैछ । बालबालिकाहरुको अभ्यास कार्यलाई पूरा गर्न र उनीहरुमा सिकाइका सिलसिलामा देखिने समस्याहरुलाई दैनिक रुपमा समाधान गर्न एक जिम्मेवार श्रोतव्यक्तिका रुपमा परिचित गराउँदैछ । बालबालिकाको सिकाइमा खर्चिनुपर्ने समय बढ्दैछ । किताब समातेर कक्षाकोठामा भट्याउने शिक्षकलाई सिर्जनात्मकता र रचनात्मकतातर्फ डोर्याउँदैछ । सिकाइको तरिकामा आमूल परिवर्तन खोजिदैछ । पाउलो फ्रेरे, इभान इलिच आदिका पुस्तकहरुलाई स्वाध्ययन गर्नुपर्ने बनाइदैछ ।

विद्यार्थीमा समन्वय र सहकार्य, सिर्जनात्मकता, सञ्चार, खोज आदिजस्ता एक्काइसौं शताब्दिका आधारभूत सीपहरुको प्राप्तिमा उद्यत हुनुपर्ने बानी समयको माग बन्दैछ । कोभिड १९ बाट स्वयम् आफू सुरक्षित भई परिवार र समाजलाई समेत सुरक्षित गराउन सचेत गराउने एक जिम्मेवार नागरिकको भूमिका खेल्नुपर्ने दायित्व आइरहेको छ । सरसफाइ, खानपिनमा ध्यान, योग, व्यायम जस्ता कार्य गर्ने, शान्ति, अहिंशा, सहिष्णुता, मित्रता जस्ता मानवीय मूल्यहरुको अनुशरण गरी स्वःअध्यन, स्वः अनुशासन, आत्मनिर्भर, स्वाबलम्बी आदिजस्ता व्यवहार प्रदर्शनमा लाग्नु पर्ने अवस्था सिर्जना भएको छ ।

अबको अभिभावकको भूमिका बाबु, आमा वा अन्य नातामात्रै रहदैन । विद्यार्थीको एक असल शिक्षक बनेर घरमा सिकाइका लागि सहयोगी भूमिका निर्वाह गर्ने बेला आएको छ । घरायसी कार्य, सामाजिक मूल्य मान्यताको अनुसरण, धार्मिक सहिष्णुता, चालचलन रितिरिवाज आदि कार्यमा उनीहरुलाई समायोजन गराउने पाटोमा सहजीकरण गर्नुपर्ने देखिदैछ । बालबालिकाहरुको सहजकर्ता, मनोवैज्ञानिक, परामर्शदाता, सहयोगी, मध्यस्तकर्ता, सल्लाहकार आदिको भूमिकामा अभिभावकको पहिचान कायम हुँदैछ । विद्यालय पुन सञ्चालन भएको अवस्थामा आफ्ना बालबालिकाहरुलाई सुरक्षित साथ विद्यालयमा लैजान, घरमा ल्याउन तथा खाजाको उचित व्यवस्थापन गर्न पहिलेको भन्दा समय अलि बढी खर्चनुपर्ने अवस्था आउँदैछ । तसर्थ यस विषम परिस्थितिमा बालबालिकाको सुरक्षाको उपायलाई सबलीकरण गर्न, विद्यार्थीको स्वस्थता कायम गर्न तथा सिकाइमा सहयोग गर्न र सामूहिकता, समन्वयिकता र कुशल नेतृत्वको माध्यमबाट उत्थानशीलतामा विकास गर्ने उत्तरदायित्व तथा जिम्मेवारी अभिभावक तथा समुदायको रहने छ ।

यस परिस्थितिमा भौतिक संरचनाहरुको निर्मलीकरण, हाइजिनका अभ्यासहरुमा सबलीकरण र पठनपाठनमा सामाजिक दूरी कायम गर्ने पाटोमा शिक्षण संस्थाहरुले ध्यान दिन जरुरी छ । विद्यालय एक समाजको साझा छानो बन्नुपर्दछ । आफ्नो सेवाक्षेत्रमा रहेका सम्पूर्ण बालबालिका र सिंगो समुदायको आश्रयस्थल बन्न सक्नुपर्दछ । बालबालिकाहरुमा हालसम्म रहेको सिकाइको खाडललाई प्राथमिकताका साथ पूरा गर्ने गरी योजनाबद्ध ढंगले अगाडी बढ्नुपर्दछ । बालबालिकाहरुको वैयक्ति अध्ययनलाई सहयोग र समन्वय गर्दै शिक्षकहरुबाट एकल वा समूहमा मेन्टरिङ गर्न सकिने कार्यमा जोड दिनुपर्दछ । बालबालिकाहरुको सिकाइलाई निरन्तरता प्रदान गर्न उनीहरुको पहुँच, आवश्यक्ता, क्षमता आदिको आधारमा सहजीकरणका विभिन्न विकल्पहरु प्रयोग गर्नुपर्दछ ।

बालबालिकाको सिकाइलाई निरन्तरता दिने कार्यमा तीनवटै तहका सरकारहरु पनि त्यतिकै जिम्मेवार र उत्तरदायी बन्न जरुरी छ । यो अवस्थामा न त संघीय सरकारबाट गरिने निर्देशन र सूचना मात्र प्रयाप्त हुन्छ, न त प्रदेशबाट सहकार्य र समन्वय विना गरिएका योजनाहरुले नै काम गर्दछन् न त माथिबाट के आउँछ र गरौंला भनेर उँभोतिर हेरिरहने स्थानीय तहको हविगतले हामी कतै गैर जिम्मेवार बनिरहेका त छैनौ भन्ने प्रश्न सर्वत्र उब्जिरहेको छ । विद्यालयहरुलाई क्वारेन्टिनमुक्त बनाएर सुरक्षित बनाइनु पर्यो । सबै शिक्षकहरुलाई कार्यस्थलमा जानका लागि उपयुक्त वातावरण तयार गरिदिनु पर्यो । शैक्षिक गतिविधिहरुलाई निरन्तरता दिनका लागि आवश्यक पर्ने न्यूनतम सुरक्षाका साधनहरुको उपलब्धताको सुनिश्चितता हुनु पर्यो । शिक्षक र विद्यार्थीहरुको विमा गरिनु पर्यो । अभिभावक र सरोकारवालाहरुले विद्यालय सञ्चालन तथा व्यवस्थापनमा पूर्ण रुपमा सहयोग गर्नु पर्यो र अपनत्व लिनुपर्यो । तीन वटै तहका सरकारहरुले बालबालिकाको सिकाइलाई प्राथमिकतामा राखेर बजेट तथा कार्यक्रमहरु लागू गर्नु पर्यो ।

**अन्त्यमा,**

विद्यालय तथा विश्वविद्यालयका शैक्षिक गतिविधि ठप्प भएसँगै विद्यार्थीहरुमा पढ्ने सँस्कृति हराउँदै गइरहेको छ । उनीहरुमा मनोवैज्ञानिक तनाव सिर्जना भइरहेको छ । नैतिकता, अनुशासन जस्ता पक्षमा चुनौतिहरु देखिरहेका छन् । विद्यालयस्तरको शैक्षिक सत्र प्रभावित बनिरहेको छ । शैक्षिक सुशासन कमजोर बन्दै गइरहेको छ । शैक्षिक संस्थाप्रति अभिभावकको अपनत्व गुम्दै गइरहेको छ । शिक्षकहरुको पेसागत क्षमतामा अद्यावधिकताको समस्या पैदा भइरहेको छ । सरकारहरुका नजरमा शिक्षा समाज र देश रुपान्तरणको मियो बन्न सकिरहेको छैन । यस्तो अवस्थामा लामो समयसम्म विद्यार्थीहरुलाई नियमित शैक्षिक क्रियाकलापबाट टाढा राख्ने विषयले भविष्यमा डरलाग्दो असर पर्न सक्ने सम्भावना देखिन्छ । शिक्षा क्षेत्रमा पर्ने नकारात्मक असर वा प्रभावले विद्यार्थीहरुको मात्रै भविष्य बिग्रदैन, यसले सिंगो समाज र राष्ट्रको समग्र संरचनालाई नै दीर्घकालसम्म चिमोटिरहेको हुन्छ । त्यसैले यो महामारीको प्रकोपलाई देखाएर पहिले स्वास्थ्य अनि मात्रै शिक्षा भन्ने संकुचित मनोविज्ञान पालेर बस्नुहुँदैन ।
नेपालको सन्दर्भमा विद्यालय तथा विश्वविद्यालयको शैक्षिक कार्यक्रमहरुलाई निरन्तरता दिन चीन तथा विश्वका अधिकांश मुलुकले प्रयोग गरिरहेको आधुनिक प्रविधि र वेलायतजस्ता अन्य केही देशहरुले कार्यान्वयन गरेका प्याकेजिंग पद्धतिलाई प्रयोग गर्नुपर्ने एउटा विकल्प बन्न सक्छ । नेपालको शिक्षा क्षेत्रमा औपचारिकतामा सिमित रहेको संरचनालाई खुला, खुकुलो र सिकारुमैत्री बनाउने तथा उच्च शिक्षा प्रदान गर्ने विश्वविद्यालयहरुलाई अनुसन्धानको केन्द्र निर्माण गर्ने यो सुनौलो मौका पनि हो । इन्टरनेट, टेलिभिजनजस्ता सूचना तथा सञ्चारका आधुनिक प्रविधिहरुको पहुँचमा अत्यन्तै कम बालबालिकाहरु रहेको हाम्रो जस्तो देशमा शिक्षाका वैकल्पिक उपायहरु कार्यान्वयन गर्न चुनौतिपूर्ण छ नै । संविधानको साझा अधिकारको बुझाइमा देखिएको अस्पष्टताको फन्दामा परेको शिक्षा क्षेत्रलाई सधैं लकडाउन गरेर राखिरहनु कुनै पनि तहको सरकारको राम्रो काममा कदापि पर्दैन ।

तीन वटै तहका सरकारहरुबीच आपसी सहकार्य र समन्वय गरी सुरक्षाका सम्पूर्ण संयन्हरु प्रयोग गरेर विद्यालय तथा विश्वविद्यालयका शैक्षिक गतिविधिहरुलाई निरन्तरता दिन बाहेक अरु कुनै विकल्प छैन । संघीयताको कार्यान्वयनमा गएको मुलुकमा विद्यालय सञ्चालन गर्ने गराउने केन्द्रको निर्देशन र सहयोगको पर्खाइमा विद्यालयहरुलाई राख्ने कार्य यो भन्दा लज्जास्पद के हुन सक्छ ? तसर्थ स्थानीय तहहरुलाई आफ्नो अनुकूलतामा विद्यालय सञ्चालन गर्न गराउन सहजीकरणको जिम्मेवारी दिनु पर्यो । स्थानीय तह जिम्मेवार र उत्तरदायी बन्नुपर्यो । शिक्षण संस्थाहरुले शैक्षिक गतिविधिहरुको निरन्तरता दिन सम्पूर्ण संयन्त्र परिचालन गर्नुपर्यो । अभिभावक, शिक्षक र विद्यार्थीबीचको आपसी समन्वय, सहकार्य, विश्वास, प्रतिबद्धता र सावधानीका साथ सुरक्षाका सबै उपायहरु अवलम्बन गरी शिक्षालयहरु सञ्चालन गर्न र विद्यार्थीहरुले शिक्षा पाउने अधिकारलाई सुनिश्चित गर्न हामी सबैले आ-आफ्नो ठाउँबाट सहयोग गर्न जरुरी छ ।

# प्रदेश आयुर्वेद औषधालय व्यवस्थापन समितिका गतिविधि



**विनोद ढकाल***

२०१७ सालमा जिल्ला आयुर्वेद औषधालयको नामबाट स्थापना भएको आयुर्वेद औषधालयलाई हालको वीरेन्द्रनगर नगरपालिका वडा नं. ४ कालागाउँमा १ विगाह १० कट्ठा जग्गा अधिग्रहण गरि सेवा आरम्भ भएकोमा २०४१ सालमा राजा वीरेन्द्रको क्षेत्रीय भ्रमण सुर्खेतमा भएको बखत राजाको निर्देशन बमोजिम पछि त्यस्लाई भेरी अञ्चल आयुर्वेद औषधालयमा रुपान्तरण गरि तत्कालिन सिम्ता गाउँ पञ्चायतको बादे पिपलमा रहेको औषधालयलाई क्षेत्रीय सदरमुकाम वीरेन्द्रनगरमा स्थानान्तरण गरियो । सोहि औषधालयलाई हालको संघीय गणतन्त्र नेपालको कर्णाली प्रदेश सरकारबाट प्रदेश आयुर्वेद औषधालय नामाकरण भएको हो ।

यस्को सञ्चालन तथा व्यवस्थापनका निम्ति निम्न उद्देश्य सम्पादन गर्न, कर्णाली प्रदेश सरकार मन्त्रि परिषदको मिति २०७६ बैशाख १२ गतेको निर्णय अनुसार, प्रदेश सरकारको 'अस्पताल व्यवस्थापन समिति गठन आदेश २०७५ को दफा ७ उप दफा २(क) बमोजिम व्यवस्थापन समितिको गठन प्रदेश सरकारले गरेकोछ । समिति गठनका उद्धेश्यहरूः औषधालयको व्यवस्थापन तथा सञ्चालन, औषधालयको विकासका लागि अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा, आवश्यक श्रोत साधन जुटाउने, आयुर्वेदिक औषधी उत्पादन गर्ने व्यवस्था मिलाउने, औषधीजन्य जडिबुटीहरुको पहिचान र उत्पादनमा सहयोग पुऱ्याउने, औषधालयको बजेट स्वीकृत गर्ने, भौतिक सम्पतीको संरक्षण तथा मर्मत सम्भार गर्ने, औषधालयको शुल्क निर्धारण गर्ने, औषधालयको बार्षिक प्रतिवेदन प्रदेश सरकार समक्ष पेश गर्ने, आयुर्वेद उपचार पद्धतिको प्रवर्द्धन सम्बन्धी कार्य गर्ने आदि उद्धेश्यले औषधालय व्यवस्थापन समितिको गठन गरिएको हो ।

मन्त्रिपरिषदको निर्णय अनुसार सामाजिक विकास मन्त्री मा. दल रावल र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री मा. नन्दसिं बुढाको संयुक्त उपस्थितिमा मिति २०७६ वैशाख २३ गते प्रदेश आयुर्वेद औषधालय व्यवस्थापन समितिमा अन्य ५ जना पदेन सदस्य र एक जना स्वास्थ्य सेवामा अनुभवी स्थानीय महिला सदस्य सहित उक्त समितिले मनोनित गर्ने गरि ७ सदस्यीय व्यवस्थापन समितिको अध्यक्षमा मलाई नियुक्त गरिएको थियो । यस प्रकारको समिति अन्य प्रदेशमा नभएको व्यवस्था यस प्रदेशले पहिलो पटक प्रदेश सरकारबाट आयुर्वेद औषधालय व्यवस्थापन समिति"गठन गरिएको हो।

जस अनुसार अध्यक्ष, विनोद ढकाल, कर्णाली प्रदेश सरकारद्वारा मनोनित, सदस्यहरूः (पदेन) श्री देवकुमार सुवेदी वीरेन्द्रनगर नगर प्रमुख, श्री चेतननिधि वाग्ले जन स्वास्थय सेवा कार्यालय सुर्खेत, वरिष्ठ जन स्वास्थ्य अधिकृत, श्री धन बहादुर रावत, सुर्खेत उद्योग वाणिज्य संघ सुर्खेत, श्री पूर्णा कुमारी चालिसे प्रतिनिधि, जिल्ला समन्वय समिति

** लेखक प्रदेश आयुर्वेद औषधालय कर्णाली प्रदेश, सुर्खेतको व्यवस्थापन समितिका अध्यक्ष हुनुहुन्छ ।*

सुर्खेत, श्री टीका कुमारी अधिकारी व्यवस्थापन समितिद्वारा मनोनित, (स्वास्थ क्षेत्रमा अनुभवी स्थानीय महिला), सदस्य-सचिब डा. शंकर प्रसाद रिजाल, कार्यालय प्रमुख, प्रदेश आयुर्वेद औषधालय सुर्खेत ।

## व्यवस्थापन समिति गठन भए पश्चात औषधालयमा भएका कृयाकलापहरू :

१) औषधालय पुग्न पक्की सडक नहुनाको कारण सेवाग्राहीहरु र कर्मचारीलाई आवागमनमा कठिन भैरहेको महशुस गरि समितिको अनुरोधमा तत्कालीन भौतिक पूर्वाधार विकास मन्त्री ज्यूको निर्देशन अनुसार औषधालय जाने सडक कालोपत्रे हुने । (हाल सडक कालोपत्रे निर्माण कार्य सुचारू भई रहेको ।)

२) औषधालय परिशरमा पक्की प्रवेश द्वार, गाडि पार्किंग ग्यारेज, सेवाग्राहिहरूका निम्ति प्रतीक्षालय, ३ कोठे माथिल्लो तला कार्यालय कक्ष निर्माण गत बर्षमै सम्पन्न भएको ।

३) पुरानो भवनको माथिल्लो तला थप, उक्त तला गत बर्ष सम्पन्न नभएकाले हाल सम्पन्न गर्ने कार्य प्रदेशकै एक मात्र सुविधा सम्पन्न योगा हल निर्माण कार्य अन्तिम चरणमा भई रहेको छ। त्यसै गरि प्रवेश द्वार देखि भित्र औषधालय परिशर ब्लक बिच्छाई रंगी चंगी फूलहरू लगाउने कार्य पनि भइरहेको छ ।

४) औषधालयको मुख्य आकर्षण मानिएको पञ्चकर्म सेवाका सामग्री जीर्ण भै सकेकाले विशेष प्रकारका सामग्रीहरु काठमाण्डूबाट खरिद गरि ल्याई सेवाग्राहीहरूलाई सर्व सुलभ सेवा प्रवाह गरिई रेकोछ ।

५) पञ्च कर्म सेवामा पाईल्स, फिष्टुला, फिशर,साईनस, स्नेहन, स्वेदन (एकांग,सर्वांग) शीरोधारा,नष्य, वमन,सिरेचन, आदि रोगबाट पीडित अधिकांश सेवाग्राहीको समस्यालाई ध्यानमा राखि क्षारशुत्र विधिको उपचार थालनी गरिएको ।

६) विभिन्न रोगबाट ग्रस्त बिमारीहरू तथा सर्वसाधारण नागरिकहरुलाई आयुर्वेद पद्धति र आयुर्वेद औषधालयबारे अवगत नभएको अवस्थालाई ध्यानमा राखी स्थानीय टेलिभिजन, रेडियो, पत्र/पत्रिका, ब्रोशर तथा पोष्टरहरु, सामाजिक सञ्जाल, आदि । यस प्रकारको प्रचार माध्यमबाट अब अधिकांश नागरिकहरूलाई सरकारी आयुर्वेद अस्पताल छ भन्ने जानकारी नभई निजी औषधी पसललाई नै आयुर्वेद अस्पताल भन्ने सोचलाई परिवर्तन गरि सरकारको अस्पताल छ यहाँ हरेक औषधी निःशुल्क पाईने रैछ भन्ने धारणाको विकास भएकोछ ।

७) समितिको बहाली पछि औषधालयबाट निम्न सेवाहरू नियमित गर्ने परिपाटीको थालनी भएको छ । निःशुल्क ओ.पि.डी. (बहिरंग) सेवा निःशुल्क औषधी वितरण (विभिन्न ३६ प्रकारका औषधी), प्रयोग शाला पञ्चकर्म (विहानी तथा सायम् कालीन र कार्यालय समयमा) । ज्येष्ठ नागरिक स्वास्थ्य रक्षा कार्यक्रम स्तनपायी आमाका लागि निःशुल्क स्वास्थ्य वर्द्धक औषधी वितरण (प्रदेश अस्पताल, प्रा.स्वा.के. साल्कोट र मेहलकुनामा समेत,) स्वास्थ्य जीवन शैली कार्यक्रम, आयुर्वेद तथा जडिबुटी र जडिबुटी सम्बन्धी जन चेतनामूलक कार्यक्रम, निःशुल्क आयुर्वेद विशेषज्ञ र गाउँ शहर स्वास्थ्य शिविर कार्यक्रम र विद्यालय आयुर्वेद शिक्षा कार्यक्रम आदि सञ्चालित छन् भने भिडियो एक्सरे सेवाका लागि पनि USG Machine खरिद गरि सकिएकोछ । जनशक्ति व्यवस्थापन गरि सञ्चालन हुने क्रममाछ ।

८) हालको विश्वब्यापी विषम परिस्थिति COVID-19 रोग संक्रमण रोकथाम तथा नियन्त्रण कार्यमा यस प्रदेश आयुर्वेद औषधालयले महत्वपूर्ण भूमिका निभाएको छ । यस क्रममा राजधानी वीरेन्द्रनगर स्थित र उपत्यका बाहिरका पञ्चपुरी, चौकुने,लेकबेशी, गुर्भाकोट नगर तथा गाउँ पालिकाहरुका विभिन्न क्वारेन्टाईनका साथै आईसोलेशन वार्ड, कोरोना विशेष अस्पतालमा रहेका संक्रमित नागरिकहरू,त्यहाँ खटिएका स्वास्थ्य कर्मी/सुरक्षाकर्मीहरुलाई र सल्यान जिल्ला अस्पतालमा समेत रोग प्रतिरोधी क्षमता बृद्धि गराउने विभिन्न औषधीहरू वितरण र रोग नियन्त्रण र यसबाट बच्ने उपाय बारे स्वास्थ्य शिक्षा दिनुका साथै तनाव

व्यवस्थापनका लागि दक्ष प्रशिक्षकद्वारा योग र ध्यानका माध्यमबाट स्वस्थ जीवन शैली प्रशिक्षण () आयुर्वेद पद्धतिको श्वेदन (Steam bath) लगायत विभिन्न पञ्चकर्म सेवाबाट यस प्रदेशका विशिष्ट व्यक्तित्वहरु (प्रदेश प्रमुख, मुख्य मन्त्री, सबै मन्त्रीहरू, प्रमुख सचिब लगायत केहि मन्त्रालयका सचिबहरू, लगायत विभिन्न लब्ध प्रतिष्ठित व्यक्तित्व तथा सर्व साधारण नागरिकहरु लाभान्वित हुनु भएकोछ ।

१०) विगतको तुलनामा समिति गठन पछिको अवधिमा सेवाग्राहीहरुको चाप अत्याधिक बढेको तर स्वीकृत दरबन्दीको अभावमा प्रयाप्त सेवा प्रदान गर्न नसकिएको अवस्थालाई ध्यानमा राखि व्यवस्थापन समितिको निर्णय अनुसार विभिन्न सेवा अन्तरगत समिति कोष र अन्य कार्यक्रमबाट व्यहोरिने गरि ५ जना करार सेवा जनशक्ति नियुक्त गरि औषधालयको सेवा विस्तार सहित अरु व्यवस्थित गरिएकोछ ।

११) समिति गठन पूर्व औषधालयमा १ मात्र सवारी साधन मोटर साईकल भएकोमा समिति गठनसँगै थप ५ वटा मोटर साईकल खरिदका लागि प्रदेश सरकार सामाजिक विकास मन्त्रालयबाट बजेट ब्यवस्था भई खरिद गरि समिति लगायत सबै सिनियर कर्मचारी र कार्यलय कामको प्रयोजनका लागि कार्यालय सहयोगीलाई समेत मोटर साईकल ब्यवस्था गरिएकोछ ।

१२) प्रदेश सरकारका अतिरिक्त वीरेन्द्रनगर नगरपालिका वडा नं ४ बाट औषधालय सेवा विस्तारका लागि रु.१ लाख व्यवस्थापन समिति कोषमा प्रदान भएको थियो भने, नगरपालिका कार्यालयबाट रु.२ लाख विभिन्न कार्यक्रमका लागि प्राप्त भएको थियो ।

१३) कर्णाली प्रदेशकै पहिलो उद्योगको रुपमा आयुर्वेद रुरल फार्मेशी द्वारा विभिन्न प्रकारका ९ थरी औषधी औषधालयबाटै उत्पादन गरि १० वटै जिल्लाका आयुर्वेद शाखाहरु तथा साल्कोट र मेहेलकुना PHC मा उक्त औषधीहरु आपूर्ति गरिएकोछ ।

१४) आगामी बर्ष २०७७/०७८ का लागि पनि नगरपालिकाको अनुदानलाई अरु बृद्धि गरि आयुर्वेद सेवालाई सहयोग निरन्तरता दिईने प्रतिबद्धता भएको छ । यसै गरि वीरेन्द्रनगर बाहेकका विभिन्न पालिकाहरूबाट पनि आयुर्वेद औषधालयलाई विशेष महत्वका साथ बजेट बिनियोजन गर्न अनुरोध गरिए अनुसार केहि पालिकाबाट आगामी बर्षका लागि आयुर्वेद कार्यक्रमका लागि बजेट ब्यवस्था गरिएको जानकारी प्राप्त भएका छन् ।

१५) प्रदेश सरकार सामाजिक विकास मन्त्रालयबाट समिति गठन पूर्व यस आयुर्वेद औषधालयलाई गत बर्षको बार्षिक बजेटमा १ करोड ८४ लाख ५५ हजार बिनियोजन गरिएको थियो भने समिति गठन पछि यस बर्षको बजेट बिनियोजनमा रु. ४ करोड २५ लाख ४ हजार बजेट प्राप्त भएको थियो । यसै गरि आगामी बर्ष २०७७/०७८ का लागि रू. ३ करोड १३ लाख ९७ हजार (निः शर्त बाहेक) स-शर्त बजेट बिनियोजन भएकोछ ।

१६) यस बर्ष औषधालयका लागि चार पांग्रे गाडि खरिदकालागि प्रदेश सरकारबाट रु.४० लाख रकम प्राप्त भएकोमा उक्त गाडि खरिद गर्न आर्थिक मामिला तथ योजना मन्त्रालयमा अनुमति माग गरे लगत्तै कोरोना संक्रमण र बन्दाबन्दीको कारण उक्त अनुमति प्राप्त नभै गाडि खरिदको काम हुन सकेको छैन ।

१७) भौतिक अवस्थामाः विद्यमान भौतिक संरचनालाई व्यापक सुधार गर्दै हाल चिकित्सकीय साथै प्रशासनिक कक्षहरूको अभाव भएकाले भई रहेको भवनको तला थप र सोको माथि विभिन्न प्रयोजनका लागि कोठा निर्माणको कार्य भई रहेकोछ भने, सुविधा सम्पन्न एकै पटक १०० जना सम्मलाई योग तथा ध्यान गर्न मिल्ने प्रदेशकै एक मात्र व्यवस्थित योगा हलको निर्माण कार्य भई रहेकोछ । उक्त हल सम्पन्न भए पश्चात स्वास्थ्य निकायका विभिन्न कार्यक्रमहरू र अन्य कार्यालय, संघ सस्थाकालागि पनि उपयोगी सिद्ध हुने

दृष्टिकोण राखिएकोछ । यसै गरि औषधालय परिशरमा ब्लक बिछ्याई त्यससँगै रमणीय वातावरणका लागि विभिन्न प्रजातीका फूल विरुवाहरू लगाउने कार्यको थालनी भई रहेकोछ ।

१८) यस औषधालयलाई १५ शैयाको आयुर्वेद अस्पताल र औषधी निर्माणशाला भवन (Farmacy building) निर्माणका लागि विशेष पहल गरिएको ।

१९) यस बर्षको अन्तर्राष्ट्रिय योग दिवस २१ जुन (असार ७ गते) प्रदेश क्वारेन्टाईनमा योगा प्रशिक्षण, कोरोना विशेष अस्पताल तथा क्वारेन्टाईनहरुमा रोग प्रतिरोधी विभिन्न निःशुल्क औषधी वितरण साथै औषधालय परिशरमा विभिन्न प्रजातीका १०० वटा औषधी जन्य विरूवाहरू रोपेर मनाईएको ।

## हाल औषधालयमा कार्यरत कर्मचारी विवरण

स्वीकृत दरबन्दीमा १ आयुर्वेद चिकित्सक आठौं, १ कविराज निरीक्षक छैठौं, ,१ वैद्य निरीक्षक छैठौं, १ लेखापाल (छैठौं), १ ल्याब टेक्निसीयन (पाँचौं), १ वैद्य (चौथो) २ कार्यालय सहयोगी र करार सेवामा १ आयुर्वेद चिकित्सक, १ वैद्य, १ कार्यालय सहायक र ४ जना कार्यालय सहयोगी गरि जम्मा १५ जनशक्ति  कार्यरत छन् ।

## औषधालयका  आगामी योजनाहरूः

१) प्रदेश स्तरीय औषधालय भए तापनि हालको दैलेख,कालिकोट,डोल्पा,हुम्ला भन्दा पनि कम दरबन्दी रहेको यस औषधालयलाई तत्काल १५ शैयाको अस्पतालको रुपमा विस्तार गरि सोहि अनुसारको जनशक्ति दरबन्दी, विविध गुणस्तरीय सेवाको रेफरल सेण्टर र शिक्षण अभ्यास सहितको अत्याधुनिक प्रविधि सहितको अस्पताल बन्नेछ । यस्का निम्ति आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागको पहलमा स्वास्थ्य तथा जन संख्या मन्त्रालयबाट अस्पताल निर्माणका लागि कार्यक्रम स्वीकृत भई शहरी विकास तथा भवन निर्माण विभाग द्वारा प्रदेश आयुर्वेद अस्पताल बन्नेछ । यस्कालागि प्रकृया अगाडि बढि आगामी बर्षको शुरूमै टेण्डर हुने क्रममाछ ।

२) हाल यस औषधालयबाट उत्पादन गरिएका औषधीहरू पाउडर फममा मात्र गरि रहेको अवस्था छ भने, आगामी दिनमा ट्याब्लेट, क्याप्सुल, सिरप, मलहम आदि फममा बनाउनका लागि अत्याधुनिक खाले औषधी निर्माणशाला (Farmacy building) बनाउनका लागि DPR तयार भई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वीकृतिमा शहरी विकास तथा भवन विभाग द्वारा सम्पूर्ण प्रकृया पूरा गरि टेण्डर हुन मात्र बाँकी रहेकाले आगामी बर्ष २०७७/०७८ को शुरुमै टेण्डर आव्हान भई क्रमागत रुपमा भवन निर्माण कार्यको थालनी हुनेछ ।

३) कर्णाली प्रदेश आफैमा जडिबुटीको खानी भए तापनि ,यस औषधालयमा उत्पादन गरिने जडिबुटीहरु विद्यमान कानूनी ब्यवस्थाका कारण आफ्नै प्रदेशमा खरिद गर्न नसकिने बाध्यात्मक प्रावधानलाई कर्णाली प्रदेश सरकारबाट समाधान गरि, हाल काठमाण्डौ तथा अन्य वैधानिक संकलकहरुबाट जडिबुटी खरिद गरिनु परेको अवस्थाको अन्त्य भई आफ्नै प्रदेशको ताजा जडिबुटी प्रदेशमै संकलन गरिएका जडिबुटी खरिद तथा संकलन गरिनेछ ।

४) वर्तमान अवस्थामा औषधालयको रुरल फार्मेशी द्वारा उत्पादित औषधीहरु पाउडरको रूपमा मात्र निर्माण गरिएको प्रणालीलाई अत्याधुनिक औषधीशालाको निर्माण पश्चात सुगन्धित ट्याब्लेट,क्याप्सुल,सिरप तथा मलहम आदि फममा निर्माण गरी कर्णाली प्रदेशको झलक दिने प्रकारको लेबलिंग सहित आकर्षक प्याकिंग

गरि,आयुर्वेद औषधीमा कर्णाली प्रदेशलाई आत्म निर्भर गराई अन्य प्रदेश तथा छिमेकी मुलुक लगायत तेश्रो मुलुक सम्म निर्यात गर्ने उद्धेश्यका साथ औषधी उत्पादन गरिनेछ ।

५) हाल कर्णाली प्रदेशका विभिन्न जिल्लामा पाईने विभिन्न प्रकारका हत्वपूर्ण र बहुमूल्य जडिबुटीहरू बिचौलियाहरूद्वारा अवैध रूपमा संकलन गरि नेपालगञ्ज ट्राञ्जिट बनाई छिमेकी मुलुक तथा स्वदेशकै पनि विभिन्न स्थानमा निर्यात हुने गरेका जडिबुटीलाई अब जडिबुटीको संरक्षण पनि गर्ने कार्य सहित यसै प्रदेशको जुम्ला,चौरजहारी (पश्चिम रूकुम) र प्रदेश राजधानी सुर्खेतको प्रदेश आयुर्वेद परिशरमा मुख्य संकलन केन्द्रमा बनाई आयुर्वेद विभागको "जडिबुटी भण्डारण नीति २०७६" अनुसार संकलन तथा भण्डारण गर्ने । यस्ले गर्दा बर्षौं सम्म कुहिएर,सडाएर निर्यात गर्ने प्रबृत्तिको पनि अन्त्य हुनेछ । यस कार्यका निम्ति सामाजिक विकास मन्त्रालयको आयोजनामा आयुर्वेद तथा वनस्पति विज्ञ,वन डिभिजन, घरेलु तथा साना उद्योग कार्यालय,उद्योग बाणिज्य संघ, जडिबुटी संकलक, विभिन्न सरोकारवाला निकायहरु सम्मिलित बृहत गोष्ठीबाट विभिन्न महत्वपूर्ण निर्णय सहित बृहत योजनाको कार्यपत्र तयार गरि कर्णाली प्रदेश सरकारलाई बुझाई सकिएकोछ ।

६) कर्णाली प्रदेशको महत्वपूर्ण पर्यटकीय स्थल "रारा ताल" जाने पर्यटकहरुको सुविधालाई ध्यानमा राखि उपयुक्त स्थानमा आयुर्वेद उपचार तथा श्वेदन (Steam bath), शारोधारा लगायतका पञ्चकर्म सेवा सञ्चालन गरिनेछ । यसै शिलशीलामा उपयुक्त स्थानको छनौट गरि कर्णालीका महत्वपूर्ण जडिबुटीहरू मात्रै भएको आकर्षक र मनमोहक हर्बल उद्यान समेत निर्माण गर्ने पनि आगामी बर्षको योजना बनाईएको छ ।

७) प्रदेश औषधालयको रुरल फार्मेशी कार्यक्रमद्वारा निर्मित विभिन्न प्रकारका महत्वपूर्ण औषधीहरू प्रदेश अन्तरगतका सबै जिल्लाहरूमा हस्तान्तरण गर्न, विशेषज्ञ स्वास्थ्य घुम्ती सेवा, गाउँ शहर क्लिनिक सञ्चालन, जिल्ला स्थित आयुर्वेद कार्यक्रमको अनुगमन तथा सहजीकरण, विभिन्न भू-भागमा पाईने महत्वपूर्ण जडिबुटी पहिचान,संकलन, प्रशिक्षण तथा विभिन्न स्थानमा रहेका आयुर्वेद अस्पताल, औषधी उद्योग, अनुसन्धानशाला, वनस्पति उद्यान आदिको अवलोकन साथै अन्य अत्यावश्यक सेवाका लागि एउटा गाडीको आवश्यकता महशुस गरि व्यवस्थापन समितिको निर्णयानुसार सामाजिक विकास मन्त्रालयमा चार पांग्रे सवारी साधन माग भए बमोजिम मन्त्रालयबाट गाडि खरिदको लागि आवश्यक बजेट व्यवस्था गरि आर्थिक मामिला तथा योजना मन्त्रालयबाट खरिद अनुमतिका लागि अनुरोध गरिएकोछ ।

८) औषधालय परिशरको १ सय मिटर पर्खालमा सर्वसाधारणलाई आयुर्वेद उपचार, विभिन्न नसर्ने रोगहरु, स्वस्थ जीवनशैली, जडिबुटीजन्य वनस्पति लगायत विभिन्न जनचेतनामूलक सूचना तथा जानकारीहरू उल्लेख भएका भित्ते लेखन गरिनेछ ।

९) विश्वव्यापी महामारी COVID-१९ रोग संक्रमण रोकथाम तथा नियन्त्रण कार्यलाई नेपाल सरकारको आयुर्वेद प्रोटोकल अनुसार सेवा प्रवाहलाई निरन्तरता दिन रोग प्रतिरोधी औषधीहरू वितरण र स्वस्थ जीवनशैली परिवर्तन तथा स्वास्थ्य शिक्षा कार्यक्रमलाई प्रदेश अन्तरगतका सबै जिल्लामा विस्तार गरिनेछ ।

१०) वर्तमान अवस्थाको जन शक्ति, भौतिक पूर्वाधार, चिकित्सकीय, प्रशासनिक तथा विविध समस्या समाधानका निम्ति, औषधालय प्रशासन, व्यवस्थापन समितिको संयुक्त प्रयासबाट असम्भव देखिएका कार्यका निम्ति समस्या समाधान गर्न प्रदेश सरकार, आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग, संघीय सरकारका साथै विभिन्न निकायसँग समन्वय गरि औषधालयलाई स्तरीय उपचारात्मक सेवाका साथै भौतिक सुधार गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

# कोभिड १९ र आयुर्वेद चिकित्सा पद्धति



डा. शंकरप्रसाद रिजाल*

**पृष्ठभूमि :**

परापूर्वकालदेखि नै विश्वमा बेला बेलामा अनेक किसिमका महामारीहरु देखिदै आएको छ । कोभिड १९ को महामारी छिमेकी राष्ट्र चीनको हुवेइ प्रान्तको वुहान शहरबाट डिसेम्बर ३१, २०१९ मा शुरु भइ विश्वव्यापी महामारीको रुपमा फैलिएको हो । यो संक्रमणको कारण SARS CoV 2 नामक भाइरस हो । हालसम्म २१२ भन्दा बढी देशहरु यस महामारीको चपेटामा परिसकेका छन् । द्वितीय विश्वयुद्ध पछि मानव सभ्यतामाथिको यो ठूलो संकटको रुपमा आएको छ । हाम्रो देश नेपालमा पनि यो महामारी फैलिसकेको छ । यो एउटा स्वास्थ्य संकट मात्र नभएर यसले विश्व अर्थतन्त्र, समाजिक व्यवहार, रीति संस्कृतिमा ठूलो असर पारेको छ । हालसम्म यस संक्रामक रोगको कुनै खास भ्याक्सिन वा औषधि पत्ता लागि नसकेको अवस्थामा हजारौ वर्षको इतिहास बोकेको र समयको कसीमा अव्वल साबित भएको आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्धति जस्तै योग, प्राकृतिक चिकित्सा, यूनानी, होमियोपैथि तथा अन्य परम्परागत चिकित्सा पद्धतिमा वर्णित विविध श्वासप्रश्वासजन्य, ज्वरजन्य विकारहरुको उपचार र व्यवस्थापनमा प्रयोग हुने औषधि वा उपक्रमहरु यस रोगमा पनि लाक्षणिक उपचारका दृष्टिकोणले उपयोगी हुने देखिन्छ । यस रोग विरुद्धमा कुनै औषधि र खोप नबने हुदा साथै आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्धति मा वर्णित **रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धि** गर्न सक्ने औषध द्रव्यहरु तथा उपक्रमहरुले कोभिड १९ जस्तो संक्रामक रोगको रोकथाम तथा उपचार व्यवस्थापनमा यो अवस्थामा सकारात्मक भूमिका खेल्न सक्दछ ।

## आयुर्वेद तथा वैकल्पिक चिकित्साको परिप्रेक्ष्यमा कोभिड-१९

आयुर्वेदमा महामारीको अवस्थालाई (**जनपदोध्वंस**) शब्दले बुझ्न सकिन्छ । आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्धतिले कोभिड १९ संक्रमणको लक्षणहरुको आधारमा यसको व्यवस्थापनमा भूमिका खेल्नसक्छ । आयुर्वेद मतानुसार यसमा दोषहरुको संलग्नता विचार गरि यसको प्रमुख लक्षण ज्वर, सुख्खा खोकी, श्वासप्रश्वासमा कठिनाइ आदिलाई विचार गरि ज्वरसँग समन्वय गर्न सकिन्छ । यद्यपि आयुर्वेदले रोगहरुको जीवाणुगत निदानलाई विस्तृत वर्णन नगरेतापनि वर्तमान संक्रमण र महामारीको अवस्थालाई (**जनपदोध्वंस**) अन्तर्गत सारगत रुपमा बुझ्न सकिन्छ । दूषित वायु, दूषित जल, दूषित देश र काल दुष्टि जनपदोध्वंसका कारणहरु मानिन्छ । (**जनपदोध्वंस**)मा पनि एकै समयमा ठूलो जनसंख्या प्रभावित हुन्छन् । आयुर्वेदमा आरोग्य वा निरोग भनेको के हो ? यस सम्बन्धमा सुश्रुत संहिता भन्छ । **तद्दुःखसंयोगा व्याधय उच्चयन्ते । तेचतुर्बिद्या-आगन्तव शारिराःमानसा, स्वाभाविकाश्चेती ।** अर्थात, जसको संयोगबाट मनुष्यलाई दुःख हुन्छ, त्यसैलाई रोग भनिन्छ । रोग चार प्रकारका हुन्छन् । आगन्तुक, शारीरिक, मानसिक र स्वभाविक । अतः कोरोना **आगन्तुक रोग हो ।** आयुर्वेद एक पूर्ण चिकित्सा पद्धति हो । अंग्रेजी

---

* *लेखक प्रदेश आयुर्वेद औषधालय, सुर्खेतको कार्यालय प्रमुख हुनुहुन्छ ।*

नाम वा हाल पत्ता लागेको हो भन्दैमा त्यो रोग बिल्कुलै नयाँ हो भन्न पनि सकिदैन उदाहरणका लागि आयुर्वेदको पुरानो ग्रन्थ सुश्रुत संहितामा रोग सर्ने तरिका बारे आजको २१ औ शताब्दीमा हेर्दा पनि केहि फरक देखिदैन ।

*प्रसंगाद्गात्रसंस्पर्शान्निःश्वासात् सहभोजनात् । सहशय्यासनाच्चापि वस्त्रमाल्यानुलेपनात् ॥*
*कुष्ठं ज्वरश्च शोषश्च नेत्राभिष्यन्द एव च । औपसर्गिकरोगाश्च संक्रामन्ति नरान्तरम् ॥ सु.नि. ५-३२/३३*

अर्थात् रोगीसँग संसर्गबाट, शरीरमा स्पर्श गर्नाले, श्वासप्रश्वासबाट, एकैसाथ भोजन गर्नाले, एकै ओच्छ्यानमा सुत्नाले तथा रोगीको कपडा, माला र अन्य सामग्रीको प्रयोगबाट कुष्ठ, ज्वरो, राजयक्ष्मा, नेत्र रोग आदि रोग एक मानिसबाट अरुमा संक्रमण हुनसक्छ । यस्तो समस्यालाई आयुर्वेदमा जनपदोद्ध्वंससँग दाजेर त्यसै अनुरूपको व्यवहार र नियमको पालना गर्नाले यसबाट बच्न सकिन्छ । साथै यदि आयुर्वेदमा बताइएका अति सरल र सुलभ कर्महरू गर्नाले सारा संसार सुख र खुसीका साथ जीवन व्यतीत गर्न सक्छ भन्ने विश्वास छ । कोभिड १९ को लक्षण तीव्र ज्वर, सुख्खा खोकी, श्वासप्रश्वासमा कठीनाइ, पखाला लाग्ने, वान्ता हुने, टाउको दुख्ने आदि छन् । कसै कसैमा गन्ध र स्वाद अनुभूतिमा ह्रास आउने हुनसक्छ । यी लक्षणहरु ज्वरमा पनि देखिन्छन् । तसर्थ ज्वरको वर्गीकरण अनुसार यसको **सुरक्षात्मक, उपचरात्मक, प्रवर्धनात्मक** उपायहरुको आधारमा कोभिड १९ को पनि व्यवस्थापन गर्न सकिन्छ । कोभिड १९ मा हुने निमोनिया तथा फोक्सो, कलेजो, मृगौला आदि अंगहरुको निष्क्रियता ज्वरको व्यापदमा उल्लेखित लक्षण समान हुन्छन् । यस्तो उपद्रवहरुको व्यवस्थापन गाह्रो हुन्छ ।


### १. रोकथामका उपायहरु

आयुर्वेदमा **स्वास्थ्य व्याक्तिको स्वास्थको रक्षा र रोगीको रोग निवारण प्रमुख २ उदेश्य छन ।** अतः आयुर्वेद तथा वैकल्पिक चिकित्सामा **स्वास्थ्य रक्षार्थ दिनचर्या, ॠतुचर्या र आचार रसायनको पालन, जीवनशैलि परिवर्तन, प्राकृति खानपान आदिले** संक्रामक रोगहरु विरुद्ध व्याधिक्षमत्वको (Immunity power) अभिवृद्धि गर्न आवश्यक मदत गर्दछ । यी सुरक्षात्मक उपायहरु **स्वस्थ** र **अस्वस्थ** सबैको लागि उपयुक्त हुन्छ ।

१) **स्वस्थ्य व्यक्तिहरुकोलागि सुरक्षात्मक उपायहरु**

**क)** **Home Made Sanitizers:** गुणस्तरीय अल्कोहल बेस्ड स्यानिटाइजर वा घरेलुस्तरमा आफैले बनाउन सकिने हर्बल स्यानिटाइजरको प्रयोग । यसको लागि निमको पात, तुलसीको पात, घृतकुमारीको पात, तितेपाती र सुकेको लसूनको गानो सबै बराबर भागमा लिई तयार पारिएको सम्मिश्रणलाई चार गुणा बढी पानीमा हालेर एक चौथाई भाग रहून्जेल पकाउने । त्यसपछि त्यसलाई सफा कपडा वा छान्नेले छानेर त्यसमा प्रति १०० मि.लि. काँढामा १ ग्रामको दरले शुद्ध फिटकिरीको धूलो मिसाइ स्यानिटाइजर तयार पारी हात पुछ्न, जीउको अन्य भाग पुछ्न वा प्राकृतिक विसंक्रामकको रुपमा प्रयोग गर्न सकिन्छ ।

Annex-1: Home Made Remedy




**ख) दैनिक रुपमा तपशील बमोजिमको योगासन वा चिकित्सीय योगाहरु गर्ने :**

- सूर्यनमस्कार, धनुरासन, गोमुखासन, उष्टासन, भुजङ्गासन, सेतुबन्धनासन, पदमासन कम्तिमा **१०** मिनेट ।
- प्रणायाम (अनुलोम विलोम, कपालभाँती, भस्त्रिका र भ्रामरी ) वा श्वासप्रश्वास व्यायाम (कुर्सिमा गरिने श्वासप्रश्वास व्यायाम, हात बाहिर तथा भित्र गरी गरिने श्वासप्रश्वास व्यायाम) कम्तीमा **१०** मिनेटसम्म ।
- शिथिलीकरण व्यायाम (मेरुदण्ड मर्काउने, जोर्नीहरु गतिशील पार्ने व्यायाम) **१०** मिनेटसम्म ।
- ध्यान वा मेडिटेसन (ओमकार उच्चारण, मेडिटेसन, संगीत उपचार) **१५** मिनेटसम्म ।

यी सम्पूर्ण क्रियाहरु कम्तीमा **३० देखि ४५** मिनेटसम्म विहानको समयमा गर्न उपयूक्त हुन्छ ।

**ग)** प्रतिदिन पटक पटक गरी २ देखि ३ लिटर सम्म मनतातो पानी खाने ।

**घ)** च्यवनप्राश १ ठूलो चम्चा (१० ग्राम) विहान खाली पेटमा सेवन गर्ने वा ताजा अमला वा अमला चूर्ण ६ ग्राम विहान बेलुका मनतातो पानीसँग दैनिक रुपमा खाली पेटमा  सेवन गर्ने । (मधुमेहका रोगीले चिनीरहित च्यवनप्राशको उपयोग गर्ने)

**ङ) गोल्डेन मिल्कको प्रयोग :** १५० मि.लि. मनतातो दूधमा आधा चम्चा बेसार र स्वाद अनुसार गुड वा सख्खर मिसाई विहान बेलुका वा राती सुत्नु पूर्व पिउने ।

**च) नस्य कर्म (Nasal dropes) :** नाक सुख्खा भएमा अणु तेल वा तिलको तेल वा तोरी वा सरस्यूको तेल वा गाईको घ्यू दुई दुई थोपा दुवै नाकको प्वालमा विहान बेलुका प्रतिमर्श नस्यको रुपमा हाल्ने ।

**छ) गण्डूष (Oral gargle) :** १ ठूलो चम्चा तिलको तेल वा तोरीको तेल मुखमा भरेर मुख बन्द गरी विस्तारै हल्लाउदै मुखमा २ देखि ३ मिनट सम्म राखी र पछि थुक्ने । त्यसपछि मनतातो पानीले कुल्ला गर्ने । यो प्रकृया दिनको एक वा दुइपटक सम्म गर्ने ।

**ज) जडिबुटी चिया वा काँढाको प्रयोग :** तुलसीको पात ४ भाग, दालचिनी २ भाग, शूठो २ भाग, मरिच १ भाग, कालो किसमिस १ भाग लिई खस्रो धूलो  पारी ३ ग्रामको मात्रा १ कप उमालेको पानीमा मिसाएर स्वाद अनुसार गुड वा कागतीको रस हाली चियाको रुपमा दिनको एक वा दुइ पटक प्रयोग गर्ने ।

**यौगिक सफाइ क्रिया** वा षटकर्म जस्तै जल नेति, कुन्जल विज्ञको रेखदेखमा  गर्ने ।

**सूर्यताप चिकित्सा :** विहान ७ देखि १० बजेसम्मको घाममा ३० मिनेट सम्म सूर्य स्नान गर्ने ।

१.१ **क्वारेन्टाइनमा, एकान्तवास वा आइसोलेसन वार्डमा बस्नेहरुको लागि**

**क)** १ लिटर पानीमा पुदिना र तुलसीको पात प्रत्येक ३ देखि ४ सम्म र ३ देखि ५ ग्राम बेसार हालेर उमालेर त्यसको वाष्प ५ देखि १० मिनट सम्म दिनको दुइ पटक सम्म वाफ लिने ।

**ख)** मनतातो पानीमा नून हालेर दिनको ४ देखि ६ पटक सम्म कुल्ला गर्ने । **प्रदेश आयुर्वेद औषधालयको अमृत चिया,** सिहंदरबार बैद्यखाना विकास समितिको तुलसी चिया वा अन्य तुलसी चिया वा गुडुची चिया वा माथि वर्णित तुलसी, दालचिनी, मरिच, शूठो, कालो किसमिस हालेर चाहिएको मात्रामा चिया पकाएर बिहान बेलुका चिया स्वाद अनुसार गुड, मह वा कागतीको रस हालेर । **ग)** सुख्खा खोकी वा घाँटी खसखस भएको खण्डमा १ ग्राम ल्वांङ्गको धूलो मह वा मिश्रीसँग मिसाएर २ देखि ३ पटक सेवन गर्ने । **घ)** माथि १ को **छ** मा उल्लेखित औषधिहरुले युक्त मनतातो पानी ले गण्डूष गर्ने । **ङ)** मााथि १ को क,ख मा वर्णित क्रियाकलापहरुको पालना गर्ने । **च)** माथि १ को घ, ङ **मा उल्लेखित** क्रियाकलापहरुको पालन गर्ने । **छ)** चित्रक हरितकी १ चम्चा (३ देखि ६ ग्राम) बिहान बेलुका मनतातो पानी वा मनतातो दूध सँग सेवन गर्ने । **ज)** यष्टीमधु चूर्ण १ चम्चा (३ देखि ६ ग्राम) मनतातो पानीसँग दिनको दुइ पटक । **झ)** महासुदर्शन चूर्ण (३ देखि ६ ग्राम) वा काँढा पकाएर ४० मि.लि. बिहान बेलुका । विशेषतः ज्वरो आएमा ।

## २. उपचार व्यवस्थापन

### २.१ कोभिड १९ पोजेटिभ अलाक्षणिक विरामीहरुको व्यस्थापन

**पहिलो सात दिन :**

- त्रिकटु चूर्ण २ ग्राम बिहान बेलुका मनतातो पानी वा दशमूल क्वाथ वा पथ्यादि क्वाथसँग ।
- सुदर्शन चूर्ण ३ ग्राम बिहान बेलुका मनतातो पानीसँग ।
- संशमनी वटी वा गिलोयोधन वटी २ वटी बिहान बेलुका मनतातो पानीसँग ।

**त्यसपछि रसायन चिकित्सा १५ देखि ३० दिनसम्म । यज्जराव्याधिनाशनम् तत् रसायनम् ।** अर्थात् जसले रोगको नाश गर्दछ साथै शरीरको रोगसँग लड्न सक्ने क्षमता वृद्धि गर्दछ त्यसलाइ रसायन भनिन्छ ।

- अश्वगन्धा चूर्ण वा क्याप्सूल वा टैबलेट : चूर्ण ३ देखि ६ ग्राम, १ वा २ क्याप्सूल वा टैबलेट बिहान बेलुका मनतातो पानी वा दूधसँग ।
- ब्राम्ही वटी वा चूर्ण : चूर्ण ३ ग्राम, १ वा २ टेबलेट बिहान बेलुका मनतातो पानी वा दूधसँग ।
- आमलकी चूर्ण ३ ग्राम, बिहान बेलुका मनतातो पानी वा दूधसँग
- च्यवनप्राश १ ठूलो चम्चा (१० ग्राम) विहान खाली पेटमा सेवन गर्ने वा ताजा अमला वा अमला चूर्ण ६ ग्राम विहान बेलुका मनतातो पानीसँग दैनिक रुपमा खाली पेटमा सेवन गर्ने । (मधुमेहका रोगीले चिनीरहित च्यवनप्राशको उपयोग गर्ने)

### २.१.२ कोभिड १९ पोजेटिभ र समान्य लक्षणयुक्त विरामीहरु सामान्य खोकी तर श्वासप्रश्वासमा कठिनाइ नभएको

१. **आम ज्वरको चिकित्सा शूण्ठीजल :** आवश्यकता अनुसार पटक पटक । **षडङ्ग पानीय** :चन्दन, पितपापडा, उशिर, मुस्ता, तगर (समायो), गम्भारी मिसाएर पकाएको पानी आवश्यकता अनुसार पटक पटक पिउने । **चित्रकादी वटी :** २ वटी बिहान बेलुका मनतातो पानी सँग ।

**तत् पश्चात ७ देखि १५ दिन सम्म**

- **त्रिकटु चूर्ण** २ ग्राम बिहान बेलुका मनतातो पानी वा दशमूल क्वाथ वा पथ्यादि क्वाथ संग । **सुदर्शन चूर्ण** ३ ग्राम बिहान बेलुका मनतातो पानीसँग । **संशमनी वटी वा गिलोयध्न वटी** २ वटी बिहान बेलुका मनतातो पानीसँग । **तालीशादि चूर्ण** वा सितोप्लादि चूर्ण ३ देखि ६ ग्राम, बिहान बेलुका मनतातो पानी वा महसँग । तत् पश्चात १५ देखि ३० दिन सम्म माथि उल्लेखित **रसायन** चिकित्सा

**२.१.३ कोभिड १९ पोजेटिभ र सम्पूर्ण लक्षणयुक्त विरामीहरु तर भेन्टिलेटरमा नरहेको)**

**आमपाचन र दोष पाचन : त्रिकटु चूर्ण** २ ग्राम बिहान बेलुका मनतातो पानी वा दशमूल क्वाथ वा पथ्यादि क्वाथसँग । **सुदर्शन चूर्ण** ३ ग्राम बिहान बेलुका मनतातो पानीसँग । **संशमनी वटी वा गिलोयध्न वटी २** वटी बिहान बेलुका मनतातो पानीसँग ।

**मध्यज्वरको अवस्थामा- तालीशादि चूर्ण** (सुख्ख खोकी) वा सितोप्लादि चूर्ण (खकारयुक्त खोकी) ३ देखि ६ ग्राम, बिहान बेलुका यष्टिमधु क्वाथ वा उपयुक्त अनुपान मनतातो पानी वा महसँग । **सञ्जीवनी वटी** २५० ग्राम बिहान बेलुका मनतातो पानीसँग । **लक्ष्मीविलास रस नारदीय** ६० मि.ग्रा. बिहान बेलुका मनतातो पानीसँग ।

**अतिरिक्त औषधिहरु अवस्थानुसार** : मृगमदासव , गुडुची क्वाथ ,अमृतारिष्ट ,कनकासव , त्रिभुवनकीर्ति रसका साथै माथि उल्लेखित रसायन चिकित्सा ।

## ३. सबैका लागि रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धि गर्ने जडीबुटीहरु र योग ध्यान

**शरीरको रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धि गर्ने कार्य गर्ने जडीबुटी वा औषधजन्य वनस्पतिहरुको समुहलाई Immunomodulator drugs को समुहमा राख्न सकिन्छ ।** Immunomodulator गुण भएका केहि औषधजन्य वनस्पतिहरु आयुर्वेद संहिताहरुमा वर्णित रसायन औषध द्रव्यहरु प्रायः सबै रोग प्रतिरोधात्मक क्षमता वृद्धि गर्न उपयोगी हुन्छन । औषधजन्य वनस्पतिमा पाईने ग्लाइकोसाइड, फ्लोभोन्वाइड, कोमारिन आदि । फाइटोकेमिकलहरुले इम्यूनोमोडुलेटर गुण भएका जडिबुटिहरुको बारेमा यहा उल्लेख गर्न खोजीएको छ ।

१. गुडुची (गुर्जो/चिनी लहरो) दुई ईन्च लम्बाईको गुडुची टुक्राको काढा पकाई विहान बेलुका खाने अथवा गुडुची चुर्ण एक चिया चम्चा तातो पानीमा घोली सेवन गर्ने ।
२. अमलाः अमलाको सेवन नित्यरुपमा गर्ने र अमलाको चूर्ण एक चिया चम्चा दिनको एक पटक/सुकाएको तितौरा/(Candy) ।
३. बेसार र हलेदोः एक चिया चम्चा बराबरको बेसारको चूर्णलाई १ गिलास दुध वा मनतातो पानीसँग मिसाई दिनको एक पटक सेवन गर्ने ।
४. अश्वगन्धा चूर्ण ३ देखि ६ ग्रा. विहान बेलुका मनतातो पानी वा दूधसँग ।
५. यष्टीमधु चूर्ण ३ देखि ६ ग्रा. विहान बेलुका मनतातो पानीसँग ।












**रोगप्रतिरोधी क्षमता भएका ५ महत्वपूर्ण जडिबुटीहरु**

**योगासन-** सुक्ष्म व्यायाम, सूर्य नमस्कार, धनुरासन, त्रिकोणासन, ताडासन, बज्रासन, वृक्षासन, पादागुलीआसन, भुजंघासन अनुलोमन, विलोम, नाडीशुद्धी, कपालभाती, भ्रामरी आदि । भजन, कीर्तन, ओमकार ध्यान, योग निन्द्रा आदि ।








**अस्वीकारीकरण-** यो उपचार व्यवस्थापन कोभिड १९ को निश्चितात्मक उपचारको दावी त गर्दैन तर  यस लेखमा वर्णित व्यवस्थापन निर्देशहरु हजारौ बर्ष पहिले देखि आयुर्वेदका महत्वपूर्ण ग्रन्थहरुमा शास्त्रीय, लाक्षणिक उपचार व्यवस्थापनको लागि आयुर्वेद तथा वैकल्पिक चिकित्सा प्रणाली र हालै कोरोना संक्रमण पश्चात स्वास्थ्य तथा जनसंख्या मन्त्रालय आयुर्वेद तथा वैकल्पिक विभाग, आयुष मन्त्रालय (भारत) द्वारा जारी निर्देशिकासँग सम्बन्धित वैज्ञानिक तथ्यहरुमा आधारित छन् ।

## ४. पथ्यापथ्य

**पथ्य-** सुपाच्य भोजन, काञ्जी, वा जाउलो वा खिचडी,अमलाको चटनी, प्याज, लसून, अदुवा, बेसार, गुर्जो, यष्टीमधु, कुरीलो, सहिजन (शितलचिनि), करेला, परवल को तरकारी बाटुलपाते, बेथे, जीवन्ती, लुँडे साग, काकमाची वा मकोय आदिको साग, दाख, कपित्थ, दाडिम फल, हरियो केराउ वा चना को सूप, मनतातो

पानीको सेवन। योग, ध्यान, प्रणायम

**अपथ्य-** गुरु, चिल्लो, पिरो, पत्रु खाना जंक फुड, दही, चिसो पेय पदार्थ, मद्यपान, धुम्रपान, सुर्तिजन्य पदार्थ, दिवा स्वपन वा दिउँसो सुत्ने A.C को प्रयोग गर्नु हुदैन।

**अन्तमा** रोगप्रतिरोधि क्षमता भएका जडिबुटिको सेवन, नियमित योग, प्रणायाम, ध्यान प्राकृतिक खानपान, जीवनशैली परिवर्तन गर्दै आत्मबल उच्च बनाउदै जाने हो भने यो र यस्ता महामारीलाई अवस्य जित्न सकिन्छ। यसरी विभिन्न औषधिजन्य वनस्पतिहरु आयुर्वेद तथा अन्य चिकित्सामा विभिन्न रोगको उपचारमा प्रयोग हुदै आएकोमा आधुनिक अध्ययन, अनुसन्धान आदिले त्यसको पुष्टि गर्दछ। साथै त्यस्ता औषधिजन्य वनस्पतिहरुले रोग प्रतिरोधात्मक क्षमता पनि विभिन्न किसिमले बढाउने पनि विभिन्न अध्ययन, अनुसन्धानले देखाएका छन्। अतः यस्ता जडिबुटिहरुको रोग प्रतिरोधात्मक क्षमताको अध्ययन अनुसन्धान हुन जरुरी छ।

# Root Canal Treatment (RCT) को परिचय, मिथ्या र सत्यता



डा. पूर्ण प्रसाद शर्मा*

## परिचय

आर.सि.टि. उपचार पद्धतिलाई दाँतको जरा देखिकै उपचार पनि भनिन्छ । जहाँ दाँतको भित्री भागमा रहेको नशा तथा रक्तकोशिकाहरु निकालिन्छ, जराहरु सफा गरिन्छ, विभिन्न रासायनिक पदार्थहरुले निर्मलीकरण गरिन्छ र अन्त्यमा जरामा नक्कली नसा राखेर दाँतलाई भरिन्छ ।

## किन आवश्यक छ आर.सि.टि.

जब दाँतको सडन इनामेल र डेन्टिनलाई सडाउँदै दाँतको सबैभन्दा भित्री तहमा पुग्दछ, तब त्यँहा रहेको नशाले प्रतिक्रिया जनाउँदछ । उक्त प्रतिक्रिया स्वरुप नशामा रक्तसंचार बढ्न जान्छ । तर दाँतको नशा इनामेल, डेन्टिन जस्ता कडा तन्तुहरुले घेरिएको हुँदा बढ्दो रक्तसंचारको चाप अनुरुप फैलिन पाँउदैन र जराबाट प्राप्त हुने रगतको प्रयाप्तता नै उल्टो घट्न जान्छ । यो प्रतिक्रियात्मक असरले गर्दा दाँतको नशा पुनः सामान्य अवस्थामा फर्कन नसक्ने गरी घाइते हुन सक्छ वा मर्न पनि सक्छ । फलस्वरुप व्यक्तिले तातो वा चिसो खाँदा अलि लामो समयसम्म दुखाई अनुभव गर्न सक्छ । सो दुखाई सुत्दाखेरि अझ बढ्ने हुनसक्छ । कहिलेकाहि बिना कारण आफैपनि दाँत दुख्ने हुनसक्छ । यदि नशा मरिनै सकेको छ भने संक्रमण जरा बाहिरको तन्तुमा पनि फैलन सक्छ र गिजामा पिप जम्मा हुने, गाला सुन्निने जस्ता समस्याहरु पनि आउन सक्छन् ।

यी विविध समस्याहरुको जड संक्रमित नशानै भएकाले उक्त संक्रमित नशालाई आर.सि.टि. उपचार पद्धतिबाट निकाली दाँतलाइ पुनः लक्षण रहित बनाउन सकिन्छ ।

## कस्ता कस्ता लक्षणहरु देखिय दाँतको आर.सि.टि. गर्नुपर्ने हुन्छ ?

### क) किरा लागेको दाँतको हकमा

१. तातो वा चिसो खाँदा अलि लामो समयसम्म ( करिब ५ मिनेट सम्म) दाँत दुखेमा
२. मुखमा केहि कुरा नराख्दा पनि अकस्मात दाँत दुखेमा
३. राति पल्टिएर सुत्दा दाँतको दुखाई बढेमा
४. चपाउँदा दाँत दुख्नुको साथै गिजा तथा गाला सुन्निएमा

** लेखक वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान डिपार्टमेन्ट अफ इन्डोडन्टिक्स मा जुनिएर रेजिडेन्ट, पदमा कार्यरत हुनुहुन्छ ।*

**ख) चोटपटक लागेको हकमा**

१. विभिन्न चोटपटकले दाँत भाच्चिइ नशा संक्रमित भएमा
२. चोट लागेको केहि समय पछि दाँत कालो भएमा

## के आर सि टि उपचार दुखाईपूर्ण हुन्छ ?

सक्षम र दक्ष चिकित्सकले **आर.सि.टि.**पूर्ण रुपमा दुखाई रहित तरिकाले गर्न सक्दछन् । इन्डोडन्टिस्टहरु (Endodondist) यस उपचारका लागि विशेषज्ञ हुन् ।

## यो उपचार कति सफल छ ?

नराम्ररी बिग्रिएको दाँतलाई बचाउने एक मात्र उपचार आर.सि.टि. नै हो । यो उपचारको सफलता दर ९५ प्रतिशत भन्दा बढि छ । कतिपय अवस्थामा पूरा जीवनभर पनि आर.सि. टि. उपचार गरेको दाँतले काम गर्न सक्छ ।

## कस्तो अवस्थामा आर.सि.टि. उपचार असफल हुन्छ ?

आर.सि.टि. गरेको दाँतमा पुनः संक्रमण भई दाँतको दुखाई भएमा यस्तो अवस्थालाई आर.सि.टि. को उपचार असफल भएको मानिन्छ ।

## निम्न अवस्थामा आर.सि.टि. असफल हुन सक्छः

१. जराको सफाई र निर्मलीकरण पूर्ण रुपले हुन नसक्दा
२. जरामा राखिने नक्कली नशा जराको टुप्पो बाहिर निस्किदा वा २ मि.मि. भन्दा बढिले जराको लम्बाईसम्म नपुग्दा
३. उपचारको क्रममा जराभित्र उपकरण भाचिएमा
४. बिरामीको रोग प्रतिरोधात्मक क्षमता कम हुँदा जस्तै मधुमेह, क्यान्सर आदि ।
५. दाँतको जरा वा दाँत नै भाचिएको अवस्थामा
६. दाँत माथि भरिएको सामग्रीले जिवाणुहरुलाई दाँतभित्र छिर्नबाट रोक्न नसकेमा जस्तै भरेको फुत्किनु, टुट्नु आदि
७. स्वास्थ्यकर्मीमा आवश्यक मात्रामा ज्ञान र सीप नहुँदा ।

## के आर.सि.टि. गरेको दाँतमा खोल (Crown) लगाउनै पर्छ ?

आर.सि.टि.गरेको दाँत सामान्य अवस्थाको दाँत भन्दा खोक्रो हुनुको साथै सुख्खा हुन्छ । त्यस्तै उक्त दाँतमा नशा पनि नहुने हुदाँ चपाउने बलको मात्रा अन्दाज गर्न कठिन हुन्छ । जसले गर्दा कमजोर दाँतले अत्याधिक बलको सामना गर्नु परि दाँत टुट्न सक्छ । त्यसर्थ दाँतमा खोल लगाउदा दाँतलाई थप शक्ति प्राप्त हुन्छ र टुट्ने सम्भावना कम हुन्छ । अतः **आर.सि.टि.**गरेको दाँतमा खोल लगाउनुनै बुद्धिमानी हुन्छ ।

## के आर.सि.टि.असफल भएमा पुनः आर.सि.टि. (Re-RCT) गर्न सकिन्छ ?

दाँतको उपचार असफल हुनुको कारणलाई सच्चाएर पुनः आर.सि.टि. गर्न सकिन्छ । तर कतिपय अवस्थामा Re-RCT गर्न कठिन वा असम्भव हुन गइ सर्जिकल आर.सि.टि. वा दाँत नै निकाल्न पर्ने अवस्था आउन सक्छ । Endodontist को सल्लाहमा Re-RCT को बारेमा निर्णय लिनु नै बुद्धिमानी हुन्छ ।

### आर.सि.टि. उपचार गर्न कति खर्च लाग्छ ?

चिकित्सकको क्षमता, ज्ञान र उपचारको लागि प्रयोग हुने सामग्री र प्रविधिले शुल्क निर्धारण गर्ने गर्दछन् । सामान्यतया एउटा आर.सि.टि. गर्न रु.३,००० देखि रु १५,००० सम्म खर्च लाग्न सक्छ ।

### आर.सि.टि. नगरी दाँत निकाल्नु र नक्कली दाँत राख्नु के राम्रो हो ?

आफ्नो प्राकृतिक दाँतलाई सम्भव भएसम्म बचाउन खोज्नु पर्दछ किनकि कृतिम दाँतले कहिल्यै पनि प्राकृतिक दाँत सरह काम गर्न सक्दैन । कृतिम दाँत राख्दा अन्य थुप्रै समस्या र जटिलताहरु उत्पन्न हुन सक्दछन् ।

### आर.सि.टि. गर्नुपर्ने अवस्था नै आउन नदिन के गर्नुपर्छ ?

दाँतको सडनलाई सुरुवाती अवस्थामा नै चिकित्सकको सल्लाहमा सडन हटाइ भर्नु पर्दछ । दाँतको नियमित सरसफाइ गर्नुपर्दछ । दन्त चिकित्सकलाई कम्तिमा ६।६ महिनामा भेटेर परामर्श लिनुपर्दछ ।

# शिक्षक तालिमः हाम्रो अभ्यास र अबको बाटो



सुवर्णकुमार खड्का*

## १. विषयप्रवेश

औपचारिक तवरले होस् वा अनौपचारिक, विद्यालयभित्र होस् वा बाहिर, जहासुकै सञ्चालन हुने शिक्षण सिकाइ प्रक्रियामा सिक्ने र सिकाउनेबिच निरन्तर र सघन अन्तरक्रिया चलेको हुन्छ । विभिन्न तवरतरिकाले सञ्चालित शिक्षक र विद्यार्थी विचको यस प्रकारको गहन अन्तरक्रियाले सिकाइको प्रभावकारिता निर्धारण गर्ने गर्छ । यसैले विविध क्षमता भएका विद्यार्थीहरुलाई विविध परिवेश अनुकुल सिकाइका लागि सहजीकरण गर्न र सघाउनका लागि पेसागत ज्ञानले सबल, शिक्षण सिकाइ प्रक्रियाबारे दक्ष तथा विभिन्न परिस्थितिलाई कुशलतापूर्वक सामना गर्न सक्ने दृढता र क्षमता भएका शिक्षकको आवश्यकता पर्दछ । यसर्थ गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि शिक्षक तालिमलाई एउटा महत्वपूर्ण अवयवका रुपमा लिने गरिन्छ । संकुचित अर्थमा शिक्षकरुपी हतियारमा समय समयमा धार लगाउने कामलाई शिक्षक तालिमको रुपमा बुझ्ने गरिएको पाइन्छ भने बृहत अर्थमा शिक्षक तालिमलाई पेशागत विकासको एउटा उपागमको रुपमा लिने सकिन्छ । नेपालको शैक्षिक इतिहासमा शिक्षक तालिमलाई शैक्षिक सुधारको अवयवको रुपमा लिइ विभिन्न प्रयासहरु गरेको पाइन्छ । एकातर्फ शिक्षाशास्त्र संकायमार्फत शिक्षक उत्पादन गर्ने कार्य भइरहेको छ भने अर्कोतर्फ तालिम नलिइ सेवा प्रवेश भइसकेकाहरुलाई लामो तथा छोटो अवधिको तालिम प्रदान गर्ने कार्य भइरहेको छ । शिक्षकको पेशागत विकासको लागि शिक्षकको पेशागत विकास प्रारुप २०७२ कार्यान्वयनमा ल्याइएको छ । यसैगरि शिक्षकका न्यूनतम सक्षमताहरु निर्धारण गरिएको छ । शिक्षक तालिमको लागि माथि देखि तलसम्म विभिन्न संरचनात्मक व्यवस्थाहरु गरिएको छ । सरकारी तथा गैरसरकारी तवरबाट शिक्षक तालिमको लागि विभिन्न प्रयासहरु भइरहेका छन् तथापी तालिमको प्रभावकारिता सम्बन्धमा पनि विभिन्न प्रश्नहरु उठ्ने गरेका छन् । एकातर्फ तालिममा गरिएको लगानीलाई फजुल खर्चको देख्ने गरिएको छ भने अर्को तर्फ विद्यार्थीको सिकाइ उपलब्धि अपेक्षित रुपमा बढोत्तरी हुन नसकेको सन्दर्भमा शिक्षकको कार्यसम्पादनमा प्रश्न उठाउने गरेको पाइन्छ । शिक्षक तालिमको यसै सन्दर्भमा संघीय संरचना अनुरुप तालिम नीति तथा कार्यक्रम अवलम्बन गर्न सहयोग पुग्ने हेतु हालसम्मको हाम्रो अभ्यास र भावी कार्यदिशा सम्बन्धमा यो लेख तयार गरिएको छ ।

## २. नेपालमा शिक्षक तालिमको लागि हालसम्म भएका प्रयास

देशमा राजनैतिक परिवर्तन आएसँगै देशको समग्र शिक्षा क्षेत्रलाई सुधार गर्नको लागि समय समयमा विभिन्न आयोगहरु गठन गर्ने गरिएको पाइन्छ । यस्ता आयोगहरुले दिएको सिफारिसका आधारमा सरकारले विभिन्न प्रयासहरु गरेको पाइन्छ । यसैले विभिन्न सयममा गठन गरिएका आयोगका सिफारिस तथा संरचनात्मक प्रयासहरुलाई तल प्रस्तुत गरिएको छ ।

** लेखक मानव संसाधन विकास केन्द्र कर्णाली प्रदेशमा अधिकृतस्तर आठौं तहमा कार्यरत हुनुहुन्छ ।*

## २.१. शिक्षक तालिमका सन्दर्भमा विभिन्न समयमा गठन गरिएका आयोगका सिफारिसहरु

### क. नेपाल राष्ट्रिय शिक्षा योजना आयोग, २०११

- शिक्षकहरूलाई तालिम गर्न छोटो अवधिका पाठ्यक्रम तुरुन्त राख्नु पर्दछ ।
- तालिम प्राप्त भएका शिक्षकहरू पाउनलाई प्रेरणाको रूपमा शिक्षकहरूको तलब तालिममा निर्भर रहनुपर्दछ ।
- नयाँ शिक्षकहरूलाई तालिम गर्न र पुराना शिक्षकहरूलाई फेरि तालिम दिन शिक्षक शिक्षण केन्द्र चाहिएको छ ।
- शिक्षकले काम गर्ने गाउँहरूमा उनीहरूलाई तालिम गर्न र काम गर्दागर्दै तालिम दिन नेपालका सबै भागहरूमा शिक्षक शिक्षण फैलाउनुपर्छ । धेरै केन्द्रहरूमा शिक्षक शिक्षण हुनुपर्छ ।
- शिक्षण केन्द्रमा युवक जनतालाई राम्ररी आकृष्ट पार्न शिक्षकहरूलाई बढी तलब दिनुपर्दछ ।

### ख. सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति, २०१८

- प्रत्येक नर्मल स्कुलबाट तालिम पाएका शिक्षकहरूको नामनामेसी (लिस्ट) डिभिजनल इन्सपेक्टर कहाँ राख्नुपर्छ र प्रत्येक डिभिजनका स्कूलहरूमा शिक्षक भर्ना गर्दा डिभिजनल इन्सपेक्टरसँग सम्पर्क राख्नुपर्छ ।
- हाल रहेका १५ ओटा नर्मल स्कुललाई बहाल तिर्नुपर्ने घरको सट्टामा स्थायी भवनहरू लिएर वा बनाएर मजबुत तुल्याउनुपर्दछ ।
- नर्मल स्कुलबाट तालिम प्राप्त प्रशिक्षार्थीहरुलाई सरकारले एक वर्षभित्र काम दिनुपर्छ । एक वर्षभित्र काम दिन नसके अन्य पेसामा जान सक्ने छन् ।
- कलेज अफ एजुकेसनमा प्रशिक्षार्थी बिएडको डिग्री प्राप्त गरेपछि शिक्षा सेवामा लिइने निश्चितता दिनुपर्दछ । जो टाढा र अप्ठेरो ठाउँमा रहन्छन् तिनीहरूलाई विशेष भत्ता दिइनुपर्छ ।
- कलेज अफ एजुकेसन पाठ्यक्रमको विस्तारै बिस्तारै नवीकरण गरिदै जानुपर्दछ ।
- कलेज अफ एजुकेसन त्रिभुवन विश्व विद्यालयको निर्माण कार्यक्रममा प्राथमिकता दिनुपर्दछ र विश्व विद्यालयको क्षेत्रमा यथाशिघ्र सार्नुपर्दछ ।

### ग. राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८ २०३२)

- सबै विद्यालयहरूमा तालिम प्राप्त शिक्षक राख्न क्रमशः अनिवार्य गरिने छ र नयाँ योजना लागू भएका जिल्लाहरूमा यो नियम लागू गरिने छ ।
- तत्कालै धेरै संख्यामा शिक्षकहरू तयार गर्न एसएलसी वा सो सरह पास भएका, आइए वा सो सरह पास भएका तथा बी.ए. वा सो सरह भएका व्यक्तिहरूलाई एक एक वर्षको तालिम दिई क्रमशः प्राथमिक शिक्षक, निम्न माध्यमिक शिक्षक र माध्यमिक शिक्षकका लागि तयार गरिने छ ।
- हाल काम गरिरहेका अनुभवी शिक्षकहरूको पनि न्यूनतम् योग्यता पुग्छ भने सेवाकालीन तालिमको माध्यमबाट तालिम दिइनेछ । प्रत्येक शिक्षकलाई शारीरिक अभ्यास र शारीरिक शिक्षाको तालिम अनिवार्य हुनेछ ।
- शिक्षक शिक्षणको पाठ्यक्रम वर्तमान आवश्यकता सुहाउँदो निर्धारण गर्न व्यवस्था गरिने छ ।
- शिक्षण तरिकाको साथसाथै विषय शिक्षणमा पनि पर्याप्त जोड दिनु जरुरी भएकाले शिक्षक तालिम महाविद्यालयमा विभिन्न विषयमा उपयुक्त फेकल्टीहरूको विकास हुनु पर्दछ ।
- शिक्षक शिक्षण विधिको तालिम लिन आउनेहरूको न्यूनतम् योग्यता बढाउनु जरुरी छ । तसर्थ दुर्गम क्षेत्रमा बाहेक अन्यत्र प्राथमिक शिक्षक हुन एस.एल.सी. वा सो सरह निम्न माध्यमिक शिक्षक तालिम लिन आइ.ए. वा सो सरह र माध्यमिक शिक्षक तालिम पाउन बी.ए. वा सो सरह भएमा उचित हुनेछ ।

- शिक्षकहरूलाई नयाँ तरिकाले जाँच गर्ने विषयमा तालिम लिनु अनिवार्य हुनेछ ।
- विज्ञान, गणित आदि सबै विषयमा शिक्षकहरूलाई विशेष तालिम दिनुपर्दछ । देशभरि शिक्षकहरूलाई यस्ता तालिम क्रमशः उपलब्ध गराउने व्यवस्था गरिने छ ।
- शिक्षकहरूले तालिम पाए बमोजिम ठिक तरिकाले सिकाउने गरेका छन् वा छैनन् शिक्षा निरीक्षकले मूल्याङ्कन गरी शिक्षा मन्त्रालय तथा शिक्षक तालिम केन्द्रमा प्रतिवेदन पठाउने छन् ।
- तालिम प्राप्त गरेको निश्चित अवधिपछि शिक्षकहरूले पुनः सेवाकालीन तालिमको व्यवस्था हुनु पर्दछ ।
- व्यावसायिक शिक्षकहरूलाई तालिम दिने व्यापक कार्यक्रम हुनेछ । हालको भन्दा व्यावसायिक तालिमको स्तर क्रमशः बढाउँदै लैजाने व्यवस्था गरिने छ । व्यावसायिक शिक्षाको पढाइमा विशेष जोड दिने यस योजनाको उद्देश्य भएकाले व्यावसायिक शिक्षा विषयमा शिक्षक तालिममा पनि विशेष ध्यान दिइने छ । अधिराज्यका प्रत्येक विद्यालयका शिक्षकहरूलाई व्यावसायिक शिक्षा सिकाउने स्तरयुक्त तालिम दिइने छ र सबै विद्यालयका शिक्षकहरूलाई पालैपालो गरेर तालिम उपलब्ध गराइनेछ । व्यावसायिक विषयहरूमा डिग्री वा डिप्लोमा प्राप्त गर्ने व्यक्तिहरूलाई शिक्षण तरिकाको तालिम दिई व्यावसायिक शिक्षक बनाउने व्यवस्था हुनेछ ।

### घ. राष्ट्रिय शिक्षा आयोग, २०४९

- विद्यालय तहको शिक्षण पेसामा प्रवेश गर्न शिक्षक प्रशिक्षण अनिवार्य गर्नुपर्दछ ।
- पेसामा प्रवेश गरिसकेका तर तालिम नपाएका शिक्षकहरूलाई अनिवार्य रूपले तालिमको व्यवस्था गर्नुपर्दछ ।
- शिक्षक प्रशिक्षणमा महिलालाई ग्राह्यता दिनुपर्छ ।
- शिक्षक प्रशिक्षण जस्ता जनशक्ति तयार पार्न बि.एड. गरेकालाई दुई वर्षे एम.एड. र अन्य विषयमा स्नातकोत्तर गरेकालाई एक वर्षे एम.एड. कार्यक्रम र अरू विषयमा स्नातकोत्तर गरेका व्यक्तिलाई पाँच महिने प्रशिक्षण विधि तालिम दिने व्यवस्था गर्नुपर्छ । तालिम प्राप्त शिक्षकहरूलाई दिने तलब तथा अन्य सुविधाहरू तालिमको तहअनुसार बढाउदै लैजाने ।
- शिक्षा तथा संस्कृति मन्त्रालय अर्न्तगत रहने क्षेत्रिय र जिल्ला स्तरीय कार्यालयहरूले छोटो अवधिको तालिम सञ्चालन गर्नुपर्छ भने शिक्षा शास्त्र सङ्काय र सो अर्न्तगतका क्याम्पसहरूले शिक्षक शिक्षाका साथै शिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।
- हाललाई प्रवेशिका उत्तीर्णलाई दस महिने तालिम प्याकेज दिई प्रमाणित प्राथमिक शिक्षकको प्रमाणपत्र दिइनुपर्छ अन्य विषयमा प्रवीणता प्रमाणपत्र पुरा गरेकालाई दस महिने प्रशिक्षण दिई प्राथमिक शिक्षकको व्यवस्था गर्नेतर्फ पनि क्रमशः जोड दिनुपर्छ ।

### ङ. उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग, २०५५

- शिक्षण अनुभव नभएका पूर्वसेवाकालीनहरू र शिक्षणको अनुभव गरिसकेका सेवाकालीनहरूका लागि बेग्ला बेग्लै प्रक्षिण कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।
- देशमा बहुसङ्ख्यक शिक्षकहरू तालिम अप्राप्त भएकोले विभिन्न तह र प्रकृतिका प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गर्न एक वा दुई संस्थाको संलग्नता पर्याप्त नहुने हुदा यसका लागि सरकारी, गैरसरकारी विभिन्न संस्थाहरूलाई सहभागी गराई यसमा व्यापकता ल्याउनुपर्छ ।

## २.२. शिक्षक तालिमको लागि गरिएका संरचनात्मक प्रयासहरु

शिक्षकहरुलाई तालिम दिनका लागि नेपालमा बि.सं.२००४ देखि आधार शिक्षा प्रशिक्षण केन्द्र, बि.सं. २०११ सालमा राष्ट्रिय शिक्षक प्रशिक्षण केन्द्र र बि.सं. २०१४ सालमा कलेज अफ एजुकेशन स्थापना भई शिक्षा क्षेत्रमा संस्थागत रुपमा तालिम प्रदायक निकायको स्थापना भएको देखिन्छ । बि.सं. २०३७ साल देखि रेडियो शिक्षक तालिम, २०३९ सालदेखि ग्रामीण विकासका लागि सेती परियोजना अन्तरगत सुदूरपश्चिम विकास क्षेत्रका जिल्लाहरुमा शिक्षक तालिम सञ्चालन भएको देखिन्छ । त्यस्तै २०३९ सालमा विज्ञान शिक्षा परियोजना अन्तरगत विज्ञान शिक्षा र शिक्षकको दक्षता अभिबृद्धिका लागि देशका २५ जिल्लामा विज्ञान शिक्षा विकास इकाइ स्थापना भएको थियो ।

यसैगरी २०४१ साल देखि प्राथमिक शिक्षा परियोजना हुँदै २०४९ देखि २०५५ सम्म आधारभूत तथा प्राथमिक शिक्षा परियोजना अन्तरगत विभिन्न प्रकृतिका तालिमहरु सञ्चालन भएको देखिन्छ । यसरी विभिन्न निकायबाट विभिन्न प्रकृतिका तालिमहरु सञ्चालन भइरहेको सन्दर्भमा तालिम कार्य एउटै निकाय मार्फत गराउनुपर्ने अभिप्रायका साथ नेपाल सरकार र एशियाली विकास बैंकविच विस २०४९ मा सम्झौता भई प्राथमिक शिक्षा विकास परियोजना सञ्चालन भएको र उक्त परियोजनाको एउटा कार्यक्षेत्र शैक्षिक जनशक्ति विकास केन्द्र र ९ वटा प्राथमिक शिक्षक तालिम केन्द्र स्थापना गर्ने रहेकोमा सोही अनुरुप वि.सं. २०५३ सालमा प्राथमिक शिक्षक तालिम केन्द्र स्थापना भएको देखिन्छ ।

यसैगरी विस २०६१ सालमा शैजविके अन्तरगत स्थापित ९ वटा प्राथमिक शिक्षक तालिम केन्द्रलाई शैक्षिक तालिम केन्द्र (क), २५ वटा विज्ञान शिक्षा विकास इकाइ मध्ये (क) नभएका २० जिल्लामा शैक्षिक तालिम केन्द्र (ख) र दोहरिएका ५ जिल्लाका इकाइलाई शैक्षिक तालिम उपकेन्द्रका रुपमा कायम गरी जम्मा ३४ वटा तालिम केन्द्र क्रियाशिल रहेका थिए । यसैगरी विद्यालय क्षेत्र सुधार योजना (२०६६।६७ -२०७२।७३) अवधिमा ७५ वटै जिल्लामा तालिम केन्द्रको सेवा क्षेत्र कायम गर्ने क्रममा उपकेन्द्र खारेज गर्ने र (क) र (ख) गरि २९ जिल्लाका तालिम केन्द्रहरुलाई एकै प्रकृतिको सेवा प्रवाह गर्ने गरि कार्यक्षेत्र र जिम्मेवारी थपघट गर्ने र त्यस्ता तालिम केन्द्र नभएका ४६ जिल्लामा आधारभूत तहको तालिम सञ्चालनका लागि अगुवा स्रोतकेन्द्र (तालिम हव) कायम गर्ने गरी तालिम केन्द्रको पुनसंरचना भएको थियो । देश संघीय शासन प्रणालीमा गएपछि २०७५ सालमा साविकका सबै शैक्षिक तालिम केन्द्र खारेज गरि प्रत्येक प्रदेशमा एउटा शिक्षा तालिम केन्द्र स्थापना गर्ने निर्णय भयो । यसैगरी विस २०७६ सालमा कर्णाली प्रदेश सरकारको निर्णय अनुसार साविकका शिक्षा तालिम केन्द्र, स्वास्थ्य तालिम केन्द्र र सीप विकास केन्द्रलाइ एकिकृत गरि मानव संसाधन विकास केन्द्र गठन भै क्रियाशिल भएको छ ।

# ३. हाल सञ्चालित शिक्षक पेशागत विकास (टिपिडी) तालिम

विद्यालय क्षेत्र सुधार कार्यक्रममा पाँच वर्षमा हरेक शिक्षकले कम्तीमा ३० दिन बराबरको सेवाकालिन तालिमको अवसर प्रदान गर्ने प्रावधानलाई कार्यान्वयन गर्ने सन्दर्भमा १०/१० दिने तीन चरणसहितको शिक्षक पेसागत विकास मोडल (टिपीडी) तयार गरियो । यी तीन चरणलाई शिक्षकका आवश्यकताअनुरूप डिजाइन गर्न सकिने गरी आपसमा स्वतन्त्र छोडियो । उक्त १० दिने तालिमलाई पहिलो ५ दिन प्रत्यक्ष सिकाइ तालिम केन्द्रमा आधारित, दोस्रो ३ दिन बराबरको अभ्यास र प्रोजेक्ट र २ दिनको विद्यालयमा सहयोग तथा परामर्श गरि ३ खण्डमा विभाजन गरि सञ्चालन गरियो । विद्यालय क्षेत्र सुधार कार्यक्रमको अवधिमा उक्त मोडलको कार्यान्वयनको अनुभवका आधारमा एक महिने तालिमलाई १५/१५ दिनको दुइ चरणमा सञ्चालन गर्ने र प्रत्येक चरणमा १० दिने तालिम केन्द्रमा आधारित फेसटुफेस खण्ड तथा ५ दिने विद्यालयमा आधारित स्वाध्यायन खण्ड हुने गरि वि.सं. २०७२ मा

शिक्षकको पेशागत विकास  प्रारुप तयार गरि लागू गरियो । हालसम्म यसै आधारमा शिक्षकको पेशागत विकास तालिम सञ्चालन भैरहेको छ ।

शिक्षक पेसागत विकासलाई आवश्यकतामा आधारित र नतिजामुखी बनाई शिक्षक दक्षता र उत्प्रेरणामा सुधार गरि तथा शिक्षकको स्वप्रयत्नमा पेसागत दक्षतामा सुधार ल्याइ शिक्षण व्यवहारमा देखिने परिवर्तन ल्याइ विद्यार्थीको शैक्षिक उपलब्धिमा उल्लेख्य सुधार ल्याउने उद्देश्यका लागि उक्त प्रारुपले शिक्षक पेसागत विकासका लागि विभिन्न माध्यमहरु जस्तै तालिमका विभिन्न कार्यक्रम, विद्यालयमा गरिने अभ्यास, स्वप्रयत्नमा आधारित सिकाइ, शिक्षक नेट वर्किङ र अनुभव आदान प्रदानको पर्याप्त उपयोग गर्ने, तालिम कार्यक्रम विद्यालय शिक्षाको पाठ्यक्रम सम्बद्ध स्तरीकृत तालिम कोर्स र स्थानीय आवश्यकताका क्षेत्रमा आधारित हुने तथा सञ्चार प्रविधिको उपयोग बढाइने जस्ता व्यवस्था गरेको छ । प्रारुपमा प्रामणीकरण तालिम, पुनर्ताजकी तालिम र स्थानीय आवश्यकतामा आधारित मोड्युलर तालिम गरि तीन प्रकारका शिक्षक तालिम सञ्चालन हुने व्यवस्था गरिएको छ । शिक्षकको पेशागत विकासको लागि शिक्षक तालिमको साथसाथै स्वप्रयत्नमा आधारित सिकाइ र अनुभव आदान प्रदानका कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था प्रारुपमा गरिएको छ । आर्थिक वर्ष २०७३/७४ बाट यहि प्रारुप अनुसार प्रमाणीकरण तालिमहरु तालिम केन्द्रबाट र अन्य कार्यक्रमहरु जिल्लास्तर, स्थानीय स्तर तथा विद्यालय तथा स्वंयम् शिक्षकबाट सञ्चालन हुने व्यवस्था अनुसार कार्यान्वयन भैरहेको छ । शासन व्यवस्थाको संघीय पुर्नसंचरना भएपश्चात देशभरका तालिम केन्द्रहरु खारेज भै प्रदेश स्तरमा एउटा मात्र शिक्षा तालिम केन्द्र हुने व्यवस्था गरियो । यस व्यवस्था अनुसार प्रमाणीकरण तालिमको मुख्य जिम्मेवारी प्रदेश सरकारमा रहेको देखिन्छ भने अन्य कार्यक्रमहरु सञ्चालनको जिम्मेवारी स्थानीय तह तथा विद्यालयमा रहेको देखिन्छ । हालसम्म प्रारुपले गरेको व्यवस्था अनुरुप प्रदेश स्तरबाट  तहगतरुपमा अग्रेजी, विज्ञान, गणित लगायतका अन्य विषयहरु, इजिआरपि, प्राविधिक धारका विषय तथा नमुना विद्यालयको टिपिडी तालिम सञ्चालन भैरहेको छ । यसैगरी प्रशिक्षकको क्षमता विकास लगायतका तालिमहरु पनि सञ्चालन भैरहेको पाइन्छ । स्थानीय तथा विद्यालयस्तरमा पनि शिक्षकको पेशागत विकासका छोटो अवधिको पुनर्ताजकी मोड्युलर तालिम लगायत अनुभव आदान प्रदानका कार्यक्रम सञ्चालन भैरहेको छन् । यसैगरी आधुनिक प्रविधिको प्रयोगबाट शिक्षकहरु स्वअध्ययनको मार्ग अवलम्बन गरिरहेको पाइन्छ । हाल कोभिड १९ को बन्दाबन्दीको वेलामा प्रविधिमैत्रि शिक्षक समाज लगायत शिक्षकहरुका विभिन्न संगठनहरु मार्फत भर्चुअल शिक्षक तालिम तथा अन्तरक्रियाहरु स्वतस्फुर्त रुपमा सञ्चालन भैरहेको कुराले शिक्षकहरु सिक्नको लागि आधुनिक प्रविधिको उपयोगतिर लम्कीरहेको कुरा उजागर गरेको छ ।

## ४. शिक्षक तालिम  सम्बन्धमा विद्यमान नीति

विस २०७२ मा शिक्षकको पेशागत विकास प्रारुप जारी भएप्रश्चात शिक्षक तालिमहरु उक्त प्रारुप अनुसार सञ्चालन भएको पाइन्छ । प्रारुपले गरेको नीतिगत व्यवस्था बारेमा यस अघि चर्चा भैसकेको छ । प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४ मा प्रदेशस्तरमा विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन सामाजिक विकास मन्त्रालयको जिम्मेवारीमा रहेको उल्लेख भएको छ । हालै जारी शिक्षा नीति २०७६ ले विद्यालय शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र उच्च शिक्षामा अध्यापन वा प्रशिक्षण गर्ने जनशक्तिको सक्षमता परीक्षण र तालिमलाई अनिवार्य गर्ने र हाल कार्यरत शिक्षकको सक्षमता परीक्षणको व्यवस्था गरि पेसागत सक्षमता, अद्यावधिकता, उत्प्रेरणा, कार्यसम्पादनस्तर र अनुभव जस्ता पक्षहरूलाई शिक्षकको बृत्ति विकाससँग आवद्ध गर्ने उद्देश्य लिएको छ । यसका लागि निम्नानुसारको कार्यनीति अवलम्बन गर्ने उल्लेख छ ।

- हाल कार्यान्वयनमा रहेको शिक्षक सक्षमताको प्रारुपको पुनरावलोकन गरि प्रभावकारी कार्यान्वयनमा ल्याइनेछ ।
- विद्यालय तहमा शिक्षकको निरन्तर पेशागत विकास गर्न प्रधानाध्यापकलाई जिम्मेवार बनाउनुका साथै शिक्षकको निरन्तर पेशागत विकास कार्यलाई विद्यार्थी सिकाइ उपलब्धिसँग आबद्ध गरिनेछ ।
- आधारभूत तहका शिक्षकले बिषयगत शिक्षण, बहु कक्षा शिक्षण, कक्षा शिक्षण पद्धति सम्बन्धी ज्ञान र सीप हासिल गरी पठनपाठनमा सो को प्रभावकारी प्रयोग गर्न सक्ने गरि शिक्षक तालिम र क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- शिक्षक तालिम तथा क्षमता विकासका कार्यक्रमहरू मार्फत विज्ञान, प्रविधि, इन्जिनियरिङ्ग र गणितसँग सम्बन्धित विषयवस्तुहरू शिक्षण गर्न शिक्षकको पेशागत दक्षता अभिवृद्धि गरिनेछ ।
- शिक्षक तालिमको लागि स्थानीय तहको सिफारिसमा प्रदेश सरकारले शिक्षण एकेडेमी वा शिक्षण कलेजसित सम्झौता गर्ने र सम्झौता बमोजिम शिक्षकको क्षमता विकास तालिम सञ्चालन गरि सक्षमता अभिबृद्धि गरिनेछ । शिक्षकलाई प्रत्येक दुई वर्षमा सघन पुनर्ताजकी तालिमको अनिवार्य व्यवस्था गरिनेछ ।
- स्थानीय तहले विद्यालयलाई केन्द्रविन्दु बनाएर शिक्षकको निरन्तर पेशागत विकास कार्यक्रमहरू (कष्टमाइज्ड तालिम, कार्यशाला, सेमिनार, अवलोकन भ्रमण, प्रतिविम्बन, शिक्षक नेटवर्क, सहकार्यात्मक रूपमा गरिने अनुसन्धान, मेन्टरीङ, कोचिङ आदि) सञ्चालन गरिनेछ ।
- सूचना तथा सञ्चार प्रविधिको विकासमा भएको तीब्र विकाससँगै तालिम दिने पद्धतिमा समेत परिमार्जन गरि आमने सामने, विद्यालयमा आधारित, मिश्रित, अनलाईन तथा भर्चुअल पद्धतिबाट तालिम सञ्चानल गरिनेछ ।
- सङ्घीय र प्रदेशस्तरमा रहने शिक्षक तालिम प्रदायक निकायले वैज्ञानिक अनुसन्धान तथा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न सक्षम र योग्य शिक्षक तथा प्रशिक्षकको विकासका लागि वेभसाइट, अनलाइन ट्यूटोरियल, छलफल फोरम, सिम्यूलेसन, भर्चूअल इमेजिङ जस्ता नवीनतम प्रविधियुक्त पेसागत क्षमता विकासका कार्यक्रमहरू निरन्तर रूपमा सञ्चालन गरिनेछ ।
- एउटै बिद्यालय वा छिमेकमा रहेका विद्यालयका शिक्षकहरूबीच पेसागत साझेदारी, अनुभव आदान प्रदान तथा कक्षा अबलोकन गरी एक अर्काबाट सिक्ने व्यवस्था मिलाइनेछ ।

## ५. अवको बाटो

विगतका अनुभवले देखाउछन्, यो (शिक्षकको पेशागत विकास) उद्देश्य केही दिनमा वा छोटो बाटोबाट सजिलै हासिल गरिने विषय होइन रहेछ । बरु शिक्षक तयारीदेखि लिएर सेवा प्रवेश गरिसकेपछिका व्यवस्थापन र विकासका अनेक पाटाहरूलाई सूक्ष्म रूपमा संयोजन गरेर प्राप्त गरिने विषय रहेछ । अर्को कुरा, यो एउटा निश्चित गन्तव्यमा पुग्ने विषय भन्दा पनि निरन्तर सुधारको यात्रामा शिक्षकलाई सामेल गराउने विषय रहेछ । शिक्षक विकासमा संलग्न संयन्त्रहरूको प्रभावकारिता यसैमा रहन्छ कि यिनले हरेक शिक्षकलाई सो यात्रामा सामेल गराउन सकून, हरेकको निमित्त सो यात्रा अर्थपूर्ण र रुचिकर बनोस् । हरेक शिक्षक आफ्नो अभ्यासबाट सिक्ने र निरन्तर खोज गर्ने खोजकर्ता बनोस् र उसको खोजले शिक्षण व्यवहारमा सकारात्मक परिवर्तन ल्याएर विद्यार्थी सिकाइमा सुधार गर्न योगदान पुगोस् । (थपलिया,तुलसीप्रसाद (२०७२) नेपालमा शिक्षकको पेसागत विकास मोडलस्अनुभव र भावी कार्यदिशा, भक्तपुर, शैजविके, शिक्षक शिक्षा  पेज नं ३)

माथिको अनुच्छेदमा डा थपलियाले सुझाएजस्तै अवको शिक्षक तालिमलाई शिक्षण सिकाइमा प्रभावकारिता ल्याएर विद्यार्थीको सिकाइमा सुधार गर्न योगदान पुग्ने बनाउन संघीय व्यवस्था अनुसार संघ, प्रदेश, स्थानीय, विद्यालय र शिक्षकको तहमा गर्नुपर्ने जिम्मेवारीहरु किटान गरि शिक्षा नीति २०७६ अनुसार शिक्षकको पेशागत विकास प्रारुप २०७२ मा समसामयिक परिमार्जन तत्काल गर्नुपर्ने देखिन्छ । उक्त प्रारुपमा तालिमलाई वृत्तिविकासको अनिवार्य पक्षको रुपमा लिइ योगदानमा आधारित प्रमाणीकरण तालिम प्रदान गर्ने व्यवस्था तर्फ अग्रसर हुनुपर्दछ । तालिमको मुल्यांकनमा विद्यार्थीको सिकाइ उपलब्धिमा आएको वढोत्तरीलाई समावेश गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

प्रदेश सरकारले शिक्षक तालिमको लागि प्रदेशस्तरमा विशेषज्ञता सहितको तालिम केन्द्रको संरचना स्थापना गर्नुपर्दछ । यसका लागि हालको मानव संशाधन विकास केन्द्र अन्तर्गतको शिक्षा तालिम शाखालाई व्यवस्थापकीय स्वायत्तता प्रदान गरी साधनस्रोत बढाउन वा छुट्टै तालिम केन्द्र वा शिक्षण एकेडेमी गठन गर्न सकिन्छ । प्रदेश अन्तर्गत निश्चित ठाउँमा तालिम हवहरु स्थापना गरी प्रमाणीकरण तथा पुनर्ताजकी तालिम नजिकबाट दिने व्यवस्था अवलम्बन गर्नुपर्दछ । प्रदेशस्तरबाट प्रदान गर्ने तालिमहरुलाई प्रविधिमैत्री बनाउन आवश्यक संस्थागत क्षमता विस्तार गर्नुपर्दछ । विशेष प्रकारका तालिमहरुलाई भर्चुअल माध्यमबाट सञ्चालन गर्ने नीति लिनुपर्ने देखिन्छ । शिक्षकहरुलाई कार्यमूलक अनुसन्धानमा संलग्न गराउने कार्यक्रम विकास गरिनुपर्दछ । तालिममा सिकेको ज्ञान तथा सीपलाई कक्षाकोठामा उपयोग गरि विद्यार्थीको सिकाइ उपलब्धिको वृद्धितर्फ शिक्षकलाई प्रोत्साहित गर्न पुरस्कृत गर्ने कार्यक्रम सञ्चालन गरिनुपर्छ । तालिमलाई मागमा आधारित बनाउन तालिमको आवश्यकता पहिचान तथा तालिम अभिलेखको लागि अनलाइन तालिम व्यवस्थापन प्रणालीको विकास गरिनुपर्दछ । प्रादेशिक तालिम नीतिको तर्जुमा गरी विद्यालय, स्थानीय तह, शिक्षा विकास तथा समन्वय इकाई लगायतका सरोकारवाला निकायको कार्यक्षेत्र तथा जिम्मेवारीको किटान गरिनुपर्छ ।

## ६. निष्कर्ष

कक्षाकोठा शिक्षण सिकाइ क्रियाकलापमा प्रभावकारिता ल्याइ विद्यार्थीको सिकाइ उपलब्धि स्तर बढाउनका लागि योग्य, दक्ष र कर्मठ शिक्षकको आवश्यकता पर्दछ । तालिम शिक्षकलाई समयसापेक्ष योग्य, दक्ष र उर्जाशील बनाउने एउटा महत्वपूर्ण औजार हो । राज्यको पुर्नसंरचना भएको झण्डै आधा दशक भइसक्दा समेत शिक्षकको क्षमता विकाससँग सम्बन्धित तालिमको विषय अन्योलपूर्ण बातावरणबाट अघि बढिरहेको छ । तालिम प्रदान गर्ने जिम्मेवारी मुख्य रुपले प्रदेशमा रहे पनि तीनै तहको स्पष्ट कार्यक्षेत्र र जिम्मेवारी किटान नहुदा हाल सञ्चालित तालिम कार्यक्रमको प्रभावकारिता अपेक्षित हुन सकिरहेको छैन । यसैले तत्काल संघीय सरकारले शिक्षा नीति अनुरुप तालिम सञ्चालन निर्देशिका वा कार्यविधि जारी गर्नुपर्दछ । उक्त नीति तथा कार्यविधिका आधारमा प्रादेशिक तालिम नीति प्रदेश सरकारले ल्याउने तर्फ सरोकारवालाको ध्यान जानु नै अहिलेको आवश्यकता रहेको छ । प्रदेशको शिक्षा तालिम प्रदायक निकायको संस्थागत क्षमता विकास गरि तालिम कार्यक्रम कार्यान्वयनको प्रभावकारिता अभिवृद्धिमार्फत शिक्षकलाई कक्षाकोठा शिक्षण सिकाइका लागि सधै जिज्ञासु तथा अभिप्रेरित बनाउन सकिन्छ ।

## सन्दर्भ सामग्री

शैक्षिक जनशक्ति विकास केन्द, (२०६६), शिक्षकको पेसागत विकास कार्यक्रम कार्यान्वयन पुस्तिका : भक्तपुर ।
शिक्षा मन्त्रालय (२०६९), नेपालमा शिक्षा आयोगका प्रतिवेदनहरू, काठमाडौ ।
शैक्षिक जनशक्ति विकास केन्द्र, शैजविके (२०१३). शिक्षकको पेसागत विकास कार्यक्रम : सिकेका
सिपको उपयोग र अभ्यासमा रूपान्तरणका मुद्दाहरू विषयक अध्ययन । काठमाडौस्शैजविके काठमाण्डौ

# विद्यालय शिक्षामा सिकाई निरन्तरता



उत्तमप्रसाद आचार्य*

विद्यालय शिक्षामा पहुंच गुणस्तर र संस्थागत क्षमताको विकासका लागि निरन्तर रुपमा विभिन्न शैक्षिक परियोजना र कार्यक्रमहरु लागू भएको दशकौं भइसकेको छ । विद्यालयमा बालबालिका ल्याउनु, विद्यालयभित्र आएका बालबालिकालाई टिकाई राख्नु, बालमैत्री शिक्षण सिकाइ वातावरणको माध्यमबाट जीवनोपयोगी शिक्षा प्रदान गर्नु र रोजगारीका अवसर प्रदान गराउनु सार्वजनिक शिक्षामा देखिएका र भोगिएका सदाबहार चुनौती हुन् । चरम राजनीतिक र सामुदायिक उदासिनताका कारण शैक्षिक संस्था बेराजगार उत्पादन गर्ने कारखानाको रुपमा परिचित हुंदै गएका जस्ता देखिएका छन् । विद्यालयको पहुँच बाहिर भएका बालबालिका विस्तारै शिक्षाका मूलप्रवाहमा समेटिएका छन् । सबै बालबालिका विद्यालयमा भित्रिन नसक्नुका कारण र शिक्षा प्रति उनीहरु र उनका अभिभावकको आकर्षण नबढ्नुका कारण भित्रका मूल कारण पत्ता लगाई राज्यको नीतिले समेट्नु आवश्यक देखिन्छ। कोभिड १९ पछिको विद्यार्थी भर्ना र सिकाईलाई सहज बनाउन विद्यालय सुरक्षित भएको र क्वारेन्टाइनका रुपमा प्रयोग भएका विद्यालयहरुलाई शिक्षण सिकाईका लागि प्रयोग हुने किसिमले संक्रमण रहित र रंगरोगन गरी बालबालिकामैत्री बनाउनु आजको आबश्यकता हो ।

नेपालको संविधानले शिक्षालाई मौलिक हकका रुपमा लिई प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा सहज पहुँचको सुनिश्चितता गरेको छ । आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने व्यवस्था छ । अपांगता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हकको व्यवस्था गरेको छ । दृष्टिविहीन तथा बहिरा र स्वर वा बोलाई सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने मात्र नभएर मातृभाषामा शिक्षा आर्जन गर्ने व्यवस्था समेत नेपालको संविधानमा उल्लेख छ।

संविधानले शिक्षालाई तीन वटै सरकारको साझा अधिकारका रुपमा व्यवस्था गरेको पाइन्छ। तर विद्यालय शिक्षाको सम्पूर्ण व्यवस्थापन स्थानीय तहलाई प्रदान गरेको छ। संविधानअनुसार स्थानीय तहले नै कानूनहरु निर्माण गर्नुपर्ने देखिन्छ । संघीय र प्रादेशिक शिक्षा ऐनका आधारमा स्थानीय ऐन बनाउनुपर्ने प्रावधान भएकाले स्थानीय तहमा निर्माण भएका कानुन प्रभावहीन भएका देखिन्छन् । अधिकांश स्थानीय तहमा शिक्षा हेर्ने कर्मचारीको अभाव, आफ्नो पालिकाको शिक्षा सम्बन्धी तथ्यांक लगायतका अभिलेख तत्कालिन जिल्ला शिक्षा कार्यालयबाट स्थानीय तहमा हस्तान्तरण नहुनु, कर्मचारीको लागि साधानस्रोत सम्पन्न कार्यकक्षको व्यवस्था नहुनु, कर्मचारी सरुवा र पदास्थापन विवाद रहित नहुनुले स्थानीय तहबाट हुनुपर्ने नीति निर्देशन, अनुदान, अनुगमन, निरीक्षण र नियमन प्रभावकारी नभई स्थानीय तहमा विद्यालय शिक्षाले सहजता पाउन सकेको छैन् ।

---

** लेखक वीरेन्द्रनगर नगरपालिका सुर्खेतमा शिक्षा शाखा अधिकृत हुनुहुन्छ ।*

कोभिड १९ विश्वव्यापी बनेको र यस भाइरसको बिरुद्ध कुनै खोप र औषधि पत्ता नलागेको अवस्थामा यसको संक्रमण फैलन नदिन विश्व स्वास्थ्य संगठनले उच्च जोखिम रहेको मुलुकको रुपमा नेपाललाई राखेका कारण असहज परिस्थितिले प्रभावित भएको दैनिक मानवीय जीवन, विकास निर्माण, सामाजिक विकास तथा गतिशिलताका धेरै पक्षहरु मध्ये शिक्षा एउटा महत्वपूर्ण पक्ष हो ।

नेपालमा शैक्षिक वर्ष २०७६ को विद्यालय तहको कक्षा १ देखि ९ सम्मको वार्षिक परीक्षा पटक-पटक मिति परिवर्तन गर्दै निर्धारित समय भन्दा पहिले हतार र त्रासको बिचमा सम्पन्न गरियो । राष्ट्रिय परीक्षा बोर्डद्वारा सञ्चालन गरिने कक्षा १०, ११ र १२ को राष्ट्रिय परीक्षाको मूल्यांकन बैकल्पिक रुपमा हुने भएका छन् ।

विद्यार्थी, शिक्षक, अभिभावक तथा सरोकारवालाहरुमा विद्यालय भवन क्वारेन्टाइनका रुपमा प्रयोग हुँदा मनोवैज्ञानिक डर त्रास व्यापक रहेकोछ । यसैगरी सामुदायिक विद्यालयमा पढ्ने विद्यार्थीहरु जो दैनिक ज्याला मजदुरी गर्ने न्यून आय वर्गका परिवारका छन् उनीहरुलाई हातमुख जोर्ने समस्याले गम्भीर पारेको छ । कोभिड १९ ले विद्यार्थीहरुमा पर्ने मनोवैज्ञानिक असर र त्यस पछिको सिकाइमा यसले पार्ने गम्भीर असरलाई समयमै निराकरणका लागि तयारी गर्नु महत्वपूर्ण पक्ष हो ।

यस महामारीको कारण अप्रत्याशित रुपमा बन्द भएको शिक्षण संस्थाहरु विद्यार्थी, शिक्षक तथा अभिभावकहरुमा यसको संक्रमणबाट हामी पूर्ण रुपमा सुरक्षित छौं भन्ने मानसिक अनुभुति नभएसम्म पूर्ववत सहजरुपमा सञ्चालन हुन कठिन हुने भएकोले शैक्षिक सस्थाहरु कहिले र कसरी खुल्न सक्छन् अझै भन्न सकिने अवस्था छैन । विद्यालयहरु कहिले देखि कुन रुपमा सञ्चालन हुन्छन् भन्ने यकिन नभई विद्यालयका वार्षिक शैक्षिक तथा शैक्षणिक योजनाहरु समेत निर्माण हुन सकिरहेका छैनन् ।

कोभिड १९ पछि विश्वमा नै शैक्षिक व्यवस्थापन, सिकाइका विधि तथा तरिकाहरु, विद्यालयको स्वरुपहरु लगायत शिक्षाका धेरै आयामहरुमा महत्वपूर्ण परिवर्तनको प्रारम्भ हुन पनि सक्छ । यस अवस्थामा शैक्षिक व्यवस्थापन तथा वैकल्पिक सिकाइका विभिन्न विकल्पहरुको आवश्यक तयारी तथा पूर्वाधार विकासको प्रारम्भ गर्दै नविनतम चिन्तनहरुको आधारमा समग्र शिक्षा प्रणालीलाई थप व्यवस्थित तथा लचिलो बनाई प्रवर्तनात्मक शिक्षण विधि, शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सिकाईका विभिन्न विकल्पहरुको प्रयोग मार्फत विद्यार्थीहरुमा व्यवहारिक सीप र दक्षता विकासको लागि हाम्रा योजनाहरुलाई परिवर्तित परिवेश अनुरुप निर्देशित गरि अपेक्षित शैक्षिक रुपान्तरणको अभियान प्रारम्भ गर्न उल्लेखित चुनौती तथा समस्याहरु महत्वपूर्ण अवसरको रुपमा रहन सक्छन् ।

यो अवधिमा पनि विद्यालय तहका बालबालिकाहरुलाई सिकाइमा कसरी निरन्तरता दिन सकिन्छ ? हामीसँग उपलब्ध रहेका र हुन सक्ने सम्भावित स्रोत सामग्रीको अधिकतम प्रयोगबाट सिकाइमा सहजता कसरी ल्याउन सकिन्छ ? सम्भाव्य वैकल्पिक उपायहरु के के हुन सक्छन् ? विश्व परिवेश नै यही अवस्थाबाट गुज्रिरहेकोले सिकाई सहजीकरणको लागि अन्यत्र भएका अभ्यास तथा प्रयास र प्रयोग गरिएका सफल विकल्पहरु के के रहेका छन् ? शिक्षक, विद्यार्थी तथा अभिभावक, सरकार र सरोकारवालाहरुले सकारात्मक सोचका साथ सम्भाव्य विकल्पहरुको प्रयोगको लागि आ-आफ्नो भूमिका निर्वाह गर्न सक्यौ भने न्यूनतम रुपमा भए पनि विद्यार्थीहरुको सिकाइ सहजीकरण भई आकस्मिक शैक्षिक क्षतिलाई पनि कम गर्न सकिनेनै छ ।

लकडाउन खुकुलो हुदैजाँदा पनि तत्काल विद्यालयहरु खोलेर शिक्षण गर्न सकिने अवस्था छैन । यो परिवर्तित परिवेशले सिकाइ प्रक्रियामा पनि परिवर्तन खोज्यो । कक्षाकोठाको प्रत्यक्ष सिकाई पद्धतिको विकल्पमा प्रयोग भएको

खुला तथा दूर सिकाइ नै अहिलेको अवस्थामा विश्वका धेरैजसो मुलुक र शैक्षिक संस्थाहरुले विद्यालयको तहको सिकाइमा पनि सर्वोत्तम विकल्पको रुपमा प्रयोग गर्न शुरु गरेका छन् ।

हाम्रो जस्तो मुलुकमा अझै सामुदायिक विद्यालयहरुमा र ती विद्यालयहरुमा अध्ययन गर्ने विद्यार्थीहरुमा सूचना प्रविधिको पहुँचको अवस्था अत्यन्त कमजोर छ । रेडियो, टेलिभिजन, सिकाइमा प्रयोग हुने प्रविधि बमोजिम मोवाइल, कम्प्युटर, ट्याव, ल्यापटप जस्ता उपकरण र आवश्यक गति तथा क्षमताको ईन्टरनेट विना दुरसिकाईका प्रविधिहरुको  प्रयोग कल्पना मात्रै हुन्छ ।

आवश्यक न्यूनतम पूर्वाधारहरुको विकास नगरी सिकाईका प्रविधिहरु प्रयोग गर्दा सिकाइमा सहभागी हुने विद्यार्थी संख्या न्यून नै हुने भएतापनि स्थानीय  रेडियो मार्फत शिक्षण सिकाइ सहजीकरण, राष्ट्रिय तथा स्थानीय टेलिभिजन मार्फत सिकाइ सामग्री प्रसारण, टेलिफोन तथा मोवाइल मार्फत विद्यार्थीको समस्या समाधान, स्वअध्ययन सामग्री विकास तथा वितरण जस्ता कार्यक्रम तत्कालै प्रयोग गर्न सकिने अन्य प्रविधिको तुलनामा बढी विद्यार्थीले सिकाइको अवसर प्राप्त गर्न सक्छन् ।

सिकाइमा प्रविधि उच्च प्रविधिको प्रयोगको लागि विद्यार्थीहरुसँग आवश्यक स्रोत र साधनको उपलब्धता अध्ययन गरि विद्यालयको संयोजनमा स्थानीय सरकारले प्रत्येक विद्यार्थीहरुको लागि आवश्यक उपकरण तथा ईन्टरनेट सुविधा प्रदान गर्ने आवश्यक व्यवस्था गर्नुपर्छ ।

विगत देखि नै परम्परागत सिकाइ पद्धतिको अभ्यास गरिरहेका हामी शिक्षक विद्यार्थी  तथा अभिभावकहरु र शैक्षिक सरोकारका सबै निकायहरु सिकाइमा सूचना र प्रविधिको प्रयोग गर्दै दूर सिकाइको अभ्यासलाई सहजै आत्मासात गर्ने अवस्था देखिदैन । त्यसकारण पनि यसलाई प्रयोग गर्दै सहजता बनाउँदै लैजानु पर्दछ । शिक्षक विद्यार्थी तथा अभिभावक समेतमा सो प्रकारको तत्परताको विकास गर्नुपर्छ ।

विद्यालयहरुले दैनिक रुपमा सञ्चालन हुने दूर शिक्षा कक्षाहरुको कक्षागत तथा विषयगत योजना सहित समयतालिकाको प्रबन्ध गरि विद्यार्थी तथा अभिभावकहरुलाई जानकारी गराउने गर्नुपर्छ ।  कक्षामा बसेर अध्ययन गर्ने अभ्यास गरेका विद्यार्थीहरुको लागि विद्यालयद्वारा प्रबन्ध गरिएको दूर शिक्षाको कक्षामा सहभागी हुन विद्यालयहरुले अभिभावकहरुसँग टेलिफोन तथा सम्पर्कको कुनै माध्यमवबाट  प्रेरित गर्नुपर्छ ।

कक्षागत रुपमा विद्यार्थीहरुको सिकाइ समूह निमार्ण गर्ने र सिकाइमा सहभागी हुन सक्ने/नसक्ने अभिलेखीकरण गरि सहभागी हुन नसक्ने विद्यार्थीहरुलाई सहयोगको वातावरण तयार गरि उनीहरुको सहभागिता सुनिश्चित गर्नुपर्छ ।

विद्यालयहरु अहिले पनि सूचना तथा सञ्चार प्रविधिमैत्री छैनन् । शिक्षणमा सूचना प्रविधिको प्रयोगलाई जोड दिन संघ, प्रदेश तथा स्थानीय तहद्वारा विद्यालयहरुमा सूचना तथा प्रविधि प्रयोगशालाको स्थापना र शिक्षकहरुलाई आंशिक रुपमा सूचना प्रविधि सम्बन्धी तालिम प्रदान गर्ने भए पनि केही  सूचना तथा प्रविधि प्रयोगशालाको स्थापना भएका विद्यालय र तालिम लिएका शिक्षकहरुले पनि सिकाइमा सूचना तथा प्रविधि प्रयोगको अभ्यास पूर्ण रुपमा गर्न नसकेको  पाइन्छ ।

स्रोत र साधनको अपर्याप्तता, तालिम तथा प्रशिक्षणको अभाव, कमजोर इच्छाशक्ति तथा प्रविधिको प्रयोगमा अनिवार्यता नभएको, कारणले प्राय जसो शिक्षकहरु सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा निपूर्ण छैनन् । सामुदायिक विद्यालयका कार्यरत शिक्षकहरुले यो चुनौतीलाई अवसरको रुपमा उपयोग गर्दै वृहत

इच्छाशक्तिको साथ शिक्षणमा सूचना तथा सञ्चारका आधुनिक प्रविधिहरुको प्रयोग गरि लकडाउनको यो अवधिमा पनि निर्धारित माध्यमबाट विद्यार्थीहरुलाई सिकाइमा सहजीकरण गर्न सक्ने सक्षमता प्राप्त गर्ने यो उपयुक्त समयको रुपमा लिएका छन् र क्षमता विकास गरेका छन् ।

स्थानीय तह र शिक्षकका पेशागत संस्थाहरु र केही विद्यालयहरुले आवश्यक संयोजन गरि शिक्षकहरुको लागि तालिम तथा क्षमता तथा सीप विकासको प्रबन्ध भएका छन् । विद्यालय तथा कक्षा कोठाको साइज तथा संख्या अनुसार प्रत्येक कक्षाका विद्यार्थीहरुलाइ स-साना समूहमा विभाजन गरि सजगताका साथ सामाजिक दूरी कायम गर्दै शिक्षण गर्न पनि अभ्यास भएका छन् । यसको लागि विद्यालय व्यवस्थापन समिति तथा अभिभावकहरुसँग समन्वय कायम गरि आवतजावतमा समेत सामाजिक दूरी कायम रहने व्यवस्था मिलाउनु पर्दछ । तर साना कक्षाका विद्यार्थीहरुको स्वभावैले विद्यालय भित्र सामाजिक दूरी कायम गरि शिक्षणमा सहभागी गराउनु त्यति उपयुक्त हुँदैन ।

विद्यालयहरुले शिक्षक साथीहरुको समूह निर्माण गरि योजना बनाई विभिन्न टोलहरुमा बसोबास गर्ने विद्यार्थीहरुको घरमा नै गएर सिकाइमा सहजीकरण गर्ने कामको समेत सुरुवात गरेको पाइन्छ । सम्बन्धित टोल वा छिमेकमा बस्ने विद्यार्थीहरुको कक्षागत समूह निर्माण गरी निर्धारित समयतालिका गराई विद्यार्थीहरुलाई तयार गराउने र पालो मिलाई सबै विषय शिक्षण गर्न शिक्षक साथीहरु कक्षा र विषयगत आधारमा सम्बन्धित टोलमा गएर सहजीकरण गर्ने व्यवस्था गर्न सकिन्छ । घर/टोल/छिमेकका माथिल्लो कक्षामा अध्ययनरत विद्यार्थीहरु/अभिभावकहरु तथा दाइ दिदीहरुसमेत यसमा सहयोगी बन्न सक्छन् । स्थानीय अभिभावक टोल विकास संस्था, विद्यालय व्यवस्थापन समिति तथा वडा समितिका पदाधिकारीहरुसँगको संयोजन तथा समन्वयमा यसमा थप प्रभावकारिता ल्याउन सकिन्छ । स्थानीय शिक्षकहरु बढी भएको ग्रामीण परिवेशमा यो विधि बढी प्रभावकारी हुन सक्छ ।

कोभिड १९ का कारण उत्पन्न विषम् परिवेशमा पनि सिकाईले निरन्तरता पाउन सकोस् भनी सरकारी निकायहरुवाट निर्देशिकाहरु जारी भएका छन् । बैकल्पिक माध्यमहरुको खोजी भइ स्वाध्यन तथा भर्चुअल सामग्री वेवसाइटमा राखिएका छन् । रेडियो टिभि लगायत प्रविधिका माध्यमबाट सिकाइलाई निरन्तरता दिने प्रयासहरु थालनी भएका छन् । संघीय सरका, प्रदेश सरकार र स्थानीय सरकारहरु सिकाइलाई निरन्तरताका लागि लागि परेका छन् । विद्यालयहरु क्वारेन्टाइनबाट विस्तारै पुन विद्यालयकै रुपमा परिणत हुँदैछन् । शिक्षकहरु विद्यालयमा हाजिर भइ कसरी सिकाइलाई निरन्तरत दिन सकिन्छ भनी विकल्पहरु खोजिरहनु भएकै छ । पेशागत क्षमता विकासका लागि तालिम तथा सूचना प्रविधि प्रशिक्षण कार्यक्रममा संलग्न भएको पाइन्छ । शिक्षकका पेशागत विकासका लागि शिक्षकका पेशागत संस्थाहरु पनि जुटिरहेको पाइएको छ । केही समय पछि स्थिति सामान्य बन्दै जाने र सिकाइले थप प्रविधि र सीपका साथ निरन्तरता पाउने नै छ । हामी सबैको साझा प्रयासले शिक्षाले सकारात्मक फड्को मार्ने नै छ ।

# कोरोना कहरको नियन्त्रण तथा व्यवस्थापन



मणिराम खराल*

### पृष्ठभूमि:

कोरोना भाइरस विश्वव्यापी महामारीको सुरुवात एक नयाँ किसिमको कोरोना भाइरस (सार्स कोभ(२) को संक्रमणको रुपमा मध्य चिनको वुहान शहरमा २०१९ को मध्य डिसेम्बरमा भएको थियो । कोरोनाको संक्रमण विश्वमा फैलिन थालेपछि २३ जनवरी २०२० मा विश्व स्वास्थ्य संगठनले अन्तराष्ट्रिय चिन्ताको सार्वजनिक स्वास्थ्य आपतकाल घोषणा गरेको थियो । विश्व स्वास्थ्य संगठनले विश्वभर फैलने सम्भावना देखाए पछि चिनिया नयाँ वर्षको आसपास वुहानमा महामारीको रुपमा फैलियो । चिनबाट सुरु भएको महामारी युरोप अमेरिका हुँदै नेपाल र भारतमा समेत प्रवेश गर्यो । शुरुको दिनमा युरोपबाट सोझै नेपाल प्रवेश गर्दा सानो संख्यामा देखिएको कोरोना संक्रमण भारत हुँदै नेपाल आउँदा ठूलो रुप लियो र शुरुमा तराइका भारतीय सीमा जोडिएको जिल्ला हुँदै विभिन्न भागमा फैलिएर जनजीवननै आक्रान्त बनायो । यस वेला सम्म नेपाल सरकारले जुन तयारी गर्नु पर्ने हो त्यो नगरी लकडाउनको समयावधि मात्र लम्ब्यायो जसको कारण यसको व्यवस्थापन गर्न स्थानीय तहलाई निकै कठिन र चुनौतिको सामाना गर्नु पर्यो । संघीयताको कार्यान्वयनको चरणमा रहेको वर्तमान अवस्थामा कोभिड १९ रोकथाम र नियन्त्रणमा स्थानीय तहको महत्वपुर्ण भूमिका रह्यो र स्थानीय तहको भूमिकालाई स्पष्ट पारिदियो ।

### कोरोना भाइरस नियन्त्रण तथा व्यवस्थापनमा स्थानीय सरकारको भूमिका

देश संघीयतामा गएपछि संघ, प्रदेश र स्थानीय तहको जिम्मेवारी समेत बाँडफाँट भई प्रथम निर्वाचित स्थानीय सरकार गठन भएपछि आएको विश्वव्यापी महासंकटको सामना गर्न स्थानीय तहले गरेको कार्य प्रशंसनीय र उल्लेखनीय रह्यो ।

केन्द्र सरकारले स्थानीय तहलाई कोष खडा गरेर राहत र क्वारेन्टाइन व्यवस्थापन गर्न निर्देशन दिइरहँदा स्थानीय तहले सुरुवाती व्यवस्था गर्न सकिने तर त्यसपछिको चरणमा केन्द्र र प्रदेश सरकारले आफ्नो कोषबाट रकम उपलब्ध गराउनु पर्ने धारणा राखेका थिए र सोही अनुसार व्यवस्थापन गरे तर कोभिड-१९ ले महामारीको रुप लिँदा पनि राहतको कुनै व्यवस्था नहुँदा पनि स्थानीय तह जिम्मेवारीबाट पछि हटेनन् र नियन्त्रण गर्न सफल समेत भए ।

विकास निर्माणलाई थाती राखेर रकमको जोहो गर्दै नेपाल सरकारको निर्णयको कार्यान्वयनको आशामा रहेका स्थानीय तहले नियन्त्रण तथा व्यवस्थापनका साथै राहत वितरणको कार्यलाई पनि तेश्रो चरणसम्म निरन्तरता दिएर साँच्चै स्थानीय सरकारको कर्तव्य पूरा गरी महत्वपूर्ण योगदान गरेका छन् ।

आफू आर्थिक रुपले थलिदा पनि कोभिड नियन्त्रणमा केन्द्र सरकारको मार्गदर्शन अनुसार स्थानीय तहले आफ्नो सम्पूर्ण शक्ति महामारी रोकथाम र नियन्त्रणमा परिचालन गरेर गाउँवस्तीमा आपत विपतको वेला अभिभावक

---

** लेखक नरैनापुर गाउँपालिका बाँकेको प्रमुख प्रशासकीय अधिकृत हुनुहुन्छ ।*

भएको महशुस गराएका छन् । सीमित श्रोतका वावजुद पनि देशमा विपद् जोखिम आइपर्दा यस अघि सरकारले भोगेका व्यवस्थापकीय असफलता आउन स्थानीय सरकारले दिएनन् । कोभिड-१९ को महामारीलाई सफल व्यवस्थापनाका साथ न्यूनीकरण र नियन्त्रण गर्दै जनतालाई सरकारको उपस्थितिको अनुभूति गराएका स्थानीय तहले गरेका तत्कालिन कार्यहरु निम्न छन् ।

- प्रारम्भिक सचेतना कार्यक्रम,
- संस्थागत पूर्वतयारी,
- हेल्थडेस्कको स्थापना,
- औषधी र स्वास्थ्य सामग्रीको बन्दोवस्ती,
- विदेशबाट फर्कनेहरुको तत्काल पहिचान र व्यवस्थापन,
- स्वास्थ्य परीक्षण ।

पछिल्लो चरणमा विदेशबाट फर्केका व्यक्तिहरुको क्वारेन्टाइनमा व्यवस्थापन, विवरण संकलन, स्वाब परीक्षण र कन्ट्रयाक्ट ट्रेसिङ्गका लागि पालिकाको प्रयास प्रभावकारी देखियो । खास गरी भारत लगायत विदेशबाट आउनेहरुको खबर पाउने वित्तिकै पालिकाका प्रमुखहरु तत्काल सम्बन्धित स्थानमा पुगेर आवश्यक व्यवस्था मिलाउने कार्यमा खटिइरहे । स्थानीय पालिकाले विकेन्द्रित तरिकाले भए पनि दैनिक काम गरेर परिवार धान्नेहरुका लागि राहतको प्याकेज घोषणा गरे र राहत वितरणको कार्यलाई केहि विवाद र कमजोरी भित्रै रहेर भए पनि जिम्मेवारी पूरा गरे ।

यदि यो अवस्थामा निर्वाचित जनप्रतिनिधि र स्थानीय सरकार हुँदैनथ्यो भने केन्द्र सरकारलाई कर्मचारी संयन्त्रको भरमा उल्लेखित कार्य गर्न निकै कठिन हुने थियो । यसकारण कोरोना कहर व्यवस्थापनमा स्थानीय तहको उल्लेख्य भूमिका रह्यो ।

## स्थानीय तहले सामना गर्नुपरेका चुनौतीहरु

- बन्दाबन्दीको बीचमा चर्को मूल्य तिरेर स्वास्थ्य सुरक्षा सामग्रीको व्यवस्थापन गर्नु परेको ।
- आकस्मिक आइपरेकाले कोष व्यवस्थापनमा कठिनाई
- क्वारेन्टाइनको लागि पूर्वाधारको अभाव ।
- जनशक्तिको अभाव (विषेश गरी स्वास्थ्य प्राविधिक)
- स्वाब संकलन र परीक्षणमा बढी समय लाग्नु ।
- अनुमान गरे भन्दा ठूलो संख्यामा संकास्पद संक्रमित एकै पटक आउँदा व्यवस्थापनमा कठिनाई ।
- केन्द्र सरकारले तोकेको मापदण्ड स्थानीय स्तरमा पूरा गर्नु चुनौती रहे ।

## निस्कर्षः

झण्डै २० वर्षको रिक्तता पछि जनताले घरदैलोमा निर्वाचित जनप्रतिनिधि पाए । जनताको अपेक्षा ठूलो थियो र जनप्रतिनिधिले काम गर्न नसकेको गुनासो थियो । यस्तै अपेक्षा र गुनासोको बीचमा स्थानीय सरकारको तेश्रो कार्यकालको अन्तिम समयतिर आउँदा कोभिड-१९को महामारी नेपाल सम्म आइपुग्यो । यस्तो समयमा लकडाउनको बीचमा प्रायः स्थानीय तहले प्रसंशनीय काम गरेका छन् । जनताको भरोसा र विश्वास जित्न सफल भएका छन् । सिमान्तकृत वर्गलाई राहतको महशुस गराउन सफल भएका छन् । जनतालाई सुसूचित गराउने काम गरेका छन् । नियन्त्रण र राहतमा लागि रहेका छन् । तीनै तहका सरकारको सहकार्यमा कोरोना रोकथाम र नियन्त्रणका लागि स्थानीय तहको क्रियाशीलता र प्रयास प्रशंसनीय छ । स्थानीय तहको तदारुकता र सक्रियताका कारण राष्ट्र संकटबाट जोगिन सफल भएको छ ।

# दिगो विकास लक्ष्य र स्वास्थ्य



विनोद आचार्य*

## परिचय

सन् २०१५ मा विश्वका राष्ट्रहरूले विश्वलाई विकास र समृद्धि तर्फ परिवर्तन गर्ने कुरामा संयुक्त राष्ट्र संघसँग सहमत भै दिगो विकास लक्षको अवधारणालाई अंगिकार गरेका थिए । सन् २०३० सम्ममा ती देशहरूले आफ्ना सरकार, उद्धमी, सञ्चार जगत, उच्चशिक्षा संस्थाहरू र गैरसरकारी संस्थाहरूको सहकार्यबाट ती देशहरूका जनताको जीवनस्तरमा सुधार ल्याउने प्रतिबद्धता ब्यक्त गरेका छन् । दिगो विकास लक्ष्य संयुक्त राष्ट्रसंघको ७० औं महासभावाट १९३ राष्ट्रले अनुमोदन गरे पश्चात सन् २०१६ जनवरी १ देखि सन् २०३० सम्मका लागि लागू भएको हो । यसमा विश्वबाट गरिबीको अन्त्य र प्रकृति/पृथ्वीको संरक्षण गर्दै सबैको लागि समृद्धि हासिल गर्नको लागि १७ वटा विश्वब्यापी लक्ष्यहरू, १६९ वटा परिमाणात्मक लक्ष्यहरू र २४१ सूचकहरू निर्धारण गरिएको छ । यसमा आर्थिक, सामाजिक, र वातावरणीय पक्ष देखि विश्वमा नयाँ आएका विषयहरू समावेशीकरण, सुशासन, अन्वेषण, रोजगारी सिर्जना, औधोगीकरण, उर्जा विकास जस्ता पक्षहरू समावेश गरिएका छन् । बैदेशिक सहायता लगायत समावेशी विकासका लागि आन्तरिक तथा स्थानीय स्रोत परिचालनलाई पनि जोड दिइएको छ भने शिक्षा र स्वास्थ्य जस्ता गुणात्मक पक्षहरूलाई समेत जोड दिइएको छ । यसले P5: People, Planet, Prosperity, Peace & Partnership एवं विकासमा वातावरणीय पक्षलाई जोड दिएको छ ।

यी लक्ष्यहरू प्रति नेपालले पनि प्रतिबद्धता ब्यक्त गरेको छ । यी लक्ष्यहरू यस प्रकार रहेका छन् ।

१. गरिबीको अन्त्य (Eliminate Poverty)
२. भोकमरीको अन्त्य (Erase Hunger)
३. सुस्वास्थ्य तथा समृद्धि जीवन (Establish Good Health and Well-Being)
४. गुणस्तरीय शिक्षा (Provide Quality Education)
५. लैंगिक समानता (Enforce Gender Equality)
६. स्वच्छ पिउने पानी र सरसफाइ (Improve Clean Water and Sanitation)
७. किफायति र स्वच्छ उर्जा (Grow Affordable and Clean Energy)
८. मर्यादित रोजगार तथा आर्थिक बृद्धि (Create Decent Work and Economic Growth)
९. उद्योग, नवीनतम खोज र पूर्वाधार (Increase Industry, Innovation, and Infrastructure)
१०. असमानता न्यूनीकरण (Reduce Inequality)
११. दिगो शहर र समुदाय (Mobilize Sustainable Cities and Communities)
१२. उत्पादन र उपभोगमा दीगोपना (Influence Responsible Consumption and Production)

---

*लेखक सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेशमा तथ्याङ्क अधिकृत हुनुहुन्छ ।*

१३. जलवायुमा पहल (Organize Climate Action)
१४. सामुद्रिक (पानी मुनि) जीवनको विकास (Develop Life Below Water)
१५. जमिन माथिको विकसित जीवन (Advance Life On Land)
१६. शान्ति, न्याय र सक्षम निकायहरू (Guarantee Peace, Justice, and Strong Institutions)
१७. लक्ष्य प्राप्तिका लागि साझेदारी (Build Partnerships for the Goals)

दिगो विकास लक्ष्य अन्तर्गत उपरोक्त सत्र वटा लक्ष्यहरू भएता पनि यहाँ स्वास्थ्य क्षेत्रसँग सम्बन्धित लक्ष्य ३ को सम्बन्धमा केही चर्चा गरिन्छ ।

लक्ष्य ३: सबै उमेर समुहको लागि स्वस्थ जीवनको सुनिश्चित गर्दै समृद्ध जीवन प्रबर्धन गर्ने (Ensure healthy lives and promote well-being for all at all ages)

स्वस्थ नागरिक विना विकासका उद्देश्यहरू हासिल गर्न कठिनाइ पर्दछ । विकासका प्रमुख साधन र साध्य पनि नागरिकहरू नै हुन । तसर्थ विकासका लागि पहिलो शर्त स्वस्थ खुसी र सुखी नागरिकको आवश्यकता पर्दछ भने विकासबाट नै नागरिकहरूलाई स्वस्थ र सुखी पनि बनाउन सकिन्छ । सवै उमेर समूहका मानिसहरूको लागि स्वस्थ जीवनको सुनिश्चितताको लक्ष्य अन्तर्गत देहाय अनुसारका १३ उद्देश्य र २५ सूचकहरू रहेका छन्

| उद्देश्य | सूचक |
|---|---|
| ३.१ सन् २०३० सम्म विश्वको मातृ मृत्युदर अनुपात प्रतिलाख जीवित जन्ममा ७० पुर्याउने । | ३.१.१ मातृ मृत्यु अनुपात |
| | ३.१.२ दक्ष स्वास्थ्यकर्मिबाट प्रसुति हुने अनुपात |
| ३.२ सन् २०३० सम्म रोकथाम गर्न सकिने नवजात र ५ बर्ष मूनिको बाल मृत्युदरलाई घटाइ नवजात मृत्युदरलाई प्रतिहजार जीवित जन्ममा १२ र मृत्युदर लाइ प्रतिहजार जीवित जन्ममा २५ मा झार्ने । | ३.२.१ पाँच वर्ष मूनिको मृत्युदर |
| | ३.२.१ नवजात शिशु मृत्युदर |
| ३.३ सन् २०३० सम्म एड्स, क्षयरोग र उपेक्षित उष्णकटिबन्धीय (Neglected Tropical Disease) रोगहरूको प्रकोपलाइ अन्त्य गर्ने एवं हेपाटाइटिस, पानीबाट सिर्जित रोग र अन्य सरूवा रोगहरू बिरूद्ध लड्ने । | ३.३.१ प्रति हजार असंक्रमित जनसंख्यामा लिंग, उमेर र लक्षित वर्ग अनुसार नयाँ एचआइभि संक्रमित संख्या |
| | ३.३.२ प्रति हजार जनसंख्यामा नयाँ क्षयरोगको विरामी संख्या |
| | ३.३.३ प्रति हजार जनसंख्यामा नयाँ औलो रोगको बिरामी संख्या |
| | ३.३.४ प्रति लाख जनसंख्यामा नयाँ हेपाटाइटिस बी का विरामी संख्या |
| | ३.३.५ उपेक्षित उष्णकटिबन्धीय (Neglected Tropical Disease) रोगहरू विरूद्ध उपचार पाएका मानिसहरूको संख्या |
| ३.४ सन् २०३० सम्ममा नसर्ने रोगहरूको कारणबाट हुने मृत्युलाई रोकथाम, उपचार तथा मानशिक स्वास्थ्य र समद्धिको अभिबृद्धि मार्फत एक तिहाइले घटाउने । | ३.४.१ हृदयरोग, क्यान्सर, मधुमेह र दीर्घ श्वासप्रश्वास रोगबाट हुने मृत्युदर |
| | ३.४.२ आत्महत्याबाट हुने मृत्युदर |
| ३.५ मादक पदार्थ र अल्कोहलको हानिकारक प्रयोगलाई घटाउँदै लागु पदार्थ दुर्ब्यसनको रोकथाम र उपचारलाई सुदृढ बनाउने | ३.५.१ मादक पदार्थ र दुर्ब्यसन विरूद्ध उपचारको (औषधी, मनोबैज्ञानिक, पुनस्थापन र हेरचाह) कभरेज |
| ३.६ सन् २०२० सम्म सडक ट्राफिक दुर्घटनाबाट हुने मृत्युलाइ विश्वब्यापी रूपमा आधा घटाउन | ३.६.१ सडक ट्राफिक दुर्घटनाबाट हुने मृत्युदर |
| ३.७ सन् २०३० सम्ममा राष्ट्रिय रणनीति तथा कार्यक्रमहरूमा परिवार नियोजन, सूचना र शिक्षालाई एकीकृत गरि लैंगिक तथा प्रजनन् स्वास्थ्य सेवामा विश्वब्यापी पहुंच सुनिश्चित गर्ने । | ३.७.१ आधुनिक परिवार नियोजनको माग परिपूर्त भएका प्रजनन् उमेरका महिलाहरूको अनुपात |
| | ३.७.२ प्रति हजार किशोरीहरूमा (१०–१४ वर्ष, १५–१९ वर्ष) प्रजनन् दर |

| उद्देश्य | सूचक |
|---|---|
| ३.८ वित्तीय जोखिम प्रतिरक्षा, गुणस्तरीय अत्यावश्यक स्वास्थ्य सेवामा पहुंचका साथै सुरक्षित, प्रभावकारी, गुणस्तरीय तथा सस्तो औषधी र खोपमा विश्वब्यापी पहुंच हासिल गर्ने । | ३.८.१ अत्यावश्यक स्वास्थ्य सेवाको कभरेज (बञ्चितिमा रहेको जनसंख्याको लागि प्रजनन्, मातृ, नवजात तथा वाल स्वास्थ्य, संक्रमणजन्य रोगहरू र नसर्ने रोगहरू विरूद्ध सेवाको पहुंच र क्षमता) |
| | ३.८.२ प्रति हजार जनसंख्यामा स्वास्थ्य बिमा वा जनस्वास्थ्य प्रणालीले समेटेका मानिसहरूको संख्या |
| ३.९ सन् २०३० सम्ममा हानिकारक रसायन तथा हावा, पानी र माटो प्रदुषणको कारण हुने रोग र मृत्युलाई उल्लेखनीय रूपमा घटाउने । | ३.९.१ घरभित्रको तथा परिस्थितिजन्य वायु प्रदुषणबाट हुने मृत्युदर |
| | ३.९.३ अन्जानबश विषालु पदार्थहरूबाट हुने मृत्युदर |
| ३.a सूर्तिजन्य पदार्थ नियन्त्रण सम्बन्धी विश्व स्वास्थ्य संगठनको ढाँचालाई सम्भव भएसम्म सवै देशहरूमा सुदृढ गर्ने । | ३.a.१ उमेर १५ वर्षदेखी माथिका मानिसहरूमा सुर्तिजन्य पदार्थ प्रयोगको ब्यापकता (Prevalence) |
| | ३.b TRIPS सम्फौता र जनस्वास्थ्य सम्बन्धी दोहा घोषणापत्र अनुसार विकासशील देशहरूमा सर्ने र नसर्ने रोगहरूको लागि भ्याक्सिन र औषधिहरूको अनुसन्धान र विकासमा सहयोग गर्ने, अत्यावश्यक औषधि र भ्याक्सिनमा पहुंच बढाउने । |
| | ३.b.१ सुलभ औषधि र भ्याक्सिनको सहज एवं दिगो पहुंचमा भएको जनसंख्याको अनुपात |
| | ३.b.१ चिकित्सा अनुसन्धान र आधारभूत स्वास्थ्य क्षेत्र को विकासमा भएको सहयोग |
| ३.c विशेष गरी अतिकम विकशित देशहरू र विकासशिल देशहरूमा स्वास्थ्य जनशक्तिको तालिम र टिकाउपन (Retention) का लागि स्वास्थ्य क्षेत्रमा पर्याप्त लगानी गर्ने । | ३.c.१ स्वास्थ्यकर्मिहरूको घनत्व र वितरण |
| ३.d सबै देशहरूमा (विशेष गरी विकाशशील देशहरू) राष्ट्रिय तथा विश्वब्यापी स्वास्थ्य जोखिमहरूको पूर्व सचेतना, जोखिम न्यूनीकरण र ब्यवस्थापनको लागि क्षमता विकास गर्ने । | ३.d.१ अन्तरराष्ट्रिय स्वास्थ्य नियमन (IHR) क्षमता र स्वास्थ्य आपतकालिन तयारी अवस्था |

## दिगो विकास लक्ष्य ३ र नेपाल

स्वास्थ्य, गरीबी निवारण र मानव विकासको क्षेत्रमा नेपालले विगत २ दशक देखि उपलब्धिपूर्ण प्रगतिहरू हासिल गर्दै आएको छ । निरपेक्ष गरिबी घट्दै आएको देखिन्छ भने स्वास्थ्य क्षेत्रमा मातृ मृत्यु लगायत विभिन्न मृत्युदरहरू घट्दै गएको र आधारभूत स्वास्थ्य सेवामा पहुंच बढ्दै गएको देखिन्छ । तथापि नेपालको हालको गरिबी अनुपात दक्षिण एशियामा नै उच्च रहेको छ । नेपालमा मृत्युदर, खोप, प्रजनन् स्वास्थ्य लगायतका क्षेत्रका उपलब्धिहरूमा अपेक्षित सुधार र दिगोपना ल्याउन धेरै चुनौतीहरू रहेका छन् । यी क्षेत्रहरूमा अपेक्षित उपलब्धि हासिल गर्नको लागि अन्तर्राष्ट्रिय जगतको सहयोग निरन्तर सहयोग र सहकार्य आवश्यक छ ।

हावापानी परिवर्तनको कारण रोगहरूको स्वरूपमा आउने परिवर्तनलाई सामना गर्दै सीमान्कृत वर्गसम्म गुणस्तरीय, उत्तरदायी स्वास्थ्य सेवाको विस्तार गर्न राज्य र सरोकारवालाहरूले नवीन दृष्टिकोण अपनाउनु पर्ने हुन्छ ।

स्वास्थ्य सेवाको ब्यापकता, स्वास्थ्य सेवा तथा जनशक्ति र आपूर्तिको गुणस्तरीयताको सम्बोधन नभएसम्म स्वास्थ्य क्षेत्रमा पर्याप्त र दिगो रूपमा सुधार ल्याउन सकिंदैन । स्वास्थ्य क्षेत्रका दिगो विकासका उद्देश्यहरू दिगो तथा समावेशी रूपमा हासिल गर्न सुशासनको प्रबर्धन गर्नु पनि त्यत्तिकै आवश्यक हुन्छ ।

नेपालको हालको शिशु मृत्युदर र पाँच बर्ष मूनिको मृत्युदरको घट्दो दरलाई कायम राख्न नवजात मृत्युदरलाइ अझै घटाउनुपर्ने देखिन्छ। समुदायमा नवजात सेवाको आवश्यकता बढेको भएतापनि सेवाको सर्वब्यापी उपलब्धता र पहुंचमा अझै चुनौती नै रहेको देखिन्छ। यस्तो सेवा सीमान्तकृत समुदायहरूमा पुगेको छैन। यसको लागि स्वास्थ्य सेवा प्रदायकहरूको क्षमता बढाउन र राष्ट्रिय स्वास्थ्य प्रणालीलाई सुदृढ बनाउन विकास सहयोगको आकार बढाउन पनि उत्तिकै आवश्यक हुन्छ। नेपालमा पोषण सम्बेदनशील तथा खोप कार्यक्रमको लागि धेरै दाताहरूले काम गरिरहेका छन् र यी कार्यक्रमसँग सम्बद्ध दिगो विकास लक्ष्य हासिल गर्नको लागि ती दाताहरूको निरन्तर सहयोग चाहिने अवस्था छ।

नेपालमा किशोरावस्थामा गर्भधारण र सुरक्षित मातृत्व पनि एउटा प्रमुख सामाजिक तथा स्वास्थ्य समस्याको रूपमा रहेको छ। यो समस्या प्रत्यक्ष रूपमा वालविवाहसँग सम्बन्धित छ जसले गर्भ सम्बन्धी जटिलता, मातृमृत्यु र अन्य स्वास्थ्य सम्बन्धी जटीलतालाई बढावा दिइरहेको हुन्छ। गर्भावस्थामा प्रोटोकल अनुसार गर्भजाँच गराउने अनुपात कम भएता पनि यसको कभरेज सुधारोन्मुख देखिन्छ। स्वास्थ्य क्षेत्रमा हाल भैरहेका प्रयासहरूलाई बढावा दिदैं जान सकिएमा स्वास्थ्य तर्फका दिगो विकासका सूचकहरूको अवस्थामा सुधार ल्याउन सकिन्छ तर यसको लागि दृढ राष्ट्रिय प्रतिबद्धता र पर्याप्त अन्तर्राष्ट्रिय आर्थिक र प्राविधिक सहयोग आवश्यक पर्दछ।

सर्ने, नसर्ने, पानीजन्य र उपेक्षित उष्णकटिबन्धीय (Neglected Tropical) रोगहरूको नियन्त्रणसँग सरोकार राख्ने हाल नेपालमा सञ्चालनमा रहेका धेरै जसो कार्यक्रमहरूमा बाह्य विकास साझेदार संस्थाहरूको ठूलो सहयोग रहेको छ। तर ती साझेदार संस्थाहरूले संधै सहयोग गरिरहने अवस्था नहुन सक्ने भएको हुँदा यसमा राज्यले आफ्नो स्रोतसाधनको क्षमता बढाइ दिगो बनाउने प्रयास गर्नुपर्दछ। दातामुखी भन्दा पनि आफ्नो आवश्यकता, प्रमाण र स्रोतको आधारमा स्वास्थ्यका कार्यक्रमहरूलाई प्राथमिकता दिनु पर्दछ। विदेशमा गएका कामदार तथा बसाइसराइ गर्ने मानिसहरूको माध्यमबाट बाह्य संक्रामक रोगहरू भित्रिन सक्ने, हावापानी परिवर्तनको कारण रोगका भेक्टर, किटाणु तथा जिवाणुहरूले जीवनचक्र र भौगोलिक अनुकुलतामा परिवर्तन ल्याउन सक्ने कारणहरूले रोगको ढाँचामा परिवर्तन आउनसक्ने अवस्थालाई पनि त्यत्तिकै ध्यान दिनु जरूरी छ।

## निष्कर्ष

विद्यमान प्राकृतिक स्रोत साधनहरूको सन्तुलित प्रयोग गर्दै विशेष गरि अविकसित तथा विकासशील देशहरूको आर्थिक सामाजिक अवस्थाका सूचकहरूमा सुधार ल्याउने तर्फ दिगो विकास लक्ष्य निर्देशित छ। नेपाल अतिकम विकसित राष्ट्र भएकोले दिगो विकास लक्ष्य हाम्रो लागि पनि सान्दर्भिक र महत्वपूर्ण छ। स्वास्थ्य क्षेत्र प्रत्यक्ष रूपमा मानव जीवनको अस्तित्वसँग सम्बन्धित विषय भएकोले स्वास्थ्य क्षेत्रका दिगो विकास लक्ष्यका उद्देश्यहरूको प्राप्ति गर्नु अत्यन्त आवश्यक हुन्छ। उपरोक्त उद्देश्यहरू हासिल गरी स्वास्थ्यका सूचकहरूलाई समृद्ध पार्न आधारभूत आवश्यकता केन्द्रित पर्याप्त बजेटको सुनिश्चितता, मौलिक कार्ययोजना र अपनत्वको आवश्यकता पर्छ। आवधिक योजना तथा वार्षिक बजेटसँग दिगो विकासका सूचकहरूलाई आवद्ध गराउने, सरकार स्वास्थ्य क्षेत्रमा काम गर्ने निजी क्षेत्र र गै.स.स.तथा दाताहरू विचको सहकार्यलाई एकद्वार प्रणालीको माध्यमवाट प्रभावकारी वनाउने, स्वास्थ्य सुशासन, वित्तीय स्रोत साधनको समुचित व्यवस्थापन, स्वास्थ्य प्राविधिक क्षमताको विकास, वढ्दो जलवायू परिवर्तनका असरको न्यूनीकरण, दिगो स्वास्थ्य विकासका सूचकहरूको स्थानीयकरण गर्न सकिएमा लक्ष्य हासिल गर्न सहज हुन्छ।

## Reference:

Sustainable Development Goals 2030-2016 National -Preliminary_ Report, National Planning Commission 2015

Sustainable Development Goals Status & Road map 30-2016, NPC 2017

Review of Targets for the Sustainable Development Goals: The Science Perspective, International Council for Science -ICSU_ 2015

# शैक्षिक व्यवस्थापनमा प्रदेश सरकारका चुनौती र समाधानका उपायहरू



पदम बहादुर बुढाक्षेत्री*

## विषय प्रवेश

शिक्षा मानव जीवनको अत्यन्त महत्वपूर्ण पक्ष र जीवन पर्यन्त चलिरहने प्रक्रिया हो । शिक्षाको सुरुवात मानव समाज सँगसँगै भएको मानिन्छ  र समाजको अस्तित्व रहेसम्म शिक्षा र शैक्षिक प्रक्रिया चलिरहन्छ । शिक्षाको माध्यमबाट नै मानिसको विचार रहन सहन र जीवनशैलीमा परिवर्तन आउँछ । शिक्षाले व्यक्तिलाई, समाजलाई, राष्ट्रलाई र संसारलाई नै समुन्नत बनाउँछ । शिक्षाले अज्ञानता हटाउँछ । शिक्षालेनै मानिसलाई अग्रगमनका लागि अगाडि बढाउँछ । शिक्षाले व्यक्तिलाई आत्मनिर्भर बनाई आवश्यकताहरुको परिपूर्ति गराउन सहयोग गर्छ । व्यक्तिको जीवनयापनमा आइपर्ने पारिवारिक, सामाजिक, राजनीतिक, आर्थिक, शैक्षिक लगायतका कामहरुमा उचित तरिकाले समायोजन हुन शिक्षाले सहयोग गर्दछ ।

शैक्षिक व्यवस्थापन भन्नाले शिक्षा क्षेत्रमा पूर्व निर्धारित शैक्षिक उद्धेश्य हासिल गर्नका लागि भौतिक तथा मानवीय स्रोत साधनलाई कुशलतापूर्वक र प्रभावकारी ढंगबाट परिचालन गर्ने प्रक्रियालाई जनाउँछ । यसले शिक्षा क्षेत्रसँग सम्बद्ध समग्र भौतिक तथा मानवीय पक्षको व्यवस्थापन गर्दछ । शैक्षिक व्यवस्थापनले शिक्षा क्षेत्रमा नीति निर्माण, योजना निर्माण गर्ने, विद्यार्थी तथा अन्य शैक्षिक जनशक्ति भर्ना गर्ने तालिम दिने, शिक्षण सिकाई क्रियाकलाप प्रभावकारी बनाउने परीक्षा सञ्चालन तथा मूल्याङ्कन गर्ने, पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण तथा वितरण, समन्वय, सञ्चार, निर्देशन, नियन्त्रण गर्ने आदि ।

नेपाल एकात्मक केन्द्रीकृत शासन व्यवस्था भएको समयमा शैक्षिक व्यवस्थापन केन्द्र सरकारले नै गर्दै आइरहेको थियो । नेपालमा हाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन व्यवस्था लागू भएको छ । राज्यलाई संघ, प्रदेश र स्थानीय तहको राजनीतिक एकाइमा विभाजन गरिएको छ । नेपाललाई ७ प्रदेश, ७७ जिल्ला र ७५३ वटा स्थानीय तहमा  विभाजन गरिएको छ ।

## संवैधानिक व्यवस्था

नेपालको संविधानले शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपपूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने, शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने, उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने, नागरिकको व्यक्तित्व विकासका लागि

** लेखक सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश सुर्खेतको शाखा अधिकृत आठौं तहमा कार्यरत हुनुहुन्छ ।*

सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्धन गर्ने नीति लिएको छ । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान तथा कानून बमोजिम गर्ने उल्लेख छ । राज्यशक्तिको बाँडफाँटमा अनुसूची ५ देखि ९ सम्म संघ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकारको व्यवस्था गरिएको छ । धारा ५८ मा अवशिष्ट अधिकार संघमा रहने व्यवस्था छ ।

नेपालको संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी मौलिक हकको व्यवस्था छ । नेपालको संविधानको अनुसूची ६ प्रदेशको एकल अधिकारको सूची अन्तर्गत प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय, संग्रहालय रहेको छ । अनुसूची ९ संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा शिक्षा, खेलकुद र पत्रपत्रिका छ । नेपालको शिक्षाको संरचनामा कक्षा बालविकास देखि ८ सम्म आाधारभूत तह र कक्षा ९ देखि १२ सम्म माध्यमिक तह हुने व्यवस्था छ । यसरी हेर्दा माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहको एकल अधिकारमा रहेकोले शिक्षामा पहुँच, गुणस्तर शिक्षक व्यवस्थापन, भौतिक व्यवस्थापन, पाठ्यपुस्तक, छात्रवृत्ति र मूल्याङ्कनका सम्बन्धमा स्थानीय तहले गर्नु पर्ने देखिन्छ । नेपालमा हालसम्म स्थापना भएका विश्वविद्यालयहरु केन्द्रीय विश्वविद्यालयकै हैसियतमा रहेका छन् । विश्वविद्यालयको छाता ऐनले केन्द्रीय विश्वविद्यालय र प्रादेशिक विश्वविद्यालयमा वर्गिकरण गर्न खोजेको छ तर सो ऐन प्रमाणीकरण भई सकेको छैन । प्रदेश सरकारले आफ्नै विश्वविद्यालय स्थापना गर्ने प्रयास गरेपनि हालसम्म स्थापना भई सकेको छैन । नेपालको संविधानको धारा २३२ मा संघ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ भन्ने उल्लेख छ । यो धारा र अनुसूची ९ मा भएको साझा अधिकारका आधारमा शिक्षा र खेलकुदका क्षेत्रमा स्थानीय तहसँगको समन्वय र सहकार्यमा माध्यमिक तहसम्म प्रदेश सरकारले भौतिक निर्माण, शिक्षक व्यवस्थापन, खेलकुद लगायत विभिन्न शीर्षकमा रकम व्यवस्था गर्दै आएको छ । हाल सम्म संघीय शिक्षा ऐन निर्माण नभएकोले प्रदेश र स्थानीय शिक्षा ऐन पनि निर्माण भएका छैनन् । यसरी संविधानले दिएका अधिकार कार्यान्वयन गर्न ऐन नियमको व्यवस्था नहुँदा पुरानो ऐन नियमानुसार काम गर्न केहि कठिनाई भएको छ । शिक्षकको दरवन्दी मिलान कार्यविधि २०७६ अनुसार सामाजिक विकास मन्त्रालयलाई प्रदेश भित्रको दरबन्दी मिलान गर्ने अधिकार र काम, कर्तव्य उल्लेख छ ।

## राष्ट्रिय शिक्षा नीति, २०७६

**प्रदेश सरकारसँग सम्बन्धित नीति तथा रणनीतिहरु निम्नानुसार छन् ।**

तीनै तहका सरकारका शैक्षिक सेवा प्रदायक संरचनाहरूलाई आवश्यकता अनुसार पुनःसंरचना, सुदृढीकरण र सवलीकरण गरी दक्षतापूर्ण, प्रभावकारी र नतिजामूलक बनाउने । विश्वविद्यालय तथा उच्च शिक्षा प्रदायक संस्थाहरूलाई सार्वजनिक, सामुदायिक र निजी संस्थाको रुपमा विकास गर्दै हाल सञ्चालनमा रहेका विश्वविद्यालयहरूमध्ये इच्छुक १० विश्वविद्यालयलाई प्रदेशसँग समन्वय गरी प्रादेशिक विश्वविद्यालयका रुपमा सञ्चालन गर्न अभिप्रेरित गर्ने । (८.५)

विद्यालय तथा उच्च शिक्षामा तीनै तहका सरकारको लगानी बृद्धि गर्ने । (८.१२)

सङ्घीय र प्रदेशस्तरमा अनलाइनमा आधारित शैक्षिक रेडियो तथा टेलिभिजन च्यानलको स्थापना गरिनेछ । त्यस्ता संस्थाहरूले सूचना तथा सञ्चार प्रविधि प्रयोग गरी शैक्षिक कार्यक्रम तथा आजीवन सिकाइका कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ

पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यान्वयन प्रभावकारिताको अनुगमन तथा मूल्याङ्कन गरी सुधारका कार्य सङ्घ तथा प्रदेश दुवै तहबाट हुने गरी आवश्यक व्यवस्था मिलाइनेछ । बहुपाठ्यपुस्तक नीतिका आधारमा नेपाल सरकार, प्रदेश सरकार र निजी क्षेत्रले राष्ट्रिय मापदण्डको अधीनमा रही पाठ्यपुस्तक विकास गरी बहुपाठ्यपुस्तक उपलब्ध गराइनेछ । आधारभूत तह (कक्षा ८) को अन्त्य, माध्यमिक तह अन्तर्गत कक्षा दश र कक्षा बाह्रको परीक्षा क्रमशः स्थानीय, प्रदेश र संघीय तहबाट सञ्चालन, व्यवस्थापन र प्रमाणीकरण गर्ने व्यवस्था मिलाइनेछ । शिक्षक तालिमको लागि स्थानीय तहको सिफारिसमा प्रदेश सरकारले शिक्षण एकेडेमी वा शिक्षण कलेजसित सम्झौता गर्ने र सम्झौता बमोजिम शिक्षकको क्षमता विकास, व्यावहारिक अभ्यास, इन्टर्नसीप जस्ता परीक्षण विधिहरू अवलम्बन गरिनेछ । प्रदेश तहमा समेत विद्यालय तथा प्राविधिक शिक्षालय निरीक्षणका लागि प्रादेशिक शिक्षा निरीक्षक व्यवस्था गरी निरीक्षणको ब्यबस्था मिलाइनेछ । संघीय, प्रादेशिक तथा स्थानीय तहमा शिक्षा क्षेत्रको नतिजामूलक अनुगमन तथा मूल्याङ्कनको लागि आवश्यक पर्ने संस्थागत संयन्त्र, प्रक्रिया, मापदण्ड र सूचक निर्धारण गरी तीनै तहका सरकार र अन्तर्गतका निकायहरूको जिम्मेवारी एवं जवाफदेहिता किटान गरिनेछ ।

## प्रदेश सरकारको जिम्मेवारी

१. शिक्षाको राष्ट्रिय नीति तथा मापदण्डको अधिनमा रही प्रदेश तहको शिक्षा सम्बन्धी कानून, योजना, कार्यक्रम, प्रशासन, व्यवस्थापन र नियमन, २. प्रदेश विश्वविद्यालय सम्बन्धी कानून, योजना, कार्यक्रम, सञ्चालन र नियमन, ३. प्रदेश स्तरीय पुस्तकालय र संग्रहालय सम्बन्धी कानून, सञ्चालन तथा नियमन, ४. विद्यालय शिक्षक तथा कर्मचारीको सेवा, सर्त र सुविधाको सञ्चालन तथा अभिलेख व्यवस्थापन, ५. प्रादेशिक मानव संशाधन आवश्यकता प्रक्षेपण तथा मानव स्रोत विकास योजना निर्माण तथा कार्यान्वयन, ६. प्रदेश स्तरबाट प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सम्बन्धी योजना तथा कार्यक्रम निर्माण, कार्यान्वयन र नियमन,७. माध्यमिक शिक्षाको समन्वय, अनुगमन तथा नियमन र माध्यमिक शिक्षाको कक्षा दशको परीक्षा सञ्चालन, व्यवस्थापन र प्रमाणीकरण, ८. विद्यालय तहको ऐच्छिक विषयको पाठ्यक्रम विकास, पाठ्यपुस्तक तथा पाठ्यसामग्री विकास, उत्पादन र वितरण, ९. विद्यालय तहका थप पाठ्यपुस्तक तथा पाठ्यसामग्री छनौट तथा प्रयोग सम्बन्धी नीति, मापदण्ड, स्वीकृति र नियमन, १०.प्रदेशस्तरमा प्राज्ञिक तथा नवप्रवर्तनात्मक अनुसन्धान र शैक्षिक तथ्याङ्क व्यवस्थापन, ११. प्रदेश स्तरका विशेष विद्यालय, प्राविधिक तथा व्यवसायिक तालिम केन्द्र अनुमति, स्वीकृति, सञ्चालन, व्यवस्थापन र नियमन, १२. विद्यालय तहका शिक्षकहरूको पेसागत विकास तथा तालिम सम्बन्धी पाठ्यक्रम, पाठ्यसामग्री विकास, तालिम सञ्चालन र अनुगमन, १३. विशेष शिक्षासम्बन्धी योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, १४.भाषा शिक्षण सम्बन्धमा योजना र कार्यक्रम व्यवस्थापन तथा संस्थाहरूको अनुमति वा स्वीकृति र नियमन, १५. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सम्बन्धी पाठ्यक्रम, पाठ्यसामग्री निर्माण, कार्यान्वयन र नियमन ।

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ (दोश्रो संसोधन २०७५/०८/२९) अनुसार सामाजिक विकास मन्त्रालयका शिक्षा सम्बन्धी कार्य जिम्मेवारी देहाय बमोजिम उल्लेख गरिएको छ ।

१. प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा , कार्यान्वयन र नियमन
२. शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण,अनुमति तथा नियमन,
३. प्रदेशस्तरमा पुस्तकालय, संग्रहालय, अभिलेखालय सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

४. प्रादेशिक शिक्षा, प्राविधिक तथा व्यावसायिक तालिम र छात्रवृत्ति सम्बन्धी नीति, कानुन तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन तथा पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री निर्माण, उत्पादन र वितरण,
५. प्रदेशस्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन
६. प्रदेशस्तरमा विद्यालय तहको शिक्षकको सेवा, शर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन,
७. माध्यमिक तहको परीक्षा व्यवस्थापन,
८. प्रदेशस्तरमा प्राज्ञिक, अनुसन्धान तथा शैक्षिक तथ्यांक व्यवस्थापन ।

## अनौपचारिक शिक्षामा प्रदेशको भूमिका

साक्षरता अभियान केन्द्रीय समन्वय समितिमा सामाजिक विकास मन्त्रालयका सचिवहरुमध्ये अध्यक्षबाट मनेनित एक जना सदस्य रहने व्यवस्था छ ।

### सामाजिक विकास मन्त्रालय

साक्षरता अभियान प्रदेश समन्वय समितिः १. मन्त्री, सामाजिक विकास मन्त्रालय संयोजक २. सचिव, सामाजिक विकास मन्त्रालय सदस्य ३. जिल्ला समन्वय समितिका प्रमुख मध्येबाट संयोजकबाट मनोनित एकजना सदस्य ४. नगरपालिका प्रमुख वा उप प्रमुख अथवा गाउँपालिका अध्यक्ष वा उपाध्यक्ष मध्येबाट कम्तीमा एकजना महिला पर्ने गरी संयोजकबाट मनोनित दुई जना सदस्य ५. निर्देशक, शिक्षा विकास निर्देशनालय सदस्य सचिव ।

### सामाजिक विकास मन्त्रालय/शिक्षा विकास निर्देशनालयको जिम्मेवारी

शिक्षा विकास तथा समन्वय इकाइबाट अभिलेख संकलन गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाउने । साक्षर नेपाल अभियान कार्यक्रमको अनुगमन गर्ने । प्रदेश तहमा सरकारी तथा विकास साझेदार, राष्ट्रिय तथा अन्तराष्टिय गैरसरकारी संघ संस्थाहरुलाई साक्षरता कार्यक्रम सञ्चालनमा सहयोग गर्ने वातावरण बनाउने,साक्षर नेपाल अभियानका सन्देश प्रचार प्रसार गर्ने व्यवस्था मिलाउने, प्रदेश भित्र अभियानका सन्देश प्रचार प्रसार गर्ने व्यवस्था मिलाउने, प्रदेश भित्र अभियान अवधिभर अनुगमन र अशल अभ्यासको पहिचान संकलन तथा प्रवोधीकरण गर्ने, आफ्नो प्रदेश अन्तरगतका साक्षर घोषणा हुन बाँकी स्थानीय तहहरु मार्फत निरक्षरहरुको संख्या एकिन गर्ने कार्यमा आवश्यक सहजीकरण गर्ने ।

## प्रदेश सरकारले गरेका प्रयासहरु

सुरुमा प्रदेशको संरचना र कर्मचारीको दरबन्दी नेपाल सरकारबाट स्वीकृत भई कार्यान्वयन भएको थियो । पछि आफ्नो प्रदेशको भूगोल, जनसंख्या लगायतका विषयलाई मध्यनजर गर्दै कर्णाली प्रदेश सरकारले आफ्नो प्रदेशको आवश्यकता अनुसार संगठन तथा व्यवस्थापन (O and M) स्वीकृत गरेर लागू गरेको छ । प्रदेशमा शिक्षा सम्बन्धी हेर्ने मन्त्रालय सामाजिक विकास मन्त्रालय हो । यस मन्त्रालय अन्तर्गत भएका साँगठनिक संरचना यस प्रकार छ ।

१. सामाजिक विकास मन्त्रालय
नीति, कार्यक्रम निर्माण कार्य गर्ने
मन्त्रालयमा शैक्षिक विकास महाशाखा अन्तर्गत दुई वटा शाखा छन् ।
क. शैक्षिक विकास तथा परीक्षा व्यवस्थापन शाखा

ख. प्राविधिक तथा व्यावसायिक शिक्षा शाखा

ग. विशेष तथा उच्च शिक्षा शाखा

२. शिक्षा विकास निर्देशनालय : मन्त्रालयका कार्यक्रमहरु कार्यान्वयन गर्ने निकाय

३. मानव संसाधन विकास केन्द्रः शिक्षा र स्वास्थ्य सेवाका कर्मचारी एवं विद्यालयका शिक्षक र कर्मचारीलाई तालिम प्रदान गर्ने

४. सुर्खेत जिल्लामा शिक्षा विकास निर्देशनालय र अन्य ९ वटा जिल्लामा सामाजिक विकास कार्यालय : कार्यक्रम कार्यान्वयन गर्ने ।

५. प्रदेश संग्रहालय तथा अभिलेखालय ।

## शिक्षा सम्बन्धी प्रदेशले गरेका मुख्य क्रियाकलापहरु

### शिक्षा तथा खेलकूद

- शिक्षा नीति, शिक्षा विधेयक तयारी
- विद्यालयहरूको भवन निर्माण तथा भौतिक पूर्वाधार सुधार
- छोरी बुहारी, प्राविधिक उच्चशिक्षा, जेहेन्दार उच्चशिक्षा, दलित उच्चशिक्षा, अपांग उच्चशिक्षा, प्रदेश स्थापना शहिद उच्चशिक्षा तथा डुम, मुसहर, चमार छात्रबृत्तिको ब्यवस्थापन र कार्यान्वयन
- शैक्षिक क्लस्टरको बिपद प्रतिकार्य योजना
- इजिआरपी प्रशिक्षक प्रशिक्षण तथा टिपिडि प्रशिक्षक क्षमता विकास तालिम सञ्चालन
- स्थानीय पाठ्यक्रम विकासका लागि क्षमता विकास तालिम सञ्चालन
- प्रधान अध्यापकहरूलाइ व्यवस्थापन तालिम र शिक्षकहरुलाई पेशागत विकास लगायत विभिन्न तालिम सञ्चालन
- मानव संसाधन विकास केन्द्रको सञ्चालन कार्यविधि तथा दीर्घकालिन सोचपत्रको मस्यौदा तयारी

## प्रदेश सरकारका चुनौतीहरु

प्रदेश शिक्षा नीति र ऐन निर्माण गर्नु, नेपालको संविधानमा व्यवस्था भएको शिक्षा सम्बन्धी मौलिक हकको कार्यान्वयन गर्ने चुनौती, जनचाहना अनुसार आवश्यकतालाई बुझेर रणनीति बनाएर कार्यान्वयन गर्नु, व्यवस्थापकीय र शैक्षिक नेतृत्व क्षमता विकास गर्नु, विद्यालय बाहिर रहेका सबै बालबालिकाहरुलाई विद्यालयमा भर्ना गराउनु, कक्षा छाड्ने दर शून्यमा झारी अपेक्षित सिकाई उपलब्धि हासिल गर्नु, टिकाउ दर बढाउनु, शिक्षामा लगानीमा वृद्धि गर्नु,सामुदायिक र संस्थागत विद्यालयमा रहेको खाडल कम गर्नु, वर्तमान समयमा विद्यार्थीको सिकाईलाई आधुनिक शैक्षिक प्रविधिसँग जोड्न सक्ने बनाउनु, संस्थागत र संरचनागत व्यवस्थापन गर्नु, दरबन्दी अनुसार आवश्यक जनशक्ति व्यवस्थापन गर्नु, शिक्षक र विद्यालय कर्मचारी व्यवस्थापन, सामुदायिक शिक्षाप्रति जनताको सकारात्मक धारणा विकास गराउनु, शैक्षिक पक्षमा सुधार ल्याउन समुदाय, नागरिक समाज, बौद्धिक व्यक्तित्व, शिक्षाविद्, शिक्षा व्यावसायी, राजनीतिक दलका अगुवाहरुको सहयोग लिई सामुदायिक विद्यालय र क्याम्पसहरुलाई सफल बनाउनु, प्रधानाध्यापक, शिक्षक, कर्मचारी र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुलाई थप दक्ष बनाउन तालिम प्रदान गर्नु, प्रदेश भित्रको विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दी मिलान गर्नु, शिक्षकको व्यवस्था र आधुनिक प्रविधिमार्फत शिक्षणको व्यवस्था गर्नु, सामुदायिक विद्यालय र क्याम्पसका लागि सुरक्षित भवन पर्याप्त फर्निचर, पुस्तकालय, शैक्षिक सामग्री प्रयोगशाला, खानेपानी,शौचालय, खेलकूदको व्यवस्था मिलाउनु, समय सान्दर्भिक पाठ्यक्रम निर्माण गर्नु, शिक्षाका सरोकारवालासँग समन्वय गर्नु,

शैक्षिक संस्थामा राजनीतिक हस्तक्षेप कम गर्नु, प्राविधिक तथा व्यावासायिक शिक्षामा सबैको पहुँच पुऱ्याउनु, माध्यमिक तहसम्मको परीक्षा व्यवस्थापन गर्नु,उच्च शिक्षालाई अनुसन्धानमूलक र रोजगारीमूलक बनाउनु, शिक्षाक्षेत्रमा सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु, शैक्षिक संस्थाहरुको नक्सांकन गर्नु प्रमुख चुनौती रहेका छन् ।

## समाधानका उपायहरु

नेपालको संविधानले व्यवस्था गरेका नीति र मौलिक हकको कार्यान्वयन गर्न आवश्यक प्रादेशिक नीति, योजना, ऐन नियम समयमै तर्जुमा गर्नुपर्ने, शैक्षिक योजना र कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने सक्षम जनशक्तिको व्यवस्थापन गर्ने र मौजुदा शिक्षा सेवाका कर्मचारी, शिक्षक र विद्यालय कर्मचारीहरुलाई तालिम प्रदान गरी क्षमताको विकास गर्ने, जनसंख्या र भूगोलको आधारमा विद्यालय र क्याम्पसको नक्साङ्कन गरी अनावश्यक संस्था मर्ज गर्ने र अति आवश्यक स्थानमा नयाँ स्थापना गर्ने, शिक्षामा बजेट वृद्धि गर्ने । सामुदायिक विद्यालय र क्याम्पसका लागि सुरक्षित भवन, पर्याप्त फर्निचर, पुस्तकालय, शैक्षिक सामग्री, प्रयोगशाला, खानेपानी, शौचालय, खेलकूदको व्यवस्था मिलाउने, शैक्षिक प्रविधिको प्रयोगमा जोड दिने, परिवर्तित समयानुकूल हुने गरी पाठ्यक्रम निर्माण र परिमार्जन गर्ने, प्राविधिक, व्यावसायिक र रोजगारमूलक शिक्षामा जोड दिने, उच्च शिक्षालाई अनुसन्धानमूलक बनाउने, संघ, प्रदेश र स्थानीय तह एवं शिक्षाका सरोकारवाला सबैसँग समन्वय गर्ने, शिक्षकको दरबन्दी मिलान र पुनवितरण गर्ने, परीक्षा र मूल्याङ्कनलाई व्यवस्थित बनाउनु पर्ने, अनुगमन र मूल्याङ्कनमा जोड दिनु पर्ने आदि ।

## निष्कर्ष

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली लागू भएको छ । नेपालमा शिक्षामा सबै बालबालिकालाई पहुँचमा पुऱ्याउने, शिक्षाको गुणस्तर सुधार गर्ने, प्राविधिक तथा व्यावसायिक शिक्षालाई प्राथमिकता दिई रोजगारीमूलक शिक्षा प्रदान गर्नु आजको आवश्यकता हो । यसमा संघ, प्रदेश र स्थानीय तह मिलेर शिक्षाको विकास गर्नुपर्ने देखिन्छ । शिक्षाका सँरचना सबल बनाउने, शिक्षामा लगानीलाई बढाउनु पर्ने र उच्च शिक्षालाई प्रतिस्पर्धी र वैज्ञानिक एवं रोजगारमूलक बनाउनु पर्ने आवश्यकता छ । साथै अनौपचारिक शिक्षाको माध्यमबाट साक्षर नेपाल घोषणा गर्नुछ । प्रदेश सरकारलाई संविधान, ऐन कानुनले प्रदान गरेका अधिकार, काम, कर्तव्यको सबल, सक्षम तरिकाले कार्यान्वयन गरेमा प्रदेशको शिक्षा विकासमा अवश्य पनि सकारात्मक प्रभाव पर्नेछ ।

## सन्दर्भ स्रोत सामग्री


नेपालको संविधान, कानुन किताब व्यवस्था समिति, बबरमहल, काठमाण्डौ ।

पन्धौ योजना (आ.व.२०७६/७७–२०८०/८१), राष्ट्रिय योजना आयोग सिंहदरबार काठमाण्डौ ।

राष्ट्रिय शिक्षा नीति, २०७६ , शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ (दोश्रो संसोधनसहित), कर्णाली प्रदेश, सुर्खेत ।

थापा, तारा बहादुर (२०६८), शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,सनसाइट पब्लिकेसन काठमाण्डौ ।

विकासको निम्ति शिक्षा, वर्ष ४१ अंक २१, (२०७४), त्रि.वि.वि. शिक्षा विकास तथा अनुसन्धान केन्द्र, बल्खु काठमाण्डौ ।

अनौपचारिक शिक्षा तथा साक्षरता कार्यक्रम कार्यान्वयन सहजीकरण पुस्तिका,२०७५

कार्यक्रम तथा बजेट पुस्तिका २०७६।०७७ सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश सुर्खेत ।

# हाम्रो शैक्षिक सेवा प्रवाह र सेवाग्राहीका अपेक्षा



तेजबहादुर थापा*

**लेख सार :**

सरकारका शिक्षा सम्बन्धी नीति तथा कार्यक्रमहरु नागरिकसम्म उपलब्ध गराउनु शैक्षिक सेवा प्रवाह हो । शिक्षा हरेक नागरिक र परिवारसँग प्रत्यक्ष सम्बन्ध राख्ने विषय हो । शिक्षा क्षेत्रमा प्रयाप्त लगानी र यसको अधिकतम सदुपयोग गरी विद्यार्थीको प्राप्त गर्ने नतिजा र प्रदर्शन गर्ने व्यवहार प्रति प्रमुख सरोकारवालाहरु जवाफदेही हुन सक्दामात्र अपेक्षित उपलब्धि हाँसिल हुन सक्छ । तीनै तहका सरकारका शैक्षिक नीति, नियम र प्रबन्धहरुलाई नागरिकले निर्वाध रुपमा उपयोग गर्न सक्ने वातावरणको सृजना गर्न सक्नु नै अहिलेका सरकारहरुको सफलताको कसी हुन सक्छ । यसका लागि तहगत रुपमा सेवा प्रवाहका संयन्त्रहरु समेत स्थापित भई क्रियाशिल छन् । हामीले प्रदान गर्ने सेवालाई समयानूकुल बनाई सेवाग्राहीको मन जित्न सक्ने गरी कार्य सम्पादन गर्नु पर्ने हुन्छ । सेवा प्रदान गर्दा अहिले भई रहेका ढिलासुस्ती, प्रक्रियागत झमेलाले शिक्षा क्षेत्र समेत गाँजीएको देखिन्छ । यी सबै पक्षमा सुधार भई छिटो छरितो सेवा प्रदान होस् भन्ने सेवाग्राहीको अपेक्षा छ । जुन दिन सेवाग्राहीका यी अपेक्षा पूरा गर्न सकिन्छ त्यही दिनबाट हामीले सेवाग्राहीबाट ताली र स्यावासी पाउने अबस्था आउनेछ ।

**विषय प्रवेश :**

विद्यालयको स्थापना संचालन र व्यवस्थापन, विद्यार्थीलाई दैन दिनै प्रदान गरिने ज्ञान, सीप र अभिवृत्ति, शिक्षक व्यवस्थापन र तालिम, पाठ्यक्रम विकास र कार्यान्वयन, विद्यार्थी तथा शिक्षक मूल्याङ्कन जस्ता पक्षहरु शैक्षिक सेवा प्रवाह भित्र पर्दछन् । अनौपचारिक र अनियमित शिक्षा, बैकल्पिक सिकाइ, खुला शिक्षा आदिले जीवन प्रयन्त सिकाइलाई आत्मसात् गर्दछन् ।

नागरिकले संविधान प्रदत्त शिक्षा सम्बन्धी मौलिक हक तथा नीतिगत व्यवस्थाहरुको प्राप्ती गर्ने वातावरण तयार गर्नु राज्यको दायित्व हुन आउँछ । हाम्रा सबै बालबालिकाहरुले गुणस्तरीय शिक्षा प्राप्त गरेको सुनिश्चितता तथा सबै नागरिकले व्यक्तिगत तथा सामूहिक भूमिका सवल रुपमा निर्वाह गर्न सके मात्रै शैक्षिक प्रणालीले सार्थकता पाउँछ । हाम्रो परम्परागत र मुख्य पेशा कृषिमा पनि तिनको विकर्षण छ । खाडी मूलुकहरुमा गएर तिनले जोखिमपूर्ण जस्तो सुकै काम गरिरहेको अबस्था विद्यमान छ । यस्तो परिवेशले हामीले प्रदान गर्ने शैक्षिक सेवा प्रवाह सम्बन्धी सोच्ने बेला भएको छ । शिक्षक र अभिभावक दुवै विद्यार्थीसँग सन्तुष्ट देखिदैनन् । शिक्षकले अभिभावक तिरै औला तेर्स्याउछन् । आम विद्यार्थीले अभिभावक र शिक्षकको आदर सम्मान गर्दैनन् । शिक्षा उत्पादनसँग जोडिएन । विद्यार्थीले प्राप्त गर्ने नतिजा र उसले प्रदर्शन गर्ने व्यवहार प्रति कोही जवाफदेही हुने अबस्था भएन । यी र यस्तैसमस्याहरु विद्यमान शिक्षा प्रणालीले सामना गरिरहनु परेको छ ।

** लेखक शिक्षा विकास तथा समन्वय इकाइ, दैलेखका इकाइ प्रमुख हुनुहुन्छ ।*

## शैक्षिक सेवा प्रवाहका संयन्त्रहरु

### संघीय तह

१. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
२. शिक्षा तथा मानवस्रोत विकास केन्द्र सहितका केन्द्रीय निकायहरु
३. केन्द्रिय विश्वविद्यालयहरु/पुस्तकालय /प्रतिष्ठानहरु
४. शिक्षा विकास तथा समन्वय इकाइहरु

### प्रदेश तहमा

१. सामाजिक विकास मन्त्रालय
२. शिक्षा विकास निर्देशनालयहरु
३. सामाजिक विकास कार्यालयहरु
४. प्रदेश विश्वविद्यालयहरु/पुस्तकालयहरु

### स्थानीय तहमा

१. पालिकाका शिक्षा, युवा तथा खेलकुद शाखा
२. विद्यालयहरु
३. सामुदायिक सिकाइ केन्द्रहरु
४. बालविकास केन्द्रहरु
५. सामुदायिक तथा सार्वजनिक पुस्तकालयहरु

## सेवाप्रवाहमा देखिएका समस्याहरु

- कर्मचारीहरुले नयाँ प्रविधिको प्रयोग गरी छिटो छरितो सेवा प्रवाह गर्न नसकेका ।
- दरबन्दी अनुसार कर्मचारीको पदपूर्ति नभएको
- सेवा प्रवाह प्रक्रियामुखी हुनु ।
- जनमुखी सेवा प्रवाह एवं क्षतिपूर्ति सहितको नागरिक बडापत्र लागू हुन नसकेको ।
- अभिलेख व्यवस्थापन प्रविधियुक्त भई नसकेको ।
- कर्मचारीहरुको पूँजीगत बजेट खर्च गर्ने क्षमता कमजोर ।
- अनुगमन र प्रतिवेदन प्रणाली कमजोर ।
- नयाँ शैक्षिक प्रविधिको प्रयोगको कमी हुनु ।
- तालिम प्राप्त दक्ष जनशक्तिको कमी हुनु ।
- अनुगमन र मूल्याङ्कन नतिजामूलक, वस्तुनिष्ठ हुन नसक्नु ।
- जवाफदेहीता र उत्तरदायित्वको कमी हुनु ।

## सेवाप्रवाहमा देखिएका समस्या समाधानका उपायहरु वा सेवाग्राहीका अपेक्षा

- कार्यालय वा सेवा स्थलको Layout सेवाग्राहीमैत्री होस ।
- सेवा प्रवाहका प्रक्रियाहरु सरल र छरिता होउन् ।

- सेवा लिन आँउनेले हिनता बोध नगरुन पद्दतिले काम होस् ।
- सेवा प्रवाहमा निश्पक्षता, पारदर्शिता र खुलापन अबलम्बन गरियोस ।
- कर्मचारीहरुले आचारसंहिताको पालना गरी आफै Role modle बनुन् ।
- कर्मचारी सेवाप्रवाहमा तत्पर भई जिम्मेवारी लिने र सेवाग्राही प्रति उत्तरदायी हुन ।
- कर्मचारीको वृत्ति विकास र प्राप्त गर्ने सेवा सुविधा उसको कार्यसम्पादनसँग आबद्ध गरियोस ।
- कर्मचारीहरुको मूल्याङ्कनमा सेवाग्राहीको समेत संलग्नता होस् ।
- सेवा प्रवाह IT को प्रयोग मार्फत छिटो, छरितो, सरल होस् ।

## निश्कर्ष

निजामती सेवालाई प्रभावकारी, निश्पक्ष, उत्तरदायी र पारदर्शी बनाउनका लागि विभिन्न प्रयासहरु हुँदै आएका छन् । यद्यपि अहिलेसम्म हामीले सरोकारवालाहरुको मन जित्न सकिरहेका छैनौं । बेलाबेलामा राजनैतिक नेतृत्वबाट पनि कर्मचारीतन्त्रले सहयोग नगरेको आरोप पनि भोग्नु परेकै छ । हामी सेवा प्रदायक संस्थाहरुले सेवा प्रवाहमा भएका कमी कमजोरीहरुको समीक्षा गर्न जरुरी छ । परिवर्तित परिस्थितिमा संघीय व्यवस्था र प्राप्त अधिकारहरुको ख्याल गर्दै संविधानको मूल मर्म सहअस्तित्व, सहकार्य र समन्वयलाई आत्मसात् गर्दै सेवा प्रदायक संयन्त्रहरुले कार्यसम्पादनको व्यवस्था मिलाउनु पर्ने हुन्छ ।

प्रदेश स्तरका संयन्त्रहरुले स्थानीय तहलाई सवल, सक्षम र क्षमता विकासको कार्यमा सहजीकरण गर्नु पर्ने देखिन्छ । सानातिना योजना तथा कार्यक्रममा अल्मलिने तथा स्रोतसाधनमा दोहोरोपना सृजना गर्नु भन्दा पनि संघीय र स्थानीय तहको स्रोत साधनको Gap लाई कम गर्ने दिशामा आफुलाई केन्द्रित गरी प्रदेश सरकारको उपस्थिति जनाउन जरुरी छ । हाम्रो प्रदेशको भौगोलिक अवस्था, पछौटेपन तथा विपन्नतालाई ख्याल गर्दै सेवाग्राहीका आवश्यकता अपेक्षा र उपलब्ध साधन स्रोत र त्यसको अधिकतम सदुपयोग हुने गरी शैक्षिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन सके मात्र अन्य क्षेत्रहरुको विकासमा समेत टेवा पुग्नेछ ।

# थारू समुदायको उत्थानका सवालहरू



जागुराम चौधरी*

**१. पृष्ठभूमि:**

थारू समुदाय नेपालका भूमिपुत्र/पुत्री आदिवासी भनी परिचित छन् । नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित नेपाली बृहत शब्दकोष अनुसार थारूको अर्थ नेपालको तराई र भित्रि मदेसमा बसोबास गर्ने एक जाति भनी उल्लेख छ । डा.गोपाल दहितद्वारा सम्पादित थारू-नेपाली-अंग्रेजी शब्दकोश अनुसार थारूको अर्थ नेपालको तराईमा पूर्वदेखि पश्चिमसम्म र भारतको सिमाना क्षेत्रमा फैलिएर बसोबास गरेका समान आकृति भएका तर संस्कार, पोशाक, भाषा ठावैं पिच्छे फरक पर्दै गएको एक प्राचीन जाति, तराईको मूल आदिबासी भनी उल्लेख छ । थारू आयोग ऐन, २०७४ को दफा २(घ) ले थारू समुदाय भन्नाले थारू आयोगको सिफारिसमा नेपाल सरकारले परिभाषित गरेको आदिबासी थारू सम्झनु पर्दछ भनी परिभाषित गरेको छ । यस जातिलाई आदिबासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को अनुसूचीमा पनि सूचीकृत गरिएको छ ।

थारू जाति प्राचीन कालदेखि नै नेपालको तराईमा बसोबास गर्दै आएको भनी पुष्टि भई सकेको छ । ऐतिहासिक तथ्यहरु केलाउँदा प्राचीन समयमा विभिन्न स्थानमा थारूहरुको राज्य रहेको पाईन्छ । दाङ्गमा थारू राजा दंगीशरणले राज्य गरेका थिए । दाङ्ग जिल्लाको दंगीशरणमा अहिले पनि राजदरवारको भग्नावशेष छ । मोरङ्ग जिल्लामा थारूहरुको राज्य थियो । यो थारू राज्य अन्तरगत विराट राजाको दरबारको भग्नावशेष अहिले पनि पाईन्छ । सिरहा जिल्लाको फूलबारीमा पनि प्राचीन कालमा थारू राजा सलहेशको राज्य रहेको थियो भन्ने लोकोक्ति छ । उल्लेखित तथ्यहरुको आधारमा प्राचीन कालमा थारू जातिले शासनको बागडोर सम्हालेको देखिन्छ । (थारू जाति, प्रा.डा. गोपाल सिवाकोटी)

राणाकालसम्म औलोग्रस्त तराईमा अरु जाति टिक्न सक्दैनथे । थारू नभई कुनै काम गर्न सकिदैन थियो । तराईमा प्रशासनिक कार्यहरु थारू जातिले गर्दथे । हात्ती व्यवस्थापन गर्नु, कर संकलन गरी बुझाउनु, कृषि, बनजंगल र चरन क्षेत्रको व्यवस्थापनमा उनीहरुको महत्वपूर्ण स्थान थियो । नेपालमा औलोको समस्या न्यूनीकरण पश्चात् तराईमा विभिन्न जात जातिको बसोबास हुन थाल्यो । वि.सं. २००७ सालपछि हात्तीसार बाहेक अन्य कामहरु थारू समुदायबाट छुट्यो । (थारू जाति, प्रा.डा. गोपाल सिवाकोटी)

विगतमा थारूहरु तराईका समथर उर्वर जमिनका मालिक थिए । विस्तारै थारू जातिको जमिनहरु जमिनदारहरुको हातमा पुग्यो । जमिनदारहरुको कमैया र कम्लहरीको रुपमा कतिपय थारूहरु दासत्वको जीवन विताउन पर्‍यो । यद्यपी सरकारले वि.सं.२०५७ सालमा कमैया मुक्तिको घोषणा गरी सकेको छ । पछिल्लो समयमा पटक पटकको राजनीतिक परिवर्तनसँगै थारूहरुको उत्थानको प्रयास गरिएको भए पनि अपेक्षित रुपमा उत्थान हुन सकेको

---

** लेखक थारू आयोग काठमाण्डौ नेपालमा शाखा अधिकृत हुनुहुन्छ ।*

देखिदैन । अझै पनि अधिकांश थारू समुदाय परम्परागत निर्वाहमुखी कृषि खेतीमा आश्रित छन् । एकिन तथ्यांक नभए पनि थारू समुदायमा गरिबीको संख्या अधिक रहेको अनुमान गर्न सकिन्छ । राष्ट्रिय योजना आयोगको सन् २०१८ मा प्रकाशित बहुआयामिक गरिबीको प्रतिवेदन अनुसार अधिक संख्यामा थारू समुदायको बसोबास रहेको प्रदेश नं.२ मा ४७.८९ प्रतिशत, प्रदेश नं ५ मा २९.९२ प्रतिशत र सुदुर पश्चिम प्रदेशमा ३३.५६ प्रतिशत बहुआयामिक गरिबी दर छ । यो तथ्यांक कर्णाली प्रदेश बाहेक अन्य प्रदेशको तुलनामा बढि हो ।

सन् २०१४ मा प्रकाशित मानव विकास प्रतिवेदन अनुसार नेवारबाहेक तराई जनजातिको मानव विकास सूचकांक ०.४७३, नेवारबाहेक पहाड जनजातिको मानव विकास सूचकांक ०.५०९, नेवार जातिको मानव विकास सूचकांक ०.५६५ र ब्राम्हण क्षेत्रीको ०.५३८ छ । वहुसंख्यक थारू समुदाय समाबेश हुने नेवारबाहेक तराई जनजातिको मानव विकास सूचकांक तुलनात्मक रुपमा न्यून देखिएको छ । यसबाट अधिक संख्यामा तराईमा बसोबास गर्ने थारू जातिको मानव विकास न्यून छ भन्ने सहजै अनुमान गर्न सकिन्छ । त्यसैले थारू समुदायको उत्थानमा जोड दिन आवश्यक छ ।

## २. थारू समुदायको विद्यमान अवस्था विश्लेषणः

नेपालको राष्ट्रिय जनगणना २०६८ अनुसार यस समुदायको जनसंख्या १७ लाख ३७ हजार ४७० रहेको देखिन्छ । यो सम्पूर्ण जनसंख्याको ६.५६ प्रतिशत हो । नेपालको राष्ट्रिय जनगणना २०५८ मा १५ लाख ३३ हजार ८७९ जनसंख्या थियो जुन सम्पूर्ण जनसंख्याको ६.७५ प्रतिशत हो । यो जाति तराईमा बस्ने सवैभन्दा ठुलो जनसंख्या भएको जाति हो । बढि संख्यामा तराईमा बसोवास गर्दै आएकोमा पछिल्लो समयमा यो समुदाय नेपालको ७५ वटै जिल्लामा बसोवास गर्दै आएको नेपालको राष्ट्रिय जनगणना २०६८ मा देखिन्छ । हाल ७७ वटै जिल्लामा यस समुदायको बसोबास रहेको भन्न सकिन्छ ।

यस समुदायमा विभिन्न थर उपथर रहेका छन् । लेखनाथ चौधरी (२०५५:३,४) ले २२१ थर उपथर, खिलानाथ लेखी( २०६२: १९,२०) ले पूर्वीय थारू जातिमा २४२ थर उपथर तथा गोपाल दहितले पश्चिमा थारू जातिमा ७६ थर उपथर र कृष्णराज सर्वहारी (२०७६) ले पश्चिमा थारूमा ८३ थर उपथर संकलन गरेका छन् । यस तथ्यांक अनुसार करिब ३९८ को संख्यामा थर तथा उपथर भएको भनी उल्लेख भएको भए पनि यसभन्दा बढि संख्यामा थर उपथर रहेको अनुमान छ ।

खेलकूद क्षेत्रमा थारू जातिको राम्रो पकड रहेको देखिन्छ । सातौं राष्ट्रिय खेलकूद २०७३ साल पुस दोश्रो सातालाई मात्र अध्ययन गर्ने हो भने १६ स्वर्ण सहित जम्मा ५० पदक पाएको देखिन्छ । थारू समुदायको खेलाडीहरुले विभिन्न खेलमा राष्ट्रिय कीर्तिमान बनाएको देखिन्छ । (थारू सामान्य ज्ञान, कृष्णराज सर्वहारी, २०७४)

यो समुदायको आफ्नै भाषा, संस्कृति, खानपान रहनसहन र परम्परा छ । यो समुदायभित्र पनि भाषिक एवं सांस्कृतिक विविधता छ । यस समुदायको मुख्य पेशा कृषि रहेको छ । पछिल्लो समयमा अन्य पेशामा पनि आवद्ध हुँदै आएका छन् । यिनीहरुमा घोंगी, ढिक्री(बगिया), मार, सुखौत, सिन्को, तिलौरी, अदौरी र मच्छि जस्ता खानाको परिकारहरु प्रख्यात छन । Gopal Dahit, Tharu indigenous Knowledges and Practices(2009:145,156) मा थारू समुदायको खानाको प्रकारमा Rice-10, Bread-12, Dhikri-7, Pulse-7, Mixed dal-4, Rice cruel-2, Rice curry(kapwa)-8, Food grain-9, Vegetables- 26, Mixed vegetables-37, Dry vegetables-12, Green stuff(leafs)-25, Chatani-29, Pickle(Achar)-18, Snacks-12, Eggs-3, Meat-19, Fish-16, Mixde non-vegetables-48 and Mushroom-5 liquors and wine-25 प्रकार रहेको उल्लेख गरेका छन् ।

यिनीहरुले माघ, डश्या, डेवारी, होरी, अष्टिम्की, अट्वारी, जितिया पावैन, शिरुवा पावैन, चौठीचान पावैन, सामा चकेवा जस्ता विविध पर्वहरु मनाउँदै आएका छन् ।

२.१. **समस्याः**

अधिकांश थारू समुदाय तराई तथा भित्री मधेसको समथर भू-भागमा बसोबास गरिरहेका छन् । यस समुदाय बसोबास गरेको अधिकांश स्थानमा विकासको पूर्वाधार तयार गर्न सहज भए पनि विकासको पूर्वाधारहरु सडक, ढल, सिंचाई, खानेपानी, शिक्षा र स्वास्थ्य आदिको पर्याप्त विकास भएको छैन । शिक्षा र चेतनाको कमीका कारण सार्वजनिक सेवा सहज तवरले लिन सकेको अवस्था छैन । यो समुदाय ग्रामीण क्षेत्रमा बढि बसोबास गरेको देखिन्छ । जसले गर्दा उद्योग र व्यापार व्यावसायमा संलग्नता पनि कमै रहेको छ । यस समुदायका मानिसहरु अवपाद बाहेक परम्परागत निर्वाहमुखी कृषि खेतीमा संलग्न छन् । त्यसैले यस समुदायमा गरिबी कति प्रतिशत रहेको भनी एकिन तथ्यांक नभए पनि गरिबीको संख्या अधिक रहेको आंकलन गर्न सकिन्छ । यसमा सुधारको खाँचो छ ।

यस समुदायको खण्डीकृत तथ्यांकको अभाव छ । जसले गर्दा निर्णयका लागि आवश्यकता पहिचान हुन र यस समुदायको उत्थानका लागि नीति, योजना र कार्यक्रम तथा बजेट निर्माणलाई तथ्यमा आधारित बनाउन सकिएको छैन ।

Human Development Report, 2020 को मस्यौदा प्रतिवेदन अनुसार तराई क्षेत्रको Human Development Index(HDI) ०.५६३, पहाड क्षेत्रको ०.६२३ र हिमाल क्षेत्रको ०.५६४ छ । यसै अनुसार शहरी क्षेत्रको HDI ०.६४७ र ग्रामीण क्षेत्रको ०.५६१ छ । । यसै प्रतिवेदन अनुसार Gender Development Index(GDI) मा पहाडी क्षेत्रको ०.९२७, हिमाली क्षेत्रको ०.९०२ र तराई क्षेत्रको ०.८७० छ । यस तथ्यांकलाई विश्लेषण गर्दा थारू समुदायको बढि जनसंख्या भएको तराई र ग्रामीण क्षेत्रको मानव विकास सूचकांक तुलनात्मक रुपमा न्यून रहेको देखिन्छ । यसै गरी पहाड र हिमालको तुलनामा थारू समुदायको बढि जनसंख्या भएको तराई क्षेत्रको GDI कम देखिन्छ । यसबाट थारू समुदायको लैंगिक रुपमा असमान विकासको दर बढि छ भनी आंकलन गर्न सकिन्छ । अर्थात थारू महिलाहरुको विकास कमजोर छ भन्न सकिन्छ ।

विगतका प्रतिवेदन जस्तै Human Development Report, 2020 को प्रारम्भिक प्रतिवेदनमा ६.५६ प्रतिशत जनसंख्या थारू समुदायको मानव विकासको अवस्थालाई छुट्टै सूचकांक तयार भई विश्लेषण भएको देखिदैन । जसले गर्दा मानव विकास सूचकांक आधारमा नीति योजना कार्यक्रम तथा बजेट बन्ने आधार तयार भएन । यद्यपी थारू आयोगबाट Human Development Report, 2020 मा थारू समुदायको मानव विकासको विश्लेषण गरी प्रतिवेदन तयार गर्न राष्ट्रिय योजना आयोगलाई सुझाव पेश भएको छ ।

विगत लामो समयसम्म अधिकांश थारूहरु जमिनदारको घरमा कमैया र कम्लहरीको रुपमा दासत्वरुपी जीवन गुजारी रहेका थिए । वि.सं.२०५७ सालमा नेपाल सरकारले कमैया मुक्तिको घोषणा गऱ्यो । तर अझै पनि मुक्त कमैया र कम्लहरी व्यवस्थापनले पूर्णता पाउन सकेको देखिदैन । भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय र थारू आयोगमा उनीहरुको पटक पटक ज्ञापन पत्र आइरहेको देख्न सकिन्छ । भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट प्राप्त विवरण अनुसार आर्थिक बर्ष २०७६/०७७ सम्म नेपालमा ९४९० जना कम्लहरीहरु पहिचान भएकामा ७१३८ जनाले परिचयपत्र पाउन नसकेको भनी उल्लेख भएको छ । यसै गरी मुक्त कमैयाहरुले पनि जग्गा प्राप्त गर्न नसकेको, कतिपयले प्राप्त भएको जग्गा उपभोग गर्न सकेका छैनन् । स्थानीय

तहको आर्थिक बर्ष २०७६/०७७ को मुक्त कमैया पुनःस्थापनाको रकम फ्रीज भएको देखिन्छ । मुक्त कमैया र कम्लहरी पुनःस्थापनाको जिम्मेवारी स्थानीय तहलाई दिईएको भए तापनि कार्यविधिगत अस्पष्टता, कमजोर इच्छाशक्ति, निकायगत समन्वय र सहकार्यको अभाव, थारू सम्बद्ध संघ संस्थाहरुको कमजोर समन्वय र सहभागिता लगायतका कारणले पुनःस्थापनाको कार्यले पूर्णता पाउन सकेको देखिदैन ।

पछिल्लो समयमा सिकल सेल एनेमिया दाङ्ग, बाँके, बर्दिया, सुर्खेत, कैलाली र कन्चनपुरका थारू समुदायमा स्वास्थ्य समस्याको रुपमा देखिएको छ । यस रोगको कारण यस समुदायका मानिसहरुको आर्थिक, सामाजिक अवस्था विग्रनुका साथै मृत्यु हुने सम्भावना बढेर गएको छ । यो रोग नसर्ने रोग अन्तरगत पर्ने र बंशाणुगत रुपमा रोगी बाबु आमाबाट सन्तानमा सर्ने भएकोले यसले अझै भयावह अवस्था ल्याउने आँकलन गर्न सकिन्छ ।

सरकारी सेवामा यस समुदायको सहभागिता समावेशीकरणको नीति अवलम्बनसँगै संख्या बढ्दै गएको भए तापनि निकै कम सहभागिता रहेको देखिन्छ । लोक सेवा आयोगको ६० औं बार्षिक प्रतिवेदन अनुसार आ.व.२०७५/०७६ को बार्षिक विवरणमा विभिन्न पदको लागि भएको विज्ञापनमा जम्मा दरखास्त १४३८४० जना रहेकोमा थारू जातिको दरखास्त संख्या १०००९ जना अर्थात ६.९६ प्रतिशत रहेको देखिन्छ । सोही प्रतिवेदन अनुसार आर्थिक बर्ष २०७५/०७६ मा विभिन्न पदमा कुल सिफारिस संख्या ४ हजार ५ सय ७४ रहेकोमा थारू जातिबाट १७९ जना अर्थात सम्पूर्ण संख्याको ३.९१ प्रतिशत सिफारिस भएको छ । सोही प्रतिवेदनको सोही अवधिमा अधिकृतस्तरमा जम्मा १ हजार २ सय ९६ जना र सहायक स्तरमा जम्मा ३ हजार २ सय ७८ जना सिफारिस भएकोमा थारू जातिमा अधिकृतस्तरमा १७ जना र सहायकस्तरमा १६२ जना सिफारिस भएका छन् । यस अनुसार अधिकृतस्तरमा थारू जाति १.३१ प्रतिशत र सहायकस्तरमा ४.९४ प्रतिशत सिफारिस भएका छन् । थारू जातिबाट जम्मा १७९ जना सिफारिस भएकोमा महिला ४७ जना र पुरुष १३१ जना अर्थात थारू जातिको १७९ लाई शत प्रतिशत मान्दा महिला २६.२६ प्रतिशत र पुरुष ७३.७४ प्रतिशत सिफारिस भएको देखिन्छ ।

शिक्षक सेवा, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपालमा थारू समुदायको सहभागिता कति छ भन्ने तथ्यांक सार्बजनिक भएको देखिएन । यसमा पनि थारू जातिको सहभागिता न्यून छ । सरकारी सेवामा विशिष्ट श्रेणीमा पदधारण गरेकाको संख्या शुन्य प्राय छ । यसले गर्दा प्रशासनिक निर्णय प्रक्रियामा यस समुदायको सहभागिता कमजोर रहेको भन्न सकिन्छ । सरकारी सेवाका लागि योग्यता पुगेका युवाहरुको कमी छ । उच्च शिक्षा हासिल गरेका मानिसहरु औंलामा गन्ती गर्न सकिने संख्यामा रहेको देखिन्छ । यसले गर्दा थारू समुदायलाई राज्यको मूलधारमा ल्याउन सकिएको छैन । सरकारी क्षेत्र बाहेकका क्षेत्रमा पनि उनीहरुको उपस्थिति कमजोर देखिन्छ । यसरी यस समुदायमा सरकारी तथा गैरसरकारी क्षेत्रमा कम सहभागिता हुनु, उद्योग र व्यापारमा कम सहभागिता हुनु, परम्परागत निर्बाहमुखी कृषिमा मात्र संलग्न हुनुबाट बेरोजगारीको समस्या पनि भयावह छ भन्न सकिन्छ ।

नेपालको अन्तरिम संविधान, २०६३ र नेपालको संविधानले समानुपातिक समावेशिताको नीति अवलम्बन गरेको छ । यस नीति अनुसार राजनीतिक प्रतिनिधित्वमा समानुपातिक निर्वाचन प्रणाली मार्फत थारू समुदायको प्रतिनिधित्व बढेको भए पनि प्रत्यक्ष निर्वाचन प्रणालीमार्फत प्रतिनिधित्व गर्नेको संख्या निकै कम छ । प्रतिनिधि सभाको निर्वाचन २०७४ का अनुसार प्रतिनिधि सभामा ५.२ प्रतिशत, राष्ट्रिय सभामा १.६९ प्रतिशत प्रतिनिधित्व छ । नेपाल सरकारको मन्त्रिपरिषद्मा प्रतिनिधित्व शुन्य छ । प्रदेश सभा निर्वाचन २०७४ को परिणाम अनुसार प्रदेश नं. १ को प्रदेश सभामा ६.४५ प्रतिशत, प्रदेश नं.२ को प्रदेश सभामा ४.६७ प्रतिशत, बाग्मती, गण्डकी र कर्णाली प्रदेश सभामा शुन्य, प्रदेश नं. ५ प्रदेश सभामा १२.६४ प्रतिशत र सुदुरपश्चिम प्रदेश सभामा १५ प्रतिशत प्रतिनिधित्व रहेको देखिन्छ । यसबाट पनि राजनीतिक प्रतिनिधित्वको सवालमा पनि समस्या देखिन्छ । प्रत्यक्ष निर्वाचनबाट प्रतिनिधत्व गर्नेको संख्या ज्यादै न्यून रहेको हुँदा प्रतिस्पर्धात्मक क्षमता र अवसरको कमी रहेको बुझ्न सकिन्छ ।

थारू समुदायको इतिहास, कला, साहित्य, परम्परा, भाषा, संस्कृति र सम्पदा लगायतका विषयको अध्ययन अनुसन्धान हुन सकेको छैन । यसको संरक्षण र सम्बर्द्धनको क्षेत्रमा कार्य हुन सकेको देखिदैन । थारू समुदायको उत्थानको लागि विशेष व्यवस्था गर्न सक्ने गरी संवैधानिक प्रतिवद्धता भएको भए पनि सोही अनुसार नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको नीति, योजना, बजेट तथा कार्यक्रमले सम्बोधन गर्न सकेको देखिदैन ।

## २.२. **चुनौती**ः

थारू समुदायमा रहेको गरिबी, बेरोजगारीको समस्यालाई समयमै समाधान गर्नु, शिक्षा, स्वास्थ्यमा पहुँच बढाउनु, परम्परागत कृषि पेशामा सुधार ल्याई व्यावसायिक कृषितर्फ अघि बढाउनु, व्यापार र औधोगिक क्षेत्रमा उनीहरुको सहभागिता बढाउनु चुनौती छ ।

थारू समुदायमा रहेको सिकल सेल एनेमिया रोगको रोकथाम तथा नियन्त्रण गर्नु अर्को चुनौती छ । यस समुदायमा रहेका विद्यमान कुरिती, अन्धविश्वास, पछौटेपन तथा सवै प्रकारको शोषणको अन्त्य गर्नु तथा चेतनाको स्तरमा समसामयिक सुधार ल्याउनु पनि चुनौती छ । यस समुदायको भाषा, संस्कृति, इतिहास, परम्परा, साहित्य, कला र सम्पदाहरुको संरक्षण र विकास गर्नु, राजनीतिक, प्रशासनिक, आर्थिक, सामाजिक र सांस्कृतिक लगायतका क्षेत्रमा सहभागिता बढाई समग्र समुदायको उत्थान गर्नु चुनौती छ ।

## २.३. **अवसर**ः

नेपालको संविधानले समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने संकल्प गरेको छ । समानताको हक, सामाजिक सुरक्षाको हकमा थारू समुदाय लगायतका लागि विशेष व्यवस्था गर्न सक्ने तथा भाषा तथा संस्कृतिसम्बन्धी हक लगायतका ३१ वटा मौलिक हकको व्यवस्था गरिएको छ । संवैधानिक निकायको रुपमा थारू आयोग रहने व्यवस्था गरिएको छ । थारू समुदायको इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र सम्वर्द्धन तथा थारू समुदायको सशक्तीकरण गर्नका लागि थारू आयोग ऐन, २०७४ जारी भएको छ । प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ थारू समुदायको ६.६ प्रतिशत समानुपातिक प्रतिनिधित्व हुने व्यवस्था गरेको छ । राष्ट्रिय सभा, प्रदेश सभामा पनि समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरिएको छ ।

निजामती सेवा ऐन, २०४९ तथा नियमावली २०५० मा खुला पदको ४५ प्रतिशत आरक्षण मध्ये २७ प्रतिशत आदिबासी जनजातिलाई छुट्याईएको छ । बढुवाका लागि तोकिएको अवधिभन्दा एक वर्ष कम भए पनि हुने व्यवस्था गरिएको छ । सार्वजनिक प्रशासन संचालन गर्ने विषयगत कानूनहरु जस्तै सेना, प्रहरी, शिक्षक, संसद आदि क्षेत्रमा पनि आरक्षण र सकारात्मक विभेदको व्यवस्था भएको छ ।

पन्ध्रौ योजना (२०७६/०७७-२०८०/०८१) ले मानव विकास सूचकांकका आधारमा पछाडि परेका समुदायहरुको सशक्तीकरण र समानुपातिक विकास गर्ने लक्ष्य राखेको छ । गरिब र धनी बीचको आर्थिक असमानता न्यूनीकरण गर्दै गरिबीको रेखामुनि रहेको जनसंख्या एकल अंकमा ल्याउने लक्ष्य लिएको छ । सामाजिक सुरक्षा र संरक्षणलाई दिगो, सर्वव्यापी र पहुँचयोग्य बनाई नागरिक हकको कार्यान्वयन गर्ने र राज्य प्रति नागरिकको विश्वास सुदृढ गर्ने लक्ष्य राखेको छ । महिलाको समान तथा अर्थपूर्ण सहभागिता सहित सारभूत समानता कायम गर्ने लक्ष्य राखेको छ । नेपालको सबै मौलिक संस्कृतिको संरक्षण, सम्बर्द्धन र विकास गर्दै राष्ट्रिय एकता एवं अखण्डता मजबुत बनाउने लक्ष्य राखेको छ ।

थारू आयोग, तीन तहका सरकारी निकायहरु, थारू सम्बद्ध गैरसरकारी संघसंस्थाहरु थारू समुदायको उत्थानका लागि प्रयासरत छन् । जनताको नजिकमा स्थानीय तह र प्रदेश सरकार कार्यरत छन् ।

## ३. थारू समुदायको उत्थानका उपायहरुः

नेपालमा पटक पटकको राजनीतिक परिवर्तनसँगै थारू समुदायको उत्थानका लागि विविध प्रयासहरु भएका छन् । पछिल्ला संविधानहरु नेपालको अन्तरिम संविधान, २०६३ र नेपालको संविधान (२०७२) ले विविधता व्यवस्थापनमा जोड दिएका छन् । राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारहरु वृद्धि गर्दै गएका छन् । पहिचान, प्रतिनिधित्व, पहुँच, सहभागितामा जोड दिने कार्यको थालनी भएको छ । थारू आयोगलाई संवैधानिक अंगको रुपमा व्यवस्था गरिएको छ । समुदायको उत्थानका प्रशस्त अवसर छन् । तर पनि अपेक्षित सुधार हुन सकेको छैन । त्यसैले देहाय अनुसार सुधार गर्न आवश्यक देखिन्छः-

निरपेक्ष र सापेक्ष रुपमा पछाडि परेको थारू समुदायको उत्थानका लागि नेपालको संविधान अनुसार थारू समुदायको समानुपातिक समावेशिताको आधारमा राज्यको हरेक अंग र इकाईमा सहभागिताका लागि कानूनी प्रवन्ध समयमै निर्माण गरिनु पर्दछ । जस्तैः संघीय निजामती सेवा ऐन लगायत अन्य सेवा समूहका कानून तथा अन्य क्षेत्रगत कानूनहरु आदि । संविधानको धारा ५६ को उपधारा ५ बमोजिम सामाजिक, सांस्कृति वा आर्थिक विकासका लागि बिशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्न कानूनी प्रबन्ध गर्न ढिलाई गर्नु हुँदैन । यसका साथै थारू समुदायको खण्डीकृत तथ्यांक संकलनमा सरकारी तथा गैरसरकारी निकायको सहयोगमा सम्बन्धित र जिम्मेवार निकायहरुले ध्यान दिन आवश्यक छ ।

यस समुदायको हक हितको संरक्षण र सम्वर्द्धन एवं सशक्तीकरण गर्ने, भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गर्ने र त्यस्तो भाषा, लिपि, संस्कृतिक, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र विकास गर्ने नीति तीन तहको सरकारले लिंदै कार्यान्वयनमा जोड दिनु पर्दछ । यस समुदायको सशक्तीकरण गरी राजनीतिक प्रतिनिधित्व र प्रशासनिक सहभागितामा सुधार ल्याईनु पर्दछ । उक्त समुदायको ग्रामीण बस्तीमा विकासको पूर्वाधारहरु सडक, ढल, सिंचाई, खानेपानी, शिक्षा र स्वास्थ्य आदिको पर्याप्त विकासमा जोड दिंदै सार्वजनिक सेवा प्रवाहमा पहुँचको सुनिश्चितता गरिनु पर्दछ । साथै संविधानमा उल्लेखित रोजगारीको हकलाई कार्यान्वयमा जोड दिंदै रोजगारीको सुनिश्चितता गर्नु पर्दछ ।

यस समुदायमा रहेका परम्परागत सीप, प्रविधि र विशिष्ट ज्ञानको संरक्षण र प्रवर्द्धन गरी व्यावसायिक प्रयोगमा ल्याउने, समुदायको उद्गमस्थलको खोज अनुसन्धान गरी त्यस्ता पुरातात्विक र ऐतिहासिक संरचना, वस्तु र स्थलको संरक्षण र सम्वर्द्धन गर्ने, भौतिक अभौतिक संस्कृति संरक्षण र सम्वर्द्धनका लागि जीवित संग्रहालय स्थापना र परिचालनका लागि नीति तथा कार्यक्रम तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयनमा जोड दिनु पर्दछ ।

मुक्त कमैया र कम्लहरीको व्यवस्थापन गर्न परिचय पत्र पाउन नसकेकाहरुलाई परिचयपत्र दिनु पर्ने, उनीहरुलाई उपयुक्त स्थानमा सुरक्षित घरघडेरी व्यवस्था समयमै गरिनु पर्ने, कृषि योग्य जमिन वा रोजगारीको व्यवस्था गर्दै समयमै पुनः स्थापनामा जोड दिनु पर्दछ । यसका लागि स्पष्ट र निश्चित योजना बनाई तीन तहको सरकारले समन्वय र सहकार्य गर्दै अघि बढ्न ढिलाई गर्नु हुँदैन । यसमा थारू सम्बद्ध संघ संस्था, बुद्धिजीवि र नागरिक समाजको सकारात्मक र रचनात्मक सहयोग र समन्वयमा जोड दिन आवश्यक छ ।

थारू समुदायमा देखिएको सिकल सेल एनेमिया समस्या समाधानको लागि नेपाल सरकारले एकीकृत मापदण्ड जारी गरी सोही अनुसार नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले रोकथाम तथा नियन्त्रणका लागि कार्यक्रम तथा बजेटको व्यवस्था गरिनु पर्दछ । यस रोगबारेमा अध्ययन तथा अनुसन्धानमा जोड दिनुका साथै यस रोगको निःशुल्क उपचार गर्नु आवश्यक छ । साथै दाङ्ग, बाँके, बर्दिया, सुर्खेत, कैलाली र कन्चनपुर लगायत प्रभावित अन्य क्षेत्रमा यसको सेवालाई थप विस्तार गरी सुदृढीकरणमा जोड दिनु पर्दछ ।

थारू समुदायमा रहेको कृषि प्रणालीलाई व्यावसायीकरण र औधोगिकीकरणतर्फ लैजाने गरी कार्यक्रम र बजेट ल्याउनुका साथै रोजगारीमा सुनिश्चितताको लागि थारू समुदायमा शिक्षामा आरक्षण र सकारात्मक विभेद, विशेष व्यवस्थामा जोड दिदै उनीहरुको सशक्तीकरणमा जोड दिन तीन तहको सरकारले निश्चित योजना बनाई कार्यान्वयनमा जोड दिनु जरुरी छ ।

थारू आयोगमा पदाधिकारी व्यवस्था हुन ढिलाई भई रहेको सन्दर्भमा समयमै पदाधिकारी व्यवस्था गरिनुका साथै प्रदेशस्तरमा समेत संस्थागत संरचना निर्माण गरी श्रोत साधन सम्पन्न र क्षमतावान संस्थाको रुपमा विकास गरिनु आवश्यक छ । अन्य थारू सम्बद्ध संघसंस्थाहरुको नियमनमा जोड दिंदै संस्थागत क्षमता विकास र समन्वयमा सम्बन्धित पक्षले जोड दिनु पर्दछ ।

लैंगिकमैत्री बजेट भनेझैं थारू मैत्री बजेट तथा कार्यक्रमको नीति अनिवार्य गरी तीन तहबाट सो अुनसार कार्यक्रम संचालन गर्न आवश्यक छ । आरक्षण र सकारात्मक विभेदका कार्यक्रम प्रभावकारी रुपमा संचालन गरी यस समुदायको सशक्तीकरण गर्दै राज्यको मूलधारमा ल्याउनमा जोड दिनु पर्दछ । यसका लागि शिक्षालाई अनिवार्य, निःशुल्क बनाउनुका साथै थारू छात्रबृत्तिका कार्यक्रम व्यवस्था गर्दै शिक्षा, चेतना र क्षमतामा सकारात्मक परिवर्तन गरी स्वस्थ, सभ्य  र न्यायपूर्ण समाज निर्माण गर्नु श्रेयष्कर हुनेछ ।

## ४. निष्कर्षः

राज्यको मूलधारमा समाहित हुन नसकेका थारू समुदायको उत्थान र सशक्तीकरण गरी राजनीतिक प्रतिनिधित्व र प्रशासनिक सहभागितामा सुधार, सामाजिक रुपले स्वस्थ र सभ्य, आर्थिक तथा सांस्कृतिक रुपले समृद्ध, सबल र सक्षम समुदायको रुपमा रुपान्तरण गर्दै उनीहरुको जीवनस्तरमा सुधार ल्याउन सकिन्छ । यस समुदायको जीवनस्तर सुधार हुन सके सरकारको समृद्ध नेपाल, सुखी नेपालीको लक्ष्य पूरा हुन सहज हुन्छ । त्यसैले जीवनस्तर सुधारका लागि तीन तहका सरकारको नीति, योजना र बजेटमा उत्थान तथा सशक्तीकरण गर्ने विषय सम्बोधन गरी प्रभावकारी कार्यान्वयनमा जोड दिनु पर्दछ । यसका लागि थारू आयोग, तीन तहका सरकार, राजनैतिक दलहरु, थारू सम्बद्ध संघसंस्था, सरोकारवालाहरु तथा थारू समुदायको समन्वय र सहकार्यमा उत्थानका लागि सकारात्मक र रचनात्मक प्रयास गरिनु पर्दछ । यस प्रकारको प्रयासले सार्थकता पाउन सके थारू समुदायको उत्थानका सवालहरु सम्बोधन हुने निश्चित छ ।

**सन्दर्भ सामाग्रीः**


- नेपालको संविधान
- आदिबासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८
- थारू आयोग ऐन, २०७४
- निर्वाचनसम्बन्धी ऐन नियमहरु
- सार्वजनिक प्रशाासन संचालनसम्बन्धी ऐन नियम
- नेपालको राष्ट्रिय जनगणना, २०५८, केन्द्रीय तथ्यांक विभाग
- नेपालको राष्ट्रिय जनगणना, २०६८, केन्द्रीय तथ्यांक विभाग
- नेपालको पन्ध्रौ योजना(२०७६/०७७ - २०८०/०८१), राष्ट्रिय योजना आयोग
- Human Development Report, 2014- National Planning Commission.
- Multi Dimensional Poverty Report, 2018-National Planning Commission.
- तीन तह सरकारको आ.व.२०७७/०७८ को नीति तथा कार्यक्रम र बजेट
- लोक सेवा आयोगको आर्थिक बर्ष २०७५/०७६ को बार्षिक प्रतिवेदन
- थारू आयोगको आर्थिक बर्ष २०७५/०७६ को बार्षिक प्रतिवेदन
- नेपालका राजाहरु तथा तराईका थारू, टेक बहादुर श्रेष्ठ, नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि.कीर्तिपुर, काठमाण्डौ
- थारू जाति, प्रा.डा.गोपाल सिवाकोटी
- नेपालमा जातीय संस्कार, प्रा.डा.प्रेम खत्री,
- थारू लोक साहित्यः एक अध्ययन, फनि 'श्याम' थारू
- नेपाली बृहत शब्दकोष, नेपाल प्रज्ञा-प्रतिष्ठान(दशौं संस्करण)
- थारू-नेपाली-अंग्रेजी शब्दकोश, गोपाल दहितद्वारा सम्पादित, 1994
- थारू संकृति, भुलाई चौधरी, पुष २०६१
- Socio economics status of Dangaura Tharus, Shankar Lal Chaudhary-1999
- Tharus The Pioneer of Civilization of Nepal, Shankar Lal Chaudhary-2003
- Tharu Indigenous Knowledge and Practices, Gopal Dahit, 2009
- थारू सामान्य ज्ञान, कृष्णराज सर्वहारी, २०७४
- थारू संस्कृतिको संक्षिप्त परिचय, २०६२, गोपाल दहित
- थारू संस्कृति अंक १९, २०६२, खिलानाथ लेखी
- आपन पहिचान, २०७४
- आपन पहिचान, २०७६ दोश्रो संस्करण
- गोचाली, वरषः४८ अंकः १८, २०७५ माघ
- psc.gov.np, molcpa.gov.np, lawcommission.gov.np, electioncommission.gov.np, cbs.gov.np, parliament.gov.np, mohp.gov.np, 7 province assembly's websites, local levels website etc

# सामाजिक परीक्षणः भ्रष्टाचार विरुद्धको रामवाण



चक्र प्रसाद ढुंगाना*

## सामाजिक परीक्षण के हो ?

राज्यको शक्ति प्रयोगकर्तासँग जनताले उत्तरायित्व माग गर्ने एक विधि सम्मत प्रकृया सामाजिक परीक्षण हो । यो सार्वजनिक कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन मुल्यांकनमा आम जनताको सहभागिता सुनिश्चित गर्ने शासकीय औजार हो । यसलाई सुशासन प्राप्तिको औजारका रुपमा लिईन्छ । सरोकारवालाहरुको सरोकारको सम्वृद्धि कायम गर्ने, लोकतन्त्रको अधिकीकरण गर्ने शासकीय औजार हो । यो सरकारी लेखा परीक्षण भन्दा भिन्न हो । संबैधानिक र कानूनी परीक्षण भन्दा बाहिर रहेर सरकारका क्रियाकलापहरुको बारेमा सरोकारवाला जनताहरुले गर्ने खोजतलास नै सामाजिक परीक्षण हो । जनता मात्रैले गर्ने र सरकार मात्रैले गर्ने परीक्षण भन्दा भिन्न यो परीक्षणमा जनता सरकार दुवैले परीक्षण गरिन्छ । आधुनिक समाजमा सूचनाको हकको पूर्ण कार्यान्वयन तथा सार्वजनिक सुनुवाईको माध्यमबाट सामाजिक परीक्षणको आधारशिला सिर्जना भएको हुन्छ । लोकतान्त्रिक आधारशिलाका रुपमा जनताको न्यूनतम लोक सम्मतिबाट शासन गर्ने प्रणालीलाई सामाजिक परीक्षणले बढावा दिन्छ । सामान्यतया जनताबाट गरिने लेखाजोखा नै सामाजिक लेखाजोखा हो । सामाजिक उत्तरदायित्वसँग यसको नजिकको सम्बन्ध रहेको छ ।

सरकारी वा अन्य कुनै संगठनले दावी गरेको कार्यसम्पादन प्रगतिको बारेमा सम्बन्धित सेवाग्राही वा लाभग्राहीहरुबाट प्रत्यक्ष रुपमा परीक्षण गर्नु उत्तरदायित्व वहन गराउनका लागि आवश्यक हुन्छ । खास सरकारी क्रियाकलापको प्रगति प्रतिवेदन बमोजिम लाभग्राहीहरुले लाभ लिन पाए/नपाएको बारेमा उनीहरुद्वारा परीक्षण गरिने चेकजाँचको काम हो । सुशासन कानूनको आधारमा सामाजिक परीक्षणलाई एक आवश्यकीय औजारका रुपमा लिईएको छ ।

सामाजिक लेखाजोखाले संभावित र विद्यमान लाभग्राहीहरुद्वारा उनीहरुका लागि राज्यले गरेको लगानी र सोको उपलब्धिको लोखाजोखा गर्ने कार्यलाई जनाउँदछ । यसमा सार्वजनिक क्रियाकलापहरुको तर्जूमा, कार्यान्वयन र प्रगतिमा सम्बद्ध सरोकारवालाहरुको धारणा र सार्वजनिक निकायले देखाएको प्रगतिको यथार्थपरक तुलना गरी सम्बद्ध निकायलाई जिम्मेवार बनाईन्छ । लाभग्राही, कार्यान्वयन निकाय र नियामक निकायहरुको संयुक्त प्रयासबाट विद्यमान कार्यक्रमको मुल्यांकन गरी जिम्मेवारी वहन गराईन्छ ।

भारतमा हमारा पैसा हमारा हिसाव नामक आन्दोलनबाट यसको व्यवहारिक अभ्यासको शुरुवात भएको पाईन्छ । मजदुर किसान शक्ति संगठनबाट सर्वप्रथम यसको प्रयोग भएको हो । राष्ट्रिय रोजगार ग्यारेन्टी अधिनियमद्वारा यसको कानुनी जग बसालिएको हो । यसलाई सरकारद्वारा सामाजिक कल्याणका लागि संचालनमा ल्याईएका कार्यक्रमहरु र तिनको वास्तविक प्रगतिको अन्तरलाई हटाउने कार्यका लागि यसको प्रयोग भएको हो ।

---

** लेखक सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र, हरिहरभवन, ललितपुरमा प्रशिक्षक हुनुहुन्छ ।*

परम्परागत लेखा परीक्षणमा बढी औपचारिकता हुने र त्यसको रिपोर्ट उपर जनताले छलफल गर्ने सुविधा सीमित हुने हुदा लोकतन्त्रका लाभहरुको विस्तारका लागि यसको प्रादुर्भाव भएको पाईन्छ । परम्परागत अडिटमा सर्वोच्च लेखा परीक्षकले (नेपालको सन्दर्भमा महालेखा परीक्षक) विद्यमान कानुनी व्यवस्थाहरुको पालना भए नभएको हेर्ने गर्दछ जुन एक संगठनात्मक पदसोपानमा आधारित हुन्छ । यसमा उत्तरदायित्व जनता तिर नभई अप्रत्यक्ष रुपमा संसद उपर रहन्छ । जसले सेवाग्रहीको वास्तविक सेवाको र प्रतिवेदन गरिएको सेवाको बिचको भेद मापन गर्न सक्दैन । त्यसैले जनताले नै परीक्षण गर्दा सेवा प्रदायक, सेवाग्राही र नियामक निकायहरु समेतको संलग्नतामा सामाजिक परीक्षण गरिन्छ । यो परम्परागत वित्तिय संबैधानिक लेखा परीक्षणको प्रतिस्थापक नभई परिपूरक हो । १९७० को दशकमा संयुक्त अधिराज्य बेलायतको मेडिसिन क्षेत्रमा यसको प्रथम प्रयोग Charlse Medwar द्वारा गरिएको थियो ।

## सामाजिक परीक्षण किन ?

सामाजिक परीक्षण सुशासनको लागि एक आवश्यक शर्त हो । यसले शासनमा पारदर्शिता, जवाफदेहिता, सहभागिता, कानूनको शासन, मितव्ययिता, समावेशीता, उत्तरदायित्व र सहमति उन्मुख पद्धतिको माग गर्दछ । जनताहरु रैती होईनन कि शासनको मालिक हुन् भन्ने आधुनिक राज्य सिद्धान्तको जगमा यो सामाजिक परीक्षणको अवधारणाको विकास भएको हो । यसले सरकारसँग प्रश्न गर्ने क्षमताको विकास गर्ने, सामाजिक परीक्षकहरुको विकास गर्ने, स्थानीय लोकतन्त्रको विकासका लागि समुदायमा आधारित विकासको प्रवर्द्धन गर्नका लागि र समुदायको सहभागिता बढाउनका लागि विकासको प्रकृयाबाट लाभ लिन नसकेका बन्चित समुदायहरुको विकासका लागि सामुहिक निर्णय निर्माण र उत्तरदायित्व बहन गर्नका लागि, मानव संसाधन विकास र सामाजिक पुँजी निर्माण र प्रयोगका लागि, स्थानीय स्तरमा नेतृत्व विकासका लागि र जनताको करको सदुपयोगको हिसाब माग गर्ने संयन्त्रका रुपमा सुशासन प्रवर्द्धनको एक अचुक औषधिका रुपमा काम गर्दछ । सामाजिक परीक्षणले सरकारका कार्यक्रमहरुको आवश्यकता अनुसार बिचमा नै सुधार गर्न सकिने, जनताको बास्तविक आवश्यकताको पहिचान गर्न सकिने र विकासका प्राथमिकताहरुको चयन गर्न सकिने अवस्थाको सिर्जना गर्दछ ।

परम्परागत वा सरकारी वा संबैधानिक लेखा परीक्षणका धेरै सिमितताहरु हुन्छन् । यस्तो लेखा परीक्षण आर्थिक कारोवारको अन्त्य भई सके पश्चातको पोष्ट मार्टम अडिटको रुपमा रहन्छ । यसमा सरकारी विधि र पद्धतिहरुको बोलवाला हुन्छ । यसमा नियामक तथा निर्देशनात्मक अडिट हुन्छ । तर यसले धरातलीय यथार्थताको अडिटमा ध्यान पुऱ्याउन सकेको पाईदैन । यसको केन्द्रमा वित्तीय अनुशासनको पालना रहन्छ । सरकारी साधनको तोकिएको कार्यमा तोकिएको विधिबाट खर्च भयो/भएन भन्नेमा मात्र अध्ययन गरिन्छ । यसबाट कुनै विकासका कार्यक्रमको धरातलीय प्रगति र प्रतिवेदनमा उल्लेख भएको प्रगतिको तुलना गर्न कठिन हुन्छ । त्यसैले सामयिक लेखाजोखा गर्ने औजारका रुपमा सामाजिक परीक्षणको आवश्यकता पर्न गएको हो ।

## सामाजिक परीक्षणका विशेषताहरु

प्रणालीगत र व्यवस्थित अभ्यासका रुपमा रहेको यस लेखाजोखाले सामाजिक दक्षताको मापन गर्दछ । निश्चित समयावधिमा निरन्तर गरिने, बृहत कार्यक्षेत्र भएको, सामाजिक उत्तरदायित्वको परिपूरक, लोककल्याणकारी क्रियाकलापको दिशा निर्देशक, विषयगत, वित्तिय लेखापरीक्षण भन्दा नितान्त भिन्न, सेवाग्राही वा लाभ ग्राहीसँगको सहकार्यबाट गरिने यस्तो लेखाजोखा आफैमा जटिल कार्य हो । साथै यो जनताको तर्फबाट स्वेच्छिक क्रियाकलाप हो ।

## सामाजिक लेखाजोखाका चरणहरु

सर्वप्रथम आफ्ना ग्राहक वा सेवाग्राही वा सरोकारवालाहरुको यथार्थपरक पहिचान गर्ने र लेखाजोखाको लागि समुचित वातावरणको निर्माण गर्ने कार्य गर्नु पर्दछ । तत्पश्चात परीक्षणको विषयवस्तु निर्धारण, योजना निर्माण र रणनीतिहरुको निर्माण गर्ने तथा उपर्युक्त छलफल समुहहरुको निर्माण गर्ने गरिन्छ । सुचना संकलन, प्रमाणहरुको संकलन तथा समुहहरुको पेशागत दक्षता बढाउने र सूचनाहरुको अध्ययन विश्लेषण गर्ने कार्य गरिन्छ । यस पछि समुदाय सभाहरुको संचालन गर्ने, सार्वजनिक सुनुवाई गरी विषय विज्ञहरुको राय संकलन तथा मुल्याङ्कन गर्ने र अन्त्यमा परीक्षणको प्रतिवेदन र अभिलेखांकन गर्ने र सोलाई सम्बद्ध निकायमा संप्रेषण गर्ने र कारवाही गर्ने प्रक्रिया सामाजिक लेखाजोखाका चरणवद्ध अभ्यासहरु हुन् ।

## सामाजिक परीक्षण कानुनको आवश्यकता

नेपालमा सामाजिक लेखापरीक्षणको स्पष्ट कानुनी व्यवस्था छैन । तथापी सुशासन ऐन, सूचनाको हक सम्बन्धी ऐन, स्थानीय सरकार संचालन ऐनमा केही अप्रत्यक्ष व्यवस्थाहरु गरिएको छ । संघीयतामा शासकीय रुपान्तरण पश्चात विकासका गतिविधिहरु अब प्रदेश तहमा स्थानान्तरण भएको सन्दर्भमा प्रदेश सरकारले सामाजिक लेखाजोखाको उचित प्रवन्ध गर्न आवश्यक छ । भारतको मेघालय राज्यले यस सम्बन्धमा स्पष्ट कानुन तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । यसैबाट अन्य राज्यहरुले पनि सिको गर्दै गरेको देखिन्छ ।

## मेघालयबाट सिक्नु पर्ने पाठ

२०१७ को अप्रिलमा भारतको उत्तर पूर्वि राज्य मेघालयले सामुदायिक सहभागिता र सार्वजनिक सेवा सार्वजनिक परीक्षण ऐन पारित गरी भारतका सबै राज्यहरुमा प्रथम राज्य हुन सक्यो । यस ऐनले उक्त राज्य भित्रका २१ स्किम र ११ विभागहरुको सामजिक परीक्षण गर्नु पर्ने गरी व्यवस्था गरेको छ । राज्य सरकारको भुमिका बढी छ । भारतमा केन्द्र सरकारको भुमिका छैन । आदिवासी जनजातीहरुको बाहुल्यता रहेको उक्त क्षेत्रमा यस ऐनले आदिवासीहरुको सहभागिता र उनीहरुको राज्य प्रणालीलाई उत्तरदायी बनाउन ठूलो भूमिका खेलेको छ ।

यस कानून मार्फत सरकारी कार्यक्रमहरुको सूचनाहरु प्रवाह गर्ने संयन्त्र निर्माण गरिने, जनताको अधिकार र दायित्व र त्यस्ता कार्यक्रमसँगको सम्बन्धको बारेमा जनतालाई सचेत बनाउने, सामाजिक विकासका कार्यक्रमहरुको सहि हितग्राहीहरुको पहिचान गर्ने र उनीहरुको योग्यता पुष्टि गर्ने, जनताका मागहरु र तिनका धारणाहरुलाई लिपिवद्ध गर्ने र पृष्ठपोषणका रुपमा ग्रहण गर्ने तथा जनताका गुनासाहरुको दर्ता गर्ने र तिनको निराकरणका लागि उपयुक्त कदम चाल्ने र आगामी स्किम तथा कार्यक्रमका लागि जनताबाट सुझावहरु लिने र तिनलाई योजना तथा कार्यक्रममा आत्मसाथ गर्ने जस्ता प्रावधानहरु यस कानुनमा समावेश भएका छन् । यसबाट सरकारी संयन्त्रलाई थप जिम्मेवार बनाई लाभग्राही वर्गको हितको रक्षा गर्ने एवं लोकतन्त्रका लाभहरुको अधिकतम उपयोग गर्ने वातावरणको सिर्जना गर्न सकिने प्रयास भएको छ ।

## सामाजिक परीक्षणलाई प्रभावकारी बनाउन के गर्नु पर्दछ ?

सामाजिक परीक्षणलाई अनिवार्य रुपमा पालना गर्नका लागि प्रदेशमा सामाजिक उत्तरदायित्व ऐन ल्याउन जरुरी छ । यस ऐन बमोजिम सामाजिक परीक्षण गराउन जिम्मेवार वनाउन एक अधिकार सम्पन्न संस्था निर्माण गर्न जरुरी छ । सामाजिक परीक्षणलाई परम्पारगत लेखा परीक्षण र विभागीय अनुगमन तथा मुल्याङ्कनको प्रतिस्पर्धी संयन्त्रका

रुपमा बुझ्न हुदैन । यसलाई लोकतन्त्रको आधारभूत स्तम्भका रुपमा राजनीतिक तथा प्रशासनिक निकायमा आत्मसाथ गरिनु पर्दछ ।

नेपालमा सामाजिक परीक्षणको लागि पर्याप्त तथ्यांक, प्रमाणहरुको अभाव रहेको छ । यसका लागि सूचनाको हकको प्रयोगमा प्रभवकारिता ल्याउनु पर्दछ । जनतालाई जागरुक बनाउनु पर्दछ । सामाजिक परीक्षकहरुको तालिम दिई दक्ष र विज्ञ जनशक्ति निर्माण गर्नु पर्दछ ।

सामाजिक लेखाजोखाको सिद्धान्तको पालना नगरेमा त्यसलाई कानुनको उल्लघंन गरेको मानी कारवाही गर्ने प्रणालीको विकास गरिनु पर्दछ । साथै जनतामा चेतना नहुनु तथा सहभागिता कमजोर हुनुले सामाजिक परीक्षण प्रभावकारी भएको छैन । तसर्थ सामाजिक लोखाजोखा प्रतिवेदन उपर छलफल र कारवाहीका लागि प्रदेश सरकारले उचित व्यवस्था गर्नु पर्दछ । औपचारिक ढाँचा, योजना र रणनीतिहरुको निर्माण गर्ने, एकरुपता कायम गर्ने र स्टाण्डर्ड ओपेटिंग प्रोसेड्युको निर्माण  एवं पालना गर्ने व्यवस्था कायम गर्नु पर्दछ । यस क्षेत्रमा नागरिक समाज, सामुदायिक संगठनहरु र निजी क्षेत्रको समेत क्षमता बढाउने र एक स्पष्ट मार्गदर्शन निर्माण गर्न सकेमा सामाजिक परीक्षण प्रभावकारी हुन जानेछ ।

## निष्कर्ष

सरकारले जनहितमा गर्ने खर्चहरुको उत्तरदायित्व बहन गर्न सकेन भने जनताको धनको दुरुपयोग हुन जान्छ । त्यसैले सरकार तथा सरकारी निकायहरुलाई लोककल्याणकारी कार्यक्रमहरु उपर जवाफदेही, उत्तरदायी, मितव्ययी, जिम्मेवार बनाउन लोकतन्त्रको नविन शैलीका रुपमा सामाजिक परीक्षणको अवधारणाको जन्म भएको हो । सार्वजनिक धनको दुरुपयोग हुन नदिन, भ्रष्ट्राचार नियन्त्रण गर्नका लागि सामाजिक परीक्षणको दायरा बढाउन जरुरी छ । संघीय संरचनामा प्रदेश तहको जिम्मेवारी बढेको सन्दर्भमा अनियमितता बढ्न सक्ने र जनताको जिवनशैलीमा रुपान्तरण गर्न कठिन हुन जाने परम्परागत कर्मचारीतन्त्रिय कार्यशैलीलाई नविनतम लोकतान्त्रिक विधिको रुपमा सामाजिक परीक्षणको विस्तार गर्न अब ढिला गर्नु हुदैन ।

# विद्यालय शिक्षामा कोरोना कहरको प्रभाव र शिक्षण क्रियाकलाप निरन्तरताको उपाय

अर्जुन शाही*



**विषय सन्दर्भ :**

शिक्षा विकासको आधार हो । नेपालको संविधानले शिक्षा सम्बन्धी अधिकारलाई मौलिक हकका रुपमा प्रत्याभूत गरेको सन्दर्भमा शिक्षालाई पन्ध्रौं पञ्च बर्षिय योजना (आ.ब. २०७६।०७७ - २०८०।०८१) ले समेत परिस्कृत एवम् मर्यादित जीवन र सम्मानीत रोजगारी तथा उद्धम विकासको आधार समेत मानेको छ । ज्ञानमा आधारित समाजको माध्यमबाट मुलुकको दिगो शान्ति र संमृद्धिका लागि शिक्षालाई महत्वपूर्ण रुपमा अंगिकार गरेको छ । शिक्षा नैसर्गिक र जन्मसिद्ध अधिकार हो । जसको सवल कार्यान्वयनका लागि संयुक्त राष्ट्र संघीय मानव अधिकार सम्वन्धी सन् १९४८ को घोषणा-पत्र, सन् १९८९ को बाल अधिकार महासन्धि लगायतका अन्तराष्ट्रिय सन्धिको पक्ष राष्ट्रका रुपमा आफुलाई दर्ज गर्दै आएको नेपालले विद्यालय शिक्षामा सबैको सहज पहुँच स्थापित गर्ने लक्ष्यका साथ नीतिगत, संरचनागत, व्यवहारगत, संस्थागत तथा कार्यक्रमगत प्रवन्धमा जोड दिदै आएको देखिन्छ । यद्धपि डिसेम्वर २०१९ मा चाइनाको वुहान (wuhan), शहरलाई इपिसेन्टर वनाएर पहिलोपटक मानव जातिमा नोभल कोरोना (COVID- 19) भाइरसको केस पहिँचान पश्चात सुरुका दिनमा चाइना, फ्रान्स, इटली, इरान, दक्षिण कोरिया, मलेसिया, स्पेन, थाइल्याण्ड, UK , USA, जर्मनी, अस्ट्रेलीया र अमेरिकामा यसको फैलावट भए पनि यतिवेला कोरोना भाइरस (COVID– 19) जस्तो महामारीबाट विश्व आक्रान्त हुदैछ । नेपालको सन्दर्भमा ९ जनवरी, २०२० मा चाइनाको वुहान शहरबाट नेपाल फर्केका एक जना नेपाली विद्यार्थीमा शहिद शुक्रराज ट्रपिकल सेन्टरले २३ जनवरी, २०२० मा परीक्षण गर्दा कोरोना पजेटिभ पुष्टि भएको हो । जुन दक्षिण एशियाकै पहिलो केश थियो । त्यसै गरी विश्वभरी यस खालको महामारीबाट संक्रमित र मृत्यु हुनेको संख्या क्रमशः १४०४३१७६ र ५९७५८३ रहेको छ (WHO; 20 July, 2020) । भने नेपालमा मात्र संक्रमित र मृत्यु हुनेको संख्या क्रमश १७८४४ र ४० रहेको छ (MoHP ; 20 July, 2020) ।

कोभिड-१९ का कारण १ अर्ब ३० करोड विद्यार्थी प्रभावित हुनेगरी विश्वभरका विद्यालय बन्द भएको कुरा युनेस्कोको विद्यालय पुनः सुचारु गर्ने प्रारूप- २०२० मा उल्लेख गरिएको छ । त्यसैगरी नेपालमा मात्र सामुदायिक र संस्थागत गरी कुल ८१,२७,२६३ विद्यार्थी प्रभावित हुनेगरी विद्यालय बन्द भएको छ (नयाँ पत्रिका २१ जेठ, २०७७) । त्यसैगरी देशभरका सामुदायिक, संस्थागत र धार्मिक विद्यालय क्रमश २७७२८, २६०६ र ११२१ गरी कुल ३५०५५ विद्यालयहरुमा पठनपाठन प्रभावित भएको छ (Flash I Report; 2018/019 ) । अर्कोतर्फ माध्यमिक शिक्षा परीक्षा (SEE) को पूर्वतयारीमा जुटेका करिब चार लाख पचासी हजार परीक्षा दिने अवसरबाट बञ्चित भएका विद्यार्थी अन्यौलपूर्ण अवस्थामा रहेको देखिन्छ । माथि उल्लिखित तथ्य र तथ्याङ्कलाई मात्र आधार मान्ने हो

** लेखक शिक्षा विकास निर्देशनालय, कर्णाली प्रदेश सुर्खेतका शाखा अधिकृत हुनुहुन्छ ।*

भने पनि नेपालको इतिहासमा ठूलो शैक्षिक क्षति भएको सहजै अनुमान लगाउन मिल्छ जुन तत्काल न्यूनीकरण भइहाल्ने अवस्था पनि देखिदैन । तसर्थ महामारीले हामीलाई शैक्षिक क्षतिमात्र गराएको छैन हाम्रा शिक्षा क्षेत्रको प्राथमिकता, मेडियम अफ इन्सट्रक्सन्, मेडियम अफ डेलीभरी सिष्टम ,विद्यालय शिक्षामा रिफ्रेमिङ्ग र रिस्टक्चरिङ्गको लागि सुवर्ण अवसर प्राप्त भएको छ, जसको बैज्ञानिक व्यवस्थापन मार्फत शैक्षिक जगतको प्याराडाइज्मि सिफ्ट हुने देखिन्छ । नेपालमा पछिल्ला दिनहरुमा कोरोनाको फैलावट जिल्लागत र संक्रमित संख्यागत रुपमा बढ्दो ग्राफमा फैलिएको अवस्थमा महामारी नियन्त्रणलाई पर्खिने भन्दा पनि महामारी सगै हाम्रा दैनिकीलाई समायोजित गर्दै पहिँचान पहुँच, प्राथमिकता र प्राप्यता जस्ता सन्दर्भको बुद्धिमत्तापुर्ण उपयोग मार्फत विद्यालय शिक्षालाई कोरोना कहरका विचबाट संचालन गराई विद्यालय शिक्षालाई जिवन्त राख्नुको विकल्प छैन ।

## विद्यालय शिक्षामा कोरोना कहरको प्रभाव

विश्व जगत अहिले कोरोना महामारीका कारण आर्थिक, राजनैतिक, सामाजिक र साँस्कृतिक रुपमा क्षतविक्षत हुन गई गरिवी , बेरोजगारी र भोकमरी जस्ता समस्याबाट थिलथिलो परेको सन्दर्भमा शिक्षा क्षेत्रपनि कोरोना कहरबाट कप्रताडित मात्र भएनकी शैक्षिक क्यालेण्डरको समेत क्रमभङ्गता भएको छ भने शिक्षा प्रणाली नै निष्प्रभावी र अनुत्पादक सिद्ध भएको छ । यद्धपि विद्यालय शिक्षामा कोरोना कहरको प्रभावलाई नकरात्मक र सकरात्मक ढङ्गबाट बुदागत रुपमा यसरी संक्षेपिकरण गर्न खोजिएको छ :

**नकारात्मक प्रभावः**

- करिव १ अर्ब ३० करोड विद्यार्थी प्रभावित हुनेगरी विश्वभरका विद्यालय बन्द भएकाले अनपेक्षित ढङ्गले शैक्षिक क्षति हुदैछ । जसको प्रत्यक्ष प्रभाव विद्धालयको शिक्षण सिकाइमा परिरहेको छ ।
- नेपालमा मात्र सामुदायिक र संस्थागत गरी कुल ८१,२७,२६३ विद्यार्थी प्रभावित हुने गरी विद्यालय बन्द भएका छन । जसका कारण समग्र शैक्षिक क्यालेण्डर नै प्रभावित हुन गई १५ औ योजनाको लक्ष्य, दिर्घकालीन सोच - २१०० र दिगो विकास लक्ष्यमा चित्रण गरीएको शिक्षाको गन्तव्य समेत प्रभावित हुने देखिन्छ ।
- देशभरका सामुदायिक संस्थागत र धार्मिक गरी जम्मा जम्मी ३५०५५ विद्यालयहरु विगत तीन महिनादेखि कतै प्रयोग बिहिन छन भने ,कतै महामारी ब्यवस्थापनका केन्द्र बन्न बाध्य छन । जसको फलस्वरुप : विद्यालय पुनः संचालनमा आउन निकै समय कुर्नु पर्ने देखिन्छ ।
- करीव ४ लाख ८५ हजार माध्यमिक शिक्षा परीक्षा (SEE) को पूर्व तयारीमा जुटेका विद्यार्थी परीक्षा दिने अवसरबाट बञ्चित भई उनीहरुमा शैक्षिक ह्रास आएको छ ।
- बालबालिकाको शिक्षण सिकाइ प्रभावित हुनुका साथै बिशेषगरी सिमान्तकृत बालबालिकाको शिक्षा, स्वास्थ्य , सुरक्षा र पोषणमा समेत नकारात्मक असर परेको छ ।
- कोरना कहर महामारीका कारण सामुदायिक र संस्थागत विद्यालयको शैक्षिक गतिविधिमा समेत हुदा खाने र हुनेखाने बर्गले प्राप्त गर्दै आएको शिक्षामा समेत ठूलो दरार आउने देखिन्छ । जसको ज्वलन्त उदाहरण कोरोना कहरका बीचमा सुविधा सम्पन्न संस्थागत विद्यालयले संचालन गरेको गतिविधिबाट आङ्कलन गर्न सकिन्छ ।
- WFO का अनुसार, अति विपन्न राष्ट्रका बालबालिका दिन भरीको एक छाक खानाको लागि प्राय विद्यालयको भर पर्दछन । तर अहिले कोभिड-१९ का कारण विद्यालय बन्द भएसंगै संसार भरका करिब ३७ करोड बालबालिकाले पोषणयुक्त भोजन गुमाइरहेका छन ।

- दिवा खाजा कार्यक्रम लागू गरीएका ४३ जिल्लाका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थी उक्त कार्यक्रमबाट विगत ३ महिना देखि प्रत्यक्ष रुपमा प्रभावित भएका छन् भने अवस्था सामान्य नभएमा आ.ब. ०७७/०७८ को बजेट बक्तव्य अनुसार ७७ जिल्लाका २८ लाख बालबालिका समेतले उक्त अवसर गुमाउने छन् । जसको असर विद्यार्थीको आर्थिक, शैक्षिक र पोषणमा समेत पर्न गइ शिक्षणका क्षेत्रमा दिर्घकालका लागि अवसर गुम्ने खतरा देखिन्छ ।
- बढ्दो शैक्षिक असमानता, कमजोर स्वास्थ्य अवस्था, हिंसा, बालश्रम तथा बालविवाह जस्ता जोखिम बढ्ने संभावना देखिन्छ ।
- सुरक्षित समय आउनासाथ विद्यालयलाई पुनः संचालन गर्न सकेनौ भने, यसले शिक्षामा अपुरणीय क्षति हुने संभावना उच्च रहन्छ ।
- बालबालिकाले विद्यालयबाट अहिले सम्म हासिल गरेका सिकाइ उपलब्धिहरु गुम्ने खतरा त्यतिकै देखिन्छ ।
- शिक्षण सिकाइमा भएको क्रमभङ्गताका कारण विद्यार्थीमा मनोवैज्ञानिक असर परी तत्काल शिक्षण सिकाइमा जीवन्त सहभागिताका लागि प्रेरित हुन सक्ने संभावना न्यून देखिन्छ भने अभिभावकहरु आफ्ना सन्ततीको भविश्य प्रति चिन्तित भएको देखिन्छ ।
- बिशेषगरी निजी क्षेत्रबाट संचालीत विद्यालयहरुको अनपेक्षित रुपमा क्षति बृद्धि भई यसको दीर्घकालमा नकरात्मक प्रभाव पर्ने हुदा जसको मारमा विद्यार्थी र अभिभावक समेत पर्ने अवस्था रहन्छ ।

**सकारात्मक प्रभावः**

- शिक्षा क्षेत्रको प्राथमिकता, मेडियम अफ इन्सट्रक्सन्, मेडियम अफ डेलीभरी सिष्टम ,विद्यालय शिक्षामा रिफ्रेमिङ्ग र रिस्टक्चरिङ्गको लागि सुवर्ण अवसर प्राप्त भएको छ, जसको बैज्ञानिक ब्यवस्थापन मार्फत शैक्षिक जगतको प्याराडाइज्मि सिफ्ट हुने देखिन्छ ।
- डिजिटल डाइनास्वर प्रबृत्तिका मौजुदा शैक्षिक जनशक्ति र स्क्रिनयुगिन सिकारुका विचमा हाम्रो शिक्षा प्रणालीले अपडेट गर्ने अवसर प्राप्त गर्दैछ ।
- शिक्षा प्रणालीको प्याराडाइज्म सिफ्ट हुदैछ भने शिक्षा क्षेत्रमा गरिदै आएको राष्ट्रिय लगानी र प्राथमिकतामा समेत पुनर्विचार गर्ने अवसर प्राप्त भएको छ ।
- समय परिवेशानुसार आफुलाई अध्यावधिक गरी शिक्षण सिकाइका बैकल्पिक माध्यमको प्रयोग मार्फत सिक्न र सिकाउन तयारी हुनुपर्ने कुराको सकरात्मक सन्देश प्राप्त भएको छ ।
- सिक्ने ( विद्यार्थी) र सिकाउने (शिक्षक) दुवै पक्षलाई शिक्षण सिकाइका सवालमा प्रविधिमैत्री बन्नका लागि प्रेरित गरेको छ ।
- प्रविधिको उपयोग गर्ने बानीको विकास हुन थालेको छ । जहाँ अनलाइन अफलाइन मोडमा शिक्षण सिकाई मार्फत सिकाइलाई निरन्तरता दिने अवसर प्राप्त भएको छ ।
- पहुँच र प्राप्यताका आधारमा रेडियो, स्थानीय एफ.एम. टेलिभिजन र इन्टरनेट मार्फत अनलाइन कलास, भर्चुअल कलास र जुम मिटिङ्ग जस्ता बैकल्पिक सिकाइ माध्यमका लागि वातावरण तयार हुदैछ ।
- सिक्षण सिकाइका लागि बडेमानका भौतिक पूर्वाधार मात्र प्रयाप्त होइन, जोखिम ब्यवस्थापनका लागि प्रविधिको कौशलपूर्ण उपयोगिता तर्फ समेत ध्यान आकर्षण भएको छ ।
- प्रविधिको उपयोगमार्फत स्वअध्ययन गर्ने बानीको विकास भएको छ ।
- सिकाइ सहजीकरण, सियरिङ्ग र क्षमता विकासको प्रयाप्त अवसर प्राप्त भएको छ ।
- सिकारुका लागि विद्यालय भित्रको औपचारिक पढाइमात्र प्रयाप्त होइन हाम्रा घर, टोल र समाजलाई समेत ज्ञान आर्जनका थलोका रुपमा विकास गर्दै सिकाइ गर्नुपर्ने मान्यताले स्थान पाएको छ ।

- अभिभावक र विद्यार्थीका वीचमा दोहोरो जवाफदेहिता अभिबृद्धि भएको छ । विद्यार्थीले घर परिवारबाट जीवनका मूल्य, संस्कार र व्यवहारिक तथा प्रयोगात्मक ज्ञान आर्जन गर्ने अवसर प्राप्त गरेका छन् ।
- हिजोका दिनमा हाम्रा नानी बाबुले कार्टुन र पब्जीका लागि प्रायजसो प्रयोगमा ल्याइएका हाम्रा ल्यापटप, स्मार्ट फोन जस्ता विधुतीय उपकरणलाई सिकाइका लागि सिर्जनात्मक ढङ्गबाट (वीथफन) उपयोग गर्ने अवसर प्राप्त भएको छ ।

## विद्यमान परिस्थितिमा शिक्षण क्रियाकालाप निरन्तरताका लागि मौजुदा व्यवस्था

### संवैधानिक व्यवस्थाः

नेपालको संविधानको भाग(३, धारा - ३१ मा शिक्षालाई मौलिक हकका रुपमा प्रत्याभूत गरिएको । धारा-३१ (२) मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निः शुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निःशुल्क पाउने हकको व्यवस्था । त्यसैगरी शिक्षालाई संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकारका रुपमा (अनुसूची-५, ६, ८ र ९) मा व्यवस्था गरिएको छ । अनुसूची-८ बमोजिम आधारभूत र माध्यमिक शिक्षाको अधिकार स्थानीय तहमा ब्यवस्थित गरिएको छ ।

### कानूनी व्यवस्थाः

शिक्षा ऐन, २०२८ तथा नियमावली, २०५९ राष्ट्रिय शिक्षा नीति,२०७६ बृहत विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि, २०७५ बृहत विद्यालय सुरक्षा संचार रणनीति, २०७५ ओपेन एण्ड डिस्ट्यान्स लर्निङ्ग (ODL) पलेसी, २०६३ विद्यालय शिक्षामा सूचाना तथा संचार प्रविधिको प्रयोग सम्बन्धि निर्देशिका, २०६३ शैक्षिक जनशक्ति विकास केन्द्रको तालिम नीति, २०६२ शिक्षाको संचार रणनीति, २०६२ शिक्षण स्वंयम्सेवक परिचालन सम्बन्धि कार्यविधि, २०७६ राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ COVID-19 Contingency Plan–2020, बैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७ ।

### पन्ध्रौ योजना ( आ.ब.२०७६।७७ – २०८०।८१)

पन्ध्रौ योजनाले गुणस्तरीय शिक्षा मार्फत सिर्जनशील, दक्ष, प्रतिस्पर्धी, उत्पादनशील र नवप्रवर्तनशील मानव स्रोतको विकास गर्ने लक्ष्य राखेको छ भने सवै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अनुभवसहित आधारभूत शिक्षा अनिवार्य तथा निः शुल्क र माध्यमिक शिक्षामा पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउने उद्देश्य रहेको छ । त्यसैगरी शिक्षण सिकाइमा टेवा पुग्ने खालका विशेषतः अग्रेजी, गणित, विज्ञान र प्राविधिक विषयमा डिजिटल पाठ्यसामग्रीहरु विकास गरी प्रयोगमा ल्याउने र जोखिममा परेका, अल्पसंख्यक तथा लोपोन्मुख समुदायका विद्यार्थीहरु तथा सिमान्तकृत समुदायका विद्यार्थीका सिकाइ आवश्यकता सम्वोधन गर्न खुला एवम बैकल्पिक शिक्षाको व्यवस्था गरिने कार्यनीति लिएको पाइन्छ ।

### नेपाल सरकारको नीति तथा कार्यक्रम (२०७७।०७८)

नेपाल सरकारको नीति तथा कार्यक्रमको बुदा नं ७७ मा विधुतीय शिक्षण सामग्री उत्पादन गरी अनलाइन शिक्षा प्रदान गर्ने व्यवस्था मिलाइने र सबै सार्वजनिक माध्यमिक विद्यालय र क्याम्पसमा सूचना प्रविधि प्रयोगशाला र उच्च गतिको इन्टरनेट सुविधा पुऱ्याइने प्रतिबद्धता व्यक्त गरिएको छ ।

**आ.ब. २०७७/०७८ को बजेटमा**

आर्थिक बर्ष २०७७/०७८ को बजेटको बुदा नं. १६३ मा कोभिड-१९ को कारण पठनपाठन मा सिर्जना भएको अवरोधलाई दृष्टिगत गरी भर्चुअल कक्षा संचालन, अनलाइन शिक्षा तथा टेलिभिजन एवम रेडियो मार्फत नयाँ शैक्षिक सत्रको पठन पाठन अघी बढाइने कुरा बजेटमा उल्लेख छ । त्यसैगरी बजेटकै बुदा नं. १६२ मा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ( शिक्षक तालिम, स्वंयसेवक शिक्षक परिचालन, विज्ञान प्रयोगशाला र सूचना प्रविधि ) मा जोड दिने कुरा उल्लेख छ ।

## जोखिम व्यवस्थापनमा कहाँ चुक्यो हाम्रो शिक्षा प्रणाली ?

कुनै पनि जोखिम बाजा बजाएर आउदैन, नत जोखिमको प्रभावमा विभेद नै हुन्छ । कुरा के मात्र सत्य हो भने जुन जुन क्षेत्रले प्रोएक्टिभ ढङ्गले योजनाबद्ध रुपमा जोखिम पहिँचान, जोखिमको प्रभाव विष्लेषण, जोखिमको आङ्कलन, जोखिम न्यूनीकरण र प्रतिकार्य योजना बानाएर सुझवुझका साथ कार्यान्वयन गर्न सफल भए तिनी क्षेत्रले न्यून र जुन क्षेत्रले प्रोएक्टीभ ढङ्गले आफुलाई स्थापित गर्न सकेनन् तिनै क्षेत्रहरु जोखिमबाट अत्यधिक मात्रामा प्रताडीत हुने देखिन्छ । नेपालमा मात्र सामुदायिक र संस्थागत गरी कुल ८१,२७,२६३ विद्यार्थी प्रभावित हुने गरी विगत तीन महिना देखि विद्यालय शिक्षामा ठूलो क्षति भएको छ, जुन शैक्षिक जगतका लागि अपुरणीय क्षति हो । जसको उपयुक्त व्यवस्थापनमा हाम्रो समग्र शिक्षा प्रणाली कहाँ चुक्यो भन्ने कुरालाई पुष्टि गर्न मेरो सुझबुझमा निम्न आधारहरु पेश गर्न सकिन्छ ।

- शिक्षा प्रणाली भित्रको लर्निङ्गको प्याराडाइज्म सिफ्ट गर्नुको साटो परम्परागत र Outdated शिक्षण सिकाइ प्रक्रिया मै हाम्रो शिक्षण प्रणाली रुमल्लियो , यथास्थितिको पक्षपोषण गरि राख्यो ।
- Virtual Class, Virtual School र Virtual University जस्ता नविनतम प्रविधिलाई हाम्रो शिक्षा नीति ,योजना तथा कार्यक्रमले उचित सम्बोधन गर्न सकेन ।
- शिक्षा क्षेत्रको प्राथमिकता, मेडियम अफ इन्सट्रक्सन्, मेडियम अफ डेलीभरी सिष्टम ,विद्यालय शिक्षामा रिफ्रेमिङ्ग र रिस्टक्चरिङ्गको विषयमा रुपान्तरणको बोध गरिएनछ ।
- Face to Face शिक्षण पद्धतिको विकल्पमा इन्टरनेटमा आधारित सिकाइका लागि सवल संयन्त्र तथा मौजुदा जनशक्तिको क्षमता विकास गर्ने तर्फ प्रणालीको सुझवुझ भएनछ ।
- समयको गतिसंगै TPD मोडललाई Reframing र Restructuring गर्न सकिएनछ ।
- हाम्रो शिक्षा प्रणालीले प्रोएक्टिभ ढङ्गले नत आफ्नो क्षेत्रको जोखिम पहिँचान गर्न सक्यो नत जोखिम पहिँचान गर्न सक्ने मानव संसाधन र प्रभावकारी संयन्त्रको संस्थागत विकास गर्न नै सक्यो ।
- शिक्षा क्षेत्रको जोखिमको पहिँचान, प्रभाव विष्लेषण, जोखिम आङ्कलन, गर्न सकेन र त्यस किसिमको दूरदर्शिताबाट चुक्यो ।
- शैक्षिक जोखिम व्यवस्थापनमा जोखिम न्यूनीकरण योजना, सवल प्रतिकार्य योजना निर्माण तथा प्रभावकारी कार्यान्वयनमा समेत समस्या देखियो ।
- जोखिम न्यूनिकरणका संयन्त्रलाई प्रभावकारी रुपमा उपयोग गर्ने गरी विकास गर्न सकेनौं ।
- Vulnerable Assessment गर्ने पद्धतिलाई शिक्षा प्रणाली भित्र आत्मसाथ गर्न सकेनौं ।
- Total Quality Management (TQM) को पाटोलाई समयसापेक्ष सम्बोधन गर्न चुक्यौं ।
- शिक्षा क्षेत्रको प्राथमिकता र लगानी लाई Risk Friendly बनाउन तर्फ जोड दिन सकेनौं ।

## महामारीको वीचबाटै शिक्षण क्रियाकलापलाई निरन्तरता दिने उपायहरुः

नेपालमा मात्र सामुदायिक र संस्थागत गरी कुल ८१,२७,२६३ विद्यार्थी प्रभावित हुने गरी विगत तीन महिना देखि विद्यालय शिक्षामा ठूलो क्षति भएको छ, जुन शैक्षिक जगतका लागि अपुरणीय क्षति हो । दक्षिण कोरीयामा कोभिडको जोखिम घटेलगतै करिब २०० विद्यालय संचालनमा ल्याइयो तर त्यसको ठिक दुई दिनपछि ७९ जनामा पुनः संक्रमण पुष्टि भएपछि शैक्षिक संस्था तत्काल बन्द गरिएको अवस्था छ । विश्व स्वास्थ्य संगठन, (WHO) का अनुसार नोभल कोरोना (COVID – 19) भाइरस तत्काल समाधान भैइहाल्ने अवस्था देखिदैन बरु कोरोना संगै समायोजित भएर अघि बढ्नुको विकल्प नरहेको सन्दर्भमा हाम्रा शिक्षण क्रियाकलापहरु पनि महामारी संगसंगै संचालन गरी शैक्षिक क्षति न्यूनीकरण गर्नुको विकल्प छैन । अतः बन्दाबन्दीकै अवस्थामा हाम्रा शैक्षिक गतिविधिलाई जीवन्त राख्न र शैक्षिक जोखिमलाई केहि हदसम्म भएपनि न्यूनीकरण गर्न तत्काल निम्न गतिविधि संचालन गर्न सकिन्छ ।

- सर्वप्रथम महामारीका कारण प्रभावित शिक्षण क्रियाकलापलाप सुचारु गर्न सामुदायिक संस्थागत र धार्मिक विद्यालयको तथ्याङ्कीय अवस्थालाई चुस्त र विश्वसनीय (प्रादेशिक र स्थानीय स्तरमा) बनाऔं ।
- विद्यालय तत्काल नखुल्ने अवस्थामा कक्षा १-१० सम्मको परीक्षा सम्पन्न भइसकेको छ । सो सन्दर्भमा विद्यार्थी भर्नाका लागि विद्यालय आफैले रजिष्ट्ररमा कक्षा चढाइदिने र त्यसको जानकारी प्रत्येक विद्यार्थी र अभिभावकलाई दिने व्यवस्था गरौं ।
- तत्काल शैक्षिक सत्र संचालन गर्नुपूर्व प्रत्येक विद्यार्थीको हात हातमा पाठ्यपुस्तक पुग्ने वातावरणको सुनिश्चतता गरौ । (उच्च हिमाली जिल्लामा जहाँ फागुनदेखि शैक्षिक सत्र सुरुवात हुन्छ) ।
- पाठ्यपुस्तक सवैको हातमा पुऱ्याइ सकेपछि स्वअध्यनका लागि विद्यार्थीलाई प्रेरित गरौं ।
- महामारीका कारण गुमेको शैक्षिक सत्रहरु पुनः प्राप्त गर्न पहुँच,प्राप्यता, सान्दर्भिकता र सामर्थ्यताका आधारमा बैकल्पिक माध्यमको उपयोग मार्फत घरमै बसी शिक्षणात्मक क्रियाकलाप संचालन गर्ने तर्फ सोचौं ।
- बैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७ ले शिक्षण पहुँचका हिसावले बर्गिकरण गरेको ५ वटा सिकाइ समूहहरु (सवै किसिमका प्रविधिको पहुँचभन्दा बाहिर रहेका, रेडियो र एफ.एम.मा पहुँच भएका, टेलिभिजनमा पहुँच भएका, कम्प्युटर भएका तर अनलाइन कनेक्टिभिटी नभएको र इन्टरनेट तथा सूचना संचार प्रविधिको साधनमा पहुँच भएका विद्यार्थी) को पहिँचान गरी यथार्थ विवरण आ-आफनो स्थानीय तहमा पेश गर्न विद्यालयलाई जवाफदेही बनाऔं ।
- प्रत्येक स्थानीय सरकारले उपलब्ध तथ्थाङ्कको वस्तुगत अध्ययन गरी कुन सिकाइ समुहका विद्यार्थी कति छन र आफ्नो सामर्थ्यका आधारमा कुन उपयुक्त बैकल्पिक माध्यमबाट सिकाइलाई निरन्तरता दिन सकिन्छ तत्काल कार्यान्वयनका लागि सोचौं ।
- बैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७ ले बर्गीकरण गरे अनुरुप जहाँ सवै किसिमका प्रविधिको पहुँचभन्दा बाहिर रहेका विद्यार्थी छन्, त्यहाँ स्थानीय तहले तत्काल टोल सर्वेक्षण गरी जहाँ महामारीको प्रभाव कम छ त्यस्तो स्थानमा ३०/४० जना विद्यार्थीको समुह बनाइ कन्ट्याक्ट सेशन मार्फत टोल शिक्षण विधि अवलम्वन गरी शिक्षण क्रियाकलाप संचालन गर्ने ।
- कन्ट्याक्ट सेशनमा कम्तिमा पनि ३ र ४ वटा सेशन संचालन गरिसके पछि विद्यार्थीलाई १ हप्ताको प्रोजेक्ट वर्क दिने र त्यसको समीक्षा गर्ने गरौं ।
- जुन ठाँउमा रेडियो र एफ एम को पहुँचमा विद्यार्थी छन् त्यहाँ स्थानीय सरकारले रोष्टर शिक्षकको व्यवस्था गरी निश्चित क्रेडिट आवरमा निश्चित विषयको पठन पाठन संचालनको व्यवस्था मिलाउने र

यसको थप प्रचार प्रसार र प्रभावकारीताका लागि स्थानीय पत्रकार, शिक्षाविद् बुद्धिजीविलाई परिचालन गर्ने गरी व्यवस्था मिलाउने ।

- जुन क्षेत्रका विद्यार्थी टेलिभिजनको पहुँचमा छन् त्यस्ता, खालका सिकारुका लागि Virtual Class संचालन गरौं ।
- कम्प्युटरको पहुँच छ तर इन्टरनेटको सुविधा छैन त्यस्ता खालका सिकारुका लागि अफलाइन मोडका श्रव्य, श्रव्यदृश्य, सिडी लगायतका शिक्षण प्याकेज तयारी गरी सिकारुको हातमा पुऱ्याऔं र प्रयोगका लागि विद्यार्थीलाई सहजीकरणको प्रबन्ध गरौं ।
- इन्टरनेट तथा सूचना संचार प्रविधिको साधनमा पहुँच भएका विद्यार्थी समुहको पहिचान गरी तत्काल उक्त समुहका विद्यार्थीलाई अनलाइन मार्फत रिसिभर (विद्यार्थी) र डेलिभर (शिक्षक) दुवैको क्षमता विकासमा सहजीकरण गरी अनलाइन कलास, भर्चुअल कलास र जुम मिटिङ्ग को उपयोग गरी शिक्षण क्रियाकलापलाई निरन्तरता दिने व्यस्था मिलाउने ।
- तत्काल पठनपाठन सुचारु गर्न प्रत्येक स्थानीय तहले साधन स्रोतको उपलव्धता र औचित्यताका आधारमा बलाङ्केट होइन ब्राकेट अप्रोचलाई अवलम्बन गर्दै उपलब्ध भएसम्म मौजुदा शिक्षकको उपयोग नभए प्रत्येक टोल टोलमा शैक्षिक बेरोजगारलाई स्वयंसेवक शिक्षकको रुपमा नियुक्त गरी पठनपाठनलाई निरन्तरता दिने प्रबन्ध गरौं ।
- प्रदेशले शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्राप्त सामग्रीहरु प्रदेशस्तरका रेडियो, एफ.एम. र टेलिभिजन मार्फत प्रसारणको व्यवस्था मिलाउने । शिक्षकको क्षमता विकास, मनोपरामर्श र अभिभावकका लागि घरायसी विद्यालय संचालन गर्ने प्रबन्ध गर्ने ।
- महामारीका कारण गुमेका शिक्षण सत्रहरु पुनः प्राप्त गर्न विशेष अभ्यासहरु, सिकाइ विधिको सुदृढीकरण र दूर शिक्षा जस्ता विधिको प्रयोग मार्फत मिश्रित शिक्षण प्रणालीको विकासमा विशेष जोड गरौ ।

**निष्कर्ष:**

कुनै पनि जोखिम बाजा बजाएर आउदैन नत जोखिमको प्रभावमा विभेद नै हुन्छ । हरेक बिपतले विनासमात्र निम्ताउदैन त्यसले रुपान्तणको स्वर्णिम अवसर पनि प्रदान गर्दछ भन्ने कुरा सन् १६६५ ताका लण्डनमा प्लेग जस्तो महामारीले आक्रमण गर्दा क्षतिबाट जोगिन लकडाउन गर्ने सवालमा त्यहाँको क्याम्ब्रीज विश्वविद्यालयको पठनपाठन पनि बन्द हुन पुग्यो । जसको मारमा क्यामब्रीज बिश्वविद्यालयका एकजना केहि गर्न खोज्ने, अध्ययन अनुसन्धानमा रुची राख्ने सरआइज्याक नामका विद्यार्थी पनि परे तर उनी खुशीका साथ गाउँमा फर्के र दिनरात लागेर कोर्ष बाहेकका खोज अनुसन्धान तर्फ ध्यान दिए र लकडाउन अवधिभित्रै ल अफ ग्राइभिटीको सिद्धान्त प्रतिपादन गर्न सफल भए र उनको नाम सर आइज्याक न्युटन रहन गयो । त्यसै गरी नेपालको सन्दर्भमा पनि शिद्धार्थ गौतम घर परिवार र समाजबाट अलग (आइसुलेशनमा) रहेर जङ्गलमा ध्यान गर्न थाले र अन्ततः बुद्धत्व प्राप्त गरिछाडे र उनको नाम पनि शिद्धार्थ गौतम बुद्ध रहन गयो । यसमा सवक दिन के मात्र खोजिएको हो भन्दा हामीले पनि शिक्षा क्षेत्रमा सिर्जना भएको जोखिमलाई अवसरका रुपमा उपयोग गर्दै नेपाली न्यूटन र हजारौ बुद्ध जन्माउने तर्फ सोच्ने वेला आएको छ । तर यसका लागि फेरीपनि लगनशील बिद्यार्थी, समर्पित शिक्षक, जिम्मेवार व्यवस्थापन, उत्तरदायी अभिभावक र प्राज्ञिक वातावरणलाई भने कम आङ्कलन गर्न मिल्दैन ।

# सामाजिक व्यवहार परिवर्तन



एक राज चन्द*

मानिस एक चेतनशील सामाजिक प्राणी भएकोले आफू स्वस्थ रहनका लागि व्यक्तिले आफ्नो स्तरबाट हरेक किसिमले प्रयास एवं कोसिस गर्दछ तर उसलाई समाजमा रहेका चालचलन, धर्म संस्कृति, परम्परा आदिले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभाव पारिरहेको हुन्छ जसले गर्दा उनीहरुले चाहेर पनि व्यवहार परिवर्तन गर्न सकिरहेका हुँदैनन् । घर परिवार, समाज भित्र रहेका बाधा अड्चनहरुलाई हटाएर आउन सक्ने सकारात्मक परिवर्तन नै वास्तवमा सामाजिक परिवर्तन हो । अर्को शव्दमा भन्नु पर्दा सामाजिक व्यवहार परिवर्तन भन्नाले लक्षित समूहको सकृय सहभागितामा समाजमा भएका हानिकारक व्यवहार परिवर्तन गर्नु हो । यसले लक्षित समूहको ज्ञान, धारणा र अभ्यासमा परिवर्तन गरेर स्वास्थ्यमा सुधार ल्याउन मद्दत गर्दछ । व्यवहार परिवर्तनको लागि सबैभन्दा बढी सम्भावना भएको समूहको खोजी गरी व्यवहार परिवर्तनका अवरोधलाई प्रभाव पार्ने तथ्यहरु, विचारहरु, अवधारणाहरु र सिद्धान्तहरुलाई प्रकृयागत रुपमा समेटी व्यवहार परिवर्तनको रणनैतिक उद्देश्य तयार गरी परिवर्तनलाई असर गर्नु हो ।

हाम्रो स्वास्थ्य हाम्रो व्यवहारमा निर्भर गर्दछ । यदि हाम्रो व्यवहार स्वस्थप्रद छ भने हाम्रो स्वास्थ्य पनि सुदृढ रहन्छ । हामी जे कुरामा विश्वास गर्दछौं, त्यसले हाम्रो स्वास्थ्यमा असर गरिरहेको हुन्छ । कुनै पनि व्यक्तिको व्यवहार उसको आफ्नो विश्वास र आचरणमा निर्भर गर्दछ , उसको विश्वास र आचरण उसको वातावरणले निर्धारण गर्दछ । सो वातावरणले उसले उक्त व्यवहार नगर्नुका कारणहरुलाई सम्बोधन गर्दछ । ऊ कस्तो मुल्य मान्यता, संस्कृति, परम्परा र आमसंचारको पहुँचमा हुर्कियो ती कुराहरुको कारणले उसले गर्ने निर्णय वा व्यवहारमा फरक पार्दछ । जबसम्म हामी यस्ता सामाजिक कुराहरुसँग परिवर्तनका लागि सहकार्य गर्दैनौ, तबसम्म व्यक्तिको व्यवहारमा परिवर्तन आउदैन र जसका कारण स्वास्थ्यमा सुधार गर्न सकिदैन । कुनै पनि व्यक्तिलाई स्वास्थ्यका लागि व्यवहार परिवर्तन गर्न उत्प्रेरणा जगाउन समुदायमा विभिन्न तौरतरिका अपनाउन सकिन्छ , जस्तै :

१. **पैरवी** : समुदायमा भएका प्रतिष्ठित व्यक्तिहरुले उक्त व्यवहारहरु अपनाएमा उसका अनुयायीहरुलाई उक्त व्यवहारहरु अपनाउन उत्प्रेरणा मिल्दछ ।
२. **समुदाय पचिालन** : प्रत्यक्ष सेवाग्राही वा समुदायलाई उक्त विषयमा विभिन्न कियाकलापहरुमा परिचालन गरेर जस्तै : प्रत्यक्ष सेवाग्राहीसँग अन्तरकृया गरेर, स्थानीय समूहहरुलाई सम्बन्धित विषयमा परिचालन गरेर ।
३. **व्यवहार परिवर्तन संचार** : प्रत्यक्ष सेवाग्राहीसँग प्रत्यक्ष सम्पर्क गरेर, जस्तैःघरभेट, अन्तरव्यक्ति संचार आदि ।

## राम्रो हुनुको सट्टा नोक्सानी

कुनै पनि व्यवहार अपनाउनुको आफ्नै मौलिक कारण वारे जानकारी नै नराखी उनीहरुको स्वास्थ्य वा जीवनलाई सुधार गर्छु भन्दा हामीले उनीहरुलाई फाइदाको सट्टा थप नोक्सानी गर्न सक्छौ । (लुरेन रिचेल्ट, टिकुन वीन्टर २०११)

---

** लेखक मानव संसाधन विकास केन्द्र सुर्खेतमा स्वास्थ्य शिक्षा प्रशिक्षक अधिकृत हुनुहुन्छ ।*

- सामाजिक व्यवहार परिवर्तनका सिद्धान्त तथा मोडेलहरु किन ?
- यी प्रश्नहरुको उत्तर खोज्न जरुरी छ कि ?
- किन समस्या छ ?
- कसलाई छनौट गर्ने ?
- कुनै पनि कार्य गर्नुपूर्व कसको बारेमा थाहा पाउने ?
- सोचिएको नतिजाको लागि मानिसहरुमा कसरी पुग्ने ?
- कुन रणनीति अपनाएमा हामीले खोजेको परिवर्तन पाउन सक्छौं ?

## मुख्य अवधारणाहरुको उत्पत्ति वा विकास

वर्षौ अगाडिको संचारको अवधारणा........

विशेषज्ञले (पठाउने)　　　　गैर विशेषज्ञ (प्राप्त गर्ने)

**प्रशारण मोडेल** : धेरै पुरानो संचार वा प्रभाव एकतर्फी मात्रै हुने थियो भने अहिलेको संचार भनेको संम्वाद हो जुन सन्देश वा प्रभाव दुवैतर्फी हुन्छ ।

- पुरानो दृष्टिकोणमा व्यक्तिलाई व्यवहार परिवर्तनका लागि मनाउने कोशिश गर्ने
- नयाँ दृष्टिकोणमा व्यक्तिलाई व्यवहार परिवर्तनलाई प्रोत्साहित गर्न सुहाउदो वातावरणको निर्माण गर्ने
- अझ नयाँ दृष्टिकोणले व्यक्तिगत सगँसगै सामाजिक परिवर्तनलाई पनि परिवर्तनको विन्दु खोज्नुपर्छ ।

## मुख्य सिद्धान्तहरु

### व्यक्तिगत स्तर

१. हेल्थ बिलिभ मोडेल (१९५०)
२. तर्कयूक्त कार्य फिस्वेन एण्ड अजेन्
३. परिवर्तनका चरणहरु प्रोकास्का, डिक्लिमेन्ट
४. डर त्रास (फियर मेनेज्मेन्ट) विट्टे

### अन्तर व्यक्ति स्तर

१. सामाजिक सिकाई (सोसियल लर्निङ्ग) बान्डुरा

### समुदायस्तर

१. थ्यौरी अफ जेण्डर एण्ड पावर
२. डिफ्यूजन अफ इनोभेसन रोजर मोडेल
३. सोसियोइकोलजिकल मोडेल

### व्यक्तिगत स्तरः स्वास्थ्य विश्वास मोडेल (१९५०)

व्यक्तिले धारणाको आधारमा व्यवहार बनाउँदछ

- रोग कति गम्भिर छ ?
- मलाई लाग्ने सम्भावना कति छ ?
- यसलाई रोकथाम गर्न खोजे भने के फाइदा हुन्छ ? नयाँ व्यवहार कति प्रभावकारी छ ?

**प्रयोग:**

- रोगको गम्भिरता अनुसार व्यक्तिगत जोखिम सम्बन्धी धारणा र विश्वासहरुलाई सम्बोधन गर्ने
- परिवर्तनका लागि मुख्य फाइदा र अवरोधको पहिचान तथा सम्वादलाई प्रोत्साहित गर्ने
- परिवर्तनको सकारात्मक हुन सक्ने नतिजालाई देखाउने ।

**अन्तरव्यक्ति स्तर : सामाजिक सिकाईको सिद्धान्त**( १९७०)

- के गर्ने भन्ने कुरा मानिसले सिक्ने र निर्णय लिन्छन्
- अरुले गरेको देखेर
- गरिएको कार्यहरुको नतिजा हेरेर
- आफ्नो जीवनमा हुने नतिजाहरु हेरेर
- सो कार्य वा व्यवहार आफैले अपनाएर

**प्रयोग**

- समुदायमा रहेको रोल मोडलहरुलाई पहिचान गरेर
- रोल मोडलहरुलाई आफ्नो परिवर्तित व्यवहारका बारेमा कुरा गर्ने अवसर प्रदान गरेर
- रेडियो कार्यक्रम, व्यक्तिगत अनुभव साट्ने, समूह सम्बाद जस्ता विभिन्न माध्यमबाट रोल मोडेलहरुलाई आफ्नो कुरा राख्न लगाउने ।

**समुदाय स्तर:**

**थ्योरी अफ जेण्डर एण्ड पावर**

- मनिसहरुले निर्णय गर्दछन,
- महिला तथा बालबालिकाका वरपर रहेका सामाजिक तथा वातावरणीय मुद्दाहरु
- शक्ति र अधिकार वितरण
- सम्बन्ध भित्र र बाहिर रहेका लैङ्गिक मान्यताहरु

**प्रयोग**

- अन्तरव्यक्ति महिला र पुरुषका सम्बन्धमा रहेका संरचनात्मक सामाजिक मान्यता तथा लैङ्गिक भिन्नताको प्रभावकारिता लेखाजोखा गर्ने
- जोखिम कम गर्ने छनौटका बारेमा महिलाहरुको कुरा राख्ने वा अन्यलाई प्रभाव पार्ने ।

## सोचाईमा बदलाब : समाजिक व्यवहार  परिवर्तन संचार

- समयसँगै, व्यवहार परिवर्तन संचारका बारे सोचाईमा बदलाब आएको छ ।
- सहि सन्देह दिदैमा व्यवहार परिवर्तन हुन्छ भन्ने छैन
- एकल व्यक्तिको व्यवहार परिवर्तनले मात्र व्यवहार परिवर्तन सम्भव छैन ।

**मानिसको व्यवहारका मुख्य तथ्यहरु :**

- व्यक्तिहरुले आफ्नो परिस्थिति अनुसार सन्देशहरुको अर्थ लगाउँछन् ।
- संस्कृति र  वरपरका संजालहरुले व्यक्तिलाई प्रभाव पार्दछन् ।
- व्यक्तिहरुले आफ्नो व्यवहारलाई निर्धारण गर्ने सवालहरु वा मुद्दाहरुलाई सधैं नियन्त्रण गर्न सक्दैनन् ।
- व्यक्तिहरुको स्वास्थ्य व्यवहारका निर्णयहरुलाई अन्य प्राथमिकताहरुले ओझेलमा पार्छ ।

**सामाजिक व्यवहार परिवर्तनका ३ विशेषताहरु छन् :**

- सामाजिक व्यवहार परिवर्तन अन्तरकृयात्मक, अनुसन्धानमा आधारित र योजनाबद्द प्रकृया हो ।
- सामाजिक व्यवहार परिवर्तनमा परिवर्तनको मुख्य विन्दु पत्ता लगाउन सामाजिक परिस्थिति मोडेल प्रयोग गरी विश्लेषण चाहिन्छ ।
- सामाजिक व्यवहार परिवर्तनले ३ वटा रणनीतिमा कार्यान्वयन हुन्छ : पैरवी, सामाजिक परिचालन र व्यवहार परिवर्तन संचार ।

**सामाजिक व्यवहार परिवर्तन एक प्रकृया हो जसमा निम्न ५ चरणहरु हुन्छन् :**

- वस्तुस्थिति तथा संचारका विश्लेषणका माध्यमबाट अवस्था बारे बुझाई
- सञ्चारको रणनितिको निर्माण
- परिवर्तनका लागि कार्यक्रमहरु र सन्देशहरुको निर्माण
- कार्यान्वयन र परिवर्तनको अनुगमन
- मूल्यांकन र नतिजाको दिगोपनका लागि पुनः योजना ।

यसलाई कसैले योजनाको C, योजना वा P प्रोसेस  पनि भन्दछन ।

यसरी सारांशमा भन्नुपर्दा व्यक्ति र समाजले आवश्यकता महशुस गरेको कुरालाई तथ्याङ्क वा प्रमाणको आधारमा त्यसलाई पार्न सक्ने वाधा अड्चनलाई केन्द्रमा राखी लक्षित समूहको प्रत्यक्ष सहभागितामा उनीहरुको मन छुने तरिकाबाट कार्यक्रम संचालन गरि निस्कने प्रभाव नै सामाजिक व्यवहार परिवर्तन हो । सामाजिक व्यवहार परिवर्तनका महत्वपूर्ण पक्षलाई आत्मसात गरि बनाइएको योजना, त्यस्को कार्यान्वयन, अनुगमन तथा मूल्यांकन जस्ता पक्षलाई महत्व दिई सहज ढंगबाट तयार पारिन्छ । यो विशेषतःस्वास्थ्य संग सम्बन्धित भएता पनि योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन जस्ता आधारभूत विषयहरु सामाजिक विकास र अन्य क्षेत्रमा समेत प्रयोग गर्न सकिन्छ ।

# स्वास्थ्य तथा पोषण क्लष्टर औचित्य र कार्यान्वयन पक्षको महत्व



प्रदीप अधिकारी*

## परिचय

पृथ्वीमा पटक पटक भएका प्राकृतिक विपत्ति र रोगको महामारीबाट ठूलो मानवीय क्षति भएको सुन्न र पढ्न पाइन्छ। भूगोल, आकार, फैलावट र आम नागरिकक्को चासो हुने खालका महामारीहरू केबल स्वास्थ्य समस्यासँग मात्र सम्बन्धित नभई मानव सभ्यताको चासो राख्ने सबै नागरिकका लागि महत्वपूर्ण घटना मानिन्छन् । इशापूर्व ३५० पहिले त्यस बेलाका प्रसिद्द शहरहरू एथेन्स, रोम लगायत विभिन्न मानव वस्तीहरूमा प्लेग रोग (Black Death भनिएको) को संक्रमणबाट करोडौ मानिसको ज्यान गएको थियो। अठारौ शताब्दीमा अमेरिकामा फैलिएको पँहेले ज्वरो (Yellow Fever), क्षयरोग (Tuberculosis), विफर (Small Pox), दादुरा, चिकनगुनिया, विषम ज्वरो (Typhoid), सन् १९१९ मा फैलिएको Spanish Flu, सन् २०१४ मा अफ्रिकी मुलूकमा फैलिएको इबोला, सार्स जस्ता कैयौं महामारीले युद्दमा भएका नरसंहारलाई समेत बिर्साउने गरी मानिसहरूको दुःखद् निधन भएका घटनाहरू हामी समक्ष ताजै छन् । त्यसैले मानव सभ्यताको विकाससँगै रोगको प्रकोप र विपत्ति निरन्तर चलिरहेको छ भने पछिल्ला बर्षहरूमा यो प्रकोपले छिटो छिटो बिभिन्न विपत्तिहरू थप्दै लगेको हुनाले मानव अस्तित्वलाई कसरी सुरक्षित राख्ने भन्ने चिन्ता शुरू भइसकेको छ ।विपत्तिले मानिसको सामाजिक, आर्थिक, भौतिक अवस्था साथै अन्य बिषयलाई कमजोर गर्दै लगेकाले यसलाई सम्बोधन गर्नका लागि हरेक पक्ष जिम्मेवार बन्नुपर्ने अवधारणाको विकास भएको देखिन्छ ।


आपतकालीन मानवीय अवस्था त्यस्तो घटना जहाँ बिभिन्न श्रृङ्खलाबद्ध किसिमका मानवीय विपद्हरू पर्ने गर्दछन् । त्यस अवस्थामा स्वास्थ्य, सुरक्षा, खानेपानी, खाद्यसामग्री लगायतका मानिसलाई अत्यावश्यक हुने बस्तुहरूको संकट पर्नसक्छ । नेपाल जस्तो भौगोलिक विविधता, कमजोर आर्थिक, सामाजिक जीवनशैली, मौसमी बिभिन्न संक्रामक रोगको जोखिम, अव्यवस्थित शहरीकरण, गैरयोजनाबद्द वस्ती विकास, नागरिकमा जनचेतनाको कमी जस्ता कैयौं समस्याले जेलिएको देशमा बिभिन्न किसिमका प्राकृतिक प्रकोप र संक्रामक रोगहरूले धेरै मानिसहरूमा रोग लाग्ने र मृत्यु नै हुनसक्ने सम्भावना रहन्छ । राज्यले गरेको परिकल्पना अनुसार कर्णाली प्रदेशका सबै स्थानमा स्वास्थ्य सेवाको पहुँच पुगेको छैन भने यहाँ बसोबास गर्ने बालबालिकामा आधाभन्दा बढी बालबालिका पुडकोपना र कम तौलका रहेका छन् जुन सबै प्रदेश भन्दा उच्च अंक हो । यस प्रदेशमा प्रत्येक बर्ष हुने पहिरो, बाढी र भेलका कारण धेरै मानवीय क्षति हुने गरेको छ भने महिला, बालिबालिका र ज्येष्ठ नागरिकहरूमा बिभिन्न समयमा बिभिन्न संक्रामक रोगहरूको प्रकोप पनि देखिँदै आएको छ । संकटमा परेका ती नागरिकहरूलाई एउटा मात्र

** लेखक विश्व स्वास्थ्य संगठन कर्णाली प्रदेशमा स्वास्थ्य अधिकृत हुनुहुन्छ ।*

आवश्यकताले पुग्दैन र सबै पक्षको सहयोगको अपेक्षा गरिन्छ। यसका लागि सरकारको नेतृत्वमा विषय विषयका समूह मार्फत काम गर्न सकेमा सहयोगमा दोहरोपना र एकद्वार प्रणाली मार्फत काम गर्न सकेमा लक्षित वर्गका वास्तविक समस्यालाई महत्व दिनका लागि Cluster Approach को अवधारणा विकास भएको छ ।

## क्लष्टर अवधारणाको विकास

डिसेम्बर १८, १९९१ मा संयुक्त राष्ट्र संघको साधारण सभाबाट मानवीय सहयोगका लागि Cluster को अबधारणा प्रारम्भ भएको देखिन्छ । त्यसको करिव १५ बर्षपछि सन् २००५ मा प्रारम्भिक अबधारणालाई संशोधन गरी Predictability, Accountability र Partnership सहितको नयाँ Element समावेश गरी बढी परिमार्जित भएको थियो । यही Approach का आधारमा सन् २००५ मा पाकिस्तानमा गएको भूकम्पमा बिषयगत Cluster हरू सक्रिय भई मानवीय कार्यमा जुटेको इतिहास छ। विगतका सिकाई र आवश्यकताका आधारमा सन् २००६ मा आपतकालीन अवस्थामा प्रतिकार्यका लागि UN Humanitarian Reform गरी प्रभावकारी समन्वयका लागि स्थापना भएको निकाय हो ।



Source: WHO,

मूलतः Cluster Approach का सैद्धान्तिक विषयहरू जतिसुकै भएपनि समान नै हुन्छन् । त्यसैले यसको मुख्य उद्देश्य भनेको UN र Non UN राष्ट्रिय/अन्तर्राष्ट्रिय संस्थाहरू बीच आपसी साझेदारीमा उपलब्ध श्रोत र साधनलाई अधिकतम प्रयोग गरी मानवीय संकटमा रहेका नागरिकहरूलाई प्राथमिकताका आधारमा आकस्मिक स्वास्थ्य तथा पोषण सेवा उपलब्ध गराउनु नै हो ।

## स्वास्थ्य Cluster Approach का लक्ष्यहरू


मानवीय संकटका अवस्थामा नियन्त्रण गर्न सकिने रोगबाट हुने मृत्युदर, रोग लाग्नेदर, अपाङ्गपनमा कमी ल्याउन समतामूलक सिद्वान्तका आधारमा रोकथाममूलक, प्रबर्धनात्मक र उपचार स्वास्थ्य सेवा उपलब्ध गराउनु नै यस Cluster अबधारणाको लक्ष्य हो ।

## अपेक्षित प्रतिफल

- स्वास्थ्य तथा पोषण क्षेत्रमा क्रियाशील संयुक्त राष्ट्रसंघीय संस्थाहरू जस्तै विश्व स्वास्थ्य संगठन, युनिसेफ, डव्ल्यू एफ.पी, यू.एन.डि.पी. लगायत बिभिन्न अन्तर्राष्ट्रिय संघसंस्थाहरू साथै राष्ट्रिय संस्थाहरू बीच समन्वय र सहकार्यमा स्वास्थ्य सेवा प्रदायकहरूको नक्शांकन, वर्तमान अवस्थाको सूचनालाई अद्यावधिक गर्ने र सबै सरोकारवालाहरूबाट भएका क्रियाकलापहरूको अवस्थाका वारेमा नागरिकहरू सु-सूचित हुनेछन् भन्ने अपेक्षा गरिएको छ ।

## उद्देश्यहरू

- कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालय तथा स्वास्थ्य सेवा निर्देशनालयलाई कोभिड १९ को पूर्वतयारी र आवश्यकताका वारेमा सहयोग गर्नु,
- मानवीय संकटका अवसरमा कुनैपनि वर्गका मानिसलाई समानताका आधारमा सहयोग प्रदान गर्नु,
- जोखिमपूर्ण अवस्थामा रहेको जनसंख्यालाई स्वस्थ तथा पोषिलो खानेकुरा उपलब्ध गराइ उनीहरूको जीवन रक्षा प्रदान गर्नु,
- कर्णाली प्रदेश, जिल्ला तथा स्थानीय सरकार तथा साझेदार संस्थाहरूको क्षमता अभिबृद्दि गरी प्रभावकारी स्वास्थ्य तथा पोषण प्रतिकार्यका कार्यक्रमहरू सञ्चालन गर्ने,




*UN Inter Agency Standing Committee, UN 2005*

- साझेदार संस्थाहरू बीच अरू बढी समन्वय र सहकार्यमा यस मानव संकटका अवसरमा एकजुट भई कार्य गर्ने,
- आकश्मिक स्वास्थ्य अवस्थाका लागि सेवा प्रदायक तल्लो तहदेखि विशेषज्ञ तहसम्मका लागि आवश्यक जनशक्तिको अद्यावधिक विवरण राख्ने र आवश्यक परेको स्थानमा खटाउने,
- आकश्मिक स्वास्थ्य अवस्था तथा रोगको अवस्थाका वारेमा सरोकारवालाहरूलाई अद्यावधिक जानकारी दिने,
- स्वास्थ्य तथा पोषणको अवस्था विश्लेषण, प्राथिमकता र जोखिम
- नियमित स्वास्थ्य सेवाको निरन्तर अनुगमन
- संयुक्त रूपमा आकश्मिक योजना तयार गर्ने
- बिभिन्न सूचनामूलक तथा तालिम सामग्री उत्पादन गर्ने र साझेदार बीच जिम्मेवारीको बाँडफाँड,
- अत्यावश्यक स्वास्थ्य सेवाको मापदण्ड, प्रोटोकल, निर्देशिकाहरू तयार गर्ने, आदि ।

## प्रदेशमा स्वास्थ्य तथा पोषण क्लष्टरको भूमिका

स्वास्थ्य तथा पोषण क्लष्टरको पहिलो भूमिका भनेको मानवीय संकटका लक्षित समुदायमा तत्कालै आपतकालीन सहयोगका लागि साझेदार संस्थाहरू बीच प्रभावकारी र कुशल समन्वय नै हो । क्लष्टरको भूमिका जिम्मेवारी तपसिल बमोजिम रहेका छन् ।

१. मानवीय सहयोगका लागि नेतृत्व र समन्वय
२. जोखिमको सञ्चार तथा सूचना व्यवस्थापन
३. तयारी र प्रतिकार्य
४. क्षमता अभिबृद्धि
५. बहस पैरवी
६. आवश्यकताको पहिचान र सहयोग
७. श्रोत साधनको अधिकतम सदुपयोग

## कोभिड १९ र Cluster Approach को महत्व

२०७२ सालमा गएको विनाशकारी भूकम्पबाट प्रभावित नागरिकहरूलाई Cluster Approach भित्र रही गरिएको सहयोग र समन्वय स्मरणीय रहेको छ । हाल विश्वव्यापी रूपमा फैलिएको संक्रामक रोग कोभिड-१९ को रोकथाम, नियन्त्रण र प्रतिकार्यका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरू साझा उद्देश्य लिएर अगाडि बढ्नुको विकल्प छैन । अहिलेसम्म गर्न नसकेको एकता, समन्वय र सहकार्य प्रदर्शन गर्नु नै प्रमुख जिम्मेवारी हो । यस कार्यका लागि सबै राष्ट्रिय, अन्तर्राष्ट्रिय संघसंस्थाहरू यसको प्रभाव न्यूनीकरणका लागि तयारीपूर्वक लड्न सकेनौ भने मानव अस्तित्वमा नै प्रश्नचिन्ह खडा हुने निश्चित भएको विभिन्न सञ्चार माध्यम र विज्ञबाट स्पष्ट पारिँदै आएको छ ।

कर्णाली प्रदेशको सन्दर्भमा कुरा गर्न पर्दा माघ ९, २०७६ मा जब पहिलो कोभिड-१९ को केश फेला परेको थियो त्यस बेला देखि नै कोभिड-१९ को रोकथाम र नियन्त्रणका लागि बिभिन्न कार्यक्रमहरू प्रारम्भ भइसकेका थिए भने फागुन २२ मा नै कर्णाली प्रदेशका बिभिन्न नाकाहरूमा बिदेशबाट नेपाल प्रवेश गर्नेहरूको निगरानी राख्न थालिएको थियो । त्यसैले कोभिड-१९ का केशहरूको खोजीनीति गरी उनीहरूलाई परीक्षणको दायरामा ल्याई संक्रमणको क्रमभङ्ग गर्नु नै रहेको छ भने जोखिमपूर्ण अवस्थामा रहेका नागरिकहरूलाई सुरक्षित राख्न सामुहिक प्रयासको जरूरी छ । यही मान्यतालाई मनन् गरी सबै बिषयगत Cluster हरू सक्रिय भइसकेका छन् भने बैशाख १७, २०७७ देखि नै यस प्रदेशमा पनि स्वास्थ्य तथा पोषण क्लष्टर सक्रिय रही समन्वयात्मक रूपमा आकश्मिक स्वास्थ्य अवस्थालाई सम्बोधन गर्ने कार्य भइरहेको छ ।

## संरचनात्मक व्यवस्था र सरोकारवालाहरूको दायित्व

प्रत्येक क्षेत्रमा विशेष रूपले सहयोग र सहकार्य गर्नका लागि स्वास्थ्य तथा पोषण क्लष्टरमा स्वास्थ्य सेवा निर्देशनालयका निर्देशक यसको मुख्य नेतृत्वकर्ता (Lead) हुने व्यवस्था छ भने यसको सह नेतृत्वकर्ता (Co-Lead) विश्व स्वास्थ्य संगठन/युनिसेफ ले संयुक्त रूपमा निर्वाह गर्ने व्यवस्था गरिएको छ । मूलतः संघीय संरचनामा स्वास्थ्य तथा पोषण पृथक र बढी क्षेत्रलाई समेटनुपर्ने दायित्व र पोषण बहुआयामिक क्षेत्र भएको हुँदा फरक फरक रूपमा कार्य भइरहे पनि प्रदेशमा स्वास्थ्य तथा पोषणलाई संयुक्त एजेण्डाका रूपमा स्वीकार गरी साझेदार


संस्थाहरू बीचको समन्वयमा यस क्लष्टर नामकरण गरिएको छ । यस क्लष्टरका सह नेतृत्वकर्ताको भूमिका तपसिल अनुसार हुने व्यवस्था गरिएको छ ।

१. लक्षित समुदायमा प्रभावकारी स्वास्थ्य तथा पोषणका क्रियाकलापहरू सञ्चालन गर्न क्लष्टर सदस्यहरूलाई निरन्तर क्रियाशील बनाउने कार्यमा सहजीकरण गर्ने जबकी उनीहरूले व्यक्तिगत रूपमा पनि थप योगदान गर्न सकुन् ।
२. क्लष्टरबाट हुने क्रियाकलाप, समन्वय र सञ्चारका विषयमा साझेदार संस्थाहरू बीच सहजीकरण गर्ने,
३. लक्षित समुदायमा उनीहरूको आवश्यकता अनुसार सहयोग पुऱ्याउनका लागि क्लष्टरका सदस्यहरू बीच संयुक्त तथा व्यक्तिगत रूपमा समस्याको पहिचान तथा समाधानका उपायहरू पत्ता लगाउनका बिभिन्न परामर्श बैठकहरू आयोजना गर्ने,
४ सूचना तथा सञ्चारः जोखिम सूचनाका लागि लक्षित समुदायमा जानकारीमूलक सन्देशहरू प्रसारण गर्ने,
५. स्वास्थ्य तथा पोषण क्लष्टरका अतिरिक्त अन्य क्लष्टर बीच पनि समानताका आधारमा सम्बन्धित विषयमा सहकार्य र समन्वय गर्ने
६. साझेदार सदस्यहरू बीच हप्ता वा कम्तीमा हरेक १५/१५ दिनमा बैठक गर्न स्वास्थ्य सेवा निर्देशनालयबाट सेक्रेटरियल सेवा उपलब्ध गराउने ।

## सारांश

मानवीय आपतकालीन अवस्थामा सबै संघसंस्थाहरूले एकीकृत रूपमा प्रभावित नागरिकहरूका लागि दोहोरोपना नपर्ने गरी एकद्वार प्रणाली मार्फत मावनीय आवश्यकताको तत्कालै परिपूर्ति गर्नका लागि यस Cluster अवधारणा विकास भएको हो । आपतकालीन अवस्थामा आम नागरिकको स्वास्थ्य तथा पोषण अग्रस्थानमा आउने भएकाले यससँग सम्बद्ध संस्थाहरू एकस्थानमा उभिएर नागरिकप्रतिको दायित्व पूरा गर्नु नै निर्विकल्प बिषय हो ।

# कर्णाली प्रदेशमा कोभिड-१९ पूर्वतयारी, प्रतिकार्य एवम् बालबालिकाको बैकल्पिक सिकाइका लागि भएका प्रयासहरू



आत्माराम  भट्टराई*

## विषय प्रवेश

नेपालको कूल भू-भागको २०.५% कर्णाली प्रदेशले ओगटेको छ। हिमाली, पहाडी र भित्री मधेस सम्मिलित यस प्रदेशमा २५ नगरपालिका, ५४ गाउँपालिका सहित कर्णालीमा ७९ स्थानीय तह र ७१८ वडाहरू छन्। वि.सं. २०६८ को जनगणना अनुसार १५ लाख ७० हजार ४१८ जनसंख्या रहेको कर्णालीमा चार लाख १३ हजार ६ सय ४२ जना बालिका सहित आठ लाख २४ हजार तीन सय ७३ जना बालबालिका रहेका छन् जुन कूल जनसंख्याको ५२.५ प्रतिशत हुन आउछ। कर्णाली प्रदेशमा अपाङ्गता भएका व्यक्तिको जनसंख्या ३ प्रतिशत रहेको छ।

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय (२०७५) अनुसार कर्णालीमा २,७१९ बालविकास केन्द्रहरू, ३,१८७ (३,०३८ सामुदायिक र १४९ सँस्थागत) विद्यालयहरू र २७ वटा प्राविधिक तथा व्यवसायिक धारका विद्यालयहरू रहेका छन्। यसैगरी कर्णालीमा १ विश्वविद्यालय र ५६ वटा क्याम्पसहरू रहेका छन्। कक्षा १ देखि १२ सम्म २ लाख ९८ हजार ६५५ बालिका र २ लाख ८३ हजार ५६१ सहित ५ लाख ८२ हजार २१६ बालबालिकाहरू छन् भने १२, १५२ शिक्षकहरू रहेका छन् । ३,७७१ जना प्राथमिक तहमा, ९४१ जना आधारभूत तहमा, १,०४५ जना कक्षा ९-१० मा र ४७ जना कक्षा ११-१२ मा गरि जम्मा ५,८०४ जना अपाङ्गता भएका बालबालिका अध्यनरत छन् । विद्यार्थीको सिकाइ उपलब्धि सबै तह र कक्षामा ५० भन्दा कम छ ।

विद्यार्थीको सिकाइ उपलब्धिको बाधक उनीहरूको नियमित पठनपाठन नहुनु पनि हो। विद्यार्थीको पढाइमा अनियमितताको एक प्रमुख कारण हो विपद् वा महामारी । श्रोतअनुसार कर्णाली प्रदेशमा विभिन्न महामारीको १२५ वर्षे इतिहास भेटिन्छ। यहाँ विक्रम सम्बत् १९५१ यता लगभग सबै दशकमा कुनै न कुनै मानव तथा पशुजन्य महामारी फैलिएको पाइन्छ।

कर्णाली प्रदेशमा हालसम्मकै भयानक महामारी भने १९७५ सालको पुस-माघ महिनामा फैलिएको ज्वरोखोकी हो। यो महामारी कर्णालीका सबै क्षेत्रमा फैलिएको थियो। २०३४ सालमा बिफर रोग उन्मूलन हुनुअघि कर्णाली

** लेखक सेभ द चिल्ड्रेन कर्णाली शिक्षा समूहका सहसंयोजक हुनुहुन्छ ।*

प्रदेशमा पटकपटक स्थानीय प्रकोप फैलिइरहन्थ्यो। स्थानीय भाषामा 'गेडा आउने रोग' भनिने यसको २०१४ सालमा महामारी थियो। कर्णाली प्रदेशमा २०२९, असोजदेखि बिफर उन्मूलन कार्यक्रम सुरू भयो। कर्णालीका बुढापाकामा डरलाग्दो स्मरण भएको अर्को महामारी 'कालामात' हो। हनहनी ज्वरो आउने, टाउको बेस्सरी दुख्ने, जिब्रो कालो हुँदै बिरामी निस्लोट बनेर मर्थे। २०२० को दशकको मध्यसम्म यो रोगबाट धेरै मान्छे मरेका थिए।

त्यसैगरी २०२६ सालकै माघमा रुघाखोकीले कैयौंको मृत्यु भयो। जाजरकोटमा २०६६ सालमा फैलिएको हैजा र झाडापखाला महामारीले सर्वत्र ध्यान खिचेको थियो। २०७१ सालमा जाजरकोटमा फैलिएको इन्फ्लुएन्जा महामारी अहिलेको कोरोना जस्तै थियो। २०७१ साल साउन २८ र २९ गते आएको बाढीले सुर्खेतका ९ सय ७० घरपरिवार विस्थापित भए । बाढीमा परि २४ जनाको ज्यान गयो । ९१ जना बेपत्ता भए । बेपत्ता भएकालाई पनि सरकारले मृत घोषणा गरेको थियो।

## कोभिड -१९ र कर्णालीमा शिक्षा

अहिले विश्व कोराना भाइरस (कोभिड-१९) को महामारीबाट आक्रान्त छ। २०१९ डिसेम्बर ३१ मा चीनको वुहानमा पत्ता लागेको यस भाइरसका कारण दुई सय वढी देशका १ करोड ५० लाख भन्दा बढी मानिसहरू संक्रमित छन् भने ६ लाख १० हजार भन्दा वढी मानिसको मृत्यु भइसकेको छ (२१ जुलाई २०२०) । यो संख्या दिनानुदिन बढ्दै गइरहेको छ। नेपालमा हालसम्म १८ हजार जना संक्रमित पुष्टि भइसकेको छ भने ४० जनाको मृत्यु भएसकेकोछ । हालसम्म कर्णाली प्रदेशमा १७५० भन्दा वढी संक्रमित भएका र ६ जनाको मृत्यु भैसकेकोछ (२१ जुलाई २०२०) ।

कोभिड-१९ को महामारीका कारण सम्पूर्ण शैक्षिक संस्था बन्द छन् । संस्थागत विद्यालयको केही विषयको परीक्षा सञ्चालन नै बाँकि थियो । हिमाली जिल्लामा फागुन १ देखि शैक्षिक सत्र सुरु भइ बन्दाबन्दी सुरु हुँदा भर्खर मात्र पठनपाठन सुरु भएको थियो । जसको कारण प्रारम्भिक बालविकास केन्द्रमा अध्ययनरत ५८,१५८ र कक्षा १ देखि १२ सम्म २ लाख ९८ हजार ६५५ बालिका र २ लाख ८३ हजार ५६१ बालक सहित ५ लाख ८२ हजार २१६ बालबालिकाहरू प्रभावित भए । यस महामारीका कारणले सामुदायिक र संस्थागत विद्यालयका गरी १७, ९५९ शिक्षकहरू प्रभावित भएका छन् ।

बन्दाबन्दीको समयमा नै विद्यालयहरूले अघिल्लो शैक्षिक सत्रको नतिजा प्रकासन गरी उनीहरूको तह र कक्षा अनुसार नयाँ कक्षामा विद्यार्थीको भर्ना पनि गरेकाछन्। बन्दाबन्दीका कारण पाठ्यपुस्तक विद्यालयमा पुऱ्याउन नसकी पाठ्यपुस्तक वितरणमा केही ढिला भएता पनि विद्यालयहरूको प्रयासहरूले बन्दाबन्दीकै समयमा पनि पाठ्यपुस्तक वितरण भए । विद्यार्थीलाई पालैपालो विद्यालय बोलाई पाठ्यपुस्तक वितरण गरे भने कतिपय विद्यालयले त शिक्षकलाई घरमै पठाइ पाठ्यपुस्तक वितरण गरेकाछन्।

महामारीले नछोएका विद्यालयहरूले भने यो समयमा पठनपाठनलाई निरन्तरता दिए। हुम्लाको नाम्खा गाउँपालिका ६ मा रहेका हिमशिखर र सुनखानी आधारभुत विद्यालयको पठनपाठन निरन्तर भैरह्यो। कतिपय विद्यालयले समुदायमा शिक्षक परिचालन गरे अधिकांश बन्द नै रहे । जसका कारण शिक्षक र विद्यार्थीको भेट नभएको चार महिना भैसक्यो ।

५० हजार भन्दा वढी मानिसहरू भारतबाट कार्णालीमा भित्रिएसँगै विभिन्न स्थानमा ५८१ क्वारेन्टीन केन्द्रहरू स्थापना गरिए भने ती मध्ये ५३३ केन्द्रहरू विद्यालयमा स्थापना गरिए । उक्त विद्यालयहरू मध्ये १८ वटामा आइसोलेसन केन्द्र समेत सञ्चालन भए । विद्यालयका साथै प्रदेशका १४ वटा क्याम्पसहरूमा क्वारेन्टीन सञ्चालन

भएका र ४ वटामा आइसोलेसन केन्द्र रहेका थिए । उक्त विद्यालय र क्याम्पसहरूलाई निर्मलीकरण नगरी पठनपाठन सञ्चालन गरियो भने जोखिम वढ्ने संभावना विद्यमान नै छ ।

## कोभिड-१९ पूर्वतयारी र प्रतिकार्यका लागि भएका प्रयासहरू

कोभिड-१९ को महामारीबाट बालबालिका र शिक्षकलाई हुने संभावित जोखिम न्यूनीकरणका साथै बालबालिकाको शिक्षाको अधिकारलाई सुनिश्चित गर्न शिक्षा नियमितता गराउनका लागि कार्य गर्ने उद्देश्यका साथ २०७६ चैत्र २१ गतेका दिन माननीय मन्त्रीको आतिथ्यमा प्रदेश स्तरीय शिक्षा समूह (Education Cluster) गठन गरियो । सो समितिको संयोजक सामाजिक विकास मन्त्रालयका शिक्षा महाशाखा प्रमुख श्री विष्णुप्रसाद अधिकारी, सह-संयोजक सेभ द चिल्ड्रेन र युनिसेफ र सदस्य-सचिव सामाजिक विकास मन्त्रालयका युवा तथा खेलकूद महाशाखा प्रमूख श्री जवाहरलाल हमाल रहनुभएकोछ । यस समुहमा प्रदेशस्तरीय शिक्षा क्षेत्रसँग सरोकारवाला संस्था तथा निकायहरू सम्बद्ध व्यक्तिहरू सदस्यका रुपमा क्रियाशिल रहेका छन् ।

समिति गठन भएपश्चात प्रदेश शिक्षा समितिले कोभिड–१९ को महामारीबाट बालबालिका र शिक्षकलाई हुने संभावित जोखिम न्यूनीकरणका साथै बालबालिकाको शिक्षाको अधिकारलाई सुनिश्चित गर्नका लागि गरेका प्रमूख कार्यहरू निम्नानुसार छन् ।

१. बालबालिका र शिक्षकलाई हुने संभावित जोखिम न्यूनीकरणका साथै बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्ने मूख्य उद्देश्यका साथ कर्णाली प्रदेशको कोभिड-१९ पूर्वतयारी एवं प्रतिकार्य योजना निर्माण भइ कार्यान्वयन भैरहेको । योजनामा संभावित जोखिमलाई आंकलन गरेर पूर्व तयारी एवं प्रतिकार्यका क्रियाकलाप पहिचान र कार्यान्वयन । उक्त योजना प्रदेश विपद व्यवस्थापन समितिले स्वीकृत गरिसकेको र कार्यान्वयन भैरहेको ।

२. ७९ वटै स्थानीय तहका शिक्षा प्रमुखहरूको नाम, फोन नम्बर र इमेलका साथै प्रदेशका सम्पूर्ण स्थानीय रेडियोहरूको विवरण नक्शांकन र अद्यावधिक गरियो ।

३. सबै स्थानीय तहहरू समेट्ने गरि जिल्लागत रुपमा इन्टरनेट भएका तथा विभिन्न सञ्चार माध्यमको पहुँच भएका विद्यालयहरूको नक्सांकन गरियो । सो नक्सांकन अनुसार कुनैपनि विद्युतीय सञ्चारको पहुँच नभएका विद्यालयहरू ८.९१ प्रतिशत रहेको । साथै कर्णाली प्रदेशका ८३.१९ प्रतिसत विद्यालयमा रेडियो नेपाल, ७४.१६ प्रतिसत विद्यालयमा स्थानीय रेडियो, ५.९१ प्रतिसत विद्यालयमा स्थानीय टेलिभिजन र ९.५४ प्रतिसत विद्यालयमा नेपाल टेलिभिजनको पहुँच रहेको पाइयो भने १८.४ प्रतिसत विद्यालयमा इन्टरनेटको पहुँच रहेकोले इन्टरनेटको माध्यमबाट शिक्षण सिकाइ गराउन सकिने अवश्था रहेकोछ । जिल्लागत विवरणलाई तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र. सं. | जिल्ला | जम्मा विद्यालय संख्या | इन्टरनेट सुबिधा भएका विद्यालय | नेपाल टेलिभिजनको पहुँच भएका विद्यालय | स्थानीय टेलिभिजनको पहुँच भएका विद्यालय | रेडियो नेपालको पहुँच भएका विद्यालय | स्थानीयएफ एमको पहुँच भएका विद्यालय | कुनैपनि विद्युतिय सञ्चारको पहुँच नभएका विद्यालय |
|---|---|---|---|---|---|---|---|---|
| १ | दैलेख | ४५५ | ८७ | १२ | ० | ४४४ | ३८७ | १७ |
| २ | सुर्खेत | ४९१ | १२२ | २२८ | १७४ | ४३२ | ४९१ | ० |
| ३ | रुकुम पश्चिम | २७१ | ६१ | १ | ० | २५९ | २५९ | ६ |
| ४ | जाजरकोट | ४११ | ६२ | ० | ० | ३२३ | ९० | ४६ |

| क्र. सं. | जिल्ला | जम्मा विद्यालय संख्या | इन्टरनेट सुबिधा भएका विद्यालय | नेपाल टेलिभिजनको पहुँच भएका विद्यालय | स्थानीय टेलिभिजनको पहुँच भएका विद्यालय | रेडियो नेपालको पहुँच भएका विद्यालय | स्थानीय एफ एमको पहुँच भएका विद्यालय | कुनै पनि विद्युतिय सञ्चारको पहुँच नभएका विद्यालय |
|---|---|---|---|---|---|---|---|---|
| ५ | जुम्ला | १७० | २८ | ० | ० | १२४ | १६६ | १२७ |
| ६ | सल्यान | ४४८ | ६१ | २० | ० | ४३३ | ३६४ | २१ |
| ७ | कालीकोट | ३०८ | ५४ | २ | ० | १३१ | २४४ | ३६ |
| ८ | हुम्ला | १३९ | २८ | ० | ० | १३२ | ११६ | ६ |
| ९ | मुगु | १४१ | १८ | १ | ० | ८९ | ५४ | ० |
| १० | डोल्पा | १०८ | १७ | १५ | ० | ६४ | १४ | ३ |
| | **जम्मा** | २९४२ | ५३८ | २७९ | १७४ | २४३१ | २१६७ | २६२ |
| | **प्रतिशत** | २९४२ | १८%४०. | ९%५४. | ५%९१. | ८३%१९. | ७४%१६. | ८%९१. |

४. विभिन्न साझेदार संस्थाहरूको सहयोगमा कर्णाली प्रदेशका सबै जिल्लाहरूमा स्थानीय रेडियोबाट शिक्षा सम्बन्धी सचेतना एवं सन्देशमूलक सूचना प्रसारण भएका छन् ।

५. विभिन्न साझेदार संस्थाहरूले कोभिड-१९ का कारणले कार्यान्वयन हुन नसकेका कृयाकलापलाई कोभिड-१९ पूर्वतयारी एवं प्रतिकार्य योजना अनुसारका कृयाकलापका लागि बजेट रकमान्तर गरी कार्यान्वयन गरीरहेका।

६. शिक्षा समूहको अगुवाइमा १० वटै जिल्लाका शिक्षा विकास तथा समन्वय इकाई प्रमूखहरूसँग छलफल गरी हरेक जिल्लामा जिल्ला स्तरीय शिक्षा समूह र सबै स्थानीय तहमा स्थानीय तहगत शिक्षा समूह गठन गरी पूर्वतयारी एवं प्रतिकार्य योजना निर्माण गर्ने सहमति अनुसार सबै जिल्लामा शिक्षा विकास तथा समन्वय इकाई प्रमूखको संयोजकत्वमा शिक्षा समूह गठन भइ सक्रिय रहेका । २१ जुलाई २०२० सम्म आठवटा जिल्लामा कोभिड-१९ पूर्वतयारी एवं प्रतिकार्य योजना निर्माण, स्विकृत र कार्यान्वयन भैरहेकाछन् । त्यसैगरी ६१% (४८) स्थानीय तहहरूले शिक्षा समूह गठन गरीसकेका छन् । १८% ले योजना स्विकृत गरी कार्यान्वयन थालेका थलेकाछन् भने २४% स्थानीय तहले प्रतिकार्य योजनाको मस्यौदा तयार गरेकाछन् ।

७. सबै जिल्लामा स्थापना गरिएका क्वारेन्टीन केन्द्रहरूको नक्शाङ्कन, ५३३ केन्द्रहरू विद्यालयमा स्थापना गरिएका । उक्त विद्यालयहरू मध्ये १८ वटामा आइसोलेसन केन्द्र समेत सञ्चालन भए । विद्यालयका साथै प्रदेशका १४ वटा क्याम्पसहरूमा क्वारेन्टीन सञ्चालन भएका र ४ वटामा आइसोलेसन केन्द्र रहेका थिए ।

८. आउदै गरेको मनसूनलाई मध्यनजर गरी विद्यालयमा हुनसक्ने सम्भावित क्षतिलाई आँकलन गरी मनसुन पूर्वतयारी र प्रतिकार्य योजना निर्माण ।

९. अपाङ्गता भएका बालबालिकालाई विद्यालय पुनः सञ्चालन गर्दा पहुँच सुनिश्चित गर्न आवश्यक पूर्व तयारी, पुर्वाधार, खानेपानी तथा सरसफाइ आदिलाई प्राथमिकतामा राखि गरिनुपर्ने कार्यहरूको बारेमा शिक्षा समूहका सदस्यहरूलाई CBM International को सहकार्यमा अभिमूखीकरण ।

## बालबालिकाको सिकाइ सुनिश्चिताको लागि गरिएका कार्यहरू

बालबालिकाले निर्वाध रुपमा शिक्षा हासिल गर्न पाउनुपर्ने अधिकारलाई सुनिश्चित गर्न शिक्षण सिकाइका बैकल्पिक उपायहरू अवलम्वन गर्दै बालबालिकालाई निरन्तर शिक्षण सिकाइकामा आवद्ध गर्नुपर्ने देखिन्छ । लामो समयसम्म भएको बन्दाबन्दीका कारण विद्यालय बन्द भएका कारण बालबालिकालाई सिकाइमा संलग्न गराउनु अपरिहार्य भएकाले कर्णाली प्रदेशमा पनि विभिन्न प्रयासहरू गरिएका छन् ।

१. शिक्षक महासंघ जिल्ला समित सुर्खेतले सबै जिल्लाहरू समेट्ने गरी एवं शिक्षा विकास तथा समन्वय इकाई दैलेखले दैलेखलाई लक्षित गरी SEE तयारी कक्षा सञ्चालन । साथै विभिन्न साझेदार संस्थाहरूको सहयोगमा रेडियो कार्यक्रमहरू सञ्चालन । जस्तै- रमाउदै सिक्दै, खेल्दै सिक्दै, हाम्रो घर हाम्रो पाठशाला, आदि ।
२. कुनैपनि साधनको पहुँच नभएका बालबालिकाको पहिचान गरी उनीहरूलाई आवश्यक्ता अनुसार सिकाइ निरन्तरताका लागि सहयोग गर्नुपर्ने आवश्यक्ता भएकाले सोही अनुसार नक्सांकन कार्य भैरहेको । यो लेख तयार गर्दा सम्म हुम्ला, सुर्खेत, मुगु र रुकुम (पश्चिम) मा नक्शांकन कार्य सम्पन्न भैसकेको र उक्त जिल्लाहरूमा २०,७४६ जना बालबालिका कुनै पनि साधनको पहुँचमा नरहेको पाइयो ।
३. शिक्षा तथा मानव स्रोत विकास केन्द्रले जारी गरेको विद्यार्थीको वैकल्पिक सिकाइ निर्देशिका, २०७७ कार्यान्वयनका लागि विभिन्न निकाय र क्षेत्रबाट स्थानीय तहका शिक्षा प्रमूखहरूलाई सहजीकरण गरिएको ।
४. शिक्षा तथा मानव स्रोत विकास केन्द्र र नेपाल शिक्षा समूहले तयार गरेको स्व-अध्ययन सामग्री छपाई र वितरणको कार्यलाई प्राथमिकता दिइयो । विभिन्न साझेदारहरूको सहयोगमा प्रारम्भिक बालविकास केन्द्र देखि कक्षा ३ सम्मका ३० हजार भन्दा वढी बालबालिकालाई उपलब्ध गराइयो ।
५. छेडागाड नगरपालिका, जाजरकोटले बालबालिकालाई घरमै सिकाइ निरन्तरताका लागि अनुरोध गर्दै सबै अभिभावकलाई पत्राचार। साथै सम्पूर्ण शिक्षकलाई अनिवार्यरुपमा विद्यालयमा हाँजिर गराई विद्यार्थीको वैकल्पिक सिकाइमा संलग्न गराउनका लागि सबै विद्यालयहरूलाई पत्राचार गरेको ।
६. कालिकोटको तिलागुफा र शुभकालिका, दैलेखको गुराँस तथा जाजरकोटको छेडागाड र कुशेमा ७०९ घरधुरीका १८९५ बालबालिकाहरूलाई घरमै अभिभावकको सहयोगमा सिकाइ निरन्तरताका लागि 'गृह शिक्षक' (Home Teacher) क्रियाकलाप सञ्चालन।
७. बालबालिकाको सिकाइलाई निरन्तरता दिनका लागि कालिकोटको शुभकालिका, दैलेखको गुराँश गाउँपालिका र जाजरकोटको कुशे गाउँपालिकाले १ शिक्षक १ टोल अभियान सञ्चालन ।
८. वीरेन्द्रनगर नगरपालिकाले विभिन्न स्थानीय रेडियोहरूबाट कक्षागत र विषयगत दूर कक्षाहरू सञ्चालन गर्नुका साथै वीरेन्द्रनगरकै नमूना सामुदायिक तथा संस्थागत विद्यालयहरूले विभिन्न कक्षा लक्षित भर्चुअल कक्षा सञ्चालन गरेका ।

## भावी दिशा

परिस्थितिको सामान्यीकरण पछि विद्यालयहरूमा पठनपाठन सञ्चालन गर्नुपूर्व बालबालिका, अभिभावक, शिक्षक, विद्यालय व्यवस्थापन समिति लगायत सबैमा कोभिड-१९ संक्रमणबाट सबै विद्यालयहरू निर्मलीकरण छन्  भन्ने सन्देश प्रवाह गर्नुपर्ने हुन्छ । त्यसका लागि क्वारेन्टाइनका लागि प्रयोग भएका विद्यालयहरूलाई निर्मलीकरण गर्ने तथा नियमित रुपमा स्थानीय स्वास्थ्य चौकीबाट विद्यार्थी, शिक्षकहरूको ज्वरो मापन गर्ने, खानेपानी सरसफाई तथा स्वाच्छताको प्रर्वधन गर्ने, अभिभावक शिक्षा सञ्चालन भइ भयरहित वातावरणमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्नेहुन्छ ।

यदि परिस्थिति अनुकूल भएन र विद्यालय खोल्ने अवस्था भएन भने वा कुनै निश्चित स्थानमा मात्र विद्यालय खोल्ने सहज परिस्थिति भएन भने बालबालिकाको लागि वैकल्पिक सिकाइ प्रकृयालाई नै निरन्तरता दिनुपर्ने हुन्छ । नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले विद्यालय शिक्षाको जिम्मेबारी स्थानीय तहलाई दिएको हुनाले विद्यालय खोल्ने, खोल्न भन्दा अगाडि निर्मलीकरण गर्ने, शिक्षक तयारी र उत्प्रेरणा, अभिभावक

सचेतीकरण, बालबालिका भर्ना, आदि कार्यलाई संघीय वा प्रदेश सरकारको मुख नताकि स्वस्फूर्त अगाडि बढाउनुपर्ने हुन्छ । यदि कोभिड-१९ को महामारी विद्यमान रहेमा बालबालिकालाई वैकल्पिक सिकाइको बाटोलाई निरन्तरता दिनुपर्ने हुन्छ । उक्त कार्यका लागि स्थानीय तहहरूले आवश्यक्ता योजना निर्माण गर्ने, बजेट विनियोजन गर्ने, कार्यान्वयन गर्ने, विद्यालयको अनुगमन गर्ने र सहयोग गर्नुपर्छ । प्रदेश सरकारले जुनसुकै अवस्था भएता पनि आवश्यक्ता अनुसार निर्देशिका र कार्यविधि तय गर्ने, क्षमता विकास गर्ने र संघिय सरकार र स्थानीय तहविच समन्वयात्मक भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । स्पष्ट कार्ययोजना बनाइ नियमित अनुगमन गर्ने, स्थानीय तह एवं शैक्षिक संस्थाहरूलाई सहयोग गर्ने, एक विद्यालय वा स्थानीय तहले गरेका राम्रा कार्यलाई अन्य विद्यालय र स्थानीय तहमा संप्रेषण गर्ने कार्य गर्नुपर्छ । आवश्यक्ता अनुसार वजेट विनियोजन गरी राम्रा अभ्यासहरूलाई विस्तार गर्नुपर्दछ

## सन्दर्भ सामग्रीहरू


१. कोभिड-१९ पूर्व तयारी एवं प्रतिकार्य योजना, २०७७, सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश

२. शिक्षा समूह कर्णाली प्रदेश का वैठकका निर्णय पुस्तिकाहरू

३. शैक्षिक सूचना, २०७५, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय

४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

५. https://www.setopati.com/opinion/202667

# विद्युतीय शासन र कर्णाली प्रदेशको अवस्था



**रेशमबहादुर खत्री***

## परिचय

शासन, विकास र सेवा प्रवाहलाई प्रभावकारी बनाउन सूचना तथा सञ्चार प्रविधि (जस्तै : वाइड एरिया नेटवर्क, इन्टरनेट तथा सञ्चार सञ्जाल, कम्प्युटर, मोबाइल) को प्रयोग गरी सरकारी कार्यप्रणालीको दक्षता अभिवृद्धि गर्ने, सबै सरकारी क्रियाकलापहरुमा पारदर्शीता प्रवर्द्धन, भ्रष्टाचार नियन्त्रण, नागरिक सबलीकरण, सचेतीकरण र शासनमा सबैको सहभागिता सुनिश्चित गर्ने कार्यमा प्रभावकारी भूमिका निर्वाह गर्नु नै विद्युतीय शासन हो । विद्युतीय उपकरण, संरचना, यसको प्रणाली, नियमन, व्यवस्थापन एवम् नियन्त्रण र समग्र शासन, विकास कार्य र सेवा प्रवाहमा विद्युतीय उपकरणको उपयोग, भूमिका र योगदान नै विद्युतीय शासन हो । यो विद्युतीय माध्यमहरुको प्रयोग गरी सूचना प्रविधिमार्फत जनतालाई सार्वजनिक सेवा र सूचना सरल, सहज, छिटो छरितो, पारदर्शी, मितव्ययी, प्रभावकारी ढंगले उपलब्ध गराउँदै सुशासन प्रवर्द्धन गर्ने कार्य हो । यसलाई Paperless Governance, Electronic Governance, Online Governance, Digital Governance, Connected Governance पनि भनिन्छ ।

विश्वमा यसको विकास तथा प्रयोग शासनमा उदारीकरण, आधुनिक पूर्वाधार र प्रविधिको विकास एवम् जनसचेतीकरण, सुशासनको अवधारणासँगै शासनमा विकास भएको नविनतम आयाम, कागजविहिन कार्यालयको अवधारणासँगै विकास भएको हो । लोकतान्त्रिक शासन, मानव अधिकार प्रवर्द्धन, स्वशासन, सहशासनको व्यापक विकास तथा विस्तारसँगै यसको प्रयोग अपरिहार्य भइसकेको छ । सर्वप्रथम तत्कालिन अमेरिकी उपराष्ट्रपति एल गोरले सन् १९९३ मा सार्वजनिक सेवालाई बढी प्रभावकारी र पारदर्शी बनाउनको लागि ई गभर्नेन्स शब्दको सुरुवात गरेका थिए ।

## विद्युतीय शासनको उद्देश्य

विद्युतीय शासनको प्रमुख उद्देश्य सूचना प्रविधिको क्षेत्रमा भएको द्रुततर विकासका उपलब्धिहरुबाट फाइदा लिदै सार्वजनिक निकायबाट सेवाग्राहीले न्यूनतम श्रम, समय र साधन खर्च गरी अधिकाधिक प्रतिफल/उपलब्धिको सृजना गर्नु हो । समग्रमा विद्युतीय शासनका उद्देश्यहरुलाई देहाय बमोजिम प्रस्तुत गर्न सकिन्छ :

- सरकारी कार्यप्रणालीको दक्षता अभिवृद्धि गर्ने,
- सेवा प्रवाहमा पारदर्शीता, उत्तरदायित्व, जवाफदेहीता प्रवर्द्धन गर्ने,
- बिचौलिया, घुसखोरी, अनियमिता र भ्रष्टाचार नियन्त्रण गर्ने,
- सक्षम, सुदृढ र प्रभावकारी सेवा प्रवाह गर्ने,

** लेखक सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश सुर्खेतमा अधिकृत स्तर छैटौं हुनुहुन्छ ।*

- सरकार, नागरिक तथा अन्य सरोकारवालाहरुबिच विद्युतीय रुपमा अन्तरक्रिया गर्न सहयोग गर्ने,
- सरकारको सीमाविहिन, कागजविहिन प्रशासनको मान्यतालाई बढावा दिने,
- सार्वजनिक सेवा अनलाइनमा सहज रुपमा उपलब्ध गराउने,
- चौबिसै घण्टा सेवा उपलब्ध गराउँदै सरकार र नागरिकबिच असल सम्बन्ध स्थापित गर्ने,
- राज्यका हरेक संयन्त्रमा आम नागरिकको सहभागिता सुनिश्चित गर्ने,
- सार्वजनिक सेवामा सर्वसाधारण नागरिकको सहज पहुँच पुऱ्याउने,
- प्रक्रियागत झन्झटलाई घटाउँदै सेवाको लागत र समय बचत तथा न्यूनीकरण गर्ने,
- ज्ञान र सूचनाको माध्यमबाट नागरिक सशक्तीकरण गर्ने,
- सेवा प्रवाहलाई सरलीकरण गर्ने,
- E-Government, E-Commerce, Trade and Industry Promotion, E-Payment, IT Industry promotion, E-Agriculture, E-Tourism, E-Health जस्ता क्षेत्रहरुको विस्तार गर्न,
- राज्यमा सुशासन कायम गर्ने आदि ।

## नेपालमा विद्युतीय शासनको विकासक्रम

नेपालमा सार्वजनिक सेवामा वि.सं २०२८ को जनगणनाको तथ्यांकलाई प्रशोधन गर्न पहिलोपल्ट कम्प्युटरको प्रयोग, वि.सं. २०२८ मा नै सञ्चार मन्त्रालय, वि.सं. २०३१ मा ईलेक्ट्रोनिक डाटा प्रोसेसिङ्ग सेन्टरको स्थापना भयो । जसलाई वि.सं. २०३७ मा राष्ट्रिय कम्प्युटर केन्द्रमा परिणत गरिएको थियो । वि.सं २०५१ जेठ देखि मर्कन्टायल कम्युनिकेसन्सले व्यवसायिक रूपमा इमेल सेवा प्रदान गर्न थाल्यो । नेपालमा इन्टरनेट सर्विस प्रोभाईडर सेवा वि.सं २०५२ असार ३१ देखि मर्कन्टायल कम्युनिकेसन्सले नै सुरु गरेको हो । त्यसै गरी वि.सं. २०५३ (सन् १९९६) मा विज्ञान तथा प्रविधि मन्त्रालयको स्थापना भएको हो । वि.सं. २०५७ (सन् २०००) देखि दूर सञ्चार संस्थानले ईन्टरनेट सेवाको सुरुवात गरेको हो । त्यसै गरी वि.सं २०५९ मा स्थानीय स्तरमा चितवनको भरतपुर नगरपालिकाले ई-गभर्नेन्स लागू गरेको हो । नेपालमा विद्युतीय शासनको औपचारिक कार्यान्वयन गर्न वि.सं. २०५७ मा पहिलो पटक सूचना प्रविधि नीति, २०५७ जारी भएको हो । वि.सं. २०६० मा राष्ट्रिय सूचना प्रविधि केन्द्र, वि.सं. २०६० मा सूचना प्रविधिको विकासका लागि उच्च स्तरीय सूचना प्रविधि आयोगको गठन, काभ्रे जिल्लामा सूचना प्रविधि पार्कको स्थापना भयो । वि.सं. २०६३ (सन् २००६) मा विद्युतीय सरकार गुरु योजनाको मस्यौदा तयार, सूचना तथा सञ्चार प्रविधिको विकास र प्रवर्द्धनका लागि डिजिटल नेपाल फ्रेमवर्क, २०७६ जारी गरिएको छ ।

## नेपालमा विद्युतीय शासनको प्रवर्द्धनका लागि भएका प्रयासहरु

**क) कानूनी एवम् नीतिगत प्रयासहरु :**

- नेपालको संविधान, २०७२ को प्रस्तावनामा दीगो शान्ति, सुशासन र समृद्धि हासिल गर्ने राष्ट्रिय उद्देश्य, धारा १९ मा सञ्चारको हक र धारा २७ मा सूचनाको हकको प्रावधान । धारा ५१ मा राज्यका नीतिमा विकास सम्बन्धी नीतिमा राष्ट्रिय आवश्यकता अनुसार सूचना प्रविधिको विकास र विस्तार गरी गर्ने नीति भएको,
- विद्युतीय तथ्यांकको आदानप्रदानबाट हुने कारोबारलाई भरपर्दो र सुरक्षित बनाई यसको नियमन र अनाधिकृत कार्यको नियन्त्रण गर्न विद्युतीय कारोबार ऐन, २०६३ र नियमावली, २०६४ लागू गरिएको,
- दूरसञ्चार ऐन, २०५३ तथा नियमावली, २०५४ ले सूचना तथा सञ्चारको क्षेत्रमा बहुसेवा प्रदायकको कार्यान्वयन गर्न कानूनी र संस्थागत प्रबन्ध गरेको,

- सूचनाको हक सम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ ले सार्वजनिक निकायका गतिविधि सूचना तथा जानकारीहरुलाई अद्यावधिक गरी समय समयमा प्रकाशन, प्रसारण गर्नु पर्ने व्यवस्था गरेको,
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ तथा नियमावली, २०६५ ले प्रत्येक सरकारी निकायहरुले आफ्नो श्रोत र साधनको उपलब्धताको आधारमा कम्प्यूटरीकृत सूचना प्रविधिलाई व्यबहारमा ल्याउनु पर्ने व्यवस्था गरेको,
- प्रतिलिपि अधिकार ऐन, २०५९, विद्युतीय सरकार गुरुयोजना, २०६३,
- सुरक्षित कारोबार ऐन, २०६३, सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४,
- सूचनाको हक सम्बन्धी ऐन, २०६४, सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५,
- सूचना तथा सञ्चार प्रविधि नीति, २०७२, आमसञ्चार नीति, २०७३,
- ब्रोडव्याण्ड नीति, २०७०, दूरसञ्चार नीति, २०६०,
- डिजिटल नेपाल फ्रेमवर्क, २०७६,
- पन्ध्रौं योजना (२०७६-२०८०) मा सञ्चार तथा सूचना प्रविधि पूर्वाधार अन्तर्गत आमसञ्चार, दूरसञ्चार तथा सूचना प्रविधिमा सबै नागरिकको पहुँच तथा उच्चतम उपयोग सुनिश्चित गरी आम नागरिकको जीवनस्तरमा गुणात्मक परिवर्तन ल्याउने लक्ष्य तय गरिएको ।
- अन्य विभिन्न सम्बद्ध कानून एवम् नीतिहरु जस्तै :– विभिन्न ऐनहरुमा विद्युतीय माध्यमको प्रयोग गरी शासन गर्ने, विभिन्न बैंक तथा वित्तीय ऐनहरु आदिको व्यवस्था रहेको ।

**ख) सांगठनिक एवम् संस्थागत व्यवस्थाहरु :**

- संघीय, प्रदेश र स्थानीय तीनै तहका सरकारहरु,
- सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय,
- सूचना विभाग, हुलाक सेवा विभाग, सूचना तथा सञ्चार प्रविधि विभाग,
- दूरसञ्चार प्राधिकरण, सूचना प्रविधि पार्क,
- प्रमाणीकरण नियन्त्रणको कार्यालय,
- सरकारी कार्यालय/निकायहरुमा कम्प्यूटर महाशाखा/शाखा/इकाईहरु,
- IT Council, Computer Association of Nepal, Nepal Academy of Science and Technology,
- प्रदेश सरकारका विभिन्न मन्त्रालयहरुमा सूचना अधिकारीको व्यवस्था ।
- अन्य सम्बद्ध संरचना ।

**ग) कार्यगत प्रयासहरु :**

- मन्त्रिपरिषद्को बैठक Paperless हुन सुरु भएको, Virtual Meeting समेत सुरु गरिएको,
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले Cabinet Meeting Hall Computarization गरेको साथै मन्त्रिपरिषद्का निर्णय तथा सूचनाहरु वेवसाइटमा राख्ने गरेको, हेलो सरकार कार्यक्रम कार्यान्वयन गरी जनताका गुनासा सम्बोधन गर्ने गरिएको,
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले कर्मचारी सूचना प्रणाली (PIS), विद्युतीय सरकारी कार्य सञ्चालन प्रणाली, पुस्तकालय व्यवस्थापन प्रणाली, तालिम व्यवस्थापन प्रणालीको व्यवस्था गरेको,
- शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) शिक्षक व्यवस्थापन सूचना प्रणाली (TMIS), लगायत अन्य विभिन्न वेभमा आधारित सूचना प्रणालीहरुको व्यवस्था रहेको, वैकल्पिक सिकाइ प्रणालीको विकास गरी अनलाइनमा आधारित पठनपाठनको सुरुवात गरेको ।

- अर्थ मन्त्रालय र अन्तर्गतका निकायहरुमा वजेट व्यवस्थापन सूचना प्रणाली (BMIS), विषयगत मन्त्रालय सूचना प्रणाली (LMIS), एकीकृत कर प्रणाली (Integrated Tax System), स्वचालित भन्सार प्रणाली ( ASYCUDA), एकल खाता कोष प्रणाली (TSA), FMIS, PLMBIS, SUTRA आदि । राजस्व विभागले विभिन्न अनलाइन सेवाहरु प्रदान गरिरहेको, विभिन्न बैंक तथा वित्तीयसंस्थाहरुहरुले अनलाइनमा सेवा प्रदान गरिरहेका ।
- भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले भूमिसम्बन्धी विवरण कम्प्यूटरीकृत गर्ने कार्य गरेको, परराष्ट्र मन्त्रालयले Machine Readable Passport System लागू गरेको, गृह मन्त्रालयले, भौतिक पूर्वाधार तथा निर्माण मन्त्रालय, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, स्वास्थ्य मन्त्रालय लगायत अन्य मन्त्रालयहरुले समेत अनलाइनमा आधारित विभिन्न सेवाहरु प्रदान गरिरहेका,
- सर्वोच्च अदालत, निर्वाचन आयोगले मतदाताको नामावली संकलनमा, लोक सेवा आयोगले अनलाइन सूचना, दरखास्त फारामहरु, नतिजाहरुको व्यवस्था र अनलाइनमै फाराम भर्ने सेवा दिइरहेको तथा अन्य संवैधानिक आयोगहरुले समेत अनलाइन सेवा प्रदान गर्दै आइरहेका,
- नेपाल कानुन आयोगले विभिन्न ऐन, कानुन, नीति नियम, गठन, आदेशहरु वेवसाइटमा राखेको,

माथि उल्लेखित बाहेक अन्य संघीय, प्रादेशिक तथा स्थानीय निकायहरुले आ-आफ्नो वेभसाइट स्थापना गरेका छन् जसमा आफ्नो विषयमा विभिन्न जानकारी दिने गरिएको छ । विभिन्न Mobile Applications हरु, Tele Center, Facebook Page हरुको विकास गरी शैक्षिक, बैंकिङ, आर्थिक लगायतका कार्यहरु गरिएका छन् ।

## विद्युतीय शासनका चरणहरु

Gartner, 2000 का अनुसार विद्युतीय शासनका निम्न चार चरणहरु यस प्रकार रहेका छन् :

१. **सूचनाको चरण (Information Stage):** यस चरणमा सरकारी निकायहरुले वेभ साइटहरूको निर्माण तथा स्थापना गर्ने र प्राप्त तथ्यांकहरूलाई कम्प्युटरीकृत (digitized) गरी स्थिर वेव (static web) मार्फत सामान्य जानकारी, सूचना, नीति, नियम तथा संगठनको कार्यहरु राख्ने सामान्य प्रशासकीय वर्णन गरिएको हुन्छ ।

२. **अन्तरक्रियात्मक चरण (Interaction Stage):** यस चरणमा कम्प्युटरीकृत तथ्यांक भण्डार (digitized data) तयार हुने, सूचनाहरू अद्यावधिक हुने, वेभ साइटको विस्तार तथा नागरिकको पहुँच वृद्धि हुने खालको विभिन्न फारामहरू, सूचना तथा जानकारीहरू डाउनलोड गर्न सकिने, इमेल गर्न सकिने जस्ता कार्यहरू हुन्छन् । जसले सेवा प्रदायक र सेवाग्राहीको विचमा दोहोरो सञ्चार (Two-way communication) कायम हुने गर्दछ ।

३. **कारोवारीय चरण (Transaction Stage):** यस चरणमा गोप्य तथ्यांक (Confidential data) मा नागरिक, सेवाग्राही तथा सरोकारवालाहरूको पहुँच हुने, अन्तरक्रियात्मक वेभ (Interaction web) को शुरूवात हुने, वित्तीय कारोवारहरू सञ्चालन हुने, अनलाईनबाट सेवा प्रवाह हुने जस्तैः अनलाईन आवेदन, कर, राजस्व भुक्तानी, चालक अनुमति पत्र नवीकरण, खरिद आदि पद्धति स्थापित हुन्छ ।

४. **एकीकृत सेवा प्रवाहको चरण (Integrated Stage):** यस चरणमा सरकारले सञ्चालन प्रक्रियाहरूलाई अझ बढी प्रभावकारी, एकीकृत र व्यक्तिगत सेवा प्रदान गर्न रूपान्तरण गर्दछ । सरकारले प्रवाह गर्ने सम्पूर्ण सार्वजनिक सेवाहरू एउटै सरकारी पोर्टल (National Portal) बाट प्रवाह हुने र सम्पूर्ण सेवाहरू सूचना सञ्चार प्रविधि (ICT) मा आधारित हुने, विषयगत निकायको स्थानीय स्तर देखि केन्द्र सम्म र अन्तर निकायको सूचनाहरू एकीकृत रूपमा उपयोग गर्न सकिने गरी पुनः अभियान्त्रिकीकरण गरी एकीकरण गर्ने कार्य हुन्छ ।

## विद्युतीय माध्यमबाट प्रवाह गरिने सेवाहरु

विद्युतीय शासनले कम्प्यूटरमा आधारित सूचना व्यवस्थापन प्रणाली संजालीकरणको माध्यमबाट विद्युतीय सेवा प्रवाह गरी कागज रहित सरकारको स्थापना तथा सञ्चालनमा महत्वपूर्ण सहयोग पुऱ्याउँछ । लक्षित समुहको आधारमा विद्युतीय माध्यमबाट निम्न तीन प्रकारले सेवा प्रवाह हुने गर्छ :

१. **सरकारले नागरिकलाई दिने प्रत्यक्ष सेवाहरू (Government to Citizens):** नागरिकहरुको जनजीवनलाई सहज, छिटो, छरितो तथा सुखमय बनाउन नागरिकमा पुऱ्याउनु पर्ने आवश्यक सेवाहरु जस्तैः यातायात क्षेत्रका सेवाहरू (अनुमति पत्र, आवेदन, रजिष्ट्रेसन, शुल्क), राजस्व तथा करहरूको भुक्तानी, नागरिकता, मालपोत, नापी, सुरक्षा, स्वास्थ्य, खाद्यान्न, खानेपानी, विजुली, शिक्षा, यातायात, सूचना तथा सञ्चार, रोजगारी, आदि उपलब्ध गराउने गर्दछ ।

२. **सरकारले व्यापार वाणिज्य प्रवर्द्धनका लागि प्रदान गर्ने सेवाहरू (Government to Business):** यस सेवा अन्तर्गत उद्योग, व्यापार, विभिन्न पेशा, व्यवसाय तथा सामाजिक क्षेत्रलाई उन्नत, समृद्ध तथा उपलब्धिमूलक बनाउन आवश्यक पर्ने सेवा, सूचनाहरु सामाजिक संगठनका सरकारी नीति, नियम, कानुन तथा सुरक्षाका विषयहरू जस्ता सेवाहरु सरकारद्वारा प्रदान गरिन्छ ।

३. **सरकारले मातहतका निकायहरूलाई प्रदान गर्ने सेवाहरू (Government to Government):** यस अन्तर्गतका सेवाहरुलाई दुई प्रकारमा विभाजन गर्न सकिन्छ ।(क) अन्तर सरकारी निकाय/कार्यालय सेवा (Government to Government): यस सेवा अन्तर्गत एक सरकारी निकायबाट अर्को सरकारी निकायलाई सूचना तथा तथ्याङ्कहरूको आदानप्रदान गर्ने कार्य पर्दछ ।(ख) मातहतका कर्मचारीलाई प्रदान गर्ने सेवा ( Government to Employee): यसले सरकार र मातहतका कर्मचारीहरू बिचको सम्बन्धलाई देखाउँछ ।

## कर्णाली प्रदेशमा विद्युतीय शासनको अवस्था

कर्णाली प्रदेश सरकारले विद्युतीय शासन प्रणालीको विकास एवम् विस्तार गर्ने र **समृद्ध नेपालका लागि डिजिटल कर्णाली** प्रदेश भन्ने नारालाई अघि सारेको, सबै मन्त्रालय र निकाय समेटिने गरी कम्प्यूटराइज्ड सूचना प्रणाली स्थापना गरेको, प्रदेश सरकारले आ.व.२०७५।७६ को नीति तथा कार्यक्रममा डिजिटल प्रदेशको निर्माण गर्न योजनाबद्ध ढंगले आधारहरु निर्माण गर्ने नीति अनुरुप प्रत्येक निर्वाचन क्षेत्रमा एउटा गाउँपालिका र नगरपालिकाको क्षेत्रलाई र प्रमुख शहरहरुलाई डिजिटल शहरको रुपमा विकास गरिने, प्रदेशका सबै स्थानीय तहलाई वाइफाई फ्रि जोनको रुपमा विकास गरिने, डाटा सेन्टरको विकास गरिने नीति समावेश गरेको थियो । **सबैका लागि सूचना सबैका लागि सञ्चार**को अवधारणालाई योजनाबद्ध ढंगले कार्यान्वयनमा ल्याइने र सरकारका काम कार्यवाहीहरुलाई वेवसाइड मार्फत व्यवस्थित रुपमा सार्वजनिक गर्ने व्यवस्थालाई थप प्रभावकारी बनाउँदै लगिने नीति लिएको छ । कर्णाली प्रदेशमा धेरै सडक दुर्घटना हुने भएकाले सवारी साधनमा जिपीएस प्रणाली जडान गर्ने र डिजिटल लाइट निर्माण गर्ने कुरा आन्तरिक मामिला तथा कानून मन्त्रालयका उपसचिव श्री भक्त बहादुर कार्कीको संयोजकत्वमा कर्णाली प्रदेशलाई डिजिटल प्रदेश बनाउने सम्बन्धमा गठन भएको अध्ययन समितिले सिफारिस गरेको थियो । कर्णाली प्रदेशको प्रथम पञ्चवर्षिय योजनामा सूचना तथा सञ्चार प्रविधियूक्त कर्णाली प्रदेश बनाउने सोच र नागरिकको सूचना तथा सञ्चार प्रविधिमा पहुँच विस्तार गरी डिजिटल कर्णालीको निर्माण गर्ने उद्देश्य लिएको छ । प्रदेश सरकारले आ.व २०७७।७८ मा प्रविधिमैत्री सिकाइलाई प्रोत्साहन र प्रवर्धन गर्नुका साथै प्रविधिमैत्री जनशक्ति र पूर्वाधार विकास गरिने नीति लिएको छ ।

प्रदेश सरकारले मिति २०७५ भदौ ९ को मन्त्रिपरिषद्को निर्णयानुसार पेपरलेस मन्त्रिपरिषद् (इ क्याविनेट) को बैठक बस्न सुरु गर्‍यो । प्रदेशका मन्त्रालयहरुमा डिजिटल साइनबोर्ड, सिसिक्यामेरा र ई-हाजिरी जडान कार्य भई कार्यान्वयनमा आइसकेको छ । मन्त्रालयहरुका विभिन्न एप, वेवसाइट निर्माण भईसकेका छन् । आन्तरिक मामिला तथा कानून मन्त्रालयको आ.व २०७५।७६ को वार्षिक वजेटबाट प्रदेशका २४ वटा र आ.व २०७६।७७ मा २२ वटा सामुदायिक विद्यालयहरुमा इ-लाइब्रेरी सहितको कम्प्यूटर ल्याव निर्माण कार्य सम्पन्न भईसकेको छ । इमेल मार्फत उजुरी, गुनासाहरु प्राप्त गर्ने तथा सम्बोधन गर्ने, मुख्यमन्त्री हटलाइन सेवा (१०९६) कक्ष संचालन भई कार्यान्वयनमा आएको छ । प्रदेशका मन्त्रालयहरु र अन्य निकायहरुले Facebook Page हरु खोलेर सूचनाका आदान प्रदान गर्ने गरेका छन् । प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले Provincial Line Ministry Budget Information System (PLMBIS) सफ्टवेयरको कार्यान्वयन गरेको छ । विद्यालयको सफ्टवेयरमा आधारित एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) को प्रयोग गरी तथ्यांक अपडेट गरेका छन् । विकास निर्माणका कार्यहरुको ठेक्का प्रणालीमा इ-विडिङ प्रणाली लागु गरिएको छ । विभिन्न बैंकहरुले एपमा आधारित सेवा सुरु गरी सेवा प्रदान गरिरहेका छन् । विद्युत महशुल तथा खानेपानीको रकम भुक्तानी E-pay प्रणालीबाट हुने गरेको छ । शैक्षिक क्षेत्रमा विश्वमा नै COVID-19 को महामारीका कारण बन्दा बन्दीमा गइसकेपछि यसको आवश्यकता तथा महत्व अझै बढ्न गई विभिन्न सूचना प्रविधिका माध्यमबाट दूर शिक्षा, खुला शिक्षाका सम्बन्धमा बहस, तयारी एवम् प्रयोगका सोचहरु अगाडि बढिरहेका छन् । सामाजिक विकास मन्त्रालय तथा मातहतका निकायहरुबाट online शिक्षणका लागि शिक्षक तालिम कार्यक्रम, online मा आधारित टिपिडी तालिम, दूर शिक्षा शिक्षण कार्यक्रम कार्यान्वयनको तयारी भइरहेको छ । यसको भरपुर फाइदा लिन कर्णाली प्रदेशले पनि माथि प्रस्तुत लगायत अन्य विभिन्न प्रयासहरु गरिरहेको छ । तथापि विद्युतीय शासन नयाँ विषय भएकाले यसको विकास एवम् विस्तारमा विभिन्न समस्या एवम् चनौतीहरु छन् ।

## विद्युतीय शासनको प्रवर्द्धनमा देखिएका समस्याहरु

विद्युतीय शासन शासनको नविनतम आयाम भएकाले यसको प्रयोग गरी सुशासन कायम गर्न विभिन्न समस्याहरु देखिएका छन् । यसको सञ्चालनका लागि राजनीतिक स्थिरता र प्रतिवद्धताको कमी, एकीकृत नीति, योजना, कानूनहरुको अभाव, भएका कानूनको पनि प्रभावकारी कार्यान्वयनको कमी हुनु, संरचनाको अभाव, कर्मचारी प्रशासनमा परिवर्तनको चाहना नहुनु, आम नागरिकलाई सूचना प्रविधिको महत्वबोध नहुनु, जनस्तरमा डिजिटल साक्षरताको कमी हुनु, तालिम र क्षमता विस्तारको अभाव, विद्युतीय माध्यमबाट सूचना आदान प्रदान गर्ने संस्कृति नहुनु, विद्युतीय पूर्वाधारको कमी तथा कर्णाली प्रदेशका २८ प्रतिशत जनतामा मात्र जलविद्युतको पहुँचमा रहनु, सूचना तथा सञ्चार प्रविधिको न्यून पहुँच हुनु, विद्युतीय अपराध नियन्त्रण नहुनु, प्रतिभा पलायन रोक्न नसक्नुले दक्ष जनशक्तिको अभाव, संरचना स्थापना तथा संभारमा खर्च बढी हुनु, सम्बन्धित निकायहरुका बिचमा आवश्यक समन्वयको कमी हुनु, प्रभावकारी एवं नतिजामूलक अनुगमन तथा मूल्यांकन प्रणालीको कमी आदि समस्याहरू देखिएका छन् ।

## सुझावहरू

विद्युतीय शासनको प्रभावकारी कार्यान्वयनका लागि राजनीतिक प्रतिवद्धता र प्रशासनिक तत्परता विकास गर्ने, भएका कानूनको प्रभावकारी कार्यान्वयन गर्ने, एकीकृत नीति, योजना, कानूनको निर्माण गरी अनिवार्य लागू गर्ने, प्रशासनिक कर्मचारीलाई तालिम सहित मानव संशाधन विकासमा जोड दिने, नागरिकमा डिजिटल साक्षरता बढाउने, आवश्यक पूर्वाधारको विकास गर्ने, प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्न सकिन्छ ।

## निष्कर्ष

विद्युतीय शासन सुशासन कायम गर्ने एक अभिन्न अवयव हो । विद्युतीय शासनले सरकारी कार्य प्रणालीको दक्षता अभिबृद्धि गर्ने, सरकारी सेवा प्रवाहमा पारदर्शिता, मितव्ययीता कायम गर्ने, भ्रष्टाचार नियन्त्रण, नागरिक सबलीकरण र शासनमा नागरिकको सहभागिता सुनिश्चित गर्ने कार्य गर्दछ । कर्णाली प्रदेश सरकारले विद्युतीय शासनको महत्व बोध गरी स्थापना देखि नै विद्युतीय शासनको विकास तथा विस्तार गरी डिजिटल प्रदेशको स्थापना गर्ने लक्ष्य समेत लिएको छ । फलस्वरूप सेवा प्रवाहको लागत तथा समयमा कमी आउने, भ्रष्टाचार नियन्त्रण प्रभावकारी हुने, अर्थपूर्ण, प्रभावकारी, पारदर्शी, सहभागितामूलक तथा जनउत्तरदायी शासनको प्रत्याभूति भई जनता र सरकारबिच सुमधुर सम्बन्ध कायम हुन्छ । सरकारको वैधता प्रमाणित हुन्छ, जनविश्वास अभिवृद्धि हुन्छ । यसका लागि कार्यान्वयनयोग्य योजनाहरुको प्रभावकारी कार्यान्वयन गर्नु आजको अपरिहार्य आवश्यकता रहेको छ ।

## सन्दर्भ सामग्री


नेपालको संविधान (२०७२)
पन्ध्रौं योजना (२०७६/२०७७ - ८०/८१), राष्ट्रिय योजना आयोग
प्रथम पञ्चवर्षीय योजनाको आधारपत्र,कर्णाली प्रदेश योजना आयोग,
नेपालमा विद्युतीय शासनको प्रवर्धन, प्रशासन पुनःसंरचना आयोगको दोस्रो अन्तरिम प्रतिवेदन (२०६६)
Https:www.ocmcm.karnali.gov.np
Https:www.moial.karnali.gov.np
Https:www.mosd.karnali.gov.np
Https:en.wikipedia.org
Https:www.doit.gov.np
Https:www.igi-global.com
Https:www.publicadministration.un.org
Oxford Advanced Learner's Dictionary,Oxford University Press

# कोराना भाइरस (COVID-19) र बालबालिकामा परेको प्रभाव



**बेलमता बस्नेत***

## सन्दर्भ सुरुवात

वर्तमान विश्वमा नोवल कोरोना भाइरस (COVID-19) को संक्रमणले मानव जातिलाई चुनौती दिइरहेको छ । सन् २०१९ को डिसेम्वर महिनामा पहिलो पटक चीनको वुहान प्रान्तमा यो भाइरस देखा परेको हो । यो भाइरसको तीव्र संक्रमणको फैलावटले विश्वका प्राय सबै मुलुक र मानिसहरुमा प्रभाव पारिरहेको छ । हरेक उमेर समुहका मानिसहरुमा यसको संक्रमण देखिएको छ । करोडौ मानिसहरु संक्रमित भएका छन् भने पाँच लाख भन्दा बढी मानिसहरुको ज्यान गइसकेको परिस्थिति छ । कोरोना भाइरस श्वासप्रश्वासको माध्यमबाट सर्ने रोग हो । यो भाइरस संक्रमित व्यक्तिले खोक्दा वा हाछच्यु गर्दा नाक वा मुखवाट निस्कने छिटाको माध्यमबाट सर्दछ । कोराना भाइरसबाट लाग्ने रोगलाई WHO ले COVID-19 भनी औपचारिक नामकरण गरेको छ । हालसम्म COVID-19 को उपचारका लागि कुनै विशेष औषधी र खोपको निर्माण भइसकेको छैन । हरेक मानव, समुदाय, समाज, राष्ट्र र अन्तर्राष्ट्रिय जगतलाई समेत कोरोना भाइरस COVID-19 को प्रभाव कहिले सम्म रहने हो भन्ने कुराको कुनै एकिन छैन ।

## बालबालिकामा परेको प्रभाव :

प्रत्यक्ष रुपमा भाइरसले मानव स्वास्थ्यमा प्रभावित बनाएको छ नै यसको अलावा आर्थिक, सामाजिक, साँस्कृतिक, शैक्षिक र प्रशासनिक आदि पक्षहरुलाई पनि उत्तिकै प्रभावित बनाएको छ । विद्यालय संचालन नहुँदा पठन पाठन समेत अनिश्चित, अन्योल र असहज बन्दा बालवालिकाको शिक्षालाई प्रभावित बनाएको छ । महामारीको जोखिम र त्रासपूर्ण वातावरणले बालबालिकाहरु विद्यालय भन्दा बाहिर रहन वाध्य छन् । विश्वका प्रायः मुलुकका सरकारले सुरक्षाका कारण अल्पकालिन रुपमा नै विद्यालयको शैक्षिक गतिविधिहरु नै बन्द गरेका छन् । जसले गर्दा कूल विद्यार्थी संख्याको करिव ६० प्रतिशत विद्यार्थीहरु शैक्षिक सिकाइको वातावरणबाट प्रभावित बनेका छन् । पूर्व प्राथमिक, प्राथमिक, निम्न माध्यामिक र माध्यामिक कक्षाहरुमा करिव १ अर्व १८ करोड ४१ लाख २६ हजार ५०८ प्रभावित भएको तथ्याङ्क देखिन्छ (स्रोत : युनेस्को) । विद्यालय देखि विश्वविद्यालय सम्मका सम्पूर्ण शैक्षिक कार्यक्रमहरु बन्द छन् । विद्यार्थीमा कोरोनाको त्रासले गर्दा अध्ययन कार्यमा शिथिलता र चिन्तित बनाएको सहज अनुमान गर्न सकिन्छ । पठन पाठन र परीक्षाको नियमित समय तालिका पनि बिग्रदै जाँदा शिक्षा क्षेत्रमा दुरगामी असर पर्न सक्ने देखिन्छ । शैक्षिकसत्रको अन्तिममा बर्ष भरी पढेको पढाइको परिक्षाफल प्राप्त गर्ने बेला नयाँ वर्षमा नयाँ जोश, जागर र उत्साहका साथ नयाँ कक्षामा जाने उनीहरुको सपना सवै भताभुङ्ग भएको छ । आफ्ना स्वर्णीम भविष्य निर्माणको सुन्दर सपना बोकेर हर्षोल्लासका साथ पढ्दै र खेल्दै गरिरहेका आफ्नो प्यारो विद्यालय कहिले संचालनमा आउला भनेर व्यग्र प्रतिक्षा गरिरहेका छन् । पढ्ने र खेल्ने समयमा ती प्यारा विद्यालयमा अहिले

---

** लेखक सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश सुर्खेतमा कम्प्यूटर अधिकृत पदमा कार्यरत हुनुहुन्छ ।*

महामारीको संन्त्राससँग लडिरहेका विद्यालयमा उनीहरुकै आफन्त परीक्षणका लागि बसी रहेका छन् । स्कुल-स्कुल क्वारेन्टाइन बनेका छन । शैक्षिक संस्थाहरुमा क्वारेन्टाइन बनाउनु पर्ने सरकारको आफ्नै वाध्यता भएपनि क्वारेन्टाइन बनाइएका शैक्षिक संस्थामा अध्यनरत विद्यार्थीहरुमा भोली ती कक्षा कोठामा पढ्ने बेलामा कोरोना भाइरसको सन्त्रास र भयले उनीहरुको मनोविज्ञानमा थप असर गर्न सक्नेछ । समुदाय अनि बस्ती बस्ती अस्तव्यस्त अवस्थामा छन् । आम विश्व समुदायका गरिव, विपन्न, असहाय र पिछडियका बालबालिकाहरुमा शैक्षिक गतिविधिको बैकल्पिक शिक्षाको प्रयोग एवं सिकाइ पनि सोचे अनुरुपमा भएको देख्न सकिन्छ । विद्यालय बन्दावन्दीका कारणले विद्यालयमा गएर शिक्षा आर्जन गर्ने, सिकाइको अनुभव गर्ने र सिर्जनात्मक वातावरणको अभ्यासमा रमाउने बालबालिकाहरुमा आजका दिनहरुमा उनीहरुको शारीरिक, मानसिक र स्वास्थ्यको अवस्थामा समेत प्रत्यक्ष प्रभाव बनाएको देख्न सकिन्छ । सुन्दर भविष्यको निर्माणमा निरन्तर सक्रिय भइ अगाडि बढिरहेका बालबालिकाको भविष्यलाई यो महामारीले गम्भीर मोडमा लगिरहेको छ । विशेष गरी युवाहरुमा भन्दा पनि बालबालिकामा नै चिन्ता, डर, त्रास र हतोत्साह बनाएको छ । कलिला, निश्चल, स्वतन्त्र र अवोध बालबालिकाहरुमा आफ्नो जीवन र शैक्षिक सिकाइमा कोरोना महामारीले ठूलो असहज र अप्ठ्यारो अवस्था भएको छ । हरेक बालबालिकाहरुमा भाइरसको संक्रमण भएमा सहज, सरल र सुरक्षित रुपमा औषधी र स्वास्थ्य उपचार पाउन सकिने वा नसकिने, घर बाहिर र विद्यालय वातावरणमा उपलब्ध भएका संरचना तथा अवस्थासँग लामो समयसम्म सोच र घुलमिलको अवस्था कसरी बनाउने, आफ्नो साथीभाइसँगको सहज र निरन्तर भेटघाटको कम अवसर प्राप्त भएको महसुस कसरी पूरा गर्ने, सामाजिक सहयोगको प्राप्त अवसरलाई सहज रुपमा कसरी प्राप्त गर्ने भन्ने विषयमा बालबालिकाहरुलाई जिज्ञासु एवं प्रश्नोतरी बनाइ दिएको छ ।

### समाधानको लागि सम्बन्धित निकायको भूमिकाः

कोराना महामारीको अवस्थामा अभिभावकहरुले आफ्ना बालबालिकाको बास्तविक समस्या पहिचान गरि उनीहरुलाई विभिन्न उपाय लगाएर समस्या समाधानमा साथ दिनुपर्छ । लामो समय घर भित्रको क्वारेन्टाइनमा बसिरहेका बालबालिकाहरुलाई विहानीको नित्य कर्म, दैनिक रुपमा गरिने कार्यहरुको तालिका निर्माण गरी उनीहरुको भावना अनुसार विभिन्न खेल, संगीत, नृत्य, योग अभ्यास, सम्बन्धित कार्टुन, चलचित्र, धार्मिक पुस्तक अध्ययन, कथा कविताहरु अध्ययनहरुमा उनीहरुलाई प्रेरित गर्नु अभिभावकको राम्रो भूमिका रहनु पर्दछ । केवल बालबालिकाहरुलाई गाली र अपमान गरेर दुखित तुल्याउने कार्य नगरी सुधारको लागि प्रेरित गुर्नपर्छ । जे होस भविष्यका कर्णधार आजका बालबालिकाहरु जसले भोलिका दिनहरुमा यो विश्व निर्माणको जिम्मेवारीको काँध बोक्नेछन तिनै आशा र भरोसाका कोपीलाहरुलाई शिक्षा आर्जन र सिकाइ प्राप्त गर्न, के, कसरी, कस्तो विधि एवं तरिका र पक्रियाहरु अपनाएर सुरक्षित, सुविधायुक्त र सहज वनाउन सकिन्छ त्यसको वातावरण तयार गरिदिनु राज्य, विद्यालय, अभिभावक, शिक्षक,अभियान्ता, सहयोगी संस्थाहरुका साथै सरोकारवालापक्ष सबैको मुल दायित्व रहन्छ । किनभने बालबालिकाको शारीरिक, मानसिक र स्वस्थपूर्ण अवस्थामा शिक्षा आर्जन गर्न पाउनु उनीहरुको अधिकारको विषय हो । बन्दा बन्दीको अवस्थामा सबैजसो विकसित मुलुक र सभ्य समाज तथा अल्पविकसित र विकासशील मुलुकका गरिव, विपन्न र असाहय सबैखाले बालबालिकाहरुमा शिक्षण सिकाइका लागि अनेकौ प्रयास र उपायहरुको प्रयोग भैइरहेको छ । सिकाइका लागि  पुर्वाधार र प्रविधि मैत्री विकास र सो को संरचना र वातावरण भएको समुदायमा भर्चुअल कक्षा, अनलाइन कक्षा, रेडियो, टेलिभिजनवाट विद्यार्थीमा शिक्षण सिकाइको सकारात्मक भएको देख्न सकिन्छ । साथै विद्यालय बन्दाबन्दीका कारणले आम बालबालिकाहरुमा पर्न गएको गम्भीर प्रभावलाई कम गराई उनीहरुमा स्वतन्त्र सिकाइ, बुझाई र पढाईलाई वाह्यि वातावरण र विद्यालयसँगको घुलमिल अनुरुप बनाउन पनि अति आवश्यक हुन्छ । साथै यो महामारी पछिको चुनौतीपूर्ण वातावरणलाई सहजरुपमा कसरी पूरा गर्ने, शिक्षाको पुन निर्माण तयारी र सो को सामना कसरी गर्ने, स्वस्थ बन्न सामाजिक दुरी कायम र नियमित साबुन पानीले हात

धुने अभ्यास गराउने, तनाबलाई कम गर्न बालबालिकाको भावना व्यक्त गर्न लगाउने साथै उनीहरुले भनेका कुराहरुमा बढी समय र ध्यान कसरी दिने, यो समयमा हामी सवै बालबालिका सवै कसरी बाँच्ने, गरिएका सवै कार्यहरु हाम्रै लागि हो भन्ने मान्यताको नेतृत्वदायी भूमिका प्रति सचेत र जागरुक बनाउन, क्वारेन्टाइन बनाइएका विद्यालयको प्रयोगमा आएका कोठाहरुको के के गरियो भनि सरोकारवालाहरुले सूचना प्रवाह गर्नु हुदैन साथै विद्यालय पूर्णरुपमा सरसफाइ र कोरोनामुक्त बनाएको सकारात्मक सन्देश दिन सबै सरोकारवाला पक्षहरुको महत्वपूर्ण भूमिका हुन्छ । संसारका हरेक विकसित, अविकसित र विकासशिल सबै मुलुकहरुले भाइरस संक्रमणको नियन्त्रण गर्न र यसवाट संक्रमित मानिसहरुको सफल उपचार गर्न विभिन्न मुलुकहरु, बहुराष्ट्रिय अनुसन्धान केन्द्रहरु, संस्थाहरु, बैज्ञानिक, विज्ञ र अनुसन्धानकर्ताहरुबाट खोज, अन्वेषण कार्यहरुमा निरन्तर जुटिरहेका छन् । जसले आम विश्व समुदायलाई आशा र भरोसाको सुखद पक्ष बनाएको छ ।

**निष्कर्ष :**

कोराना भाइरस कोभिड-१९ बाट आम नागरिकको जीवन सुरक्षाको लागि सरकारले गरेको बन्दाबन्दीको असर विश्वभरी निरन्तर जारी रहेको अवस्थामा हामी सवै सचेत र जागरुक बन्नु पर्छ । भविष्यका आशा, भरोसा र वास्तविक रुपमा उत्रने सक्षम जनशक्ति नै आजका बालबालिका नै हुन भन्ने कुराको सबैले आत्मसाथ गर्नुपर्ने हुन्छ । बालबालिकामा आजका दिनहरुमा पर्नजाने नकारात्मक प्रभावले भोलिको हाम्रो समाज सभ्य, सुखी र प्रगतिशिल बन्नमा बाधा अड्चन नआउला पनि भन्न सकिदैन । तसर्थ जस्तो सुकै कठिन चुनौतीको अवस्था देखिए पनि बालबालिकाको हृदयमा पर्न सक्ने सबैखाले नकारात्मक प्रभावहरु हटाउन राज्य, अभिभावक, शिक्षक, सामाजिक अभियानता, सहयोगी संस्थाहरु र सरोकारवाला निकायहरु सकारात्मक, सक्रिय, समन्वय र सहकार्य गरी अगाडि बढ्नुपर्छ । बालबालिका भविष्यका कर्णधार हुन, तारा र जुन अनि भविष्यका अनगिन्ती सम्भावनाका मुहान हुन । जय बालबालिका ।

# प्रदेश लोक सेवा आयोग : योग्यता, स्वच्छता र निष्पक्षताको अपेक्षा



विकेन्द्र ढकाल*

## पृष्ठभूमि

नेपालको संविधानको धारा २४४ मा प्रदेश लोक सेवा आयोगसम्बन्धी व्यवस्था गरिएको छ । उक्त धारामा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग गठन गरिने प्रावधान छ । संघीयताको मूल मर्म भनेको शासन प्रणाली जनताको नजिक पुग्नु र अत्याधिक नागरिक संलग्नता गराउनु हो । जुनसुकै शासकीय प्रणालीमा कर्मचारीतन्त्रबाटै कार्य सम्पादन हुने तथ्य सर्वस्वीकार्य रही आएको छ । यस्ता कर्मचारीहरु जनउत्तरदायी, पारदर्शी, निष्पक्ष, राजनैतिक रुपले तटस्थ र पदीय दायित्व निर्वाह गर्न सक्षम हुनैपर्ने सर्वव्यापी मान्यता रही आएको छ । करिब साढे ६ दशकको अनुभव भएको लोक सेवा आयोगले योग्यता प्रणालीको सिद्धान्त र निश्चित परीक्षण विधिका आधारमा सार्वजनिक सेवाका लागि जनशक्ति छनौंटको भूमिका निर्वाह गर्दै आइरहेको छ । लामो अनुभवसँगै लोक सेवा आयोगले कायम गरेको विश्वसनीयता र निस्पक्षता आर्जन गर्न अब बन्ने प्रदेश लोक सेवा आयोगहरु पनि सफल हुन आवश्यक छ ।

## संरचनागत व्यवस्था

वर्तमान संविधानले मुलुकको शासन प्रणालीलाई संघीय ढाँचामा लैजाने अठोट गरेसँगै लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोग गरी दुई फरक हैसियतका निकायहरुको व्यवस्था गरेको छ । लोक सेवा आयोग संवैधानिक निकायको रुपमा रहने गरी संविधानमा नै गठन व्यवस्था, सेवाको सुरक्षा र पदमुक्तिका निश्चित आधार सम्बन्धी विस्तृत व्यवस्था सहित कार्य सम्पादनमा स्वतन्त्रता दिइएको छ । यस्ता प्रावधानले आयोगलाई स्वतन्त्र, स्वच्छ एवं निष्पक्ष बनाउन यथेष्ट भूमिका खेलेको छ । तर प्रदेश लोक सेवा आयोग प्रादेशिक कानूनको आधारमा गठन हुने र आधार र मापदण्ड संघीय कानून बमोजिम हुने व्यवस्था मात्र संविधानमा उल्लेख छ ।

प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ का अनुसार आयोगमा कम्तिमा एकजना महिला हुने गरी अध्यक्ष सहित तीन जना सदस्य रहने व्यवस्था छ । अध्यक्ष र सदस्यको नियुक्तिको लागि सिफारिस गर्न प्रदेश मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश सभाको सभामुख र प्रदेश सभामा विपक्षी दलको नेता रहेको एक सिफारिस समिति रहनेछ । सिफारिस समितिले समानुपातिक समावेशी सिद्धान्तका आधारमा अध्यक्ष र सदस्यको पदमा नियुक्तिको लागि सिफारिस गर्ने र प्रदेश प्रमुखले अध्यक्ष र सदस्यको नियुक्ति गर्ने व्यवस्था रहेको छ । साथै देहायका योग्यता भएको नेपाली नागरिक अध्यक्ष वा सदस्यको पदमा नियुक्तिका लागि योग्य हुने व्यवस्था रहेको छ ।

** लेखक भूमि व्यवस्था तथा सहकारी रजिष्ट्रारको कार्यालय, सुर्खेतमा लेखा अधिकृत हुनुहुन्छ ।*

क) मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको,
ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,
ग) अध्यक्षको हकमा पैंतालीस वर्ष र सदस्यको हकमा पैंतीस वर्ष उमेर पूरा भएको,
घ) उच्च नैतिक चरित्र भएको ।

आयोगका सदस्यहरुमध्ये कम्तीमा एकजना सदस्य बीस वर्ष वा सोभन्दा बढी अवधिसम्म कुनै सरकारी सेवामा रहेका व्यक्तिहरुमध्येबाट र बाँकी सदस्यहरु विज्ञान, प्रविधि, कला, साहित्य, कानुन, जनप्रशासन, समाजशास्त्र वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्वपूर्ण कार्य गरी ख्याति प्राप्त गरेको व्यक्तिहरु मध्येबाट नियुक्त हुने र पदाधिकारीहरुको पदावधि नियुक्ति भएको मितिले ६ वर्षको हुने व्यवस्था छ । विभिन्न प्रदेश सरकारले प्रदेश लोक सेवा आयोग विधेयक पारित गरेका छन् र केहि प्रदेशले पदाधिकारीहरु समेत नियुक्त गरिसकेको अवस्था रहेको छ ।

### बहसमा आयोग

प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ अनुसार प्रदेश लोक सेवा आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धमा प्रदेश कानूनमा व्यवस्था गर्दा देहायका आधार र मापदण्ड बमोजिम गर्नु पर्ने व्यवस्था रहेको छ :-

क) लोक सेवा आयोग सम्बन्धी प्रचलित कानूनी व्यवस्थाको आधारभूत मान्यता र सिद्धान्त
ख) विभिन्न सेवाको लागि उपयुक्त उम्मेदवार छनौटका लागि सञ्चालन गरिने परीक्षाको किसिम, पाठ्यक्रम तर्जुमा, परीक्षण विधि निर्धारण, विज्ञहरुको छनौट, प्रश्नपत्र निर्माण तथा परिमार्जन, परीक्षा सञ्चालन, उत्तरपुस्तिकामा सङ्केत नम्बरको प्रयोग, उत्तरपुस्तिका परीक्षण, अन्तर्वार्ता सञ्चालन, नतिजा प्रकाशन र सिफारिस लगायतका काम कारबाही सम्बन्धमा लोक सेवा आयोगले अपनाएको अभ्यास, विधि तथा मापदण्ड ।

प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदको पदपूर्तिको लागि उम्मेदवारको छनौटलाई स्वच्छ, निष्पक्ष र विश्वसनीय बनाउन लोक सेवा आयोगले संघीय कानून बमोजिम अपनाएको सिद्धान्त र मापदण्डलाई आयोगले अवलम्बन गर्नु पर्ने व्यवस्था छ । साथै सिद्धान्त तथा मापदण्ड सार्वजनिक गर्नु पर्ने, लोक सेवा आयोगसँग आवश्यक समन्वय र सहकार्य गर्न सक्ने समेत व्यवस्था गरेको छ । प्रदेश लोक सेवा आयोगले पाठ्यक्रम तर्जुमा, प्रश्नपत्र निर्माण वा परीक्षा सम्बन्धी कुनै पनि विषयका सम्बन्धमा लोक सेवा आयोगको सहयोग लिन सक्ने व्यवस्था समेत छ ।

लोकसेवा आयोगले कायम गरेको विश्वसनीयता र निष्पक्षता प्रदेश लोक सेवा आयोगहरुले समेत आर्जन गरुन् भन्ने आम जनताको अपेक्षा रहेको छ । स्वच्छ कार्यसम्पादनका लागि दबाब, भय, त्रास, लोभ, प्रभाव र तनावबाट मुक्त हुनुपर्ने पक्ष महत्वपूर्ण हो । हालसम्म लोक सेवा आयोगले पदपूर्ति प्रक्रियाका हरेक चरणमा उम्मेदवारको परीक्षण गर्न विषयगत विज्ञता प्राप्त गरेको छ । यस क्रममा आयोगले धेरै संख्यामा दक्ष विज्ञ समूहको उपयोग गरी कार्य सम्पादन गराउँदै आएको छ । देशभरबाट दक्ष विज्ञहरु परिचालन गर्दा आवश्यक संख्यामा योग्य विज्ञसमूह उपलब्ध भएको छ । तर प्रदेश लोक सेवा आयोगले विज्ञ समूहलाई प्रादेशिक रुपमा मात्र हेर्‍यो भने विज्ञ समूह अत्यन्त सानो भई कार्य सम्पादनमा असंलग्नता र गोपनीयताका सिद्धान्तमा स्वतः असर पर्ने देखिन्छ । यस्तै कानून बमोजिम गठन हुने हुँदा प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरुको पद संवैधानिक निकायको स्वतन्त्र र सम्मानित पद नभई

जागिरे सरहको पद बन्न जाने शङ्का उब्जने यथेष्ट ठाउँ हुन जान्छ । हालसम्मको अनुभवलाई हेर्दा आयोगबाट उपलब्ध गराइएका परामर्श कार्यान्वयनको अवस्था समेत अत्यन्त चिन्ताजनक भएको सन्दर्भमा संघीय कानून बमोजिम स्वीकृत हुने आधार र मापदण्ड प्रत्येक प्रदेशमा समानरुपमा हुबहु कार्यान्वयन हुने सुनिश्चितता देखिंदैन ।

## पद्धतिमा आधारित पदपूर्ति

प्रदेश लोकसेवा आयोग गठन गरेपछि कर्मचारी भर्नाको कार्य सम्पन्न गर्न थुप्रै गृहकार्य गर्नुपर्ने हुन्छ। यस सन्दर्भमा सर्वप्रथम विभिन्न पदका लागि आवश्यक पर्ने विषयगत पाठ्यक्रमको निर्माण गरिनुपर्छ। यो कार्य आफैँमा चुनौतीपूर्ण छ। यसरी निर्माण गर्नुपर्ने पाठ्यक्रमका विज्ञ सम्बन्धित प्रदेशमा उपलब्ध छन् छैनन्, नभएमा कहाँबाट लिने भन्ने विषयमा निर्णय लिनु जरुरी छ। तयार पारिएका पाठ्यक्रम कर्मचारीले सम्पादन गर्नुपर्ने कार्य अनुरूप छन्, छैनन् भन्ने बारेमा विज्ञले तयार गरेको पाठ्यक्रम सम्बन्धित मन्त्रालयबाट अनुमोदन गराउनुपर्ने हुन्छ। सो अनुमोदन भएपछि आयोगको बैठकले त्यसलाई पारित गरी तोकिएको मितिदेखि लागू हुनेगरी सार्वजनिक गरिनुपर्दछ।

लोकसेवा आयोगको लामो अनुभव, लामो स्मरण, संस्थागत सुदृढीकरण र सुदृढ प्रणाली, दीर्घकालदेखिको विश्वसनीयता र उच्च छविले पनि पछिल्लो समयमा यथेष्ट काम गरेको छ । हाल आयोगको कुनै एक कार्यालयको विज्ञापन सम्बन्धी उत्तरपुस्तिकाको पहिलो कोड तथा अन्तर्वार्ता र सिफारिस वाहेकका अन्य कार्यसम्पादन केन्द्रीय कार्यालय वा अन्यत्र कार्यालयबाट गर्ने व्यवस्था गरी परिचय-शुन्यता, असंलग्नता र गोपनीयता मार्फत निष्पक्ष र स्वच्छ कार्यसम्पादन भएको छ । प्रदेश लोक सेवा आयोगको निष्पक्ष र स्वच्छ कार्य सम्पादनको आधार तय गर्न अन्य प्रदेश लोक सेवा आयोग वा लोक सेवा आयोग बीच समन्वयको संवैधानिक सुनिश्चितता हुनु अनिवार्य देखिएको छ । यसका अतिरिक्त समन्वयात्मक  कार्यप्रणालीबाट संगठनात्मक सुदृढीकरण, अन्तरनिकाय सिकाईबाट सच्चिन सक्ने अवसर प्राप्त हुने, पाठ्यक्रम तथा परीक्षा प्रणालीमा एकरुपता हुने र प्रतिवेदनमा समेत सहजता हुने देखिन्छ ।

कर्मचारी भर्ना कार्यका सिलसिलामा विभिन्न प्रक्रिया अवलम्बन गरिन्छ । त्यसबारे पालना गर्नुपर्ने विधिको समेत आधार तय गरिनुपर्छ । यस सम्बन्धमा भर्ना कार्यका लागि विज्ञापन गरेपछि परीक्षा सार्वजनिक गर्दासम्मका गतिविधि कसरी सञ्चालन गर्ने, परीक्षार्थीले पालना गर्नुपर्ने आचरण, उजुरीको छिनोफानो आदि प्रत्येक गतिविधिसित आवश्यक पर्ने नियम पारित गर्नुपर्ने हुन्छ । यो कार्य प्रदेश लोक सेवा आफैँले गर्न सक्ने भए तापनि केही हदसम्म सङ्घीय सरकारको समेत सहयोग लिनु आवश्यक देखिन्छ ।

प्रदेश लोक सेवा आयोगका पदाधिकारी, विज्ञ समूह र आयोगमा काम गर्ने कर्मचारीको आचारसंहिता निर्माण गरी आयोगसँग सम्बन्धित जुनसुकै कार्य (निरन्तर र पटके) गर्दा आचारसंहिता पालन गर्ने कबुलियत अनिवार्य गराउनुपर्ने देखिन्छ । यस्तै संघमा कार्यरत रहने कर्मचारीको संख्या, प्रदेशमा रहने कर्मचारीको संख्या र स्थानीय तहमा रहने कर्मचारीको संख्यालाई आधार मान्दा संघमा कार्यरत रहने कर्मचारीको संख्याभन्दा प्रदेश र स्थानीय तहमा कार्यरत रहने कर्मचारीको संख्या अधिक भएको पक्षलाई समेत हेर्दा लोक सेवा आयोग मात्र निष्पक्ष भएर ठूलो समूहलाई प्रतिनिधित्व नगर्ने देखिन्छ । हाल लोक सेवा आयोगले अवलम्बन गरि रहेको स्वतन्त्र कार्यपद्धति र परीक्षार्थीले अनुमान गर्न नसक्ने गरी राष्ट्रिय रुपमा विज्ञ परिचालनको पद्धतिलाई प्रदेश लोक सेवा आयोगले अवलम्बन गरी संस्थागत गर्न आवश्यक छ ।

उत्तरपुस्तिका परीक्षण गर्नुपूर्व उम्मेदवारको पहिचानलाई लुकाउन उत्तरपुस्तिकामा प्रथम कोडिङ कार्यमा संलग्न हुनेले द्वितीय कोडिङमा संलग्न नहुने, कच्चा प्रश्न निर्माण, प्रश्नपत्र परिमार्जन, उत्तरपुस्तिका परीक्षण जस्ता हरेक विषयमा समेत निश्चित प्रणाली लागू भएको छ । अन्तर्वार्तामा विज्ञ बोलाएको विषय आयोगका अन्य सदस्यहरुलाई नै थाहा नहुने जस्ता पक्षहरुले एउटा कार्यमा संलग्न भएको पदाधिकारीलाई अर्को कार्य सम्पादनबारे जानकारी नहुने र आचारसंहिता अनुसार गर्न नपाइने विषयबाट पनि लोक सेवा आयोगले निरन्तर स्वच्छता कायम गर्न सकिरहेको छ । यस्तै आयोगले आफ्नो नियमावली आफै बनाउने, परीक्षाको प्रश्नपत्र केन्द्रबाट मात्र तयार हुने परम्परा, अन्य अंगसँगको सौहार्द सम्बन्ध उत्कृष्ट भएको पक्ष, निर्णयमा स्वाधिनता हुने अवस्था जस्ता राम्रा पक्षले लोक सेवा आयोगलाई कार्य सम्पादनमा स्वच्छता कायम राख्न सहज भएको सन्दर्भमा प्रदेश लोक सेवा आयोगको नियुक्तिको व्यवस्था, पदावधि, शैक्षिक योग्यता, पुनःनियुक्ति, रिक्त अवस्था, नियुक्तिको योग्यता, पारिश्रमिक र सेवाका शर्तमा परिवर्तन नगरिने पक्ष, काम, कर्तव्य, अधिकार जस्ता विषय, यथेष्ट कर्मचारीको प्रबन्ध  जस्ता पक्ष संविधानमा उल्लेख नभएको कारण प्रदेश लोक सेवा आयोगको निष्पक्षता, स्वतन्त्रता जोगाउन नसकी कार्य सम्पादन जोखिममा पर्न  सक्छ ।

प्रदेश लोकसेवा आयोग गठनका साथै यसको सञ्चालन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनु आवश्यक छ । विगतमा सार्वजनिक संस्थान र विश्वविद्यालयमा स्थापना गरिएका अधिकांश पदपूर्ति समिति/आयोगले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेको, आलोचित भएकाले नयाँ स्थापना गरिने आयोगको सञ्चालन कसरी भन्ने विषयमा ध्यान पुऱ्याउनै पर्दछ ।

केन्द्रीय आयोगसित कर्मचारी भर्ना कार्यको लामो अनुभव छ । अतः नयाँ स्थापना गरिने प्रदेश लोकसेवा आयोगले परीक्षा सञ्चालनसम्बन्धी प्रश्ननिर्माण गर्ने, बहु उत्तरपुस्तिकाको प्रयोग, डबल कोडिङ, गोप्यता, आदिका साथै अन्तर्वार्तासम्बन्धी विभिन्न प्रक्रियामा अवलम्बन गर्नुपर्ने प्रक्रियाका बारेमा केन्द्रसित सहयोग लिई कार्य अगाडि बढाउनु उपयुक्त देखिन्छ ।

## आयोगको संघीयकरण

प्रदेश लोक सेवा आयोगले कार्य सम्पादन गर्दा राष्ट्रिय रुपमा विज्ञ हेरी प्रदेश लोक सेवा आयोगको कार्य सम्पादनमा गोप्य तवरले समावेश गरिनुपर्ने, वार्षिक प्रतिवेदन पनि सोही अनुरुप गर्नुपर्ने व्यवस्थाका अतिरिक्त प्रदेश लोक सेवा आयोग र संघीय लोक सेवा आयोगको बीचमा स्पष्ट समन्वय राख्ने यथेष्ट प्रबन्ध भएमा कार्यालय र न्यून कर्मचारी समेतबाट नै दुबै तहको कार्य सम्पादन हुनसक्छ । प्रदेश लोक सेवा आयोगका पदाधिकारी समाजमा उच्च छवि भएका र गुण प्रणालीलाई आत्मसात् गर्नेका अतिरिक्त संसदीय सुनुवाईको समेत प्रबन्ध हुन आवश्यक देखिन्छ । यस्तै मर्यादा पहिचान, सदाचारिताको सुनिश्चितता, समावेशीता, निजामती, सुरक्षा निकाय र शैक्षिक संस्थाको आर्जन गरिएको स्वच्छ व्यक्तित्व जस्ता गुणबाट निर्दिष्ट हुन अपरिहार्य छ ।

लोक सेवा आयोगबाट छनौट गरी पठाइएका कर्मचारीको कार्य सम्पादनको स्तर, सफलता, असफलताको अवस्था, क्षमताको स्तर र आचरण तथा व्यवहारको स्तर मूल्याङ्कन हुन नसकेको हालसम्मको सन्दर्भको कमजोरी प्रदेश लोक सेवा आयोगमा किमार्थ हुन नहुने पक्षमा समेत ध्यान जानुपर्ने देखिन्छ । यस्तै राम्रो संस्थामा पनि निरन्तर सुधार अपरिहार्य हुने भएकोले प्रदेश लोक सेवा आयोगको गठन हुनुपूर्व नै यसतर्फ सोच्नुपर्ने देखिन्छ ।

प्रदेश लोक सेवा आयोगको संगठनात्मक स्वरुप निर्माण गरी परामर्शको क्षेत्राधिकार कस्तो हुने, परामर्श मान्ने/नमान्ने सम्बन्धको विषय पनि समयमै परिभाषित गर्नुपर्ने देखिन्छ । यस्तै प्रदेश लोक सेवा आयोगलाई

राजनीतिक हस्तक्षेपबाट मुक्त हुने व्यवस्था र अनुसन्धान तथा प्रवर्द्धनात्मक कार्यहरु लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगबाट संयुक्त रुपमा गरिनुपर्ने प्रबन्धलाई समेत संविधानमा प्रदेश लोक सेवा आयोगको काम, कर्तव्य र अधिकारमा लिपिबद्ध गरी संवैधानिक सुनिश्चितता गर्नुपर्ने देखिन्छ । योग्यता, स्वच्छता र निष्पक्षताका मूल्यहरु आत्मसात् गर्ने गरि प्रदेशस्तरको संरचनालाई संस्थागत गर्न नसकिएमा प्रदेश लोक सेवा आयोगको औचित्य माथि नै प्रश्न चिह्न लाग्ने अवस्था सिर्जना हुनसक्ने तर्फ समयमै ध्यान पुग्नु आवश्यक छ ।

प्रदेश सरकारले प्रदेश निजामती सेवा ऐन निर्माण गर्दा कर्मचारीको वृत्तिविकासमा ध्यान पुऱ्याउनु आवश्यक छ । विश्वव्यापी रूपमा जनता सहरमुखी हुँदै गएको पृष्ठभूमिमा नेपालमा पनि यो क्रम बढ्दो छ । अतः गाउँठाउँमा गई सेवा गर्ने उम्मेदवारहरू प्राप्त गर्नु पनि त्यति सरल देखिन्न । त्यसैले प्रदेश निजामती ऐन निर्माण गर्दा प्रदेशभित्रका सम्बन्धित सबै कार्यालयमा सरुवा, पदोन्नति हुने गरी व्यवस्था मिलाइनु पर्दछ । कर्मचारी भर्ना गरेर मात्र सबै कार्य पूरा हुँदैन । ती भर्ना गरिएका कर्मचारीलाई प्रशिक्षितसमेत गरिनुपर्दछ । यस सन्दर्भमा उनीहरूलाई पूर्व सेवाकालीन एवं पुनर्ताजगी तालिमको समेत व्यवस्था मिलाइनु आवश्यक छ । यस कार्यमा प्रदेश सरकारले नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानसित समन्वय गरी कार्य गर्नु उपयुक्त देखिन्छ ।

## निष्कर्ष

प्रदेश लोक सेवा आयोगका विविध पक्षहरुमा ध्यान दिई सार्वजनिक सेवाको पदपूर्तिमा योग्यता, स्वच्छता र निष्पक्षताको सुनिश्चितताका उपायहरु अवलम्बन गर्न सकिएको खण्डमा हालको लोक सेवा आयोग जत्तिकै प्रदेश लोक सेवा आयोगले पनि सर्वसाधारण नेपालीको विश्वास आर्जन गर्न सक्ने, नेपाली जनताको मुटुमा रहन सक्ने र सार्वजनिक सेवा अझै भरपर्दो, विश्वसनीय र सुनिश्चिततातर्फ उन्मुख हुने अपेक्षा गर्न सकिन्छ ।

## सन्दर्भ सामग्रीहरु


- नेपालको संविधान, कानून किताब व्यवस्था समिति ।
- निजामती सेवा ऐन, २०४९ र नियमावली, २०५०
- लोक सेवा आयोग ऐन, २०६६ र नियमावली, २०६७
- सहसचिव श्री किरणराज शर्मा, लोकसेवा आयोग,  कार्यपत्र २०७५
- प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५
- विभिन्न वेभसाइटहरु ।

# प्रजनन् स्वास्थ्य र कर्णाली प्रदेशको वर्तमान अवस्था



मान कुमारी गुरुङ्ग*

## परिचय र महत्व

प्रजनन् स्वास्थ्य कार्यक्रम नेपाल सरकारको उच्च प्राथमिकतामा रहेको कार्यक्रम हो । प्रजनन् स्वास्थ्य भन्नाले शारिरीक, मानसिक र सामाजिक रुपमा स्वस्थ्य रहनुको साथै प्रजनन् प्रक्रिया,कार्य, आवश्यकता, छनौट, निर्णय र व्यवहारिक प्रयोग गर्न सक्षम हुनु हो । प्रजनन् उमेरका व्यक्ति वा महिला मात्र नभै गर्भावस्था, शिशु अवस्था देखि जेष्ठ नागरिकसम्म सबैलाई प्रजनन् स्वास्थ्यको आवश्यकता रहन्छ । बच्चा जन्मने वित्तिकै अत्यावश्यक नवजात शिशु स्याहार दिने, बालबालिकाको स्वास्थ्य सुधारका लागि कृयाकलापहरु, किशोरकिसोरीका लागि यौन तथा प्रजनन स्वास्थ्य सेवा, विवाहित दम्पतिका लागि स्वास्थ्य समस्याको उपचार र व्यवस्थापन आदि सेवाहरु प्रजनन् स्वास्थ्य सेवामा हुनु जरुरी छ ।

## नेपालले गरेका अन्तराष्ट्रिय प्रतिवद्धताहरु

नेपाल सरकारले प्रजनन् स्वास्थ्य सम्बन्धी अन्तर्राष्ट्रियस्तरमा विभिन्न सम्मेलन तथा सन्धिहरुमा हस्ताक्षर गरेको छ । जसमा सन् २०१५ देखि २०३० सम्ममा दिगो विकास लक्ष्यमा स्वास्थ्यका विभिन्न विषयहरु उल्लेख भएकोमा मातृ मृत्यु दरलाई ७० भन्दा कममा झार्ने लक्ष्य लिएको छ । त्यसैगरी जनसंख्या तथा विकास सम्बन्धी सन् १९९४ मा इजिप्टको कायरोमा भएको अन्तराष्ट्रिय सम्मेलनमा नेपालले हस्ताक्षर गरि हरेक दम्पतीलाई कति, कहिले बच्चा पाउने र परिवार नियोजनका साधनहरु स्वेच्छिक तवरले प्रयोग गर्न पाउने अधिकार प्रत्याभूति गरेको छ र सोही सम्मेलनले परिवार नियोजनलाई जनसंख्या नियन्त्रण गर्ने नभै यो विकासको एजेण्डा बनाउने भनि नेपाल सरकारले हस्ताक्षर गरेको छ । त्यसैगरी सन् १९७५ मा मेक्सिकोमा भएको महिला विरुद्धको हिंसा अन्त्य गर्न प्रतिवद्धता जनाएको छ । त्यसैगरी सन् २०१२ मा लण्डनमा परिवार नियोजन सम्बन्धी सम्मेलनमा नेपाल सरकारले हस्ताक्षर गरि परिवार नियोजन कार्यक्रमलाई थप सुदृढ बनाउन परिवार नियोजन सेवाको गुणस्तर र पहुँच बढाउन यस क्षेत्रमा लगानी बृद्धि गर्न प्रतिवद्धता व्यक्त गरेको छ ।

## नेपालमा प्रजनन् स्वास्थ्यको वर्तमान अवस्था र दिगो विकास लक्ष्य

नेपाल सरकारले १९९० यता स्वास्थ्य क्षेत्रमा गरेका विभिन्न कार्यक्रमहरुका कारण मातृ तथा नवशिशु र वाल स्वास्थ्यमा उल्लेख्य सुधार आएता पनि अझै धेरै कार्य गर्न बाकी रहेको छ । सन् २०१६ को नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण अनुसार, नेपालमा मात्तृ मृत्युदर २३९ प्रति लाख जनसंख्या रहेको छ जसलाई सन् २०३० सम्ममा ७० प्रति लाख जनसंख्यामा झार्ने, नवजात शिशु मृत्युदर २१ प्रति हजार जिवित जन्ममा रहेकोमा सन् २०३० सम्ममा १२ प्रति हजार जिवित जन्म भन्दा कममा झार्ने, यसैगरी ५७ प्रतिशत मात्र महिलाहरु स्वास्थ्य संस्थामा

---

*लेखक स्वास्थ्य सेवा निर्देशनालय सुर्खेतमा बरिष्ठ कम्यूनिटी नर्सिङ्ग अधिकृत हुनुहुन्छ ।*

आइ सुत्केरी हुने गरेकोमा सन् २०३० सम्ममा ९० प्रतिशत महिलाहरु स्वास्थ्य संस्थामा आइ सुत्केरी गराउने व्यवस्था गर्ने, हाल ४३ प्रतिशत दम्पतिले मात्र परिवार नियोजन सेवा प्रयोग गरेकोमा सोलाई बृद्धि गरि सन् २०३० सम्ममा ६५ प्रतिशत पुऱ्याउने लक्ष्य लिइएको छ । नेपालमा किशोर तथा किशोरीहरुले कम उमेरमै विवाह गरी बच्चा जन्माउने गरेकोले किशोरीहरुको प्रजनन दरलाई हालको ८८ बाट ३० मा झार्ने लक्ष्य लिइएको छ । यो चुनौती पूरा गर्न सम्पूर्ण तहका सम्बन्धित निकायहरुको महत्वपूर्ण भूमिका रहेको छ ।

## प्रजनन् स्वास्थ्य सेवाको महत्व

प्रजनन् स्वास्थ्य सेवा आमा र बच्चाको स्वास्थ्य सेवा मात्र नभै समग्रमा स्वास्थ्य सुधारको लागि आवश्यक हुन्छ । प्रजनन् स्वास्थ्य सेवा पाउनु प्रत्येक नागरिकको संविधानप्रद्धत अधिकार हो । प्रजनन् स्वास्थ्य सेवा प्रभावकारी गराउन सकिएमा महिला तथा वालवालिकाहरुको जीवन बचाउन सकिन्छ, महिला सशक्तिकरण हुन्छ र समाजको दिगो विकास हुन्छ भने प्रजनन् स्वास्थ्य सेवा उपयुक्त नहुदा मातृ तथा वाल मृत्यु बढ्छ ।

- स्वस्थ र शिक्षित आमा भए स्वस्थ वच्चा जन्म भई स्वस्थ र समृद्ध समाज बन्दछ ।
- किशोरावस्थामा हुने गर्भाधारण, अनिश्चित गर्भाधारण र असुरक्षित गर्भपतनलाई रोकी मातृमृत्युदरलाई कम गर्ने गर्दछ ।
- महिला सशक्तीकरण र आर्थिक समृद्धि गर्न मद्दत गर्दछ ।

## नेपाल सरकारले सुरक्षित मातृत्वका लागि गरिएका पहलहरु

सुरक्षित मातृत्व प्रजनन् स्वास्थ्यको महत्वपूर्ण अंग हो । हरेक महिलाले गर्भवती भएदेखि गर्भावस्था, प्रसव अवस्था र सुत्केरी अवस्थामा आवश्यक प्रजनन् स्वास्थ्य सेवा पाउने अधिकार राख्दछन् । हाल नेपाल सरकारले निशुल्क गर्भवती जाच सेवा, निशुल्क प्रसूति सेवा, सुत्केरी तथा नवजात शिशु स्याहार सेवा, न्यानो झोला वितरण कार्यक्रम देशव्यापीरुपमा संचालन गरेको छ भने केही स्थानहरुमा थप कार्यक्रम समेत संचालन गरिएको छ । हाल नेपाल सरकारबाट तोकिएको महिलाहरु (४, ६, ८ र ९) महिनामा गर्भ जाच गराँए वापत प्रोत्साहन रकम रु ८०० र स्वास्थ्य संस्थामा सुत्केरी भए हिमाली जिल्लाहरुमा रु ३०००, पहाडी जिल्लाहरुमा रु २००० र तराइमा रु १००० यातायात खर्च दिने व्यवस्था गरिएको छ । हाल नेपाल सरकारले सबै सरकारी अस्पतालबाट नवजात शिशु (जन्मेको २८ दिन) निःशुल्क उपचारको व्यवस्था गरेको छ भने समुदाय स्तरमा नवजात शिशु स्याहार कार्यक्रम अन्तरर्गत निःशुल्क उपचार र व्यवस्थापनको व्यवस्था मिलाईएको छ । सरकारी अस्पतालमा सम्पूर्ण सेवा निःशुल्क उपलब्ध रहेको छ ।

## प्रजनन् स्वास्थ्य रणनीति १९९८ ले पहिचान गरेको प्रजनन् स्वास्थ्यका ९ वटा तत्वहरु

- सुरक्षित मातृत्व
- परिवार नियोजन
- नवजात शिशु
- किशोरकिशोरी स्वास्थ्य
- एच.आइ.भि., एड्स र यौन रोग व्यवस्थापन
- निसन्तान दम्पतिलाई सेवा तथा परामर्श
- सुरक्षित गर्भपतन सेवा

- उमेर ढल्केका महिलाहरुको प्रजनन् स्वास्थ्य र
- लैंगिक हिंसा

## कर्णाली प्रदेशमा प्रजनन् स्वास्थ्य सूचकहरुको अवस्था

HMIS २०७५।०७६ का अनुसार, कर्णाली प्रदेशमा प्रजनन् स्वास्थ्य अन्तरगतका सूचकहरु यसप्रकार रहेको छ । कर्णाली प्रदेशमा संस्थागत प्रसुति ७३.१ प्रतिशत, SBA द्वारा सुत्केरी हुने ५९.४ प्रतिशत रहेको छ। चौथो पटकको गर्भवती जाँच प्रोटोकल अनुसार ६१.८ प्रतिशत रहेको छ। परिवार नियोजन साधन प्रयोग दर ३५.३ प्रतिशत रहेको छ। गर्भपतन पश्चात परिवार नियोजन सेवा लिने ६५ प्रतिशत रहेको छ भने आमा समूहको बैठक ९४.२ प्रतिशत गरिएको छ। त्यसैगरी २०७५।७६ मा कर्णालीमा जम्मा मात्तृ मृत्यु संख्या १३ रहेको छ।

## प्रजनन् स्वास्थ्यको सूचकको  अवस्था

| सूचक | कर्णाली प्रदेश | नेपाल | २०३० को लक्ष |
|---|---|---|---|
| कूल प्रजनन् दर (१५-४९ वर्ष) | २.८ | २.३ | २.१ |
| किशोरी अवस्थामा गर्भाधान प्रतिशत | १९ | २७ | - |
| परिवार नियोजन साधन प्रयोगदर | ४५ | ४३ | - |
| परिवार नियोजनको अपरिपूर्त माग प्रतिशत | २६ | २४ | - |
| प्रोटोकल अनुसार ४ पटक गर्भ जाँच प्रतिशत | ६२ | ५६ | - |
| स्वास्थ्य संस्थामा सुत्केरी हुने प्रतिशत | ७३ | ६३ | ९० |
| दक्ष प्रसुतीकर्मीबाट सुत्केरी हुने प्रतिशत | ५९ | ६० | ९० |
| आकस्मिक प्रसुति सेवा परिपूर्त प्रतिशत | ६७ | ४८ | - |
| नवजात शिशु मृत्युदर (प्रति हजारमा) | २९ | २१ | १२ |
| २०७५।७६ को मातृमृत्यु संख्या | १३ | २३९ | ७० |

Source : NDHS-2016, HMIS-2019

प्रजनन् स्वास्थ्यले समतामूलक र गतिशील समाज निर्माणमा महत्वपूर्ण भूमिका खेल्दछ । प्रजनन् स्वास्थ्यलाई प्राथमिकतामा राख्दै आएको हुँदाहुँदै पनि यसमा अझैपनि चुनौतीहरु र समस्याहरु रहिआएको छ । त्यसमा पनि कर्णाली प्रदेशमा प्रजनन् स्वास्थ्यका सूचकहरुको अवस्था तुलनात्मक रुपमा कमजोर रहेको छ । तसर्थ प्रजनन् स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखी लगानी बढाई मात्तृ मृत्यु दर, नवजात शिशु मृत्यु दर र रुग्णता दर कम गराई संविधान प्रदत्त  अधिकारलाई सुनिश्चित गराउने हामी सबैको दायित्व हो ।

# घरेलु हिंसा र महिला हिंसा विरुद्ध अन्तरचेतनाको आवश्यकता



रीमा कुमारी कडेल*

किन महिलामाथि हुने सबै खाले हिंसा मुक्तिका आवाज अझै कमजोर छन् त भन्नेतिर गहिरिएर हेर्ने हो भने कहीं न कहीं महिलाकै हात रहेको कुरालाई नकार्न सकिने अवस्था छैन । नारीको सार पक्ष 'जननी' भए तापनि उसको रुप पक्ष अनेक छ । उसले जन्मेदेखि मृत्युसम्म अनेक रुपमा विभाजित बन्नुपर्छ र एक नारीले अनेक रुपको भूमिकामा आफुलाई प्रस्तुत गरिरहनुपर्छ । अनेक रुपको बाबजुद पनि नारी आफ्नो जीवनकालमा मुख्यतः तीन रुपबाट गुज्रिन्छे- छोरी, बुहारी र सासू । कहीं न कहीं यी तीनै रुपमा ऊ कुनै न कुनै प्रकारको हिंसाको सिकार हुन बाध्य हुन्छे । उसलाई घर, परिवार र समाजले जानेरै वा नजानेरै हिंसा गरिरहेको हुन्छ र त्यो हिंसामा नारीकै संलग्नता पनि रहेको हुन्छ ।

नारीको पहिलो रुप हो, छोरी । परिवार वा समाजले सकेसम्म उसलाई जन्मदै नजन्मोस् भन्ने चाहन्छ । स्वयम् एउटी आमा पनि छोरी जन्माउन चाहदिनन् र लिङ्ग परीक्षण गर्न लाग्छिन् । अनि गर्भमा छोरी भएको थाहा हुनासाथ गर्भपतन गराउँछिन् । छोरी भएकैले भोग्नुपरेको योभन्दा ठूलो अमानवीय हिंसा के हुनसक्छ ? हाम्रो सामाजिक संरचना नै यस्तो बनाइएको छ कि परिवारमा महिलालाई नै छोरा चाहिएको हुन्छ । अंश र वंशको मानसिकताले आमाहरुलाई नै कमजोर बनाइदिएको हुन्छ । कथंकदाचित जन्मिहाली भने पनि छोरीमाथि हुने पारिवारिक र सामाजिक विभेदमा महिलाहरुकै सहभागितालाई नकार्न सकिंदैन । छोरी जति नै शिक्षित र आत्मनिर्भर भए तापनि आज पनि ऊ "अर्काको घर जाने जात"मा दरिएकै छ । बाबुआमा र परिवारको नजरमा ऊ "आफ्नी" हुँदै हुँदिन । तर छोरा सधैं "आफ्नो" हुन्छ । नारी माथिको लैङ्गिक विभेद यसरी सुरु हुन्छ ।

जब छोरी बिहे गरेर बुहारीको रुपमा पतिको घर जान्छे, अनि नारीको दोस्रो रुप सुरु हुन्छ र हिंसाको अर्को रुप पनि सुरु हुन्छ । जति नै असल र सक्षम भए पनि ऊ "अर्काकी छोरी" हुन्छे र त्यही अनुसारको व्यवहार गरिन्छ । अपवाद बाहेक हरेक बुहारीमाथि सासूले शासन गर्न थाल्छिन् । आफूले जन्माएर हुर्काएको छोराले श्रीमतीको रुपमा अर्काकी छोरीलाई घरमा भित्र्याउँछ, अनि त्यो "आमा"भित्र डर उत्पन्न हुन्छ- कतै छोरो आफूबाट टाढिने वा खोसिने त होइन । यही कारण बुहारीप्रति इर्ष्याभाव उत्पन्न हुन्छ र बुहारीलाई हेप्ने, गाली गर्ने, उसका हरेक कार्यमा खोट देखाएर अनेक खाले मानसिक तनाव दिन थाल्छिन् । छोराले आफैलाई मात्र माया गरोस् र आफ्नै वरिपरिमात्र रहोस् भन्ने कतिपय आमाको चाहना हुन्छ, अनि बुहारीका भए-नभएका कुरा गरेर छोराको कान भरिदिन्छिन् । सही र गलत कुराको पहिचान गर्नपट्टी भन्दा पनि अधिकांशले आमाको कुरामा विश्वास गरिदिन्छन् र श्रीमतीसँगको व्यवहार बदलिदिन्छन् । जसले गर्दा विस्तारै बुहारीहरु शारीरिक र मानसिक हिंसाको सिकार बन्छन् । त्यस्तै दाइजो नल्याएको वा कम ल्याएको निहुँमा बुहारीमाथि सासूले नै ज्यादती गर्छिन् र घरका पुरुषहरुलाई ज्यादती गर्न उक्साउँछिन् । सन्तान जन्माइन वा छोरा जन्माइन भनेर सासू नै बुहारीमाथि हिंसा गर्छिन्, छोरालाई अर्को बिहे गर्न उक्साउँछिन् ।

---

** लेखक उद्योग तथा उपभोक्ता संरक्षण निर्देशनालय, सुर्खेतमा अधिकृत हुनुहुन्छ ।*

समग्रमा नारी एउटी "आमा" हुँदाहुँदै पनि छोरी र बुहारीमा अन्तर देख्ने मानसिकताले गर्दा अधिकांश महिला घरेलु हिंसाको सिकार हुन बाध्य छन् । छोरीलाई सहयोग र समर्थन गर्ने ज्वाइ "असल" हुन्छ, तर बुहारीलाई सहयोग र समर्थन गर्ने छोरा "जोइटिङग्रे" हुन्छ । कामकाजी महिला अझ बढी घरेलु हिंसाबाट पीडित हुने गर्छन् । एकातिर जागिरको बोझ, अर्कोतिर घरको कामको बोझ, सन्तुलन मिलाउन हम्मे-हम्मे पर्छ र मानसिक तनावबाट गुज्रिन पुग्छन् । जागिर छोडेर घरको दैलोकुचो र जुठोभाँडोमा मात्र सीमित हुन आजका शिक्षित बुहारीहरुलाई तिनको आत्मसम्मानले पनि स्वीकृति दिँदैन । भनिन्छ- आत्मनिर्भरताले नै आत्मसम्मानको रक्षा गर्छ ।

नारीको तेस्रो रुप हो, सासू । पालो सासूको मात्र रहँदैन, समाजमा । ऊ शक्तिमा हुँदासम्म बुहारीमाथि शासन गर्छे, ऊमाथि हिंसा गर्न आनन्द मान्छे, तर क्रमश : जब सासूको शक्ति कमजोर हुँदै जान्छ, बुहारीले उसमाथि शासन जमाउन खोज्छे । बुहारीको नजरमा पनि आफ्नी आमा प्यारी र मायालु हुन्छे, तर बूढी हुँदै गएकी सासू विस्तारै बोक्सी देखिन थाल्छे, हेलाको पात्र हुन्छे । कतिपय सासू त बुहारीकै कारण  सडकको बास गर्न पुग्छन् वा वृद्धाश्रममा  पुगेर मृत्यु पर्खन बाध्य हुन्छन् ।

घरेलु हिंसाको यो रुपलाई  न्युनीकरण गर्न वा हटाउन हरेक महिलामा अन्तरचेतनाको विकास हुन सक्नुपर्छ । महिलाले नै महिलालाई हेप्ने वा हिंसा गर्ने कार्य रोकिने हो भने घरेलु हिंसाबाट महिलाहरु  स्वतः मुक्त हुनेछन् । किनकि जब महिलाहरु आपसमा मिलेर लोभ र इर्ष्याबाट मुक्त हुँदै परिवार र समाजमा खुसीसाथ बाँच्न सिक्नेछन्, तबमात्र उनीहरु बलिया बन्नेछन् र महिलामाथि हुने हरेक खाले हिंसाबाट मुक्त हुन सक्नेछन् ।

संयुक्त राष्ट्र संघले नोभेम्बर २५ लाई अन्तर्राष्ट्रिय महिला हिंसा विरुद्धको दिवस भनेर घोषणा गरेको छ । झन्डैं साढे दुई दशक यता राष्ट्र संघले नोभेम्बर २५ देखि डिसेम्बर १० (अन्तराष्ट्रिय मानवअधिकार दिवस) सम्म महिला हिंसा विरुद्ध चेतनामूलक र दबाबमूलक विभिन्न कार्यक्रम विश्वभर आयोजना गर्छ । विश्वभरका अरु संघसंस्था र महिला अधिकारकर्मीले पनि त्यसलाई पछ्याउँदै हरेक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म महिला हिंसाविरुद्धमा अभियान नै चलाउँछन् । नेपालमा पनि महिला अधिकारकर्मी यो समयमा अत्यन्त बेफुर्सदिला हुन्छन् । महिला हिंसा विरोधी विभिन्न कार्यक्रम, गोष्ठी सेमिनारमा उनीहरु व्यस्त हुने गरेको देखिन्छ । महिला अधिकारकर्मीहरुले विभिन्न कार्यक्रमको आयोजना गर्दछन् तर दुर्भाग्य के छ भने, यस्ता कार्यक्रम महिला हिंसा न्यून गर्न अथवा त्यस प्रवृत्तिलाई निरुत्साहित गर्न प्रभावकारी हुन सकेका छैनन् । महिला अधिकार र हिंसा विरोधी कार्यक्रममार्फत केही अनुहार राष्ट्रिय चर्चामा आएका हुन सक्छन् । केहीले त्यसकै माध्यमबाट जीवन निर्वाह पनि गरेका होलान् । यद्यपि हिंसा घटाउने सन्दर्भमा यी कार्यक्रमहरुको प्रभावकारिता सन्तोषजनक छैन । त्यसकारण अभियन्ताहरुले यी कार्यक्रमलाई नितान्त औपचारिक र गरिखाने माध्यमका रुपमा मात्रै सीमित  नराखि समाजमा महसुस हुने स्तरमा कार्यक्रमहरुलाई प्रभावकारी बनाउनेतर्फ गम्भीर हुनु आवश्यक छ ।

त्यसो त महिला हिंसा न्यून गर्ने जिम्मेवारी महिला अधिकारकर्मीको मात्रै होइन, यसमा सरकार र नागरिक समाजको पनि उत्तिकै भूमिका हुन्छ ।  त्यसमा पनि सरकारको भूमिका प्रमुख हुन्छ । आखिर किन महिला हिंसा बढिरहेको छ ? त्यसका पछाडि विभिन्न आयाम र कारण  हुन सक्छन् तर सबैभन्दा ठूलो कारण  समाजमा बढ्दो दण्डहीनता हो । सरकारले महिला हिंसाका अभियुक्तलाई कडा भन्दा कडा कारबाही गरेर कानुनी दायरामा ल्याउन सक्नुपर्छ । सरकारले कुनै पनि महिला हिंसाका घटनामा कारबाही नगरेको भन्ने होइन । कतिपय घटनामा कारबाही भएका छन् यद्यपि आम रुपमा हिंसा बढ्दै जानुमा सरकारको कानुनी संयन्त्रको कमजोरी नै हो । महिला हकअधिकारको संरक्षण गर्न भनेर सरकार मातहतमा विभिन्न निकायहरु छन्  । यद्यपि महिला हिंसा कम गर्ने सन्दर्भमा यी संयन्त्रको भूमिकामा पनि प्रश्न उठ्ने गर्छ । समाजलाई महिलामैत्री बनाउने र हिंसाका घटना नियन्त्रण

गर्ने दायित्व सरकारकै हो । उसले आफ्ना कानुनी प्रणालीलाई मजबुद पार्दै महिला हिंसाका घटना नियन्त्रण गर्न संवेदनशील हुन जरुरी छ ।

नेपाली समाज महिला हिंसाका सन्दर्भमा अत्यन्त क्रुर हुँदै गएको देखिन्छ । कुनै दिन यस्तो छैन, नेपाली अखबारमा महिलाहरु कुनै न कुनै हिसाबले प्रताडित नभएका हुन् । कहीं बोक्सीको आरोपमा महिलामाथि चरम दुर्व्यवहार भएको छ त कहीं जिउँदै जलाइएको छ । घरेलु हिंसाका घटना त्यति नै मात्रामा बढिरहेका छन् । बालबालिकामाथि हुने बलात्कार र यौनहिंसाको अवस्था भयावह छ । त्यसकारण नेपाली समाजमा यतिखेर एकातिर बलियो कानुन प्रणाली लागू गर्दै दण्डहीनतालाई प्रश्रय नदिने अवस्था सिर्जना गर्न सक्नुपर्छ भने अर्कोतर्फ एउटा नैतिकवान् समाज निर्माणको चुनौती पनि जोडिएको छ । अधिकारकर्मी महिलाहरुले कर्मकाण्ड पूरा गर्नेतिर मात्रै नलागी र सहरमुखी कार्यक्रमहरुमा मात्रै सीमित नभई महिला हिंसाविरुद्धका कार्यक्रमलाई गाउँ गाउँ पुर्याउन सक्नुपर्छ । गाउँ देखि केन्द्रिय स्तरमा सरकारसम्मलाई दबाब निर्माण गर्ने कुरामा उनीहरुले आफ्नो प्रभावकारिता देखाउन सक्नुपर्छ भने सरकार र मातहतका निकायले कानुनी कारबाही प्रक्रियालाई चुस्त र बलियो बनाउन सक्नुपर्छ । अनि मात्रै यस्ता हिंसा विरोधी अभियानको औचित्य प्रमाणित हुन सक्छ ।

# बाल संरक्षणको अधिकार : स्थानीय तहको सरोकार



**डम्बर बहादुर रोकाय***

नेपालले बाल अधिकार सम्वन्धी महासन्धि, १९८९ लाई हस्ताक्षर तथा अनुमोदन गरे पश्चात बाल अधिकार संरक्षण तथा प्रवर्द्धन सम्वन्धी नीगित तथा कानुनी व्यवस्था गरेको छ । नेपालको संविधान २०७२, दिगो विकास लक्ष्य र बालबालिका सम्वन्धी ऐन २०७५ ले गरेका व्यवस्थालाई पूर्ण रुपमा कार्यन्वयन गर्ने जिम्मेवारी स्थानीय तहमा रहेको छ । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संघीय शासनमा बालमैत्री स्थानीय शासनको अवधारणा सफल बनाउन स्थानीय तह र स्थानीयस्तरका सरोकारवालाहरुको समन्वयात्मक, अर्थपूर्ण र नतिजामूलक भूमिकालाई अपरिहार्य मान्न सकिन्छ । स्थानीय सरकार सञ्चालनका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४ को दफा १२, उपदफा (२)(ग) २९ मा वडालाई बालमैत्री बनाउनु पर्ने व्यवस्था गरेको छ । जसले गर्दा बाल अधिकारको समान संरक्षण तथा प्रवर्द्धन गर्ने अधिकार स्थानीय तहको जिम्मेवारी रहेको छ ।

नेपाल राज्य र नेपाल राज्य भित्रका मानव विकास अवस्था कमजोर रहेका जिल्लामा बालसंरक्षणको विषय महत्वपूर्ण र चुनौतीपूर्ण समेत रहेकोले विगतका कामको समीक्षा एवं सिकाईका आधारमा बाल संरक्षण र सम्बर्द्धनका लागि स्थानीय तहले संस्थागत र योजनाबद्ध रुपमा लाग्नु पर्ने देखिन्छ ।

## विगतमा भएका कामको समीक्षाबाट प्राप्त मुख्य सिकाईहरु

- बालसंरक्षण कार्य समुदायमा आधारित हुनु पर्ने ।
- बालसंरक्षणकार्यमा स्थानीय सरकारको अगुवाई हुनु पर्ने ।
- बालसंरक्षण कार्य संस्थागत, योजनावद्ध र सहभागितामूलक हुनु पर्ने ।
- बालसंरक्षणमा पर्याप्त राजनीतिक, प्रशासनिक र सामाजिक संवेदनशीलतामा कमी ।
- बालसंरक्षणका लागि अन्य सवालहरु पनि सम्वोधन हुनु पर्छ ।
- बाल संरक्षण कार्य सवैको सरोकार वन्नु पर्ने ।
- स्थानीयतहमा बाल संरक्षण संयन्त्र र सूचना प्रणाली पद्धतिको विकास गर्नु पर्ने ।
- बालबालिकासँग सम्बन्धित सूचना प्रणालीको स्थापना गर्नु पर्ने ।
- बाल संरक्षणका सवालहरुको पहिचान र प्राथमिकीकरण गर्ने ।
- उजुरी, सुनुवाई तथा सिफारिस प्रणालीको विकास गर्ने ।

## बाल संरक्षण के हो ?

- बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक तथा बौद्धिक विकासमा गम्भीर नकारात्मक असर पार्ने व्यवहारबाट बालबालिकालाई संरक्षण गर्नु वा जोगाउनु नै बाल संरक्षण हो ।

---

** लेखक सामाजिक मन्त्रालय कर्णाली प्रदेश सुर्खेतमा बालअधिकार अधिकृत हुनुहुन्छ ।*

- बहुआयामिक र बहुपक्षीय उपायहरू अपनाएर बालबालिकाको अधिकार परिपालना गरी उनीहरूको स्वीकार्य/स्वाभाविक विकासलाई सुनिश्चित गर्ने सोच र विवेकपूर्ण कार्य बालसंरक्षण हो ।
- बालबालिकाहरुलाई गर्भ देखि नै भेदभाव, दुर्व्यवहार, पीडा, शोषण, परित्याग हेला, अपमान, गाली, कुटपीट र यातना, यौन शोषण, श्रमशोषण, हानीकारक तथा जोखिमपूर्ण काम, बेचबिखन, ओसारपसार,लागु पदार्थ नसालु पदार्थ सेवनबाट संरक्षण गर्नुका साथै कानूनी संरक्षणहरु पनि बालबालिकाका संरक्षणका अधिकार हुन ।

**बालसंरक्षणका सवालहरु**

- विभिन्न आधारमा गरिने भेदभाव
- उपेक्षा, बेवास्ता वा हेलचेक्रयाइँ
- शारीरिक, मानसिक, संवेगात्मक र यौनजन्य दुर्व्यवहार
- बालविवाह र जवरजस्ती विवाह
- द्वन्दपीडित र विस्थापनमा परेका बालबालिका
- विपदमा परेका बालबालिका
- अभिभावक नभएका वा बाल गृह र सुधार गृहमा रहेका बालबालिका
- सडकमा आश्रित र अपाँगता भएका बालबालिका
- एच.आई.भी. र एड्सवाट प्रभावित बालबालिका
- यातना, दण्ड सजाय वा हिंसा
- यौनशोषण, श्रम शोषण र आर्थिक शोषण
- डर,त्रास, धम्की, बेचबिखन र ओसारपसार
- परम्परागत हानिकारक अभ्यासहरू, बेवास्ता/उपेक्षा वा हेलचेक्र्याइँ
- अपहरण र वन्धक वनाउने तथा कानूनी विवादमा रहेका बालबालिका

**बाल संरक्षण किन?**

- असुरक्षित बालबालिकाको शारीरिक र मानसिक क्षमताको विकास भएको हुँदैन ।
- हिंसा, शोषण, उपेक्षा र दुर्व्यवहार भएको पहिचान गर्न सक्दैनन् ।
- आफुलाई जोगाउन वा प्रतिरक्षा गर्न वा जोगिन वा उम्कन सक्दैनन् ।
- त्यस्ता बालबालिका अरुमाथि आश्रित हुन्छन् ।
- घटना भएपनि अरुलाई भन्न सक्दैनन् ।

**बालसंरक्षण कसरी ?**

- बालमैत्री स्थानीय शासन प्रवर्द्धन र वाल संरक्षण सम्वन्धी कानून, नीति, संरचना र प्रणाली निर्माण
- जोखिममा रहेका र पीडित बालबालिकाको एकीकृत पुनर्स्थापना र पुनर्मिलन,
- स्थानीय तहमा छुट्टै वालवालिका शाखा स्थापना, स्थानीय तह बाल अधिकार समिति गठन, स्थानीय तहको बाल संरक्षण प्रणालीको विकास,
- विशेष आवश्यकता भएका र विशेष संरक्षण आवश्यक रहेका बालबालिकालाई प्राथमिकता दिई तथ्याँक संकलन, जानकारी र सूचनालाई एकीकृत र व्यवस्थित गर्ने ।

- वाल संरक्षणका लागि समुदाय परिचालन गर्ने ।
- जलवायु परिवर्तन अनुकूलन र विपद व्यवस्थापन योजनामा बालबालिकाको संरक्षणका मुद्धालाई आत्मसात गर्ने ।
- स्थानीय तहको सहभागितामूलक योजना तर्जुमा प्रक्रियामा बाल सहभागिताको बृद्धि गरी उनीहरुका आवश्यकताको पहिचान र कार्यन्वयनमा जोड दिने ।
- सबै विकास साझेदार र बालमैत्री सेवाप्रदायकलाई बालसंरक्षण नीति बनाउन निर्देशन दिने
- आधारभूत सेवाप्रवाहलाई बालमैत्री बनाउने ।
- वालक्लव र संजाललाई सक्षम वनाउने ।
- सुनौला हजार दिनको अवधारणा अनुसार बच्चा र आमाको स्वास्थ्य सुरक्षा सुनिश्चित गर्ने ।
- आमाहरुको प्रजनन् अधिकार सुनिश्चित गर्न आवश्यक सेवा प्रवाह गर्ने ।
- बालमैत्री स्थानीय शासनका सूचकहरुको निर्धारण गर्ने ।
- प्रत्येक स्थानीय तहमा कम्तिमा एक बालसंरक्षण सूचना तथा सहायता केन्द्र बनाउने
- बालसंरक्षणको दायित्वलाई न्यूनतम कार्य सम्पादन मापनको आधार वनाउने ।
- वार्षिक योजनामा कूल बजेटको कम्तिमा १५ प्रतिशत रकम बालबालिकाको क्षेत्रमा लगाउने र प्रत्येक वर्ष कम्तिमा १ तिहाई वडालाई वाल संरक्षण सुनिश्चित रहेका बालमैत्री गाउँ र वडा घोषणा गर्ने
- पीडित बालबालिकाको उद्धार, उपचार (स्वास्थ लाभ वा मनोसामाजिक सेवा र स्याहार समेत) र राहत सहयोग तथा पीडकलाई कानूनी कारबाही र पीडितलाई क्षतिपूर्ति गर्ने
- वेचविखन विरुद्ध कानूनी र सामाजिक सचेतना सुदृढ तुल्याउने ।
- दण्डहीनताको अन्त्य गर्नुका साथै बालसंरक्षण र जोखिम वा हानिबारे समुदायमा जनचेतना जगाउने ।
- सेवाप्रदायक र सरोकारवालाहरुबीच समन्वय गर्ने र आन्तरिक तथा वाह्य श्रोत परिचालन गर्ने ।
- बालअधिकार रक्षक सञ्जालको स्थापना गर्नुका साथै प्रवर्द्धन र परिचालन गर्ने ।

# कर्णालीको समृद्धिको आधार : जलको सदुपयोग, पर्यटनको प्रवर्द्धन र जडिबुटीको व्यापार



परस सेजुवाल*

**विषय प्रवेश :**

कला, संस्कृति, सभ्यता र प्राकृतिका स्रोतले भरिपूर्ण हुँदा हुदै पनि कर्णालीलाई विगत देखि नै गरिब, अशिक्षित र विकटतको उपमा नै दिईएको छ । हिजो एकात्मक र केन्द्रितकृत शासन पद्धतिमा कर्णाली प्रतिको शाककीय दृष्टिकोण, बञ्चिती र बहिस्करणमा पारिएको अवस्थामा एक हद सम्म यो यथार्थ नै मान्न सकिन्छ । हाल पनि यी शब्दावलीहरु विद्यमान नै छन् । भौगोलिक विकटता कै नाममा आज पनि यस क्षेत्रका विकासका मुद्दाहरु ओझेलमा पर्दै आएका छन । आज सूचना र प्रविधिको क्षेत्रमा आएको क्रान्ति, भूमण्डलीकरण र विश्वव्यापीकरणका अवधारणाले मानव जातिले भूगोल माथि नै विजय हासिल गरिसकेको अवस्थामा पनि यही मानसिकतामा अल्झिएर बस्नु बिडम्बनाको कुरो छ । कर्णाली प्रदेशमा रहेको प्राकृतिक स्रोतको भण्डार र यसको उपयोगको अवस्थालाई विश्लेषण गर्ने हो भने हामी कर्णालीवासी सिरानी सुन र नाभीमा विना लुकाएर भौतारि रहेको जस्तो हुन आउँछ । त्यसैले प्रथम दृष्टिमा नै विकटता भन्ने मानसिकता त्याग्नु जरुरी छ ।

कर्णालीमा अपार जलस्रोत छ । देशकै ठूलो ताल रारा ताल, शे फोक्सुण्डो ताल लगायत कैयौं धार्मिक तथा सांस्कृतिक, पर्यटकीय आकर्षणका गन्तव्य यहीँ छन् । व्यापक पशु चरन क्षेत्रहरु छन् । जडिबुटीको हिसाबले औषधीको राजधानीको रुपमा कर्णालीले आफ्नो पहिचान स्थापित गरेको छ । यी अपार प्राकृतिक स्रोतहरु कर्णालीको समृद्धिको आधार हुन् ।

यसर्थ कर्णालीसंग आफ्नो परम्परागत परिचय बदल्ने प्रशस्त संभावना छ । यी संभावना र अवसरहरुको कुशल, प्रभावकारी र विवेकपूर्ण तवरले परिचालन तथा सदुपयोग गर्न कर्णाली प्रदेश सरकारले आफ्नो प्रतिवद्धता सहित कुनै कसर नराखी लाग्ने हो भने कर्णाली प्रदेशले निकट भविष्य मै आफ्नो स्वरुप बदल्न सक्छ ।

**सम्बद्ध समस्या तथा चुनौतीहरुः**

- राजनैतिक प्रतिवद्धताको अभाव, केन्द्रीय मानसिकता कायमै रहनु अर्थात मनोवृतिगत विकेन्द्रीकरणको अभाव ।
- पर्यटकीय पूर्वाधारको पर्याप्त विकास गर्ने चुनौती ।
- भरपर्दो र विश्वसनीय हवाई तथा सडक यातायातको विकास गर्न नसकिनु ।

---

** लेखक सामाजिक मन्त्रालय कर्णाली प्रदेश सुर्खेतमा सहायक पाँचौं तहमा कार्यरत हुनुहुन्छ ।*

- प्रदेशको विकासको संभावना, अवसर, परिचालन र यसको उपयोग बारे वस्तुगत विश्लेषण हुन नसक्नु ।
- कमजोर वित्तीय क्षमताको कारण केन्द्र प्रति अधिक निर्भर रहनु पर्ने अवस्था ।
- दोहोरो प्रादेशिक भूगोल भित्र रहेका संरचना (उदाहरणका लागि भेरी बबई डाइभर्सन) प्रदेशहरुबीच क्षेत्राधिकार विषयमा रहेका मतभेद अन्त्य गर्ने चुनौती ।
- स्पष्ट र दीर्घकालीन सोच सहितको प्रदेश आवधिक योजनाको अभाव ,
- हरेक आ.व मा विनियोजित बजेट खासगरी पुजीँगत बजेट खर्च गर्ने क्षमता कमजोर हुँदा बजेट फ्रिज गईरहेको अवस्था छ तर हामी संग बजेटको अभाव छ भन्ने प्रवृति नै हावी छ ।
- जल विद्युत विकासका क्षेत्रमा निजी लगानी प्रोत्साहन गर्न नसकिनु ।
- रारा, शे फोक्सुण्डो ताल लगायत उच्च हिमाली क्षेत्रमा अन्य कैयौं प्राकृतिक ताल तलैया पनि रहेका छन् जसको खोजी, पहिचान हुन सकेको छैन ।
- रा.नि ले घेरिएका रारा, शेफोक्सुण्डो जस्ता तालहरु संरक्षणको दृष्टिकोणले उपयुक्त मानिए पनि यसले पर्यटनमा बाधा पारेको देखिन्छ ।
- जडिबुटीको अव्यवस्थित रुपमा भैरहेको संकलनले भविष्यमा स्रोतहरु लोप हुने संभावना पनि उत्तिकै छ । यसको संवेदनशीलताप्रति उचित ध्यान दिनु चुनौतीको रुपमा रहेको देखिन्छ । त्यस्तै जडिबुटीको उचित मूल्य निर्धारण गर्ने कुरा पनि समस्याको रुपमा रहेको छ ।
- तीब्बतसंग जोडिएको प्रमुख अन्तरदेशीय व्यापारिक मार्गहरु हिल्सा, नाक्चे लाक्ना लाई संचालनमा ल्याउन नसक्नु ।
- जलविद्युतका क्षेत्रमा जग्गा प्राप्ति र मुआब्जाका समस्याहरु समयमा समाधान गर्न नसकिनु । स्थानीय बासिन्दाको अनुचित माग र अबरोध ।
- प्रदेश भित्र जडीबुटी प्रशोधन केन्द्रहरु स्थापना र संचालन गर्न नसकिनु ।
- कोभिड-१९ महामारीले थला परेको व्यापारिक, पर्यटन, औद्योगिक लगायतका क्षेत्रलाई साविक स्थितिमा ल्याउनु चुनौतीपूर्ण देखिन्छ ।

  यस्ता विविध समस्या तथा चुनौतीका बाबजुद पनि यस प्रदेशमा समृद्धिका प्रशस्त अवसर/संभावना तथा आधारहरु रहेका छन् ।

## समृद्धिका प्रमुख आधार/संभावना/ अवसरहरु :

१. **पर्यटन** :

- रारा ताल हेर्न आउने आन्तरिक तथा बाह्य पर्यटकको आवगमन बढ्दो छ । सन् २००७ मा वार्षिक १०० जना भन्दा कम पर्यटक आगमन रहेकोमा सन् २०१९ मा दैनिक ५०० भन्दा बढी रहेको ( स्रोत उज्यालो अनलाईन) छ । यहाँ आउने पर्यटकलाई डोल्पाको शेफोक्सुण्डो ताल जुम्लाको चन्दननाथ हुदै कर्णाली प्रदेशको प्रमुख द्वार सुर्खेतको काकेविहार, बुलबुले घुम्ने वातावरण बनाई पर्यटन प्रवर्द्धन गर्न सकिने अवसर छ । यसले स्थानीय रोजगारी सृजना, आयमा बृद्धिको हुनुको साथै मानव विकासमा समेत योगदान भई कर्णालीको मावन विकास सूचकांक सुधार गर्न सकिन्छ ।
- हुम्ला हुँदै मानसरोवर जाने तिर्थालीहरुको भीड बढी रहेकोछ । यी व्यक्तिलाई रारा हुँदै चन्दन नाथ , बुलबुले तालको अवलोकन गर्ने अवस्था सृजना गरी प्रदेश सरकारको आयमा बृद्धि गर्न सकिने अवसर छ ।

- सुर्खेतको वुलवुले ताल, सल्यानको कुभिण्डे दह, बराह ताल आन्तरिक पर्यटन प्रवर्द्धनको स्थलका रुपमा विकास गर्न सकिने ।


रारामा बुलेट बाईक राईडरहरुको लस्कर

- जुम्लाको चन्दननाथ, मुगुका ऋणीमोक्ष  छायाँनाथ, दैलेखेको श्रीस्थान, नाभिस्थान पञ्चकोशी , धुलेश्वर र विलासपुर, सुर्खेतको काकेविहार जस्ता ऐतिहासिक क्षेत्र एवं धरोहरहरुको संरक्षण, विकास, प्रचारप्रसार गरी धार्मिक तथा सांस्कृतिक पर्यटनको विकास गर्न सकिने वृहत संभावना छ ।


श्रीस्थान ज्वाला, दैलेख

- दैलेख जिल्लाको विभिन्न स्थानमा पेट्रोलियम पदार्थ रहेको अनुमान गरिएको छ जसको अन्वेषणको कार्य हाल पनि भैरहेको छ  । भने नेपालको संविधानले पनि प्रदेशलाई समेत खानी अन्वेषण र व्यवस्थापनको अधिकारको प्रत्याभूत गरेको छ । यो एउटा महत्वपूर्ण अवसरको रुपमा रहेको छ ।

२. **जलः**


भेरी बबई डाईभर्सन, सुर्खेत

- कर्णाली नदी तथा यसका सहायका नदी सहित यस प्रदेश भित्रका नदीबाट करिब २५ हजार मेगावाट क्षमताको विजुली उत्पादननको सम्भावनमा रहको छ । यो संभावनाको उपयोग गर्न सके उज्यालो प्रदेश बनाउन सकिनुका साथै विद्युत व्यापार पनि गर्न सकिने अवसर छ ।
- ९०० मेगावाट क्षमताको अप्पत कर्णाली जलविद्युत आयोजना, ४१० मेगावाट क्षमताको नलसिंहगाड जलविद्युत आयोजना, ४८ मेगावाट क्षमताको भेरी बबई डाईभर्सजन आयोजनाहरु समयमै सम्पन्न गर्न सके विद्युतमा आत्मनिर्भर हुनुको साथै उत्पादनका साधनहरु प्रभावित हुने छैनन् । व्यापरिक क्षेत्र, विद्युतीय सेवामा अबरोध हटाउन सकिनेछ भने यसबाट नेपाल सरकारको विद्युत संकट निवारण अभियानमा समेत महत्वपूर्ण सावित हुने अपेक्षा गर्न

सकिन्छ । त्यस्तै बहुउद्देश्यीय जलाशययुक्त जलविद्युत आयोजना निर्माणमा ध्यान दिने हो भने सिंचाई समस्या समाधानमा समेत सहयोग पुग्ने देखिन्छ ।

- भेरी, कर्णाली लगायत नदीहरुमा र्‍याफ्टिङ, बन्जि जम्प लगायतका साहसिक खेलहरु व्यावसायिक रुपमा संचालन गरी पर्यटन प्रवर्द्धन गर्न सकिने उत्तिकै संभावना छ । यी लगायत प्रदेश भित्रका विभिन्न नदीमार्फत मत्स्य पालनको पनि प्रचुर संभावना यस प्रदेशमा रहेको छ ।

## ३. जडिबुटी :

- हुम्ला तथा मुगु जिल्लाको उच्च हिमाली क्षेत्रमा पाईने बहुमूल्य प्राकृतिक वनस्पति यार्सागुम्वा जीउँदो सुनले परिचित छ । त्यस्तै पाँच औले, कटुस, अतिस, भूल्ते, चिराईतो, पतन चाल्ना, धुप जडा, जटामसी, सतुवा, गुच्ची च्याउ, गन्धाइनो लगायत करिव ७०० प्रजातिको जडिबुटीहरु यस प्रदेशमा पाईने अनुमान छ । यसको अध्ययन, व्यावसायिक उत्पादन, विकास र प्रशोधनमा मात्र ध्यान दिन सकियो भने लाखौं रपैयाँ आम्दानी गर्न सकिन्छ ।
- कर्णाली प्रदेशका प्राय सबै जिल्लामा पशुपालनको लागि उपयुक्त चरन क्षेत्र हुनुको साथै यहाँको हावापानी पनि स्वस्थकर भएको भेडाबाखा, चौरीगाई, गाईभैंसी पालनबाट दूध तथा मासु जन्य उत्पादन बढाई अन्य प्रदेशमा निर्यात गर्न सकिने प्रचुर संभावना छ ।



यार्सागुम्बा

- कर्णाली प्रदेशको सल्यान जिल्ला अदुवा तथा बेसारका लागि नेपालकै प्रसिद्ध छ । बेसारमा कुर्कीमिन भन्ने तत्व पाईन्छ जुन क्यान्सर तथा रुघाखोकी लागि उपयुक्त औषधि मानिन्छ । यसको अध्ययन गरी व्यावसायिक विकास गर्न सकेमा मनग्य आन्दानी गर्न सकिनुका साथै भारतबाट भैरहेको वेसार र अदुवाको आयातलाई प्रतिस्थापन गर्न सहयोग पुग्न सक्छ ।

## यी अवसर तथा संभावनालाई लाभमा परिणत गर्न के गर्ने ?

- जडिबुटी भित्रको Specification पहिचान गर्ने , प्रशोधन केन्द्रहरु स्थापना गर्ने ।
- पर्यटकीय पूर्वाधारको विकासमा तीब्रता तीव्रता दिई व्यापक प्रचारप्रसार गर्ने ।
- कोभिड-१९ ले थला परेको पर्यटन क्षेत्रलाई पुर्नजीवन दिन उपयुक्त रणनीति तर्जुमा तय गरी विभिन्न स्किमहरु ल्याउने, यसका समस्याको पहिचान अवसरको उपयोग र चुनौतीको समाना गर्न संघीय र स्थानीय सरकार तथा सरोकारवाल वर्गसंग उचित समन्वय र सहकार्य कायमा गर्ने ।
- अबको ५ वर्ष, १० वर्षमा पर्यटनलाई कुन मोडलमा, कहाँ पुर्‍याउने भन्ने सन्दर्भमा प्रदेश पर्यटन गुरु योजना बनाई लागू गरिनु आवश्यक छ ।
- उच्च हिमाली क्षेत्रमा बहूमूल्य जडिबुटीको व्यावसायिक उत्पादन र विकासमा जोड दिने । सहुलियत ऋण तथा अनुदानको व्यवस्था गर्ने ।
- जडीबुटी प्रशोधन केन्द्रहरु स्थापना र संचालन गर्ने ।
- स्पष्ट र दीर्घकालीन सोच सहितको प्रदेश आवधिक योजना तर्जुमा गरी लागू गर्ने ।
- प्रदेश रेमिट हाइड्रो पावरहरु संचालन गर्ने

- टुरिजम र हस्पिटालिटीमा आवश्यक जनशक्ति विकास गर्ने । स्थानीय गाईडहरु उत्पादन गर्ने । पर्यटन वर्षहरु घोषणा गर्ने ।
- प्रदेश भित्रको निर्माणधीन जलविद्युत आयोजनाहरु तोकिएको समयमा सम्पन्न गर्ने ।
- पदयात्रा लागि मुख्य Treaking Root हरुको स्तरोन्नती गर्ने ।
- रारा कर्णाली पर्यटन वर्ष-२०७५ लाई आवश्यक परिमार्जन सहित निरन्तरता दिने ।
- मुलुकको समग्र पर्यटन क्षेत्र र जिडिपिमा प्रदेश पर्यटनको योगदानको लेखाजोखा  हुनु आवश्यक छ ।

**अन्तमा,**

साच्चिँकै कर्णाली प्रदेशको आर्थिक सामाजिक रुपान्तरण गर्ने हो भने संविधानले नै राज्य प्रदेश र स्थानीय तहलाई समेत राज्य शक्ति र आर्थिक अधिकार समेत प्रयोग गर्न पाउने अधिकार ग्यारेन्टी गरिसकेको सन्दर्भमा आफ्नो अधिकार क्षेत्र भित्रका अधिकारको विवेकपूर्ण ढंगले भरपुर उपयोग गरी स्थानीय तह तथा संघसंग प्रभावकारी समन्वय र सहकार्य गर्दै स्रोत परिचालन, बजेट फ्रिज जान नदिई खर्च गर्ने क्षमता र विकास व्यवस्थापन क्षमता वृद्धि गर्नु अपरिहार्य  छ । कोभिड १९ संग जुध्दै विकासलाई पनि संगसंगै अगाडी लैजानु आजको आवश्यकता रहेको छ ।

# प्रदेश संग्रहालयको स्थापना, विकास र गतिविधि



सुनिता ढकाल*

## पृष्ठभूमि

सामान्यतया, संग्रहालय भनेको एउटा त्यस्तो घर हो जहाँ प्राचीन दुर्लभ तथा ऐतिहासिक एवम् पुरातात्विक वस्तुहरु संग्रह गरी प्रर्दशन गरिएको हुन्छ । संग्रहालयको इतिहास ज्यादै पुरानो छ । यसको सुरुवात प्राचीन ग्रीसबाट इसापूर्वका वर्षहरुमा भएको थियो । ईसापूर्वमा कलाको संरक्षिका एक देवीलाई म्युज भन्ने चलन थियो यिनै ग्रीक देवी र अन्य आठ वटी देवीहरु प्रतिष्ठापित गरिएको मन्दिरलाई पहिलो पटक म्युजियम नामकरण गरियो । आरम्भमा व्यक्तिगत अभिरुचीले संकलन गरिएका प्राचीन कलात्मक वस्तुहरु नै पछि गएर सार्वजनिक संग्रहालयको रुपमा विकास भए । युरोपमा सत्रौं शताब्दीको अन्त्य तिर संग्रहालय स्थापनाको परम्परा सुरु भएको थियो भने भारतीय उपमहाद्वीपमा सन् १७८४ मा वंगालमा एशियाटिक सोसाइटीको गठन भएपछि संग्रहालयको विकास भएको थियो ।

## परिभाषा

A museum is a non-profit, permanent institution in the service of society and it's development, open to the public which acquires, conserves researches, communicates and exhibits the tangible and intangible heritage of humanity and it's environment for the purpose of education, study and enjoyment. (ICOM, 2007)

आजका संग्रहालय मनोरञ्जनका केन्द्रविन्दु मात्र नभएर देश, इतिहास संस्कृति कला विभिन्न राष्ट्रिय शिक्षाको प्रचार प्रसार अध्ययन तथा अनुसन्धानको एउटा महान केन्द्र हो । (द्विवेदी, २०३२)

संग्रहालय संस्कृतिको दरवार हो । गौरवान्वित हुने सभ्यता र सम्पदाको राम्रो कथन हो, यसले परम्परागत वस्तुहरु मानव वातवरण प्रमाणका वस्तुहरु, मानव वातावरणका प्रमाणका वस्तुहरुलाई संरक्षण र प्रदर्शन गर्ने गर्दछ । ( पेइजिन, २००८ : ७)

## संग्रहालयको विकास र गतिविधि

नेपालको सन्दर्भमा संग्रहालयको विकासको प्रारम्भिक इतिहास त्यति स्पष्ट छैन । वि.सं १८७६ मा तत्कालीन प्रधानमन्त्री भिमसेन थापाले छाउनीस्थित आफ्नै निवासमा विभिन्न स्वदेशी विदेशी हातहतियार संकलन गरी शस्त्रागरको निर्माण गरेका थिए । चन्द्र शमशेरले यस शिलखानालाई निजी ग्यालरीको रुपमा विकास गरे । ती ग्यालरीहरुमा समाज र दर्शकको पहुँच नपुगेका कारण संग्रहालयले स्वरुप लिन सकेका थिएनन् र पछि ती

* *लेखक प्रदेश संग्रहालय, सुर्खेतमा प्राबिधिक सहायक (सहायक पाँचौं) पदमा कार्यरत हुनुहुन्छ ।*

ग्यालरीको आवश्यक व्यवस्था मिलाई तत्कालीन प्रधानमन्त्री जुद्धशमशेरको समयमा वि.सं १९९५ मा छाउनी शिलखानालाई नेपाल म्युजियम नाम दिइयो र मिति १९७६ फागुन १ गते संग्रहालयको रुपमा सर्वसाधरणका लागि खुल्ला गरियो । २००९ सालमा पुरातत्व विभागको स्थापना भई वि.सं २०१३ मा कानुनी मान्यता प्राप्त गरेपछि नेपाल म्युजियम पुरातत्व विभाग अन्तर्गत रहन थाल्यो ।

वि.सं २०३७ सालमा नेपाललाई ५ विकास क्षेत्रमा विभाजन गरिए पश्चात राजनैतिक, प्रशासनिक, शैक्षिक क्रियाकलाप एवम् नीति तथा कार्यक्रम निर्माण एवम् कार्यन्वयनमा सुगमता भएको महशुस गरियो । शैक्षिक धार्मिक सामाजिक, सांस्कृतिक आदि क्षेत्रमा समाज तथा राष्ट्रका हरेक पक्षको उन्नतिमा ऐतिहासिक तथा पुरातात्विक वस्तुहरुले ठूलो सहयोग पुऱ्याउने भएबाट उक्त वस्तु नमासिन र तिनकै शैक्षिक तथा सांस्कृतिक उपयोगिता प्राप्त गर्न सकियोस भन्ने उद्देश्य लिई नेपाल सरकारले ५ वटै विकास क्षेत्रका विकास केन्द्रहरुमा क्षेत्रीय संग्रहालय स्थापना गर्ने योजना अनुरुप सुर्खेतमा क्षेत्रीय संग्रहालयको स्थापना भयो । वि.सं २०४६ सालदेखि यसको पूर्वाधार विकास गर्ने कार्यको थालनी गरियो । आ.व.२०५७/०५८ मा प्रर्दशनीको लागि सामग्री संकलन गरी वि.सं २०५७ श्रावण २ गतेका दिन पुनरावेदन अदालत सुर्खेतका तत्कालीन न्यायाधीश श्री बलराम कुमारज्यू बाट क्षेत्रीय संग्रहालयको समुद्घाटन भयो । पुरातत्व विभाग अर्न्तगत रहने गरी यस क्षेत्रीय संग्रहालयको स्थापना भयो । देश संघीयतामा गएपछि नेपाल ७ प्रदेशमा रुपान्तरण भयो । क्षेत्रीय संग्रहालय सुर्खेत कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालय अन्तर्गत रहनेगरी वि.सं २०७५ असोज ५ गते प्रदेश संग्रहालयमा रुपान्तरण भयो र हाल २०७६ भाद्र ५ गते कर्णाली प्रदेश सरकार मन्त्रीपरिषद्को बैठकको निर्णय अनुसार हाल यसको नामकरण प्रदेश संग्रहालय तथा अभिलेखालय गरिएको छ ।

नेपालको कर्णाली प्रदेश, पुरातात्विक ऐतिहासिक सांस्कृतिक एवम् धार्मिक विविधताको दृष्टिकोणले अत्यन्तै महत्वपूर्ण स्थल हो यस संग्रहालयले यिनै पुराना लोप हुन लागेका सामग्रीहरुको पहिचान गरि संकलन संरक्षण, सम्वर्द्धन गर्ने तथा प्रदर्शन गरेर प्रदेश स्तरको बहुउदेश्यीय संग्रहालयको रुपमा विकास र विस्तार गर्ने कार्य गरेको छ । संग्रहालय समाजको ऐना हो, समाज हिजो कस्तो थियो र आज के छ भनी यसको संवेदनशीलता प्रमाणीकरणलाई संरक्षण गर्दै भावी पुस्तालाई हस्तान्तरण गर्ने दायित्व संग्रहालयको हुन्छ । मुलतः शिक्षा प्रदान गर्ने अध्ययन अनुसन्धान गर्ने गराउने र मनोरञ्जन प्रदान गर्ने उद्देश्य यस संग्रहालयले लिएको छ । विभिन्न कालखण्डमा विकास भएको नेपाली समाजको प्रतिनिधित्व गर्ने कला संस्कृति विभिन्न ऐतिहासिक र पुरातात्विक महत्वका वस्तुहरुको यस संग्रहालयले विषयवस्तु अनुसार वर्गीकरण गरी विभिन्न कक्ष र शोकेसहरुमा प्रर्दशनी गरेको छ । मुख्यतया २ वटा प्रर्दशनी भवन भएको यस संग्रहालयमा ९०% सामग्री प्रर्दशनीको लागि राखिएको छ भने १०% सामग्री भण्डारण कक्षमा राखिएको छ । विभिन्न परम्परागत पोशाकहरु, गरगहनाहरु, बाजाहरु, मुद्राहरु, परम्परागत यन्त्रहरु, कलात्मक वस्तुहरु, भाँडाहरु, हातहतियारहरु, नापतौलका इकाइगत सामग्रीहरुका साथै मगर, राउटे, कुमालको सांस्कृतिक झलक दर्शाउने मोडल अर्थात डायोरामा प्रर्दशनीमा राखिएको छ ।

संकलन, संरक्षण, सम्वर्द्धन, प्रकाशन, अभिलेखीकरण, प्रदर्शन, अध्ययन, अनुसन्धान संग्रहालयको महत्वपूर्ण कार्य हो । यस प्रदेशसँग सम्वन्धित प्राचीनकाल देखि आधुनिककाल सम्मका पुरातात्विक तथा सांस्कृतिक महत्वपूर्ण सामग्रीहरु यस संग्रहालयमा संकलन, संरक्षण र प्रदर्शन हुँदै आएका छन् । वर्तमान परिप्रेक्ष्यमा बढ्दै गएको आधुनिकीकरणले परम्परागत संस्कृतिको संरक्षणमा थप चुनौती थपिएको छ । यस्तो परिस्थितिमा लोप भएका, तथा लोपोन्मुख महत्वपूर्ण एंवम् दुर्लभ वस्तुहरुको खोज अनुसन्धान गरी संग्रहालयमा संकलन र संरक्षण गर्दै लैजानु पर्ने अपरिहार्य भइसकेको छ । यस कार्यको लागि प्रदेश संग्रहालयको ठूलो भूमिका रहन्छ । यस संग्रहालयमा संग्रहालय विज्ञ तथा दक्ष जनशक्तिको अभाव मुख्य चुनौतीको रुपमा रहेको छ । चुनौतीका बाबजुद् पनि संग्रहालयले यसको समुचित

व्यवस्थापन र सुदृढीकरणका लागि आफ्ना गतिविधि लाई निरन्तरता दिइरहेको छ । संग्रहालयलाई उचित प्रर्दशन र व्यवस्थित बनाउन Preliminary works of state museum and concept development, Digital documentation, Software development र Gallery redesign तथा सामग्री संकलन गर्ने लगायतका कार्य भईरहेका छन् । त्यसैगरी संग्रहालय सुरक्षाका लागि CCTV camera, Fire Extinguisher जडान गरिएको छ । यस संग्रहालयले प्रर्दशनीमा राखिएका तथा भण्डारमा रहेका सामग्रीको केन्द्रीय संरक्षण प्रयोगशालाको सहकार्यमा समय समयमा रासायनिक उपचार गर्दै आएको छ ।

अध्ययन अनुसन्धान प्रकाशन संग्रहालयको महत्वपूर्ण कार्यभित्र पर्दछ । यस संग्रहालयले आफ्नो विषयमा जानकारी प्रशारण तथा सूचना प्रदान गर्न ब्रोसर प्रकाशन तथा डकुमेन्ट्री निर्माण कार्य गरेको छ भने इन्भेन्ट्रीहरु क्याप्सन तथा Wall Text का कार्यहरु भईरहेको छन् । पछिल्लो समयमा प्रदेश संग्रहालय पर्यटकको महत्वपूर्ण गन्तव्य स्थल बन्दै गएको छ । यस संग्रहालयमा भ्रमण गर्ने आगन्तुकको संख्या क्रमिक रुपले वृद्धि भइरहेको छ ।





**Figure: 1** Number of visitors in different fiscal years

***Source:*** *Record of province museum, Surkhet (Other means those visitors who are not students)*

***नोट :*** *विश्वमा फैलिएको कोभिड १९ का कारण आर्थिक वर्ष ०७६/७७ फागुनसम्म संग्राहलयमा भ्रमण गरेका व्यक्तिको मात्र तथ्यांक समावेश गरिएको छ । यस संग्राहलयमा भ्रमण गर्ने विदेशी आगन्तुकको संख्या न्यून भएकाले उक्त संख्या ग्राफमा समावेश गरिएको छैन ।*

संग्रहालयले नयाँ पुस्ताको सम्वन्धलाई थप, विकास विस्तार गर्न विद्यालयका विद्यार्थीहरुलाई संग्रहालय सदस्यता वितरण गर्ने कार्य गर्दै आएको छ । सदस्यता लिएका विद्यार्थीहरुले स्रंग्रहालयले संचालन गर्ने विविध शैक्षिक तथा अन्य क्रियाकलापहरुमा भाग लिने अवसर पाउँछन् । संग्रहालय एउटा चलायमान संस्था हो खोज अध्ययन अनुसन्धान प्रकाशन जस्ता कार्यलाई निरन्तरता दिनु पर्दछ । स्थायी प्रर्दशनको अतिरिक्त संकलनमा आएका सामग्रीहरुलाई अस्थायी प्रर्दशनमा राखी समाजमा थप ज्ञान र शिक्षा प्रदान गर्दै जानु पर्दछ । सरल र सहज

तरिकावाट प्रर्दशित सामग्रीहरुको अवलोकन अध्ययन अनुसन्धान गर्ने समय अनुसार विकास हुँदै गएको ज्ञान र प्रविधिलाई प्रयोग गर्दै जानु पर्दछ । यस तर्फ प्रदेश संग्रहालयले सोच तथा योजना बनाइसकेको छ ।

## समस्या र चुनौतीहरु

**संरचनागत समस्या :**

नेपालमा हाल सम्म संग्रहालय ऐन वन्न सकेको छैन जसले गर्दा नेपालभरि कति संग्रहालय छन् तिनीहरुको छाता संस्था नेपालमा कुन हो भन्ने वारे स्पष्ट छैन । सम्पर्क समन्वय र सुपरिवेक्षण गर्ने केन्द्रीय निकाय नहुँदा नेपालमा संग्रहालयको विकास जति हुनुपर्ने हो त्यति हुन सकेको छैन । संग्रहालयको विकास, विस्तार र विविध परियोजनाको कार्यन्वयनमा संग्रहालयका विज्ञ र विशेषज्ञहरुको भूमिकालाई बढि महत्व नदिने तथा बजेटको सीमितता र नीति निर्माणमा पहुँच नपुग्दा यसले स्वतन्त्ररुपमा आफ्नो कार्य गर्न नपाउनु मुख्य समस्याका रुपमा रहेको छ ।

**सांगठनिक समस्या :**

संग्रहालय नितान्त प्राविधिक विषय हो, यस संग्रहालयको सन्दर्भमा नेपाल सरकारको सम्वन्धित संगठन तथा व्यवस्थापन सर्वेक्षण समितिवाट स्वीकृत प्रदेश संग्रहालय तथा अभिलेखालय सुर्खेतको स्वीकृत संगठन संरचना अनुसार दशौं तह, पुरातत्व समुह, संग्रहालय उपसमुह (संग्रहालय प्रमुख) १ को मातहतमा रहने गरी २ शाखा र फाँट (प्रशासन र प्राविधिक) कायम गरिएको छ । हाल यस कार्यलयमा २ वटा विषयगत प्राविधिक अधिकृत सहित अन्य ३ वटा प्राविधिक दरवन्दी रिक्त छन् । जसले गर्दा संग्रहालयको स्तर उन्नति, विकास र आधुनिकीकरणमा कठिनाई हुदै आईरहेको छ । स्वीकृत दरबन्दी अनुसारको कर्मचारी पदपूर्ति भएमा संग्रहालयको कार्य सम्पादनमा सहज सरल र व्यवस्थित हुने अपेक्षा गरिन्छ ।

**वस्तु संरक्षणमा समस्या :**

संग्रहालयको संकलन तथा प्रदर्शनमा भएका पुरातात्विक तथा अन्य सामग्रीहरुको संरक्षण तथा सुरक्षामा थप चुनौती देखिएको छ । आवश्यक संरक्षण प्रयोगशाला तथा संक्षम प्राविधिकहरु अविलम्व व्यवस्था गर्नुपर्ने देखिन्छ ।

हालै यस संग्रहालयलाई प्रदेश संग्रहालय तथा अभिलेखालय नामकरण गरिएको छ । अभिलेखालयको न्यूनतम मापदण्ड अनुसारको भौतिक पूर्वाधार, आवश्यक उपकरण, दक्ष जनशक्ति तथा प्रयाप्त बजेटको व्यवस्थापन मुख्य चुनौतीका रुपमा रहेका छन् । यसका लागि सम्वन्धित निकायको समयमा विशेष ध्यान पुग्न आवश्यक देखिन्छ ।

## उपसंहार

संग्रहालय भनेको राष्ट्रको प्राचीन गौरव इतिहासलाई जीवन्त तुल्याई राख्ने एक महत्वपूर्ण माध्यम हो । यसको बहु-आयमिक महत्व भएकोले संग्रहालयको समग्र विकास हुँदा राष्ट्र र समाज नै लाभान्वित हुन पुग्छन् । प्राचीन सम्पदाहरुको व्यवस्थित संरक्षण संम्वर्द्धन तथा प्रदर्शन हुन नसकेमा राष्ट्रिय इतिहासको एक महत्वपूर्ण पाटो अन्धकारमय हुन जान्छ । अतः संग्रहालयको समग्र विकास तथा यसको आधुनिकीकरणमा सरकारको तर्फबाट विशेष ध्यान पुग्न आवश्यक देखिन्छ भने निजी क्षेत्रको सहकार्य पनि उत्ति नै आवश्यक छ । यस प्रदेश संग्रहालयलाई आधुनिकीकरण गर्न आवश्यक पर्ने आर्थिक तथा भौतिक पूर्वाधारहरु तयार पार्न अत्यन्तै आवश्यक भइसकेको छ । यसको अतिरिक्त समग्र विकासका निम्ति आधुनिक सैद्धान्तिक तथा व्यवहारिक ज्ञानका आधारमा विशेषज्ञहरु तयार

पार्न तर्फ विशेष ध्यान दिदै योजनावद्ध ढंगले अघि बढ्न सकेमा यो प्रदेश संग्रहालय राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा आकर्षणको केन्द्र विन्दु बन्न सक्नेछ ।

## सन्दर्भ सामग्री


१. अर्याल, प्रा.डा.मुकुन्दराज, “संग्रहालय र सामाजिक समन्वयता” नेपाल राष्ट्रिय जातिय संग्रहालयले मिति २०६७ जेठ १६ गते आयोजना गरेको गोष्ठिमा प्रस्तुत गोष्ठि पत्र ।
२. खत्री, प्रेमकुमार र दाहाल, पेशल, २०४८ । नेपालको कला र पुरातत्व, काठमाडौ : एम.के.पब्लिसर्स ।
३. द्विवेदी, पशुपति कुमार, वि.सं २०३२ । संग्रहालय र समाज काठमाडौ : राष्ट्रिय संग्रहालय छाउनी ।
४. ने.रा.जा.सं, वि.सं २०६५ स्मारिका, २०६५ काठमाडौः नेपाल राष्ट्रिय जातिय संग्रहालय, भृकुटिमण्डप ।
५. Brochures of Province Museum, Surkhet.
६. Kotler,Neil G:1998 AD museum strategy and marketing, sanfransisco; Jossy-Bass Publishers
७. Peijin, Lan, 2008AD, museum in Beising, China, Foreign languages press
८. www.icom.org.

# शिक्षामा जनताको पहुँच



लोक बहादुर विष्ट*

मानव जाति परिष्कृत आधुनिक मानवजातिमा रुपान्तरण हुनु पूर्व विभिन्न यूग (प्राग ऐतिहासिक युग, प्राचीन युग, मध्ययुग, आधुनिक युग र समकालीन युग) तथा सभ्यताहरु (मिश्र, मेसोपोटामिया, सिन्धु घाँटी, आर्य, यूनानी, हेलेस्टीक, रोमन र चिनियाँ ) लाई चरणबद्ध रुपमा पार गरेको छ । मानव सभ्यताको सूमेरियन चरणमा दायाँबाट बायाँ लेख्ने लिपिका साथै चित्रात्मक अक्षर लिपिको थालनी हुनु मानव जाति शैक्षिक गतिविधिमा यसै समयबाट सामेल भएको इतिहास मान्न सकिन्छ ।

नेपालमा शैक्षिक गतिविधि कहिले देखि प्रारम्भ भयो भनि यकिन गर्न सकिने अवस्था छैन । हरेक सभ्यता र संस्कृतिको सुरमयता वर्णन गर्ने आधारस्तम्भ भनेको ताम्रपत्र, शिलालेखमा लिपिबद्ध गरिएका अभिलेखहरु हुन । नेपालमा लिच्छवी काल देखि व्यक्तिगत रुपमा स्वअध्ययन गर्ने, धर्म कर्मका लागि धर्मशाला पाटी पौवामा बसी संस्कृत पढ्ने बानी थियो भने तत्कालिन राजा महाराजाहरुको काठमा, प्रस्तरमा, प्रमाणपत्र तत्कालीन समय र सभ्यताको वर्णन गर्न लगाइनु आर्य सभ्यताको उपज पनि मान्न सकिन्छ । दैलेखको राजा दामुपालको वि.सं १०८० को खस शिलालेखमा प्रकाशित लेखबाट नेपालमा लिखित लिपिको चलन वि.स.१०८० देखि नै भई सकेको जानकारिमा हुन आउँछ । नेपालमा व्यवसायिक शिक्षाको सुरुवात लिच्छवीकालीन शासकहरुको पालाबाट भएको हो भने पनि राजा जयस्थिति मल्लका पालादेखि भएको हो । संस्कृत शिक्षाको विकास नेपालमा परम्परागत गुरुकुल शिक्षा प्रणालीबाट हुदै आएको हो तर भोजपुरको दिङ्गला पाठशालाबाट यसको औपचारिक शुरुवात भएको हो । दरबार हाइस्कुलको स्थापना अगाडि शिक्षामा जेजति प्रयासहरु भए ती सबै अनौपचारिक थिए । वि.स.१९१० मा जङ्गबहादुर राणाले दरबार हाईस्कुलको स्थापना गरे त्यही समय देखि नेपालमा औपचारिक शिक्षाको युग सुरु भएतापनि त्यसबेलाको दरबार स्कुल राणा परिवार र भाइभारदारका छोराछोरीमा सीमित थियो । इतिहासकारहरुले १९१० बाट आधुनिक शिक्षाको सुरूवात भएको भनि माने पनि राणा प्रधानमन्त्री देवशमशेरका पालाबाट वि.स. १९५८ मा भएको मानिन्छ । राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको दिव्योपदेश र भानुभक्तको रामायणले उक्त समयमा खस भाषाको प्रयोग हुन्थ्यो भन्ने झझल्को दिन्छ । वि.स.२००७ सालमा जहानिया राणा शासनको अन्त्य गर्दै प्रजातत्रको उदय पश्चात् शैक्षिक संस्थाहरू सर्वसाधारणको पहुचमा पुग्ने गरी धमाधम खोलिए ।

## जनता र शैक्षिक श्रोतमा पहुँच

११औ राष्ट्रिय जनगणना २०६८ अनुसार कुल जनसङ्ख्या मध्ये हाल साक्षरता दर ६५.९ प्रतिशत कायम छ । नेपालको कुल भुभागको ८५ प्रतिशतमा दूरसञ्चारको उपलब्धता छ । साथै कूल जनसङ्ख्याको ५५.४ प्रतिशत जनता मात्र इन्टरनेटको पहुँचमा छन् । यो तथ्याङ्क २०५८ को ११ औ जनगणना अनुसारको हो भने हाल नेपालमा मोबाइल फोन प्रयोगकर्ता शत प्रतिशत पुगिसकेका छन् भने इन्टरनेट प्रयोग कर्ता ७०% प्रतिशत पुगेका छन् ।

---

** लेखक सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश सुर्खेतमा प्राविधिक सहायक हुनुहुन्छ ।*

(स्रोत २०७७ बैशाख २२ मा कान्तिपुर दैनिकमा प्रकाशित समाचार बाट) नेपाल टेलिकमले आ.व.२०७२/७३ मा पोखरा र काठमाण्डौमा ४ जी को इन्टरनेट सेवा सुचारु गरिसकेको छ । कर्णाली र सुदुरपश्चिममा मौसमको प्रतिकूल र भौगोलिक विकटताका कारण थोरै समयमा बालबालिका स्कूलमा हाजिर हुनासाथै नियामक निकायले उपलब्ध गराएका शौक्षिक सामग्री तथा पाठ्यपुस्तक शौक्षिक सत्रको अन्त्यमा पनि विद्यार्थीको हातमा नपुगेको खबर बर्षेनी समाचारमा आइरहेको नै हो । भौगोलिक रुपमा पिछडिएका क्षेत्रका विद्यार्थीलाई आकर्षित गर्न विभिन्न समयमा सरकारले निःशुल्क शिक्षा, पोषण खाजा जस्ता कार्यक्रम लागू पनि गरेको हो ।

## E- Learning or Virtual Class or Distance Education को आवश्यक कति ?

E-Iearning सन् १९९९ मा Cognitive Behavioral Therapy Seminar मा प्रयोग भएको थियो । Internet को माध्यमद्वारा PDF Document send गर्नु knowledgar share गर्नु जस्ता उद्धेश्यका लागि अगाडि सारेको अवधारणा हो । (E-Learning मा अध्ययनकर्ता र अध्यापक बिच भौतिक दूरीमा सन्निकटता कायम नरहे तापनि इन्टरनेट उपलब्ध भएको क्षेत्रमा Online को माध्यमद्वारा गोपनीयता र विश्वसनीयता कायम राख्दै शिक्षाको सुनिश्चितता गरिएको हुन्छ । हाल २१ औ युगको महत्वपूर्ण मागको रुपमा विधुतीय सिकाइ रहेको छ । टेलिकमले प्रवाह गरेको इन्टरनेटको गतिले पनि विधुतीय सिकाइलाई सफल बनाउने वा असफल पार्ने भन्ने अर्थ राख्दछ ।

## E-Learning- र नेपालको मित्रता

E-Learning– का उपायदेखि पहिचान पच्श्रात् ठम्याउन सकिन्छ कि विद्युतीय शक्ति, दुरसञ्चारको बौद्धिक सम्पत्तिको सुरक्षाको प्रत्याभूति लिपिबद्ध र संरचनागत रुपमा खडा गर्न पहिलो किस्ता सकारात्मक र नकारात्मक विषयमा पक्षपोषण भएका छन् भन्ने गहिरिएर विश्लेषण गरी तर्जुमा गरिनुपर्छ । SAARC का पनि कतिपय मुलुकमा दूर सञ्चार कम्पनीले आफ्ना नागरिकलाई देशभित्र phone call Internet र service निःशुल्क उपलब्ध गराउँदै आएका छन् । नेपालमा दूरसञ्चार सेवा दिँदै आएका मध्ये NTC ले आफ्नो नेटवर्कभित्र Voice Call/ minute रु.१.६५ र Ncell ले आफ्नो Network भित्र Voice call/ minute रु २.४५ काट्छन । नेपालमा दुर शिक्षाको माध्यमबाट S.L.C. परीक्षामा सामेल हुने प्रावधान वि.सं. २०६४ बाट राखेता पनि उच्च शिक्षालाई Distance Iearning मार्फत International Standard बनाउन वि.सं २०७३ मा खुला विश्वविद्यालयको स्थापना भयो । हाल पश्चिमका अधिकांश देशमा खुला विद्यालयमा भर्ना भई अध्ययन गर्ने विद्यार्थीको आकर्षण बढ्दो छ । हरेक विषयवस्तुका सकारात्मक र नकारात्मक पक्षको गहन छलफल हुन आवश्यक हुन्छ जसले भविष्यमा हुन सक्ने सङ्कटबाट बच्न साहस प्रदान गर्दछ ।

## E-Learning का सवल पक्षहरु निम्नानुसार उल्लेख गर्न सकिन्छ :

१. निर्दिष्ट समयमा शैक्षिक कियाकलापमा विभिन्न क्षेत्रमा रोजगारीमा बहाल व्यक्तित्वले समेत सामेल हुन पाउनु
२. बदलिँदो विश्व परिवेशमा प्रत्येक व्यक्तिले प्राविधिक ज्ञान तथासीप सिक्न पाउने
३. भौतिक शैक्षिक सामग्रीको सट्टा सुरक्षित Virtual educational material को प्रयोग हुनु
४. घरमै बसी आवश्यकता बमोजिम knowledge, skill, training पाउनु
५. दक्ष जनशक्तिले अफ्नो सीप अनुसार एकैसमयमा कौशल देखाउनु
६. Payment system cash less and virtual हुँदा बैंकिङ्ग क्षेत्रमा सहजता
७. Internal Educational Hub को transactions ले देशको राजस्वम वृद्धि

८. शैक्षिक सामग्रीको गोपनीयता र सुरक्षा कायम हुनु
९. समय, लागत र स्रोतको समुचित प्रयोग एवं बचत

कार्यक्रमलाई Run गर्दा विभिन्न बाधा अवरोध आउँछन् जसलाई सकारात्मक शक्तिमा रुपान्तरण गर्ने दृढता सरोकारवाला पक्षमा पर्छ ।

## E-Learning का दुर्बल पक्षहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

१. Intellectual property को चोरी एवं दुरुपयोग हुन सक्ने
२. Electricity and Telecom पहुँच नभएका क्षेत्रमा E- Learning आकाशको फल
३. Virtually Payment गर्न सबैक्षेत्रमा internet and e-banking को सहज पहुँच नहुनु
४. सरकारी कामकारबाही Paperless गर्न कठिनाइ भइराखेको अवस्थामा शैक्षिक सामग्री Paperless असम्भव
५. नीतिगत र संस्थागत व्यवस्था पहिला कार्यक्रम लागू हुनु
६. Programmed Run गर्नू पूर्व यस विषयमा विज्ञहरुसँग व्यापक विमर्श नहुनु
७. E- Learning मा पढाइका साथै Exam दिन पाउने technical व्यवस्था गर्न नसकिनु
८. दूरगामी लक्ष्यहरु कायम नभै हचुवाका भरमा कार्यक्रम fashion show जस्तो क्षणिक मन भुलाउने माध्यम हुनु

## E-Learning लाई व्यवस्थित गर्ने उपायहरु :

१. शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र दूरसञ्चार कम्पनीको सहकार्यता, सहभागितालाई जोड दिइनुपर्छ ।
२. सङ्घ, प्रदेश र स्थानीय तहमा शैक्षिक संस्थाले सञ्चालन गर्ने ऐन, नीति, नियमावली तथा निर्देशिका जारी गरिनुपर्दछ ।
३. बौद्धिक सम्पत्तिको गोपनीयताको सुनिश्चित गर्दै नेपाल पक्ष भएको सो सम्बन्धी अन्तराष्ट्रिय सन्धि सम्झौताको मर्म सम्बोधन गर्न परिवर्तित समयानुकूल नीतिगत व्यवस्था
४. Internet hacker, piracy कर्तालाई उक्त कार्यलाई दुरत्साहन गर्न कठोर आचारसंहिता तथा निर्देशिका आउनु
५. देशको शासकीय संरचना अनुरुप कुन क्षेत्रमा कुन सरकारले नियमन र नियन्त्रण गर्न पाउने कति सम्म सजाय निर्धारण गर्न पाउने सम्बन्धमा नीतिगत र संस्थागत व्यवस्थापन हुनु
६. जनजीविकालाई प्रत्यक्ष प्रभाव पार्ने कार्यक्रम Run गर्नु पूर्व जनशक्ति, रणनीति तयार पारिनुका साथै आवश्यक बजेटको विनियोजन हुनुपर्छ ।
७. Panama papers जस्ता महत्वपूर्ण गोप्य कागजातहरु Media मा ल्याउन उक्त कार्यमा संलग्न पूर्व कर्मचारीहरु रहेको तथ्यहरुका साथै नेपालमा पनि नियामक मन्त्रालयका website hacked र स्थानीय पालिकाले आर्थिक कारोबारको अभिलेखन गर्न प्रयोग गर्ने websites hack भएका गम्भीर घटनालाई मनन गर्दै संलग्र जनशक्तिलाई भविष्यमा अन्य कार्यमा ग्राहयता नदिने व्यवस्था गरिनुपर्छ ।
८. Telecom कम्पनीले सबै नेपालीको पहुँच र आयस्रोतले किन्न सकिने DATA package ल्याउनुपर्छ ।

अन्त्यमा अहिले कोरोनाको महामारीले E-Learning को प्रायदेहितालाई अझ बढवा गरेको छ । सरुवा रोगको चपेटामा विश्व नै गाँजिएको समयमा विद्यार्थीको पठनपाठनको विषयमा अभिभावकहरुको चिन्ताको विषय बन्नु स्वाभाविकै हो । किनकि मुखैमा आएको SEE देखि Degree सम्मका परीक्षाका कार्यक्रमका साथै लोकसेवाले सञ्चालन गर्ने पदपूर्तिका कार्यक्रम स्थगन गर्न मन्त्रिपरिषद्ले निणय गरी लोक सेवालाई अनुरोध गरिसकेको छ ।

Online class लाई वैधानिकता दिनु पूर्व All banking transactions digital अथवा Cashless बनाउनुपर्छ। एउटा विद्यार्थी बाहिर निस्कन नपाई E-class attend गरिराखेको उ कसरी भौचर भरी E-class को Fee payment गर्न Bank धाउन सक्छ।

नेपालको यस्तो भौगोलिक अवस्था छ विशेषतः दार्चुला, बाजुरा, हुम्ला, जुम्ला, कालिकोट, ओखलढुंगा, ताप्लेजुङमा आफन्तसँग सञ्चार कायम गर्न सफा मौसम छोपी अग्ला डाँडा र रुख चढे पछि Telecom signal बल्ल देखिन्छ। यही कुनामा पठनपाठन गर्ने नानी बाबुहरु E-Learning लाई पहुँचमा ल्याउन नसकिने हुँदा यसको रचनात्मक वैकल्पिक उपायको खोजी हुन आवश्यक छ। Telecom companies ले पनि न्यूनतम शुल्कमा Data packge यस विषम परिस्थितिमा ल्याउनुपर्छ। अव सङ्घीय संसद् सुचारु हुने वित्तको नीति कार्यक्रम र बजेटको विषयमा छलफल हुँदा जनजीविका सवालहरु शिक्षा, स्वास्थ्य, विद्युत, सञ्चार मा यथोचित दूरगामी लक्ष्य कायम गरी बजेट विनियोजन हुन आवश्यक छ।

**सन्दर्भ सामग्रीहरु :**

विभिन्न अनलाईन पत्रिका।
शिक्षासँग सम्बन्धित पुस्तक, पत्रिकाहरु।
फेसबुक।

# नेपालको शैक्षिक विकासका प्रमुख समस्या र समाधानका उपायहरु



रोशन सापकोटा*

## सन्दर्भ सुरुवात

शिक्षा मानव विकास र गुणात्मक परिवर्तनको संवाहक हो जसले प्राचीनतम मानव समुदायलाई आधुनिकतातर्फ हुइक्याउने काम गर्दछ । मानव जीवनलाई सरल, सहज र पूर्ण बनाउँदै समाजलाई सभ्य समृद्ध र परिष्कृत बनाउँदछ । त्यसैले शिक्षालाई व्यक्ति र राष्ट्रको निर्माता मानिन्छ । उत्पीडन र विभेदको अन्त्य गर्दै समता र समानताका आधारमा सामाजिक मुक्ति र न्यायको प्रत्याभूत गर्दछ । व्यक्तिलाई उच्च नैतिक चरित्रवान बनाई परम्परागत र सनातनवादी संस्कृतिलाई परिवर्तित सन्दर्भमा रुपान्तरण गर्दै फरक परिस्थितिमा समायोजन गर्न सिकाउँदछ । कुनै पनि मुलुक विकसित हुनु र नहुनुमा त्यस देशको शिक्षा प्रणाली र शिक्षामा गरिने लगानीले ठूलो महत्व राख्दछ । त्यसो त परम्परागत पद्धतिमा आधारित आश्रित प्रणाली छ कि नवीनतम चिन्तनमा आधारित प्रविधियुक्त जिबनोपयोगी व्यवसायिक शिक्षा छ त्यसले ठूलो अर्थ राख्दछ । मात्र आयातित शिक्षामा भर नपरेर आफ्नो देशको भू-राजनीतिक अवस्था, मौलिक मूल्य मान्यता, सम्भावना र अवसरहरुलाई प्राथमिकतामा राखेर आवश्यकताको आधारमा शिक्षा नीति अवलम्बन गरेका देशहरुले नै आफ्नो देशको विकास र स्वाधीनतालाई उच्च राख्न सफल भएका छन् । सकारात्मक सोच, उच्च नैतिक चरित्र, अनुशासन, भ्रष्टाचारमुक्त समाज निर्माणको परिकल्पना, श्रमप्रति सकारात्मक दृष्टिकोण, नैतिकतामा आधारित मानवतावादी र निर्माणवादी शिक्षा जसलाई सीपसँग, सीपलाई श्रमसँग र श्रमलाई उत्पादन तथा उत्पादनलाई बजारसँग जोड्ने प्रणालीगत तथ्यलाई शिक्षाको नीतिमा समेटेका मुलुकहरुले नै आज सफल राष्ट्रको ताज पहिरिरहेका छन् ।

संक्षिप्त रूपमा नेपालको शैक्षिक अवस्थालाई नियाल्दा निरंकुश राणा शासनको छातामुनि रहेर वि.स.१९१० साल यता शिक्षा क्षेत्रमा विभिन्न सीमित प्रयासहरु भएका थिए । जुन समयावधिको शिक्षा प्रणालीले निरंकुश संस्कारको सुरुवात भयो । २००७ सालमा प्रजातन्त्र स्थापना भए पछि शिक्षामा केहि सुधार हुने लक्षण देखिए पनि वि.सं २०१७ सालमा पुनः निरंकुश राजतन्त्रको सुरुवात भएपश्चात नेपालको शैक्षिक विकासमा पूर्ण रूपमा ग्रहण नै लाग्यो । परिणामस्वरूप दक्ष जनशक्ति उत्पादन भन्दा पनि आश्रित र राजसंस्थाप्रति बफादार नागरिक उत्पादनमा केन्द्रित भयो । यसो त नेपालको शैक्षिक विकासको प्रक्रिया राजदरबारको सोचको पेरिफेरि भित्रै हुर्कदै र भ्याङ्गिदै गयो । वि.सं.२०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना ल्याइयो जसलाई अहिले सम्मकै राम्रो र परिवर्तनशील मानिन्छ तर कार्यान्वयन पक्ष फितलो भयो । २०४६ सालमा देशमा बहुदलीय व्यवस्थाको पुनःस्थापना भयो । त्यसपछि २०४९ सालमा शिक्षा आयोगको प्रतिवेदन आयो त्यसै गरी २०५५ मा उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन हुँदै उच्च स्तरीय कार्य समितिको प्रतिवेदन २०५८ पनि आयो । यसरी विभिन्न समयमा विभिन्न

*लेखक जनता माध्यामिक विद्यालय कोटथाप्ला, जाहरकोट, ना.न.पा. २ दैलेखका शिक्षक हुनुहुन्छ ।*

प्रतिवेदन, योजना, परियोजना, कार्यक्रम, रणनीति र राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरु आ-आफ्नो विशेषता बोकेर कलात्मक र निबन्धात्मक शैलीमा मिठा मिठा उद्धेश्य, रणनीति, कार्यनीति पहिल्याउदै देखा परे ।

वि.स. २०६२।६३ को जनआन्दोलन पश्चात लामो समय लगाएर अधिकार सम्पन्न नेपालको संविधान २०७२ जारी भयो । उक्त संविधानले नागरिकका मौलिक हकको बढोत्तरी गर्नुका साथै राज्यका निर्देशक सिद्धान्त तथा शिक्षासँग सम्बन्धित नीतिहरुमा अधिकार सम्पन्न बनाएको छ । २०४६ सालमा प्रजातन्त्रको पुनः स्थापना पश्चात आन्तरिक र बाह्य रूपमा जिम्मेवार पक्षबाट सहयोग र समर्थन लिँदै प्रसस्त मात्रामा विभिन्न बाहानामा निजी विद्यालयहरु खोलिँदै, स्थापित हुँदै आए फलस्वरूप सामुदायिक विद्यालय र संस्थागत विद्यालयबीचको खाडल बढ्दै गयो । राज्यको सबै भन्दा बढी प्राथमिकतामा पर्नुपर्ने शिक्षा क्षेत्रलाई कम प्राथमिकता दिइदा शिक्षा क्षेत्र कमजोर हुँदै गयो ।

यदि राज्यले चाहने हो भने हरेक देशको शिक्षा नीति निश्चित दर्शन, मूल्य मान्यता तथा मौलिक सिद्धान्तबाट निर्देशित हुन्छ र हुनुपर्छ तर नेपालको वर्तमान शिक्षा नीति नत पूर्वीय मान्यताको असल अभ्यास र परम्परालाई आत्मसाथ गर्न सकेको छ नत पश्चिमा दर्शनको व्यावहारिक पक्षलाई पहिचान नै गर्न सकेको छ । स्थानीय आवश्यकतालाई केन्द्रमा राखेर रोजगारमुखी र उत्पादनमुखी शिक्षा प्रणाली लागू गर्न नसक्नु नै नेपालको शैक्षिक विकासको प्रमुख बाधक बन्न पुगेको छ ।

एउटै विद्यालयमा काम गर्ने शिक्षकहरुलाई १६-१७ प्रकारमा विभाजन गरिएकोले पेशाको सुरक्षा गर्न सकिएको छैन । न्यून पारिश्रमिक प्रदान गरेर सेवा अवधिभर विभिन्न माग राखी आन्दोलन गरिरहनपर्ने अवस्था छ । ३०-३५ वर्ष अस्थायी रूपमा सेवा गरेर अवकास लिँदा खाली हात घर फर्किनुपर्ने वाध्यता सृजना भएको छ । लोकतन्त्र र गणतन्त्र स्थापना भइसके पछि पनि शिक्षक, विद्यालय कर्मचारीहरुका माग पूरा हुन सकेका छैनन् ।

नेपालको संविधान २०७२ ले मौलिक हक अर्न्तगत धारा ३१ को उपधारा १ मा प्रत्येक नागरिकलाई शिक्षामा समान हक र राज्यबाट आधारभूत तहसम्म अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको व्यवस्था गरेको छ । राज्यका शिक्षासँग सम्बन्धित नीतिहरुमा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमूलक, रोजगारमुलक एवम् जनमुखी बनाउँदै सक्षम प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्र हितप्रति समर्पित जनशक्ति तयार गर्ने उल्लेख भएपनि संविधान कार्यान्वयनको प्रारम्भिक अवस्थाको ५ वर्ष बितिसक्दा पनि शिक्षा ऐन आउन नसक्नुले शिक्षाको नीति र मौलिक हकको कार्यान्वयनमा बाधा पुग्ने देखिन्छ ।

## नेपालको शैक्षिक बिकासमा देखिएका समस्याहरू

### १. दूरदृष्टिको कमीः

हरेक राज्यले दिगो र सन्तुलित विकास गर्न अल्पकालीन, दीर्घकालीन र प्रभावकारी योजनाका साथ दूरदृष्टि बनाएर अघि बढ्नु पर्ने हुन्छ । स्पष्ट दर्शन आफ्नो देशको मूल्य मान्यता र मौलिकतामा आधारित रहेर स्थानीय आवश्यकताका आधारमा शिक्षा नीति बनाउन जरुरी हुन्छ । भू-राजनीतिक अवस्था र देशको आर्थिक अवस्थालाई केन्द्रमा राखेर उत्पादनमुखी शिक्षाप्रणाली अपनाउन सक्नु पर्दछ । तर नेपालमा त्यस्तो भएको देखिँदैन । कृषि प्रधान देश भएकोले हाम्रो शिक्षा नीति कृषिजन्य वस्तुको उत्पादन र बजारमुखी नभई बिदेशमा पलायन हुनको निमित्त भएको देखिन्छ । एउटा आयोगको प्रतिवेदन कार्यान्वयन हुन नपाउँदै अर्को आयोग बन्ने र शिक्षा ऐन, नियमको अघिल्लो संसोधनको कार्यान्यवन हुन नपाउँदै पछिल्लो संसोधन हुनुले कार्य प्रक्रियामा अन्योलता देखिन्छ । भविष्यमा कस्तो समाज र राज्यसत्ताको परिकल्पना गर्ने त्यसको स्पष्ट खाका निर्माण गरेर अगाडि बढ्न सक्नु पर्दछ तर हाम्रो

देशको सन्दर्भमा बृहत्तर रूपमा वर्तमान र भविष्यको लागि कस्तो शैक्षिक जनशक्ति उत्पादन गर्ने भन्ने विषयको स्पष्ट खाका र धारणा तयार भएको छैन ।

**२. राजनीतिक हस्तक्षेप :**

कागजी रूपमा हेर्ने हो भने नेपालको शिक्षा प्रणाली र शैक्षिक दस्तावेजहरु उपयुक्त नै देखिन्छन् । केन्द्र देखि स्थानीय तहसम्म शिक्षाका विभिन्न संगठनहरु, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, प्रदेशमा सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, जिल्लामा शिक्षा विकास तथा समन्व एकाई, सामाजिक विकास कार्यालय, स्थानीय तहमा शिक्षा युवा तथा खेलकुद शाखा, गाउँ/नगर शिक्षा समितिहरु क्रियाशील छन् । विभिन्न आयोगहरु, प्रतिवेदनहरु र कार्यक्रम तथा सिफारिसहरु बनेका छन् । SSRP, SSDP जस्ता प्रभावकारी कार्यक्रमहरु, विश्वका विकसित मुलुकहरूमा प्रयोग र अभ्यासमा ल्याइएका कार्यक्रम र प्रतिवेदनहरु हाम्रो देशको शैक्षिक अभ्यासमा पनि प्रयास नभएका हैनन् तर जे जति प्रयास र अभ्यास भएपनि प्रभावकारी कार्यान्वयन हुन सकेनन् ।

शिक्षकको नियुक्ति देखि सरुवा, बढुवा र अनुदान वितरणमा राजनीतिक हस्तक्षेप भएको देखिन्छ । जसले गर्दा अवसर र वितरणमा समान ब्यबहार हुन सकिरहेको छैन । औचित्य र आवश्यकताको आधारमा लगानी नगरी कुनै विद्यालयमा ३०/४० वटा स्थायी दरबन्दी हुने र कुनै विद्यालयमा एउटा पनि दरबन्दी नहुनु नै राजनीतिक रूपमा गरिएका असमान ब्यबहारका उदाहरण हुन् । न्यून पारिश्रमिक दिएर कर्मचारी नियुक्त गर्ने र तिनै कर्मचारीलाई अधिकारको कुरा गर्दै कालान्तरसम्म झुक्याएर आफ्नो राजनीतिक अभिष्ट पूरा गरिरहेको देखिन्छ । त्यसै गरी विद्यालय व्यवस्थापन समितिको अध्यक्ष, जिल्ला शिक्षा समितिको अध्यक्ष, गाउँ शिक्षा समितिको अध्यक्षको नियुक्ति प्रकियामा पनि उच्च बौद्धिक र शैक्षिक ज्ञान, अनुभव भएका सक्षम व्यक्तित्व नभइ राजनीतिक आधारमा निर्वाचित हुनुले स्थानीय तहको शैक्षिक स्थिति खस्किदो छ ।

**३. प्रभावहिन प्रतिनिधिमूलक संस्था :**

पेशागत हक, हित, अधिकार र न्यायका लागि गठन भएका शिक्षकका संगठनहरु दलगत रुपमा विभाजन हुँदा पेसागत माग कमजोर भएका छन् । पेशागत हकहित र समस्यालाई सम्झौतामा लगेर विसर्जन गरिदिएका उदाहरण हाम्रा सामु ताजै छन् । यी सबै नेपाली राजनीतिक चरित्रबाट निर्देशित परिघटनाहरु हुन पेशागत संघ संस्थाहरु राजनितिक दलबाट प्रेरित हुने हुदाँ शिक्षक, कर्मचारीको पेशागत हकहित र अधिकारको सुनिश्चितता छैन । जबसम्म शैक्षिक श्रमिकहरुको अधिकार सम्पन्न एउटा मात्र ट्रेड युनियनको कानूनी व्यवस्था हुदैन तबसम्म शैक्षिक समस्या यथावत रूपमा रहिरहने छन् ।

**४. नीतिगत अस्पष्टता :**

कुन दर्शनमा आधारित रहेर शिक्षा नीति निर्माण गर्ने हो पूर्वीय, पाश्चात्य वा नेपालको भू-राजनीतिक अवस्था, नेपाली मौलिक मूल्य मान्यतामा आधारित भन्ने विषय अन्योलमा छ । नेपाल कृषि प्रधान देश भएकोले शिक्षा नीतिले कृषि उपजलाई प्रधान मानेर देशको अर्थतन्त्र मजबुद् बनाउने कि देखासिकीको आधारमा अंग्रेज़ी भाषा शिक्षा पढाएर सक्षम जनशक्तिलाई विदेशिन बाध्य बनाउने भन्ने विषयले गम्भिर प्रश्न खडा गरेको छ । अर्को तर्फ एउटै समुदायमा दुई फरक प्रकृतिका विद्यालयहरु संचालित छन् । संस्थागत विद्यालयहरु सरकारी विद्यालय भन्दा सम्पन्न र व्यवस्थित देखिन्छन् भने सरकारी विद्यालयहरु विपन्न र अब्यवस्थित देखिन्छन् । एउटै समुदायका

बालबालिकाहरु ठूलो रकम खर्च गरेर संस्थागत विद्यालयमा पढ्न जान्छन् भने कोहि सामान्य अवस्थामा सरकारी विद्यालयमा पढ्न जान्छन् जसले गर्दा बालबालिकामा ठूलो मनोवैज्ञानिक असर परिरहेको हुन्छ । यस्तो विषम परिस्थतिमा सरकारले नत संस्थागत विद्यालयहरुलाई नियमन गर्न कुनै कदम चालेको छ नत सामुदायिक विद्यालयको अवस्था सुधार गर्न सकेको छ । विद्यालय क्षेत्रमा देखिएको यस प्रकारको दोधारे नीतिले शैक्षिक विकास र व्यवस्थापनमा कठिनता ल्याउदै सामाजिक विभेद र असमानताको अवस्था सृजना गरेको छ । यसर्थ राज्यले तत्कालै नीतिगत स्पष्टता कायम गर्दै कि संस्थागत विद्यालय पनि राज्यबाट संचालित हुन पर्ने अवस्था छ नत्र सरकारी विद्यालय संस्थागत विद्यालय भन्दा प्रभावकारी र सुविधा सम्पन्न बनाउनु पर्ने अवस्था देखिन्छ ।

**५. समन्वयको कमी :**

शैक्षिक संस्था प्रभावकारी रुपमा सञ्चालन, व्यवस्थापन, नियन्त्रण र रेखदेख गर्न अभिभावक, राजनीतिक दल, प्रतिनिधिमूलक संस्था, शिक्षक एबम् सरोकारवालाहरुसँग समन्वय गरी सबैको विचारलाई सम्मान गरेर अगाडि बढ्नु नितान्त आबश्यक हुन्छ । २०६५ सालको साक्षरता अभियान तथा विद्यालय समुदायमा हस्तान्तरण कार्यक्रम सरकार एक्लैले गर्न खोज्दा असफल भएको उदाहरण छर्लङ्ग छ । त्यस्तै विद्यालय क्षेत्र सुधार कार्यक्रम पनि पूर्ण रूपमा कार्यान्वयन हुन नपाउँदै आएको अर्को विद्यालय क्षेत्र विकास योजना राजनीतिक व्यवस्थाको संरचनात्मक परिवर्तनले गर्दा अन्योलमै छ । शिक्षा ऐनमा विद्यालय समुदाय सम्बन्धको बारेमा कतिपय राम्रो व्यवस्था गरेता पनि राजनीतिक कारणले समुदायले विद्यालयलाई हेर्ने साझा दृष्टिकोण बन्न सकेको छैन । त्यस्तै असर क्याम्पस र विश्वविद्यालयमा पनि प्रत्यक्ष रूपमा परिरहेको देखिन्छ ।

**६. पाठ्यक्रम सम्बन्धी समस्या :**

पाठ्यक्रम भनेको सिकाइको योजना हो । जसले देशका विभिन्न क्षेत्रमा आवश्यक मानव संसाधन उत्पादन गर्न मुख्य भूमिका खेल्दछ । देशलाई आवश्यक पर्ने दक्ष र सक्षम जनशक्ति उत्पादन प्रक्रियामा प्रमुख भूमिका खेल्ने साधन पाठ्यक्रम वैज्ञानिक, व्यावहारिक, समय सान्दर्भिक र परिवर्तित सन्दर्भका पक्षहरुलाई समेट्न सक्ने हुनपर्छ । देशको माटो त्यहाँको भूगोल, साँस्कृतिक, राजनीतिक, छिमेकी मुलुकहरुको शैक्षिक अवस्था र स्थानीय आवश्यकतालाई आधार मान्दै पाठ्यक्रम निर्माण गरिनु पर्छ । दक्ष र सक्षम जनशक्ति उत्पादन गर्न उपयुक्त र समय सान्दर्भिक पाठ्यक्रम हुनु पर्छ जसले गुणस्तरीय, वैज्ञानिक, व्यावसायिक र उत्पादनमूलक पक्षलाई समेट्दै विद्यमान साधन श्रोत पहिचान गरी परिचालन गर्न सक्नु पर्दछ । १०-१० वर्षमा पाठ्यक्रम परिवर्तन हुने व्यबस्थाले पनि राम्रो परिणाम दिन सकेको देखिदैन ।

**७. कमजोर अनुगमन प्रणाली:**

हुनत माथिल्लो निकायले तल्लो निकायलाई निरीक्षण तथा अनुगमन गर्ने परिपाटी प्राकृतिक प्रक्रिया मानिन्छ । नेपालमा यस्तो सांगठनिक संरचना केन्द्र देखि स्थानीय तहसम्म बनेका भए पनि अनुगमन औपचारिक रुपमै सीमित भएको देखिन्छ । विद्यालय निरीक्षक कार्यालयमै सीमित भइरहने र श्रोतव्यक्ति विभिन्न तथ्याङ्कहरु भर्नमै सीमित हुने अवस्थाले सामुदायिक विद्यालयको शैक्षिक भौतिक र आर्थिक अवस्थामा प्रसस्त रूपमा असमानता र अनियन्त्रित देखिएको थियो  राजनीतिक संचनात्मक परिवर्तन पछि विद्यालय निरीक्षक पद नै नभएको, शिक्षा अधिकृत कार्यालयको काममा व्यस्त हुने र स्रोतव्यक्तिहरुको काज फिर्ता गरी विद्यालयमा पठाइएकोले निरीक्षण अनुगमन ओझेलमा परेको छ । श्रोतकेन्द्र, जिल्ला शिक्षा कार्यालयहरु खारेज गरिएका छन् र नयाँ यस्तै प्रकृतिका कुनै संस्थाहरु स्थापित भैसकेका छैनन् जसले गर्दा विद्यालय शिक्षा अन्योलमा परिरहेको छ । हुनत स्थानीय तह र

जनप्रतिनिधिलाई अनुगमनको जिम्मा नदिइएको हैन तथापि जनप्रतिनिधिहरुमा कमजोर शैक्षिक चेतना तथा उद्दार कार्यशैलीको अभावको कारणले अनुगमनको काम प्रभावकारी बन्न सकेको छैन । देशभरी स्थानीय तहमा कर्मचारीको चरम अभाव सृजना गर्दै अधिकांश पालिकाहरु कर्मचारी विहिन छन् । भएका श्रोतव्यक्तिहरु पूर्ववत काममा फिर्ता बोलाइएको छ । जसका कारण विद्यालयहरु तालुक कार्यालय विहिन बनेका छन् । यस्तो अवस्थामा प्रसस्त मात्रामा आधारभूत विद्यालय निरीक्षक तथा माध्यमिक विद्यालय निरीक्षकको दरबन्दी सृजना गरी अधिकार सहितको विद्यालय अनुगमनको जिम्मा दिन आवश्यक छ ।

### ८. कमजोर प्रशासनिक अवस्था :

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, शिक्षा विकास निर्देशनालय, शिक्षा विकास तथा समन्वय एकाइ, जिल्ला शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, लगायतका निकायहरु नेपालको शैक्षिक प्रशासनिक क्षेत्रमा क्रियाशील छन् । देशमा संघीयता कार्यान्वयनसँगै माध्यमिक तहसम्मको शिक्षा स्थानीय सरकारद्वारा संचालन हुने प्रावधान भएता पनि स्थानीय तहलाई पूर्ण रूपमा अधिकार दिइसकेको अवस्था छैन ।

### ९. परीक्षा प्रणाली :

वर्षभरी अध्ययन गरेको विषयलाई मात्र ३ घण्टामा लेख्न लगायर त्यसैको आधारमा मापन गरी सफल असफल गराउने प्रक्रिया अव्यवहारिक र अवैज्ञानिक मानिन्छ । व्यक्तिले पढेका कुरा जति याद गर्न सक्यो त्यसैले गुणस्तर शिक्षा प्राप्त गर्न सक्यो भन्ने मान्यता पनि अव्यवहारिक र गलत छ । मूल्यांकन भनेको त व्यक्तिको बौद्धिक, संवेगात्मक, सामाजिक, व्यावहारिक र शारीरिक पक्षलाई समेटेर ब्यक्तिगत विकासका मापदण्ड तयार गरी मापन गरिने प्रकिया हो । मूल्यांकनको नाममा वार्षिक रूपमा एउटा परीक्षा हुन्छ । परीक्षा नियन्त्रण कार्यालयले माध्यमिक शिक्षाको अन्त्यमा लिने SEE परिक्षालाई व्यवस्थित र मर्यादित गराउन नसकेको समाचार पढ्न पाइन्छ ।

## समाधानका उपायहरू :

### १. अधिकारसम्पन्न शिक्षा समितिको गठनः

देशमा उत्पन्न हुने शिक्षासँग सम्बन्धित विभिन्न मुद्दाहरुको सम्बोधन गर्न केन्द्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा ख्याति प्राप्त विभिन्न क्षेत्रका विज्ञहरु रहने गरी एउटा स्थायी समितिको व्यवस्था शिक्षा ऐनमा गरिनु पर्छ । जसले शिक्षाका विभिन्न क्षेत्रमा देखिएका शैक्षिक समस्याहरुको खोज अनुसन्धान गरी समाधानको उपाय सहित मन्त्रालयलाई आधिकारिक प्रतिवेदन पेश गर्ने व्यवस्था हुनु पर्छ ।

### २. नीतिगत स्पष्टताः

संस्थागत विद्यालय र सामुदायिक विद्यालय दुवैलाई समानान्तर रूपबाट अगाडि बढाउने कि राज्यले जिम्मेवार पूर्वक संचालन गर्ने भन्ने विषय अझै स्पष्ट भइसकेको छैन । शिक्षा जस्तो संवेदनशील र आधारभूत पक्षलाई मुनाफाको दृष्टिकोण राखेर निजी र संस्थागत रूपमा सञ्चालन नगरी राज्य शक्तिबाट प्रमुख प्राथमिकताको आधारमा उचित लगानी गर्दै प्रभावकारी रूपमा संचालन गर्नुपर्छ ।

### ३. लगानीमा वृद्धि :

शिक्षाको माध्यमबाट देशलाई सम्मुनत र समृद्ध बनाउने हो भने प्रयाप्त मात्रामा लगानी बढाउनु पर्छ । शिक्षा यस्तो पक्ष हो जसले कुनै पनि देशलाई संसारकै सर्वोत्कृष्ट देशको रुपमा स्थापित गर्न सक्छ ।  त्यसोत  वार्षिक बजेटको कम्तीमा पनि २० प्रतिशत रकम शिक्षामा लगानी गर्न सकियो भने मात्र शिक्षामा सामान्य सुधारको आशा गर्न सकिन्छ । कुलग्राहस्थ उत्पादनको उल्लेखमा रकम शैक्षिक क्षेत्रमा लगानी गरी सरकारी क्षेत्रका विद्यालयहरुलाई व्यवस्थित र सम्पन्न बनाउन आवश्यक छ । शिक्षामा लगानी बढाएर विद्यार्थीको अनुपातमा शिक्षक दरबन्दी बढाउँदै विद्यालयको भवन, शौचालय, खेल मैदान, खानेपानी, पुस्तकालय र ICT को उचित व्यवस्था गर्न सकियो भने सामुदायिक विद्यालय प्रति आकर्षण बढ्नेछ । सरकारले शिक्षामा लगानी बढाउँदै अस्थायी, राहत, लियन, PCF र सट्टा शिक्षकको अन्त्य गरी सम्पूर्ण विद्यालयमा स्थायी दरबन्दी र स्थायी शिक्षकको व्यवस्थापन गर्न सकियो भने सरकारी शिक्षा प्रभावकारी हुने देखिन्छ ।

### ४. एउटा मात्र ट्रेड युनियनको व्यवस्था :

दलैपिच्छे शिक्षकका संघ संगठन हुँदा शिक्षकका पेशागत हक हित र सुरक्षाका जायज मागहरु कहिल्यै पूरा नहुने देखिन्छन् । त्यसकारण विद्यमान संघ संगठनहरु विघटन गरी एउटै क्षेत्रमा काम गर्ने सम्पूर्ण श्रमिकहरुको प्रतिनिधित्व हुनेगरी देशमा एउटा मात्रै ट्रेड युनियनको स्थापना हुनु पर्छ । जसले सम्पूर्ण शिक्षक कर्मचारीहरुको पेशागत सुरक्षा पेशागत हकहित र अधिकारको लागि निरन्तर आवाज उठाइरहोस् । अन्य प्रकारको संघ संगठनका नाममा हुने अराजक गतिविधि पूर्णरुपमा प्रतिबन्ध लगाउनु पर्छ ।

### ५. प्रभावकारी शिक्षण सिकाइ प्रकृया :

परम्परागत शिक्षण विधि, सामग्री र प्रक्रियाबाट आधुनिक समाज निर्माण गर्न सक्ने जनशक्ति उत्पादन गर्न सम्भव छैन । जबसम्म सिकाइका सम्पूर्ण उपागम, सिद्धान्त र नियमहरु प्रयोग गरी सिकाइमा निर्माणबाद, संरचनाबाद र ब्यबहारबादलाई भित्र्याउन सकिँदैन तबसम्म सफल सिकाइ हुन सक्दैन । सिकाइमा प्रभाव पर्ने तत्वहरु व्यक्तिगत, सामाजिक, मानसिक, संवेगात्मक र वातावरणीय पक्षलाई ध्यान दिएर सैद्धान्तिक रटानलाई भन्दा क्रियाकलाप उन्मुख र प्रविधिमैत्री बनाउँदै दैनिक जीवनमा आइपर्ने क्रियाकलाप र कामसँग जोड्न सकियो भने सिकाइ प्रभावकारी र स्थायी हुन सक्छ ।

### ६. सेवा सुविधा र तालिम :

सिकाईलाई प्रभावकारी बनाई सक्षम मानव संसाधनको विकास गर्ने हो भने उक्त क्षेत्रमा काम गर्ने श्रमिकहरुको उचित सम्मान र ब्यबस्थापन गर्न सक्नु पर्छ । अन्य क्षेत्रमा काम गर्ने कर्मचारीको भन्दा शिक्षा क्षेत्रमा काम गर्ने कर्मचारीको पारिश्रमिक कम्तीमा पनि २० प्रतिशतले बढी हुनु पर्दछ जसले योग्य दक्ष र सक्षम जनशक्तिको प्रवेशमा आकर्षण बढ्न गई शैक्षिक क्षेत्रको विकासमा टेवा पुग्न सक्छ । मर्यादित रूपमा सेवा प्रवेश गराउने, सेवामा रहँदा र अवकाश पछि पनि सम्मान र मर्यादा दिन सकियो भने यस क्षेत्रको क्रियाकलापहरु प्रभावकारी हुन सक्छन् । निश्चित मापदण्डका आधारमा सरुवा र बढुवा गरी बढुवाको किसिमलाई विशिष्ट श्रेणीसम्म लैजादै शैक्षिक जनशक्तिलाई सशक्तीकरण, प्रबोधीकरण, स्तरोन्नति गर्नको निमित्त आकर्षक र प्रभावकारी, छोटो र लामो अवधिका तालिमहरुको व्यबस्था गरी सेवाकालीन र पूर्व सेवाकालीन तालिमका प्याकेजहरु ल्याउनु पर्दछ । शिक्षक तथा कर्मचारीलाई विषयगत, पेशागत र प्रविधिमैत्री तालिमहरुको प्याकेजको ब्यबस्था गर्न अत्यावश्यक भएको छ ।

**७. राजनितिबाट मुक्त :**

जबसम्म शिक्षा क्षेत्रमा राजनीतिक हस्तक्षेप भइरहन्छ तब सम्म शिक्षाका लक्ष्य र उद्धेश्यहरु पूरा हुन सक्दैनन् । नेपालको शैक्षिक क्षेत्रमा प्रत्यक्ष रूपमा राजनीतिक हस्तक्षेप भएकै कारण शिक्षाको गुणस्तर बढ्न सकेको छैन । शैक्षिक संस्थाहरु स्वायत्त र राजनीतिबाट मुक्त हुन सके भने मात्र शिक्षाको गुणस्तर बढ्न सक्दछ । चाहे उच्चस्तरीय समिति गठन होस् यात उच्चस्तरको जनशक्ति नियुक्ति प्रक्रिया होस् स्वच्छ, निस्पक्ष, योग्य व्यक्तिको नियुक्ति गर्न सकियो भने शिक्षाको क्षेत्रमा प्रभावकारी काम बन्न सक्छ ।

**८. अनुसन्धान केन्द्रको स्थापना :**

शिक्षाको विकासलाई दरिलो बनाएर अगाडि बढाउने हो भने स्थानीय तह देखि केन्द्रसम्म मान्यता प्राप्त अनुसंन्धान केन्द्रको स्थापना गरिनु पर्दछ जसले शिक्षण संस्थाको भौतिक, आर्थिक, शैक्षिक र मानवीय व्यवस्थापनको बारेमा गहिरो अध्ययन र अनुसन्धान गरी प्राप्त समस्यालाई उपयुक्त र सन्तुलित समाधानको व्यवस्था गर्न सकोस् । साधन र श्रोतको समान वितरण गरी उचित प्रतिफल हासिल गर्न निरन्तर खोज अनुसन्धान पश्चात प्राप्त समस्या समाधानको व्यवस्था गर्न सक्ने अधिकार सम्पन्न अनुसन्धान केन्द्रहरुको स्थापना गर्न ऐनमा व्यवस्था हुन जरुरी छ ।

जसरी अमेरिकालाई त्यहाँको हावर्ड विश्वविद्यालयले आजको समृद्ध अमेरिका बनाएको छ, अक्स्फोर्ड विश्वविद्यालयले बेलायतलाई र टोकियोले विश्वविद्यालयले जापानलाई समृद्ध बनाए जस्तै गरी नेपालका विश्वविद्यालयहरुलाई पनि अनुसन्धान केन्द्रका रूपमा परिणत गर्दै राष्ट्र विकासमा टेवा पुऱ्याउने नीति ल्याउन जरुरी छ ।


अन्त्यमा, राज्यले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्ने हो भने विद्यालय जाने उमेरका सम्पूर्ण बालबालिकाहरुको पूर्ण रूपमा जिम्मा लिँदै प्रत्येक स्थानीय तहमा सुविधा सम्पन्न आवासीय विद्यालयहरु सञ्चालनमा ल्याउन सक्नु पर्छ । परिवर्तित सन्दर्भमा गाउँ/नगर शिक्षा समिति, शिक्षक अभिभावक संघ क्रियाशील बनाउँदै शैक्षिक क्षेत्रको विकासमा स्थानीय तहलाई सबल र सक्षम बनाउनु पर्दछ । हाम्रो शिक्षा प्रणालीले नैतिक, चरित्रवान, राष्ट्रप्रति बफादार, श्रमप्रति सकारात्मक सोच भएका उद्यमशील व्यावसायिक जनशक्ति उत्पादन गर्न प्राविधिक, व्यवसायिक र जीवनोपयोगी सीपयुक्त शिक्षा प्रदान गर्न सक्नु पर्दछ । विद्यालय समुदायबीच सुमधुर सम्बन्ध स्थापित गर्नुपर्छ । सरकारी, गैरसरकारी र सामुदायिक संस्थाबीचको सहकार्यमा सिकाइका विभिन्न सिद्धान्तहरु, पृष्ठपोषण, उत्प्रेरणा र पुनर्वलको प्रयोग गरेर व्यापक अनुसन्धान गर्दै सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउनु पर्छ । सिकाइमा प्रभाव पर्ने तत्वहरुको पहिचान गरी व्यक्तिगत, सामाजिक, वातावरणीय, व्यावहारिक, वंशाणुगत र अभ्यासलाई ध्यानमा राख्दै प्रशासनिक क्षेत्रमा सवल र सक्षम नेतृत्व स्थापित गरी बालमैत्रीपूर्ण वातावरणमा सिकाइको अवसर प्रदान गर्न सके मात्र शिक्षामा परिवर्तनको सम्भव छ । राष्ट्रिय अन्तराष्ट्रिय प्रयास र प्रतिबद्धताहरुलाई कार्यान्वयन गर्दै समावेशीकरणको सिद्धान्तको आधारमा शिक्षामा पहुँचको सुनिश्चितता गरेर समता र समानतालाई स्थापित गर्दै शिक्षाको वर्तमान चुनौतीलाई समाधान गर्न सकिन्छ ।

प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

कर्णाली प्रदेश, सुर्खेत

## संगठन संरचना




प्रमुख सचिव

# सामाजिक विकास मन्त्रालय र मातहतका निकायका कार्यालय प्रमुखको नाम, मोवाइल नम्वर र इमेल ठेगाना

| सि.नं. | पद | कार्यालय प्रमुखको नाम पद | सम्पर्क नं | कार्यालयको नाम | टेलिफोन | इमेल | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | का.मु. सचिव | श्री धर्मजीत शाही | ९८५८०८९६०० | सामाजिक विकास मन्त्रालय, सुर्खेत | ०८३-५२३६७२ | mosdsurkhet@gmail.com | |
| २ | निर्देशक | श्री रीता जोशी भण्डारी | ९८५८०५५१७१ | स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत | ०८३-५२०२९६ | hdsurkhet@gmail.com | |
| ३ | निमित्त निर्देशक | श्री दिपा हमाल | ९८५८०५१५८० | शिक्षा निर्देशनालय, सुर्खेत | ०८३-५२०१८ | redsurkhet@gmail.com | |
| ४ | निमित्त निर्देशक | श्री वृष बहादुर शाही | ९८५८०८९७८९ | मानव संशासन केन्द्र, सुर्खेत | ०८३-५२२०९२ | etcsurkhet@gmail.com | |
| ५ | का.प्र | श्री डवल प्रसाद शर्मा | ९८४८०६३०४६ | प्रदेश संग्रहालय तथा अभिलेखालय, सुर्खेत | ०८३-५२१०७० | dabal440@gmail.com | |
| ६ | प्र.मे.सु. | डा. डम्वर खड्का | ९८५१०६२७८५<br>०८३-५२०२६६ | प्रदेश अस्पताल, सुर्खेत | ०८३-५२०२०० | provincehospitalskt@gmail.com<br>b.basnet72@gmail.com | |
| ७ | का.प्र | डा. मनिस मिश्र | ९८५८०८०५०२ | मेहलकुना अस्पताल, सुर्खेत | | mehelkunahospital@gmail.com | |
| ८ | का.प्र | डा. शंकर प्रसाद रिजाल | ९८४८१०६३०३ | आयुर्वेद औषधालय, सुर्खेत | | sprijal056@gmail.com | |
| ९ | का.प्र. | चेतननिधि वाग्ले | ९८५८०५३७४४ | जनस्वास्थ्य सेवा कार्यालय, सुर्खेत | | uchetan@hotmail.com | |
| १० | का.प्र. | श्री कृष्ण सापकोटा | ९८४८०५०५७८ | जनस्वास्थ्य सेवा कार्यालय, जुम्ला | | hojumla2075@gmail.com | |
| ११ | का.प्र. | डा निरन्जन पन्त | ९८५८०२८१७ | स्वास्थ्य सेवा कार्यालय, दैलेख | | dho_dailekha@yahoo.com | |
| १२ | का.प्र. | डा. सुनिल पुन | ९८४१५६९०२८ | स्वास्थ्य सेवा कार्यालय, जाजरकोट | | hsojajarkot@gmail.com | |
| १३ | का.प्र. | दशरथ कुमार श्रेष्ठ | ९८४७८४४१८४ | स्वास्थ्य सेवा कार्यालय, सल्यान | | hosalyan2075@gmail.com | |
| १४ | का.प्र. | डा महेश चौलागाइ | ९८४८१२४१६९ | स्वास्थ्य सेवा कार्यालय, रुकुम | | dhorukum@gmail.com | |
| १५ | का.प्र. | डा भीष्म प्रसाद पोखरेल | ९८४१८३६१८५ | स्वास्थ्य सेवा कार्यालय, कालिकोट | | hokalikot@gmail.com | |
| १६ | का.प्र. | डा निर्मल नगरकोटी | ९८४७४२१९३ | स्वास्थ्य सेवा कार्यालय, मुगु | | muguhospital@gmail.com | |
| १७ | का.प्र. | डा सिजन रावल | ९८६०९८७२७७ | स्वास्थ्य सेवा कार्यालय, डोल्पा | | sesonrawal@gmail.com | |
| १८ | का.प्र. | श्री प्रेम बहादुर सिंह | ९८५८०५१४६५ | स्वास्थ्य सेवा कार्यालय, हुम्ला | | dhohumla@gmail.com | |
| १९ | का.प्र. | श्री झलक कोइराला | ९८४८२४७६७२ | सामाजिक विकास कार्यालय, दैलेख | | jhalakkoiral09@gmail.com | |
| २० | का.प्र. | श्री धन बहादुर बिस्ट | ९८५८०५१९४३ | सामाजिक विकास कार्यालय, जाजरकोट | | bistdhan@gmail.com | |
| २१ | का.प्र. | श्री भिम प्रसाद पोखरेल | ९८५७८३५१०५ | सामाजिक विकास कार्यालय, सल्यान | | sdosalyan@gmail.com | |
| २२ | का.प्र. | श्री खिम प्रसाद ढकाल | ९८४८०४१८५३ | सामाजिक विकास कार्यालय, रुकुम | | sdorukum@gmail.co | |
| २३ | का.प्र. | श्री राम प्रसाद उपधायाय | ९८४८०२४६२७ | सामाजिक विकास कार्यालय, कालिकोट | | sdokalilot@gmail.com | |
| २४ | का.प्र. | श्री बलवीर सुनार | ९८५८०५१४३१ | सामाजिक विकास कार्यालय, जुम्ला | | sdojumla@gmail.com | |
| २५ | का.प्र. | श्री लोक प्रसाद पौडेल | ९८४८०३८९४८ | सामाजिक विकास कार्यालय, मुगु | | sdomugu@gmail.com | |
| २६ | का.प्र. | श्री धनन्जय आचार्य | ९८५८०८८०९९ | सामाजिक विकास कार्यालय, डोल्पा | | sdodolpa@gmail.com | |
| २७ | का.प्र. | श्री दान बहादुर गुरुङ | ९८५११९१९७० | सामाजिक विकास कार्यालय, हुम्ला | | sdohumla@gmail.com | |

# सामाजिक विकास मन्त्रालयमा कार्यरत सबैको सम्पर्क नम्बरहरू

| सि. नं. | नाम | पद | मोबाइल नं. | Landline | इमेल |
|---|---|---|---|---|---|
| १ | मा. दल रावल | मन्त्री | ९८५८०८९५०० | ८३५२४६४० | dalarawal@gmail.com |
| २ | धर्मजीत शाही | का.मु.सचिव | ९८५८०८९६०० | ८३५२५६१२ | dharmajitshahi123@gmail.com |
| ३ | बिष्णु प्रसाद अधिकारी | उपसचिव, दशौं | ९८५८०२५६२८ | ८३५२१७०५ | bishnu5888@gmail.com |
| ४ | जवाहरलाल हमाल | उपसचिव, दशौं | ९८४१६७१४१५ | ९७४१००५८०२ | bijay_hamal@yahoo.com |
| ५ | बिश्वमणि जोशी | प्र.महिला विकास अधिकृत, नवौं | ९८४१३६१२४४ | | bishomani@gmail.com |
| ६ | डा. लक्ष्मीनारायण तिवारी | आयुर्वेद चिकित्सक आठौं | ९८४१७१६६६५ | | lntiwati2041@gmail.com |
| ७ | बिनोद आचार्य | तथ्याङ्क अधिकृत, आठौं | ९८४८०२२२६३ | | bacharyaskt@yahoo.com |
| ८ | कुमार प्रसाद उपाध्याय | लेखा अधिकृत (सातौं) | ९८५८०८७१११ | ८३५२१७१२ | |
| ९ | पदम बहादुर बुढा क्षेत्री | शाखा अधिकृत (आठौं) | ९८६४७९७३१३ | | padambudha2055@gmail.com |
| १० | अनिता ज्ञवाली | महिला विकास अधिकृत, आठौं | ९८५८०६३५०५ | ९८४८१६३५०५ | anitagyawali99@gmail.com |
| ११ | राम बहादुर सारू | अधिकृत सातौं | ९८४८०४८२२३ | ८३५२३६७२ | ramsaru@gmail.com |
| १२ | सुनिता के.सी | महिला विकास अधिकृत, आठौं | ९८५८०३५५८० | | sunitakckhp@gmail.com |
| १३ | नवराज कडेल | स्वास्थ्य शिक्षा अधिकृत, सातौं | ९८४१७२१७४० | | navarajkandel1@gmail.com |
| १४ | करुणा भट्टराई | जनस्वास्थ्य अधिकृत, सातौं | ९८४९२९६१८८ | ८३५२२५१३ | bhattaraikaruna3@gmail.com |
| १५ | खगेन्द्र प्रसाद गैरे | क्षयकुष्ठ अधिकृत, सातौं | ९८४९५०१३०९ | | pgaire777@gmail.com |
| १६ | दीपा परियार | कानून अधिकृत | ९८४३६९२९८७ | | deepapariyar4@gmail.com |
| १७ | सुनिल लिम्बु | अधिकृत सातौं | ९८६७५९९८८६ | | sulimpsc2020@gmail.com |
| १८ | राजन प्रसाद आचार्य | अधिकृत छैटौं | ९८५८०७४०६९ | ९८५८०८७९९९ | acharyarajan2042@gmail.com |
| १९ | बेलमता बस्नेत | कम्प्युटर अधिकृत छैटौं | ९८४८०३१२३१ | | basnet.lata22@gmail.com |
| २० | पुष्पा वली खत्री | अस्पताल नर्सिङ् निरीक्षक छैटौं | ९८४९७१३४८३ | | |
| २१ | देबी कुमारी सुबेदी | अधिकृत छैटौं | ९८४८०५०५०० | | |
| २२ | यशोदा कुमारी शर्मा | अधिकृत छैटौं | ९८४८०५१०८९ | | yashodamam@gmail.com |
| २३ | रेशम बहादुर खत्री | अधिकृत छैटौं | ९८४८०५०११९ | | reshamkc477@gmail.com |
| २४ | लोक बहादुर बिष्ट | सहायक पाँचौं | ९८४८१९६५९५ | | |
| २५ | डिल्लीराम सापकोटा | सिअहेब अधिकृत छैटौं | ९८५८०५२५२४ | | drsapkota2019@gmail.com |
| २६ | जय प्रसाद आचार्य | सहायक पाँचौं | ९८५१२३०९२० | ९८४८०५०९२० | jpacharyaskt@gmail.com |
| २७ | परस बहादुर सेजुवाल | सहायक पाँचौं | ९८६३८७५३२६ | | parassejuwal12@gmail.com |
| २८ | यामनारायण उपाध्याय | सहायक पाँचौं | ९८६८०६६०६३ | | |
| २९ | लोक बहादुर गौतम | सहलेखापाल | ९८४८०७७६७९ | | gautamlok321@gmail.com |
| ३० | डम्बर बहादुर रोकाया | बाल अधिकार अधिकृत | ९८५८०५०१४४ | | dambar.crrp@gmail.com |
| ३१ | नन्द बहादुर रोकाया | स्वकीय सचिव (मन्त्री) | ९८५८०५५२४४ | ८३५२३२५८ | nanda.rokaya@gmail.com |
| ३२ | रचना बुढा | सहायक कम्प्युटर अपरेटर | ९८६३४११९५३ | | rachana67budha@gmail.com |
| ३३ | मोहनसिं राना | कास पाँचौं | ९८५८०५१३९९ | | |

| सि. नं. | नाम | पद | मोबाइल नं. | Landline | इमेल |
|---|---|---|---|---|---|
| ३४ | डिल बहादुर चौधरी | कास पाँचौं | ९८६६८९७६३७ | | |
| ३५ | भीम बहादुर गौतम | हसचा | ९८४८०२६९२० | | |
| ३६ | इश्वर प्रसाद रेग्मी | हसचा | ९८४८०४४००९ | | |
| ३७ | छटक बहादुर चौधरी | हसचा | ९८४८२४०५३५ | | |
| ३८ | सन्तोष रावल | हसचा | ९८६९५०३१४० | | |
| ३९ | नेत्र थापा | हसचा | ९८६१९८१९२८ | | |
| ४० | तुलाराम चौधरी | कास | ९८४८१९१५८६ | | |
| ४१ | सम्झना रावल उपाध्याय | कास | ९८६८८३७८०३ | | |
| ४२ | प्रमिला मानन्धर | कास | ९८४८१९०९५६ | | |
| ४३ | सूर्य प्रसाद दाहाल | कास | ९८६८१२१०६९ | | |
| ४४ | जीवन कुमारी बुढा | कास | ९८४०७२५८६६ | | |
| ४५ | बिष्णु प्रसाद उपाध्याय | कास | ९८६८०३२५८५ | | |